# गौमुल गाउँपालिकाको

# आवधिक योजना २०८२/०८३–२०८६/०८७




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## गौमुल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घट्मुना, बाजुरा

## अध्यक्षको मनतव्य

नेपालको संविधान २०७२ ले संघीय शासन प्रणालीलाई प्रत्याभूत गर्दै स्थानीय सरकारलाई जनताको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्दै विकासमुलक गतिविधि सञ्चालनको जिम्मा सुम्पेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मार्फत स्थानीय तहलाई प्रशासनिक, वित्तीय, विकास, न्यायिक लगायतका अधिकारहरू प्रदान गरिएको छ । यिनै संवैधानिक र कानुनी व्यवस्था अन्तर्गत, गौमुल गाउँपालिकाले जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने लक्ष्यसहित विकास, सुशासन र समावेशी सेवाप्रवाहलाई केन्द्रमा राखेर "**गौमुल गाउँपालिकाको सुशासन, दिगो विकास र समृद्धि**" दीर्घकालीन सोच सहितको आवधिक योजना निर्माण गरेको छ । गाउँपालिकाको समुन्नत, समावेशी र दिगो विकास सुनिश्चित गर्न बहुवर्षीय सोचसहितको मार्गचित्र आवश्यक भएको सन्दर्भमा यो आवधिक योजना तयार गरिएको हो र यसको सफल कार्यान्वयनले गाउँपालिकालाई समृद्धिको बाटोमा अगाडि बढाउन योगदान पुऱ्याउने छ ।

यो आवधिक योजना तर्जुमा प्रक्रिया विविध चरणहरूमा आधारित रही सहभागितामूलक ढंगले सम्पन्न गरिएको हो । प्रारम्भिक कार्यशालाबाट योजना तर्जुमा टोली र निर्देशक समिति गठन गरी वडास्तरबाट योजना सङ्कलन तथा प्राथमिकिकरण गर्दै तथ्याङ्क विश्लेषण, सबल पक्ष, सुधारात्मक पक्ष तथा अवसर र चुनौतीहरुको विश्लेषण, दीर्घकालीन सोच कार्यशाला, विषयगत समितिको परामर्श, बजेट अनुमान, स्रोत विश्लेषणलगायत प्रक्रियाहरू पालना गर्दै अन्तिम मस्यौदा तयार गरिएको हो । योजना निर्माणका क्रममा महिला, दलित, जनजाति, युवा, विपन्न वर्ग, नागरिक समाज तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता रह्यो । यसले योजना निर्माणलाई केवल सरकारी दस्तावेजको रूपमा मात्र नभई समग्र समुदायको साझा संकल्पको रूपमा प्रस्तुत गरेको छ ।

समृद्ध गाउँपालिका निर्माणका लागि योजना निर्माण मात्र पर्याप्त हुँदैन; यसको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला पक्षहरूको ऐक्यबद्धता, समन्वय र सहकार्य अपरिहार्य छ । कार्यान्वयनको प्रत्येक चरणमा जनप्रतिनिधि, कर्मचारी, सबै तहका विकास साझेदार निकायहरु, सरकारी तथा गैर सरकारी सेवाप्रदायक संघसंस्थाहरु, निजी क्षेत्र, सहकारी संस्था तथा आम नागरिकको सहभागिता अपरिहार्य छ । आवधिक योजनाका उद्देश्य प्राप्तिका लागि साझा प्रयास र प्रतिबद्धता अपरिहार्य छन् । हामी सबै मिलेर पालिकाको रणनीति, नीति, कार्यक्रम र बजेटलाई परिणाममुखी बनाउनेतर्फ अग्रसर हुनुपर्नेछ । दीर्घकालीन सोच र सामूहिक प्रयासबाट मात्र समृद्ध गौमुलको निर्माण सम्भव छ भन्ने हाम्रो दृढ विश्वास छ ।

यस महत्वाकाङ्क्षी र समावेशी आवधिक योजना निर्माणमा प्रत्यक्ष तथा परोक्ष सहयोग पुऱ्याउनु हुने सबैमा म हार्दिक धन्यवाद प्रकट गर्दछु । गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरू तथा कार्यपालिका सदस्यज्यूहरु, योजनाका विषयगत समिति सदस्यहरू, कर्मचारी वर्ग, स्थानीयवासी, नागरिक समाज, महिला, दलित, जनजाति, युवा, दातृ निकाय तथा सरोकारवाला संस्थाहरूको सक्रियताले यो योजना निर्माण कार्य सम्भव भएको हुँदा सबैलाई धन्यवाद् दिन चाहन्छु । योजना निर्माणको शुरुवात देखि अन्तिम चरण सम्म प्राविधिकरुपमा सहयोग पुऱ्याउने परामर्शदाता रायमाझी रिसर्च एण्ड कन्सल्टिङ्ग प्रा.लि.लाई पनि धन्यवाद् दिन चाहन्छु । तपाईहरूको सुझाब, सहभागिता र योगदानले यो योजना जनताको पक्षमा तयार भएको सशक्त दस्तावेज बनेको छ ।

आवधिक योजनाले तय गरेका लक्ष्य, उद्देश्यहरु पूरा गर्ने गरि हरेक वर्षका नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा यस आवधिक योजनामा समावेश गरिएका योजनाहरुलाई मार्ग दर्शकका रुपमा प्रयोग गरिनेछन् । तसर्थ जसरी योजना निर्माण प्रक्रियामा सबै पक्षको रचनात्मक र सृजनात्मक सहयोग रह्यो त्यसरी नै कार्यान्वयनका लागि पनि सबैको साथ र सहयोग रहने छ भने अपेक्षा छ । योजना कार्यान्वयनमा गाउँपालिका सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्दै समन्यायिक विकासका लागि अहोरात्र खटिने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

धन्यवाद् ।

हरि बहादुर रोकाया

अध्यक्ष

## उपाध्यक्षको मनतव्य

संविधानले स्थानीय सरकारलाई शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, स्थानीय पूर्वाधार, सामाजिक संरक्षण लगायतका विषयमा योजना बनाउने, कार्यान्वयन गर्ने र स्रोत परिचालन गर्ने अधिकार दिएको सन्दर्भमा हामीले सबै समुदायको सहभागिता र हक अधिकार सुनिश्चित गर्ने गरी आवधिक योजना निर्माण गरेका छौं। सामाजिक न्याय, लैङ्गिक समानता, दिगो विकास र समावेशी सेवाप्रवाहमा आधारित यस आवधिक योजनाले गौमुल गाउँपालिकालाई जनताको समृद्धिको यात्रामा अगाडि बढाउने विश्वास लिइएको छ।

योजना सफल कार्यान्वयनका लागि सबै तह र क्षेत्रको सहकार्य आवश्यक छ। आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्यहरु पूरा गर्न केवल गाउँपालिकाको प्रयासबाट सम्भव छैन। तसर्थ संघीय र प्रदेश सरकारको सहयोग, दातृ निकायको समर्थन, निजी क्षेत्रको संलग्नता र समुदायको स्वामित्वले समान भूमिका खेल्छन्। बजेट व्यवस्थापन सन्तुलित, पारदर्शी र परिणाममुखी हुनुपर्छ भन्ने हाम्रो विश्वास छ। समावेशी बजेट विनियोजन, प्राथमिकता अनुसार स्रोत बाँडफाँट र नीतिगत प्रतिबद्धतासँग मिल्दो बजेट संरचना नै योजनाको सफलताको आधार हो। महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका लागि लक्षित बजेट व्यवस्थालाई यो आवधिक योजनाले समुचित ढङ्गले समेटेको हुँदा कार्यान्वयनका क्रममा गाउँपालिकाले न्यायोचित वितरण गर्ने छ।

गौमुल गाउँपालिका समावेशी योजना कार्यान्वयनमा दृढ प्रतिबद्ध छ। योजनाको प्रभावकारिता अनुगमन तथा मूल्याङ्कन प्रणालीको कडाइमा भर पर्छ भन्ने कुरामा हामी स्पष्ट छौं। त्यसैले प्रत्येक योजनाको नियमित अनुगमन, मूल्याङ्कन र सार्वजनिक प्रतिवेदन प्रस्तुत गर्ने प्रणालीलाई संस्थागत बनाइनेछ। लैङ्गिक समानता, बालमैत्री शासन, अपाङ्गमैत्री पूर्वाधार, किशोरी शिक्षामा पहुँच तथा सुरक्षित वातावरणका पक्षमा बजेट विनियोजन र कार्यान्वयनलाई कडाइका साथ लागू गरिनेछ।

आवधिक योजना निर्माणको सम्पूर्ण प्रक्रियामा प्रत्यक्ष–परोक्ष रूपमा संलग्न सबैमा म हार्दिक आभार प्रकट गर्दछु। जनप्रतिनिधिज्यूहरु, कर्मचारी, परामर्शदाता, महिला समूह, जनजाति प्रतिनिधि, बाल अधिकारकर्मी, शिक्षक, स्वास्थ्यकर्मी, युवा तथा अपाङ्गता भएका व्यक्तिहरूको सहयोगले यो योजना जनउत्तरदायी दस्तावेजको रुपमा तयार भएको छ। भविष्यमा पनि सबै सरोकारवाला पक्षहरूको निरन्तर सहयोग, सुझाव र निगरानीको अपेक्षा राख्दछु।

धन्यवाद्।

सीता रोकाया (थापा)

उपाध्यक्ष

## प्रमुख प्रशासकीय अधिकृतको मनतव्य

नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित एकल तथा साझा अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ का उपदफा (१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन योजना बनाउनुपर्ने कानुनी व्यवस्था गरिएकोले गौमुल गाउँपालिकाको यस आवधिक योजना नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रदेश सरकारका नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई आधार बनाई यो आवधिक योजना तयार गरेको हो। शिक्षा, स्वास्थ्य, पूर्वाधार, सुशासन, कृषि, पर्यटन, विपद् व्यवस्थापनजस्ता विषयहरू समेटिएको यस योजनाले पालिकाको बहुआयामिक समृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। योजना निर्माण प्रक्रियामा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा किशोरीको सहभागिता सुनिश्चित गरिएको छ।

समुदायस्तरका योजना सङ्कलन कार्यमा सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा योजना तर्जुमा प्रक्रिया सहभागितामूलक ढङ्गले अघि बढाइएको थियो भने प्राथमिकिकरणदेखि विषयगत समितिहरू, कर्मचारी, जनप्रतिनिधि, नागरिक समाज र सरोकारवाला पक्षहरूसँग अन्तरक्रिया, कार्यशाला, सबल पक्ष, सुधारात्मक पक्ष तथा अवसर र चुनौतीहरुको विश्लेषण र बजेट अनुमान हुँदै अन्तिम मस्यौदा तयार गर्ने कार्यमा सहभागितामूलक विधि अपनाइएको छ।

स्रोत परिचालन, बजेट विनियोजन र कार्यान्वयनलाई सन्तुलित, समावेशी र पारदर्शी बनाउन हामी प्रतिबद्ध छौं। सार्वजनिक-निजी साझेदारी, सहकारी क्षेत्र, दातृ निकायको सहयोग तथा संघ–प्रदेश सरकारसँगको समन्वयमार्फत स्रोत व्यवस्थापनमा सुधार गर्दै आवधिक योजना कार्यान्वयन गरिनेछ। योजनाको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ र मूल्याङ्कन प्रणालीलाई अझ मजबुत बनाइनेछ। हरेक योजनाले लक्षित वर्गका रुपमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, किशोरी तथा समग्र युवा वर्ग सम्म प्रत्यक्ष सेवा पुगोस् भन्ने प्रशासनको दृष्टिकोण स्पष्ट छ।

अन्तमा, म यो महत्वाकाङ्क्षी र मार्गदर्शक दस्तावेजको सफल तर्जुमा र आगामी कार्यान्वयनका लागि योगदान पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षज्यू सहित सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी, विषयगत विज्ञ, परामर्शदाता, महिला समूह, युवा, नागरिक समाज, स्थानीयवासी र विकास साझेदारहरूमा हार्दिक आभार प्रकट गर्दछु। समृद्ध, न्यायसंगत र समावेशी गाउँपालिका निर्माणको यात्रामा यो योजना कोसेढुङ्गा सावित हुने विश्वास लिँदै आवधिक योजना कार्यान्वयनमा हाम्रो योजनावद्ध कार्यान्वयन योजना र सो को मूल्याङ्कन तथा अनुगमनको प्रणालीगत व्यवस्थापनमा प्रवद्धता पनि व्यक्त गर्दछु।

धन्यवाद।

जगदिश प्रसाद भट्ट

प्रमुख प्रशासकीय अधिकृत

विषय सूची


अध्यक्षको मनतव्य....................................................क

उपाध्यक्षको मनतव्य....................................................ख

प्रमुख प्रशासकीय अधिकृतको मनतव्य....................................................ग

परिच्छेद १ः परिचय....................................................१

१.१ पृष्ठभूमि....................................................१

१.२ आवधिक योजनाको उद्देश्य....................................................२

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया....................................................३

परिच्छेद २ः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा....................................................६

२.१ गाउँपालिकाको परिचय....................................................६

२.२ आर्थिक विकास अवस्था....................................................७

२.३ सामाजिक विकासको अवस्था....................................................१०

२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था....................................................१३

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था....................................................१४

२.६ सुशासन तथा संस्थागत व्यवस्था....................................................१५

परिच्छेद ३ः सोच तथा विकासको अवधारणा....................................................१७

३.१ पृष्ठभूमि....................................................१७

३.२ प्रमुख समस्या तथा चुनौती....................................................१७

३.३ प्रमुख सम्भावना तथा अवसर....................................................१७

३.४ निर्देशक सिद्धान्त....................................................१८

३.५ सोच, लक्ष्य तथा उद्देश्य....................................................१८

३.६ परिमाणात्मक लक्ष्य....................................................२०

३.७ रणनीति तथा प्राथमिकता....................................................२१

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट....................................................२३

परिच्छेद ४ः आर्थिक क्षेत्र....................................................२५

४.१ कृषि तथा पशु पन्छी....................................................२७

४.२ सिँचाइ....................................................३१

४.३ पर्यटन, संस्कृति तथा सम्पदा....................................................३४

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ३७
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ४०
परिच्छेद ५: सामाजिक क्षेत्र ........ ४९
५.१ स्वास्थ्य तथा पोषण ........ ५०
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ५३
५.३ खानेपानी तथा सरसफाइ ........ ५७
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ६०
५.५ युवा तथा खेलकुद ........ ६३
परिच्छेद ६: पुर्वाधार क्षेत्र ........ ७४
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ७५
६.२ सडक, पुल तथा यातायात ........ ७७
६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ८१
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ८४
परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ९०
७.१ वन तथा जैविक विविधता ........ ९१
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ९४
७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ........ ९६
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ ९९
परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १०६
८.१ संस्थागत विकास तथा सुशासन ........ १०७
परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ ११३
९.१ पृष्ठभूमि ........ ११३
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन विकास ........ ११३
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ ११३
९.४ स्रोत अनुमान तथा प्रक्ष्येपण ........ ११५
९.५ स्रोत परिचलान रणनीति ........ ११५
९.६ आवधिक योजना कार्यान्वयन ........ ११६
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ ११६

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता........................................................ ११६
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........................................................ ११६
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया.............................................................. ११७
अनुसूची एक : सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको एकमुष्ट बजेट तथा वार्षिक लक्ष्य.................. ११९
अनुसूची दुई : कार्यशाला सञ्चालन तथा विविध कार्यक्रमहरूका फोटो.................................. १३७
अनुसूची तीन : कार्यक्रमहरूका माइनुटिङ्ग...................................................................१३८

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको संघीय शासन प्रणाली अन्तर्गत देशमा संघीय, प्रदेश र स्थानीय गरि तीन तहका सरकारहरू सञ्चालनमा छन्। तीमध्ये जनताको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने सरकार स्थानीय सरकार हो। नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन स्थानीय सरकारद्वारा विकासका विविध कार्यक्रमहरू योजनाबद्ध, सन्तुलित, समावेशी र दिगो आधारमा तयार गरिनु आवश्यक हुन्छ। स्थानीय तहद्वारा निर्माण गरिने विभिन्न योजनाहरूमध्ये **आवधिक योजना** सबैभन्दा महत्वपूर्ण योजना हो जसले स्थानीय सरकारको समग्र विकास पहललाई दीर्घकालीन मार्गनिर्देशन प्रदान गर्दछ। यस्तो योजनाले स्थानीय स्तरको आर्थिक, सामाजिक र भौगोलिक अवस्थाबीचको अन्तरसम्बन्धलाई समेट्दै जनताको समृद्धि, जीवनस्तर अभिवृद्धि, तथा आधारभूत सेवामा पहुँच सुनिश्चित गर्न भूमिका खेल्दछ। त्यसैगरी, आवधिक योजना केवल विकासको दिशानिर्देश मात्र नभई स्थानीय सौन्दर्य, प्राकृतिक स्रोत-साधनको संरक्षण तथा मानव–प्रकृति बीचको सन्तुलनलाई पनि सम्बोधन गर्ने रणनीतिक दस्तावेज हो। यसले राष्ट्रिय र प्रादेशिक विकास लक्ष्यहरूको प्राप्तिमा योगदान पुऱ्याउने मात्र नभई स्थानीय विकासमा संलग्न सरोकारवालाबीच साझा दायित्व र प्रतिबद्धताको जग बसाल्ने सशक्त माध्यमको रूपमा कार्य गर्दछ।

गौमुल गाउँपालिका, बाजुरा जिल्लाको एक दुर्गम, हिमाली स्थानीय तह हो जसले सीमित स्रोत, दुर्गम भौगोलिक अवस्था, सेवा प्रवाहमा कठिनाइ, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवामा पहुँचको अभाव  न्यून पूर्वाधार विकासका कारण आर्थिक–सामाजिक विकासका सूचकहरुमा पछाडि परेको स्थिति छ। त्यसैले, समावेशी, समतामूलक र दिगो विकासलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय पक्षमा सन्तुलित समृद्धिको मार्ग तय गर्न आवधिक योजना तयारी गर्नु आवश्यक छ।

गौमुलको जनसंख्या संरचना, जातीय विविधता, भू-प्राकृतिक विशेषता र मौलिक सांस्कृतिक परम्पराहरूले गर्दा यस पालिकाको योजना एक मौलिक र सन्दर्भ अनुकूल दृष्टिकोणबाट तयार गर्नु आवश्यक थियो। पालिकाको भूभाग उच्च पहाडी क्षेत्र र हिमाली भेगमा फैलिएको छ जसले गर्दा कृषि, पशुपालन, पर्यटन, वनस्रोत तथा जडीबुटीको सम्भावना उच्च रहेको भए तापनि तिनको समुचित व्यवस्थापन तथा उपयोग हुन सकेको छैन। त्यस्तै, रोजगारीको अवसर न्यून भएकाले वैदेशिक रोजगारी प्रमुख आम्दानीको स्रोत बनेको छ। यस्ता अवस्थाहरूले स्थानीय जनताको जीवनस्तर सुधार, सेवामा पहुँच वृद्धि तथा सशक्तीकरणलाई प्राथमिकतामा राखि योजना तयार गरिएको छ।

नेपाल सरकारको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को लक्ष्यमा आधारित भई आर्थिक दृष्टिकोणले गौमुल गाउँपालिकालाई आत्मनिर्भरता तर्फ उन्मुख बनाउनका लागि संघीय सरकारको सोह्रौं योजना २०८१/०८२–२०८५/०८६, सङ्केतहरुलाई प्रमुख आधार मानेर लक्ष्य निर्धारण गरिएको छ। नीतिगत दस्तावेजको रुपमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिगो विकासका लक्ष्यहरु (२०१५–२०३०), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरुलाई आधार मानिएकोछ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले सिफारिस गरेको खाकामा तयार गरिएको यस आवधिक योजनामा गौमुल गाउँपालिकाको वस्तुगत विवरण र हाल सम्मको विकासको समीक्षाको आधारमा भावि रणनीति लिने गरि योजनाहरुको खाका कोरिएको छ।

योजना निर्माणको प्रक्रियामा गौमुल गाउँपालिकाका जनप्रतिनिधि, विषयगत विशेषज्ञ, नागरिक समाज, महिला, दलित, जनजाति, विपन्न वर्ग तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै समावेशी दृष्टिकोण अपनाइएको छ। यसले योजना केवल दस्तावेज मात्र नभई नीति, निर्णय र बजेट कार्यान्वयनको सहारा बन्ने अपेक्षा गरिएको छ। गाउँपालिकाको सबल, सुधारात्मक, अवसर र जोखिम (Strengths, Weaknesses, Opportunity and Threats-SWOT)  विश्लेषण र अन्तर्वार्ताहरूको माध्यमबाट स्थानीय आवश्यकता र स्रोतको पहिचान गरी प्राथमिकता निर्धारण गरिएको छ।

आवधिक योजनाले जनताको जीवनस्तरमा दीर्घकालीन सुधार ल्याउने, समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने, मानव पूँजीको विकास गर्ने, पूर्वाधारको सन्तुलित विस्तार गर्ने, तथा स्थानीय उत्पादन र रोजगारीमा वृद्धिको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने

रणनीतिमा आधारित भएर तयार गरिएको छ। यसले वातावरणीय संरक्षण, लैङ्गिक समानता, सामाजिक न्याय र सहजीकरणलाई समेत विशेष ध्यान दिएको छ। आवधिक योजना केवल लक्ष्यहरूको सूची नभई सामाजिक परिवर्तनको रणनीतिक खाका पनि भएकोले यसको प्रभावकारी कार्यान्वयनले गाउँपालिकालाई सामाजिक समृद्धिको गतिशील मार्गमा अग्रसर गराउनेछ भन्ने विश्वास लिइएको छ।

## १.२ आवधिक योजनाको उद्देश्य

यस आवधिक योजना तयारीका मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) **स्थानीय आवश्यकताको पहिचान र प्राथमिकता निर्धारण**
गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विशेषतालाई आधार बनाई आवश्यक सेवाहरू, पूर्वाधार, मानव पूँजी र रोजगारीका प्राथमिक क्षेत्रहरूको पहिचान गर्नु।

(ख) **दिगो, समावेशी र समतामूलक विकास प्रवर्द्धन गर्नु**
सामाजिक न्याय, लैङ्गिक समानता, सशक्तिकरण, र हरेक वर्ग समुदायको समावेशी सहभागितामार्फत दिगो विकासका आधार तयार गर्नु।

(ग) **स्थानीय विकास कार्यक्रमहरूलाई रणनीतिक ढाँचामा अगाडि बढाउनु**
विगतका अनुभव र उपलब्ध स्रोत-साधनको विश्लेषण गर्दै दीर्घकालीन दृष्टिकोणका साथ योजनालाई रणनीतिमा रूपान्तरण गर्नु।

(घ) **राष्ट्रिय र प्रदेश नीतिसँग समन्वयमा विकास प्रक्रिया सुनिश्चित गर्नु**
संविधान, दिगो विकास लक्ष्य (SDGs), नेपालको १६औं योजना तथा अन्य नीतिगत दस्तावेजहरूसँग मिल्दोजुल्दो विकास रूपरेखा निर्माण गर्नु।

(ङ) **स्रोत परिचालन र वित्तीय योजना व्यवस्थापन**
गाउँपालिकाले प्राप्त गर्ने बजेट, विकास साझेदारको सहयोग र निजी क्षेत्रको सहभागितालाई समन्वय गर्दै स्रोतहरूको प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।

(च) **विपद् जोखिम न्यूनीकरण र वातावरणीय सन्तुलन कायम गर्नु**
जलवायु परिवर्तन, प्राकृतिक विपद् तथा वातावरणीय समस्याहरूको पूर्वतयारी, अनुकूलन र न्यूनीकरण योजनामा एकीकृत दृष्टिकोण ल्याउनु।

(छ) **नागरिक सेवाको पहुँच र गुणस्तर वृद्धि**
शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, कृषि सेवा, सडक, उर्जा, सञ्चारलगायत क्षेत्रको सेवामा पहुँच वृद्धि गर्दै जीवनस्तर सुधार गर्नु।

(ज) **पूर्वाधार विकासमा तीव्रता ल्याउनु**
यातायात, सिचाइ, विद्युत्, स्वास्थ्य संस्था, विद्यालय, बजार तथा पर्यटकीय संरचनाहरूको वातावरणमैत्री तरिकाले निर्माण र स्तरोन्नति गर्नु।

(झ) **अनुगमन, मूल्यांकन र पारदर्शी कार्यान्वयन प्रणाली विकास गर्नु**
कार्यान्वयनको हरेक चरणमा अनुगमन र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्दै परिणाममुखी योजना सुनिश्चित गर्नु।

(ञ) **गाउँपालिकालाई आत्मनिर्भर र समृद्ध बनाउने दीर्घकालीन आधार तयार गर्नु**
कृषि, पर्यटन, जडीबुटी, साना उद्योग तथा अन्य स्थानीय सम्भावनामा आधारित समृद्धिका खाका तयार गर्नु।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

*चित्र १ आवधिक योजना तयारीका चरणहरू*




### १.३.१ तयारी चरण

**प्रारम्भिक कार्यशाला**

गौमुल गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारी वर्ग एवम् सरोकारवाला निकायहरुको उपस्थितिमा गौमुल गाउँपालिकाको कार्यालय, घट्मुनामा आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा योजना बैंक तयारी विषयमा कार्यशाला सञ्चालन गरि आवधिक योजना तयारीको कार्ययोजना तयार गरिएको थियो। उक्त कार्यशालामा विषय विशेषज्ञ, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा योजना शाखा प्रमुखहरूले आवधिक योजनाको महत्व, आवधिक योजना तयारी विधि, अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनाको प्रकृति र महत्व तथा पालिका समृद्धिका लागि योजना छनोट गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको विषयमा अन्तरक्रियात्मक छलफल सञ्चालन गरेका थिए। यसका अतिरिक्त स्थानीय समुदायको सहभागितामा योजनाहरु सङ्कलन गर्दा जनप्रतिनिधि तथा कर्मचारीहरुको भूमिका के हुने, कस्ता योजनाहरु छनोट गर्ने र त्यसरी छनोट गरिएका योजनाहरूलाई आगामी कार्यशालामा कसरी प्राथमिकिकरण गरिने छ भन्ने विषयमा विस्तृतरुपमा अभिमुखीकरण गरिएको थियो।

**आवधिक योजना तयारी टोली गठन**

प्रारम्भिक कार्यशालामा आवधिक योजना तयारी टोली गठन गरिएको थियो जसमा स्थानीय समुदायबाट सहभागितामूलक तरिकाले योजना सङ्कलनको जिम्मा सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा पदाधिकारीहरूलाई दिइएको थियो भने समुदायबाट सङ्कलित योजनाहरूको विश्लेषण गरि आवश्यकता अनुसार दस्तावेजीकरण गर्ने जिम्मा सम्बन्धित विभाग/विषयगत शाखा प्रमुखहरूलाई दिइएको थियो। विषय विज्ञका रूपमा परामर्शदाताले आवश्यकता अनुसार समुदायस्तरबाट योजना सङ्कलन गर्ने टोली र विषयगत शाखा प्रमुखहरूलाई प्राविधिक सहयोग गर्ने गरि कार्य योजना तयार गरिएको थियो।

**निर्देशक समिति गठन**

गाउँपालिका अध्यक्षज्यूको संयोजकत्वमा सबै पदाधिकारी तथा कर्मचारीहरू सम्मिलित एउटा निर्देशक समिति गठन गरिएको थियो। उक्त निर्देशक समितिको मुख्य जिम्मेवारी आवधिक योजना तयारी टोलीलाई आवश्यकता अनुसार निर्देशन दिने रहेको थियो।

**कार्ययोजना तयार**

प्रारम्भिक कार्यशालाको अन्तमा आवधिक योजना तयारी टोलीले आ–आफ्ना कार्ययोजनाहरु तयार गरि निर्देशक समिति समक्ष पेश गरेका थिए।

**१.३.२ तथ्याङ्क सङ्कलन तथा वस्तुगत विवरण तयार**

**गौमुल गाउँपालिकाको वस्तुगत विवरण तयार**

आवधिक योजना तयारी कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि आवधिक योजना तयारी टोली मध्ये वस्तुगत विवरणका लागि द्वीतियक दस्तावेजहरूलाई स्रोत मानि वस्तुगत विवरण तयार गर्ने टोलीले आवश्यक दस्तावेजहरू सङ्कलन गर्ने तथा आवश्यकताको आधारमा तथ्याङ्कको विवरण सङ्कलन गर्ने कार्य गरेको थियो। विषयगत शाखा प्रमुख तथा कर्मचारीहरूको छलफल बाट तथ्याङ्कीय विवरण सङ्कलन गरिएको थियो। उक्त वस्तुगत विवरण यस आवधिक योजनाको परिच्छेद २ मा प्रस्तुत गरिएको छ।

**१.३.३ दीर्घकालीन सोच कार्यशाला (Long-Term Vision Workshop)**

आवधिक योजनाको एक मुख्य अङ्गका रूपमा मानिने दीर्घकालीन सोच तयारीका लागि आवधिक योजना तर्जुमा निर्देशक समितिका पदाधिकारीहरूको उपस्थितिमा गौमुल गाउँपालिकाको केन्द्रमा दीर्घकालीन सोच कार्यशाला सञ्चालन गरिएको थियो। उक्त कार्यशालामा परामर्शदाताको तर्फबाट दीर्घकालीन सोच तयारी सम्बन्धी अभिमुखीकरण गरिएको थियो भने सहभागितामूलक तरिकाले गाउँपालिकाले पहिले नै तयार गरेको दीर्घकालीन सोचलाई विभिन्न कोणबाट विश्लेषण गरिएको थियो। उक्त कार्यशालामा पालिका समृद्धिका लागि एउटा नाराको रूपमा प्रयोग गर्न मिल्ने दीर्घकालीन सोच तयार गरिएको थियो। उक्त दीर्घकालीन सोचका बारेमा यस आवधिक योजनाको परिच्छेद ३ मा विस्तृतमा दिइएको छ।

दीर्घकालीन सोच तयारी पश्चात विभिन्न द्वीतियक तथ्याङ्कको आधारमा तयार गरिएको गौमुल गाउँपालिकाको वस्तुगत विवरणलाई उक्त कार्यशालामा प्रस्तुत गरिएको थियो र सो वस्तुगत विवरणमा छुट्न गएका तथ्याङ्कीय विवरणमा सहभागिहरुबाट पृष्ठपोषण लिइएको थियो। यसका अतिरिक्त आवधिक योजनामा समावेश हुने रणनीतिक उद्देश्यहरू, आवधिक योजनामा समावेश गरिने रणनीतिहरू, कार्यनीतिहरु तथा गौमुल गाउँपालिकाका सवल पक्षहरु, सुधारात्मक पक्षहरू, अवसरहरू र चुनौतीहरूको विश्लेषण SWOT Analysis गरिएको थियो।

**१.३.४ योजना छनोट तथा प्राथमिकिकरण**

हरेक वडाका विभिन्न समुदायबाट सबै वर्ग, लिङ्ग, समुदायको सुनिश्चितता सहित सङ्कलन गरिएका हरेक वडास्तरका योजनाहरुलाई पहिलो चरणको छनोट र प्राथमिकिकरण वडा तहमा नै गरेर ल्याइएका योजनाहरु गौमुल गाउँपालिकाका विषयगत

शाखाहरुमा जम्मा गरिएका थिए । ति समुदायबाट सङ्कलित योजनाहरुलाई गाउँपालिकाका विषयत समितिहरु माझ वृहत अन्तरक्रियात्मक विधिबाट योजनाहरुमा अर्को चरणको विश्लेषण गरिएको थियो। समुदायस्तरबाट सङ्कलन गरिएका योजनाहरू हरेक वडाबाट आएका योजनाहरुलाई विषयगत क्षेत्र अनुसार आर्थिक समृद्धिका लागि सङ्कलन गरिएका योजनाहरू आर्थिक विकास समितिमा, सामाजिक विकासका लागि सङ्कलित योजनाहरू सामाजिक विकास समितिमा एकीकृत गरि सम्बन्धित विषयगत समितिहरूलाई रचनात्मक ढङ्गले विश्लेषण गर्ने कार्यमा लगाइएको थियो भने उक्त कार्यमा परामर्शदाता, पालिकाका विषयगत विज्ञहरूले सहजीकरण गरेका थिए।

यसरी सङ्कलन गरिएका योजनाहरूलाई प्राथमिकिकरण गरिएको थियो । यसका लागि सामान्य आधार (७०%) र क्षेत्रगत आधार(३०%) को मापदण्डमा योजनाहरूलाई विश्लेषण गरि प्राथमिकिकरण गरिएको थियो। सामाजिक आवश्यकता, क्षेत्रीय आवश्यकता, नीति तथा दिगो विकासका लक्ष्यसँगको पारस्परिकता, स्रोत साधनको उपलब्धता र कार्यान्वयन क्षमता, दीर्घकालीन प्रभाव र दिगोपना तथा समावेशीता र सहभागिताको आधारमा अङ्क प्रदान गर्दा ७५ अङ्क भन्दा बढि प्राप्त गरेमा त्यस प्रकारका योजनाहरूलाई पहिलो प्राथमिकता (P1) तथा ६० देखि ७५ को विचको अङ्क प्राप्त गरेमा त्यस्ता योजनाहरूलाई दोस्रो प्राथमिकता(P2) मा राखि योजनाहरूको प्राथमिकिकरण गरिएको थियो।

### १.३.५ बजेट अनुमान र स्रोत विश्लेषण

योजना प्राथमिकिकरण पश्चात अन्तिम सूचीमा परेका योजनाहरू कार्यान्वयनका क्रममा के कति बजेट आवश्यक पर्ने हो र सो बजेटलाई वार्षिक कार्यान्वयन गर्दा कसरी बजेट अनुमान गरिने हो भन्ने बारेमा विषयगत समितिहरू, लेखा/आर्थिक शाखा प्रमुख तथा राजश्व परामर्श समितिको उपस्थितिमा पाँच वर्षका लागि बजेट अनुमान तथा सो बजेटको व्यवस्थापनका लागि स्रोतको विश्लेषण गरिएको थियो।

स्रोत विश्लेषणका क्रममा गौमुल गाउँपालिकाको आफ्नै स्रोत, केन्द्र सरकारबाट प्राप्त हुने रकम तथा प्रदेश सरकारबाट उपलब्ध हुने बजेटलाई समेत आधार मानि स्रोत विश्लेषण गरिएको थियो । यसका अतिरिक्त गाउँपालिकामा कार्यरत र सम्भावित बाह्य दातृनिकायहरु, निजी स्रोत तथा स्थानीय सहकारी तथा बैंकिङ्ग क्षेत्रको समेत सञ्चालन गर्न सकिने योजनाहरुको आधारमा स्रोतको विश्लेषण गरिएको थियो। गौमुल गाउँपालिकाले सार्वजनिक–निजी साझेदारीमा समेत विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने गरि नीति तयार गरि लागू गरि सकेको हुँदा योजना कार्यान्वयनको लागि स्रोत विश्लेषण गर्दा निजी क्षेत्रको संलग्नतालाई समेत आधार मानिएको छ।

### १.३.६ आवधिक योजनाको मस्यौदा तयार, छलफल, स्वीकृत तथा कार्यान्वयन

गाउँपालिकामा विषयगत समितिहरुसँगको अन्तरक्रियात्मक छलफल मार्फत योजनाहरु टुङ्ग्याई प्राथमिकिकरण गरिसके पश्चात बजेट अनुमान गरिएको थियो। सो अनुसारको योजनाहरु, बजेट अनुमान तथा स्रोत विश्लेषण पश्चात आवधिक योजनाको मस्यौदा तयारी गर्ने कार्य सम्पन्न गरिएको थियो। उक्त मस्यौदालाई गाउँपालिकामा निर्देशक समितिको बैठक आयोजना गरि उक्त बैठकमा प्रस्तुत गरि सबै पक्षबाट पृष्ठपोषण प्राप्त भएको थियो। प्राप्त पृष्ठपोषणलाई समावेश गरि आवधिक योजनाको लेखन कार्य सम्पन्न गरि गौमुल गाउँपालिकालाई बुझाइएको थियो । उक्त आवधिक योजना गाउँपालिकाले स्वीकृत गरि कार्यान्वयन तथा आवधिक योजनाको सफल कार्यान्वयनको अनुगमनका लागि समितिहरुलाई जिम्मा दिएको थियो। आवधिक योजना स्वीकृतिसँगै प्रारम्भिक कार्यशालाको क्रममा गठन गरिएको आवधिक योजना निर्देशक समिति खारेज गरिएको थियो।

# परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

गौमुल गाउँपालिका नेपालको सुदुरपश्चिम प्रदेशमा अवस्थित हिमाली जिल्ला बाजुराका ९ स्थानीय तहहरु मध्ये एक हो । बाजुरा जिल्ला सदरमुकाम मार्तडी देखि उत्तर–पश्चिममा अवस्थित यो पालिकाको पूर्वमा बुढिनन्दा नगरपालिका, पश्चिममा बझाङ्ग जिल्ला, हिमाली गाउपालिका र दक्षिणमा बडिमालिका नगरपालिका र छेडेदह गाउँपालिका रहेकाछन् । यो गाउपालिका समुद्री सतह देखि १३६० मिटर देखि ५४४० मि. सम्म फैलिएको छ । यस गाउँपालिकाको अधिकाँश भूभाग उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछ। यो गाउपालिका ५२८४३१.५६७६९९ मि. पश्चिमी देशान्तर देखि ५५५६६३.८७७३९५ मि.पूर्वी देशान्तर सम्म फैलिएको छ भने ३२८५५२८.४९९८७१ मि. उत्तर देखि ३२८५५२८.२४६६५२ मि. दक्षिणी अक्षाँश सम्म फैलिएको छ । गौमुल गाउँपालिकाको क्षेत्रफल ३१४.६६ वर्ग किलो मिटर रहेको छ । यस गाउँपालिकाको अधिकाँश क्षेत्र भिरालो तथा चट्टानी भुभागमा रहेको छ । यस गाउँपालिकामा वनजङ्गलले ३७ प्रतिशत भूभाग ओगटेको छ । घाँसे भूभाग २३.९२ प्रतिशत, वुट्यान १९ प्रतिशत, र बाँझो उजाड भूभागले पनि १२.६२ प्रतिशत ओगटेको छ । गौमुल गाउँपालिकाको हावापानी समशीतोष्ण देखि चिसो सम्म रहेकोछ जहाँ जाडोमा हिमपात, गर्मीमा मध्यम तापमान र वर्षातमा अत्यधिक वर्षा हुने गर्दछ। पानीको स्रोतमा खोला तथा अन्य धाराहरू प्रमुख छन् जसले खानेपानी र सिँचाइमा सहयोग पुऱ्याइरहेकाछन् । यहाँको वन क्षेत्रले जडीबुटी, काठ र घाँस जस्ता स्रोत प्रदान गर्दै जैविक विविधता र आर्थिक उपार्जनमा योगदान दिएकोछ। पहिरो, हिमपात, चट्याङ् र बाढि कटानजस्ता प्राकृतिक विपद्हरूको जोखिम उच्च छ।

राजनीतिक संरचना अनुसार गौमुल गाउँपालिका ६ वटा वडाहरुमा विभाजित छ । साविकको दहकोट गा.वि.स.को वडा नं. ८ र ९ मिलेर वडा नं. १ बनेको छ जस्को क्षेत्रफल १५७.४३ वर्ग कि.मि. रहेको छ । त्यसरी नै सोहि दहकोट गा.वि.स.को वडा नं. ५–७ मिलेर हालको वडा नं. २ बनेको छ जस्को क्षेत्रफल ६१.२ वर्ग कि.मि. रहेको छ । दहकोट गा.वि.स.को वडा नं. १–४ मिलेर वडा नं. ३ बनेको छ जस्को क्षेत्रफल ३१.५२ वर्ग कि.मि. रहेको छ । त्यसरी नै साविकको मानाकोट गा.वि.स.को वडा नं. १–५ मिलेर हालको वडा नं. ४ जस्को क्षेत्रफल ९.२५ वर्ग कि.मि. रहेको छ । सोहि मानाकोट गा.वि.स.को वडा नं. ६–९ मिलेर हालको वडा नं. ५ बनेको छ जस्को क्षेत्रफल ४४.५४ वर्ग कि.मि. रहेको छ । साविकको बडीमालिका नगरपालिकाको वडा नं. १ लाई यस गौमुल गाउँपालिकाको वडा नं. ६ कायम गरिएको छ जस्को क्षेत्रफल १०.७२ वर्ग कि.मि. रहेको छ ।

प्रसानिक संरचना अनुसार गाउँपालिकाको केन्द्र घट्मुनामा रहेको छ भने हरेक वडा केन्द्रमा वडा कार्यालयहरु निर्माण गरिएका छन भने वडास्तरबाट उपलब्ध हुनु पर्ने सेवाहरु विकेन्द्रित प्रणाली अनुसार वडा कार्यालयबाट नै प्रवाह भैरहेका छन । गाउँपालिका केन्द्रमा विभिन्न विभागीय संरचनाहरु कायम भै स्थानीय तहमा नै आवश्यक कर्मचारीहरु कार्यरत छन ।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

गौमुल गाउँपालिकाको कुल क्षेत्रफल ३१४.६६ वर्ग कि.मि. मध्ये ११५९८ हे. क्षेत्रफल वनजङ्गल, १४१.८९ हे. क्षेत्रफल बलौटे जमिन, ७४९०.२३ हे. घाँसे क्षेत्र, ६१६८.५२ हे. वुट्यान तथा झाडी, ३९५३.८७ हे.बाँझो तथा उजाड भुमि र १९५३.८६ हे. खेतीयोग्य जमिनले ओगटेकोछ । कृषियोग्य जमिनमा खेतीयोग्य र बाँझो दुवै प्रकारको जमिन रहेको यस गाउँपालिकामा आम मानिसहरुलाई व्यवसायिक कृषि तथा जडीबुटि व्यवसायमा संलग्न गराउन सकिएको खण्डमा गाउँपालिका समृद्धिको लागि प्राकृतिक सम्पदाले योगदान दिन सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् । सांस्कृतिक सम्पदाहरूमा देउडा यहाँको सबै भन्दा लोकप्रिय संस्कृति हो । युवा देखि वृद्धवृद्धा सम्मले कुनै पनि साना देखि ठूला चाडपर्व लगायतका अवसरहरूमा देउडा मार्फत सांस्कृतिक प्रतिपर्धा गरि रामाइलो गर्ने प्रचलन रहेको छ । यसका साथै पालिका भित्र लाग्ने विभिन्न मेला जात्राहरु पनि साँस्कृतिक सम्पदाको रुपमा परिचित छन् ।

यस गाउँपालिकाको सामाजिक रितिरिवाज र चाड पर्वमा वडा दशै, तिहार, भुवा पर्व, माघी संक्रान्ति, विशु संक्रन्ति, गौरा पर्व, र देउडा आदि रहेका छन् । यस गाउँपालिकामा पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो, पोते आदि भेषभुषाका रुपमा लगाउने गर्दछन् । यस गाउँपालिकामा मुख्यरुपमा धलपुरा, ब्रममाई, कैलाश, भगवति, मष्टो, घटाल आदि धार्मिक देवि देवता तथा मठमन्दिरहरुको पुजाआजा गर्ने गरिन्छ।गौमुल, रातिमाटा, डडुल्ले, कालाविल, थुम, बुगालेख, धानथोला, छोरेलेख, खारचुथील्ला, सिममाटा, जेठिवहुरानी हिमाल, बुढिगंगा नदि आदि जस्ता ऐतिहासिक तथा पर्यटकीय स्थानहरु रहेकाछन् ।

### २.१.३ जनसांख्यिक अवस्था

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस गौमुल गाउँपालिकामा जम्मा घरधुरी संख्या १७१६ रहेका छन भने जम्मा जनसंख्या ८९१३ रहेको छ । उक्त जम्मा जनसंख्यामा ४६०९ जना अर्थात ५२ प्रतिशत महिला र ४३०४ जना अर्थात ४८ प्रतिशत पुरुष रहेकाछन् । वडा अनुसारको तथ्याङ्क विश्लेषण गर्दा यस अनुसार रहेको छ :

*तालिका १ वडागत घरधुरी र जनसंख्या विवरण*

| वडास्तरको जनसंख्या | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| वडा नं १ | २३९ | ६६२ | ७४६ | १४०८ |
| वडा नं २ | ३२९ | ७९८ | ८८५ | १६८३ |
| वडा नं ३ | २८९ | ६२७ | ६९४ | १३२१ |
| वडा नं ४ | ३१३ | ८३९ | ८९० | १७२९ |
| वडा नं ५ | २३१ | ६२७ | ६५९ | १२८६ |
| वडा नं ६ | ३१५ | ७५१ | ७३५ | १४८६ |
| **जम्मा** | **१७१६** | **४३०४** | **४६०९** | **८९१३** |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

गौमुल गाउँपालिकामा कृषियोग्य जमिनको अवस्था, गौमुलबासीहरुको प्रमुख पेशा तथा स्थानीय समुदायको आर्थिक अवस्थाको विश्लेषण गर्दा कृषि, पशुपन्छी पालन तथा खाद्य सुरक्षालाई गौमुल गाउँपालिकाले सामाजिक–आर्थिक उन्नतिको प्रमुख आधारका रुपमा लिनु पर्ने देखिन्छ । स्थानीय विकासमूलक गतिविधिहरूमा संलग्न भएर होस वा भारत लगायत पालिका बाहिर मौसमी रोजगारीको माध्यमबाट होस आम समुदायले कमाएको आम्दानीले वार्षिकरुपमा परिवारलाई चाहिने खाद्यान्न खरिद गर्ने प्रचलन व्यापक छ जस्मा समुदायले कमाएको रकम बाहिरबाट आयातित बस्तुमा खर्च गर्ने गरेको देखिन्छ । कृषि, पशु पन्छी पालन तथा खाद्य सुरक्षामा गौमुल गाउँपालिकाको वस्तुस्थिति विवरण र विकासको समीक्षा गर्दा :

#### (क) वस्तुस्थिति विवरण

गौमुल गाउँपालिकामा खेतीयोग्य जमिन २५०० हेक्टर रहेको छ जसमा बाह्रै महिना सिंचाई हुने जमिन ४०० हेक्टर मात्र रहेको छ। आकाशे वर्षाको भरमा सिँचाइ हुने खेतीयोग्य जमिन २१०० हेक्टर रहेको छ। यसका अतिरिक्त पूर्णरुपमा सिँचाइ विना खेतीपाती गरिने पाखोबारी २१०० हेक्टर रहेको छ । तर खेतीयोग्य जमिन तर विविध कारणले खेतीपाती नगरिएको बाँझो जमिन १५०० हेक्टर रहेको छ । गाउँपालिकामा वार्षिकरुपमा कोदो, फापर लगायतको रैथाने अन्नबाली ३४० मे.ट., धान २०० मे.ट., मकै ३४० मे.ट., गहुँ ४०० मे.ट., तरकारी २०० मे.ट., दालबाली, २०० मे.ट., मसलाबाली, १० मे.ट., फलफूल २० मे.ट. उत्पादन हुने गरेको छ भने उक्त उत्पादनको ८० प्रतिशत उपभोग्य वस्तु उत्पादनकर्ताले नै उपभोग गर्ने गर्दछन् । अधिकांश कृषकहरुले परम्परागत तरिकाले कृषि पेशा अङ्गालिरहेका छन भने भर्खर मात्र युवा उद्यमीहरु व्यवसायिक कृषि पेशा प्रति आकर्षिक हुदै गएको अवस्था छ ।

त्यसरी नै यस गाउँपालिकामा वर्षेनी १००००० लिटर दूध उत्पादन हुने गर्दछ। गौमुलबासीले वार्षिकरुपमा औषतमा रु ८० लाख बराबरको कुखुरा, भेडा, च्याङ्ग्रा, खसी बोका पालन गरि आफूले खाने तथा विक्रि वितरण गर्ने गरेका छन्। खाद्य सुरक्षाको अवस्था हेर्दा गौमुलमा आफ्नो वार्षिक आम्दानी तथा उत्पादनले ३ महिना भन्दा कम समय खान पुग्ने घरपरिवारको संख्या १० प्रतिशत छ भने ६ महिना सम्म खाना पुग्ने घरपरिवारको संख्या ६० प्रतिशत देखिन्छ। आफ्नो आम्दानी र उत्पादनले वर्षमा ९ महिना सम्म मात्र खान पुग्ने घरपरिवारको संख्या २० प्रतिशत मात्र रहेको देखिन्छ। वर्षभरी खान पुग्ने घरपरिवारको संख्या १० प्रतिशत मात्र रहेको देखिन्छ। आफ्नो परिवारका लागि खान तथा लुगाफाटो व्यवस्थापन गर्न कठिन गर्ने गरिबीको रेखामुनी रहेको घरपरिवारको संख्या ६० प्रतिशत रहेको देखिन्छ।

**(ख) विकासको समीक्षा**

आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा गौमुल गाउँपालिकाले सिँचाइ पक्कि कुलो ३० वटा, कच्ची कुलो १० वटा, सिँचाइ पोखरी १५ वटा, आकाशे पानी सङ्कलन पोखरी १० वटा, निर्माण गरिसकेको छ। टनेल प्रविधिमा आधारित मौसमी/बेमौसमी तरकारी तथा फलफूल खेतीमा आवद्ध उद्यमीहरुको संख्या २० पुगेको छ भने पालिकामा नै कृषकहरुलाई तरकारी तथा फलफूलका विरुवा उत्पादन गरि विक्रि वितरण गर्ने उद्यमीहरुको संख्या ५ रहेको छ। व्यवसायिक जडीबुटी खेतीमा आबद्ध उद्यमीहरूको संख्या २ रहेको छ। कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजारीकरणका लागि ४ वटा सङ्कलन केन्द्रहरु स्थापना गरिएका छन भने वर्षेनी १२ जना उद्यमीहरुलाई कृषि उपज वस्तुको वजारीकरणका लागि अभिमुखिकरण तथा क्षमता अभिवृद्धि तालिम उपलब्ध गराई युवाहरुलाई बजारीकरणको क्षेत्रमा स्वरोजगार बनाउँदै लिइएको छ।

गाउँपालिकामा वर्षेनी औषतमा २५ जना घरपरिवारलाई गोठ/भकारो सुधार कार्यक्रम अन्तर्गत कृषकहरुलाई अनुदान दिइदै आएको छ जस्का कारण पालिकामा ५० घरपरिवारले सुधार गरिएका गोठ/भकारोमा पशुपालन गर्दै आएको छन्। हाल गौमुलमा ८० जना कृषकहरुले व्यवसायिक पशुपन्छीपालन गरिरहेका छन्। वातावरण संरक्षणमा टेवा पुग्ने गरि कृषकहरुको व्यक्तिगत खाली जमिनमा विभिन्न प्रकारको घाँस खेतीमा वर्षेनी ० जना कृषकहरुलाई सहयोग गर्ने गरिएको छ।

खाद्य सुरक्षाको प्रवर्द्धन तथा सुनिश्चितताका लागि पालिकाले गौमुलबासीलाई उन्नत जातको वीउँविजन, प्राङ्गारिक मल उत्पादन तथा नयाँ प्रविधि मैत्री खेती प्रणालीमा विस्तारै सहयोग पुऱ्याउँदै आएको छ भने माटो सुहाँउदो रैथाने बालीको प्रवर्द्धनका लागि आधुनिक तरिकाको खेती प्रणालीमा सहयोग गर्दै आएको छ। विद्यालयमा दिवा खाजा कार्यक्रममा स्थानीय रैथाने बालीको प्रवर्द्धन तथा स्थानीयस्तरमा नै उत्पादित तरकारी/फलफूललाई प्रवर्द्धन गर्ने गरिएको छ।

### २.२.२ पर्यटन तथा संस्कृति

**(क) वस्तुस्थिति विवरण**

गौमुल गाउँपालिकामा १ वटा हिमाल, ३ वटा गुफा, पुल २५, पिकनिक स्थल १ वटा र ३० भन्दा बढि धार्मिकस्थलहरु छन जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरिरहेका छन। यस पालिकामा भएका पर्यटकीयस्थलहरुमा वर्षेनी फाटफुट आन्तरिक पर्यटकहरु आउने गरेका छन्। पर्यटन व्यवसायमा हाल सम्म कुनै पनि युवाले आफ्नो उद्यमशीलता स्थापना गरि स्वरोजगार बनेको अवस्था छैन। पालिकाको १ स्थानमा वर्षेनी ठूला मेला/जात्रा लाग्ने गर्दछन जहाँ गौमुल र यसको सेरोफेरोबाट मानिसहरु आउने र रमाइलो गर्ने गर्दछन्। ती मेला/जात्राहरुमा स्थानीय संस्कृतिको रुपमा रहेको देउडाले पहिलो प्राथमिकता पाउने गर्दछ।

**(ख) विकासको समीक्षा**

गाउँपालिकाले हाल सम्म एउटा पर्यटकीय स्थल निर्माण गरेको छ भने अन्य पर्यटकीय स्थलहरुमा धार्मिकस्थलहरुको निर्माण सामान्य तरिकाले हुदै आएको छ। गौमुल गाउँपालिकाको सबै भन्दा ठूलो पर्यटकीय क्षेत्र गौमुल क्षेत्र हो र यसको विकास व्यवस्थापनमा गाउँपालिकाले यस आर्थिक वर्षमा निर्माण कार्य थालनी गर्ने गरि योजना निर्माण गरेको छ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकामा सामान्य किसिमले आफ्नो व्यवसाय सञ्चालनका लागि कुटानी पिसानी तथा खुद्रा पसल चिया नास्ता पसल र साना साना होटेलहरु बाहेक अन्य कुनै पनि प्रकारका साना, मझौला, तथा ठूला उद्योगहरु छैनन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

**(क) वस्तुगत विवरण**

यस गाउँपालिकाबासीको मुख्य आम्दानीको स्रोतका रुपमा कृषि, पशुपन्छी पालन तथा जडीबुटी खेती हो भने केहि मानिसहरु रोजगारीमा पनि छन् । यसका अतिरिक्त भारत तथा नेपालकै विभिन्न स्थानमा पाइने मौसमी रोजगारी, खाडीमुलुक लगायतका स्थानको वैदेशिक रोजगारी आदि आम्दानी र रोजगारीका स्रोतहरु हुन । यस गाउँपालिकामा जम्मा २०० जना व्यक्तिहरु सरकारी रोजगारीमा छन, १०० जना खाडीमुलुक लगायतको वैदेशिक रोजगारीमा छन् भने २० प्रतिशत मानिसहरु मौसमी रोजगारीमा वर्षमा ६ महिना घर बाहिर गई कमाउने गरेका छन् । गाउँमा वित्तिय सेवाका रुपमा गाउँपालिका केन्द्रमा कुमारी बैंक रहेको छ ।

**(ख) विकासको समीक्षा**

प्रधानमन्त्री स्वरोजगार कोष, गाउँपालिकाको पहल आदिबाट गौमुल गाउँपालिकामा ७८ जना युवाहरुले विभिन्न स्थानमा रोजगारीमा जोडिने अवसर पाएका छन भने गाउँपालिकाले हरेक वर्ष उपलब्ध गराउने सीपमूलक तालिम मार्फत वर्षेनी ४० जना स्वरोजगारमुलक व्यवसाय सञ्चालन गर्न सक्षम भएका छन। यसका अतिरिक्त वैदेशिक रोजगारीमा जाने युवाहरुलाई सम्भव भए सम्म यहि देशमा केहि गर्नु पर्दछ भन्ने कुराको बोध गराउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

### २.२.५ सहकारी

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकामा जम्मा ५ वटा बहुउद्देश्यीय सहकारी रहेका छन । यी सहकारीहरुले गाउँपालिकाका ५००० जना घरपरिवारलाई आफ्ना सदस्य बनाइ आर्थिक गतिविधिहरुमा समावेश गरेका छन् ।

**(ख) विकासको समीक्षा**

गाउँपालिका तथा अन्य दातृ निकायको सहयोगमा एउटा सहकारीको विकासका लागि भवन निर्माण, सामाग्री खरिद, प्राविधिक सामाग्री व्यवस्थापन, लेखा व्यवस्थापन तालिम, नेतृत्व विकास तालिम लगायतका क्रियाकलापहरू नियमितरुपमा सञ्चालन हुने गरेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

**(क) वस्तुस्थिति विवरण**

यस गाउँपालिकाको घट्मुनामा पालिकास्तरीय एउटा अस्पत्ताल रहेको छ जस्मा अन्तरङ्ग तथा बहिरङ्ग सहितका सेवाहरु उपलब्ध छन । सामान्य किसिमका मौसमी तथा अन्य आकस्मिक विरामीहरुका लागि उपचारका लागि पालिकाबासीहरु यस अस्पत्तालबाट सेवा लिइरहेको अवस्था छ । यसका अतिरिक्त हरेक वडामा स्वास्थ्य चौकीहरु सञ्चालनमा छन् । पालिकामा नीजि स्वास्थ्य क्लिनिकहरुको संख्या ५ रहेको छ भने स्वास्थ्यकर्मिहरुको संख्या ४० रहेको छ । गाउँपालिकामा ३ वटा वर्थिङ्ग सेन्टरहरु सञ्चालनमा छन । स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरुको संख्या ७५ प्रतिशत रहेको छ भने स्वास्थ्य संस्थामा सुरक्षित तरिकाले बच्चा जन्माउने महिलाको संख्या ६८ प्रतिशत रहेको छ । गर्भावस्थामा आमा र बच्चाको स्वस्थताको लागि आवश्यक सुई लगाउने गर्भवती महिलाको संख्या ७० प्रतिशत रहेको छ । जन्म पश्चात सबै प्रकारका खोपहरु प्राप्त गर्ने बालबालिकाहरुको संख्या ८० प्रतिशत रहेको छ । स्थायी परिवार नियोजन गर्ने महिला संख्या २५० रहेको छ भने पुरुष संख्या ५० रहेको छ । यसरी नै परिवार नियोजनको अस्थायी साधनको प्रयोग गर्ने मानिसहरु ३० प्रतिशत रहेका छन् ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले हाल सम्म ३ वटा स्वास्थ्य चौकीहरू, १ वटा वर्थिङ्ग सेन्टर निर्माण गरेको छ । गाउँपालिकामा जम्मा २० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत छन । ती महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई ग्रामीण समुदायमा आम मानिसहरूलाई स्वास्थ्य सम्बन्धि सचेतना दिने, सामान्य किसिमका रोगहरूमा आकस्मिक स्वास्थ्य परीक्षण गर्ने र प्राथमिक उपचार गर्ने जस्ता कार्यहरूमा गाउँपालिकाले परिचालन गरिरहेको छ भने उनीहरूको नियमित क्षमता अभिवृद्धिका कार्यहरूमा तालिम तथा अभिमुखिकरण कार्यहरू गरिरहेको छ । स्वास्थ्य संस्थाहरूमा आवश्यक सामाग्री खरिद तथा प्रविधि जडान गर्ने कार्यमा पनि गाउँपालिकाले नियमित लगानी गरिरहेको छ ।

### २.३.२ शैक्षिक विकास

**(क) वस्तुस्थिति विवरण**

गौमुल गाउँपालिकाको समग्र साक्षरता दर ७४.२ प्रतिशत, महिला साक्षरता दर ६७.८ प्रतिशत, पुरुष साक्षरता दर ८१.१ प्रतिशत रहेको छ । विद्यालय जाने उमेरका कुनै पनि बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिँदैन । गाउँपालिकामा जम्मा २४ वटा बाल विकास केन्द्रहरू, आधारभूत तहका १–३ सम्म सञ्चालित विद्यालय १० वटा, १–५ सम्म सञ्चालित ५ वटा, १–८ सम्म सञ्चालित २ वटा, माध्यमिक तहका १–१० सम्म सञ्चालित ४ वटा र १–१२ सम्म सञ्चालित २ वटा विद्यालयहरु छन् । सामुदायिक सिकाइ केन्द्रहरू २ वटा रहेका छन् । विद्यालयमा अध्यापनरत शिक्षकहरूमा बाल विकास केन्द्र तर्फ सरकारी कोटामा १६ जना र पालिकाले व्यवस्था गरेका ८ जना गरि जम्मा २४ जना रहेका छन् भने प्राथमिक विद्यालय तर्फ ५३ जना दरबन्दीमा र राहत ९ जना गरि जम्मा ६२ जना रहेका छन् । त्यसरी नै साविकको निम्न माध्यमिक तर्फ १७ जना दरबन्दी र राहत ५ जना गरि २२ जना रहेका छन् । त्यसरी नै माध्यमिक तर्फ १५ जना र साविकको उच्च माध्यमिक तर्फ १२ जना रहेका छन् ।

गाउँपालिकामा रहेका समग्र शैक्षिक संस्थाहरू मध्ये ९० प्रतिशतमा शुद्ध पिउने पानीको व्यवस्था छ, ७५ प्रतिशतमा बाल मैत्री तथा लैङ्गिक मैत्री शौचालयको व्यवस्था छ । त्यसरी नै ९० प्रतिशत शैक्षिक संस्थाहरूमा नियमितरुपमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले शिक्षाको गुणस्तरता कायम गर्ने गरि कार्य गरिरहेको अवस्था छ । ७५ प्रतिशतमा बाल मैत्री पठनपाठन प्रणाली लागू गरिएको छ भने ३० प्रतिशत शैक्षिक संस्थामा कम्प्यूटर, वैकल्पिक ऊर्जा जडान सहितका संरचनाहरू निर्माण गरिएका छन् । १० प्रतिशत विद्यालयमा फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सहितको अभ्यासमा आधारित पठनपाठन प्रणाली लागू गरिएको छ ।

यस गाउँपालिकाको बाल विकासमा १८४ बालिका र १९० बालक गरि जम्मा ३७४ बालबालिकाहरू रहेका छन्। त्यसरी नै कक्षा १ मा १४७ जना छात्रा र १३३ जना छात्र गरि जम्मा २८० जना, कक्षा २ मा ११८ जना छात्रा र १०० जना छात्र गरि जम्मा २१८ जना, कक्षा ३ मा १०९ जना छात्रा र ८७ जना छात्र गरि जम्मा १९६ जना, कक्षा ४ मा १२३ जना छात्रा र १०६ जना छात्र गरि जम्मा २२९ जना, कक्षा ५ मा ९६ जना छात्रा र ८३ जना छात्र गरि जम्मा १७९ जना, कक्षा ६ मा १०३ जना छात्रा र ११३ जना छात्र गरि जम्मा २१६ जना, कक्षा ७ मा १२० जना छात्रा र ८२ जना छात्र गरि जम्मा २०२ जना, कक्षा ८ मा १३१ जना छात्रा र ७७ जना छात्र गरि जम्मा २०८ जना, कक्षा ९ मा १०४ जना छात्रा र ८३ जना छात्र गरि जम्मा १८७ जना, कक्षा १० मा ८१ जना छात्रा र ८१ जना छात्र गरि जम्मा १६२ जना, कक्षा ११ मा ४८ जना छात्रा र ३७ जना छात्र गरि जम्मा ८५ जना, र कक्षा १२ मा ६६ जना छात्रा र ६३ जना छात्र गरि जम्मा १२९ जना गरि जम्मा २६६५ जना रहेका छन्। यसलाई तालिकामा यसरी अनुसार देखाइएको छ

| तह | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| बाल विकास | १८४ | १९० | ३७४ |
| कक्षा १ | १४७ | १३३ | २८० |
| कक्षा २ | ११८ | १०० | २१८ |
| कक्षा ३ | १०९ | ८७ | १९६ |
| कक्षा ४ | १२३ | १०६ | २२९ |
| कक्षा ५ | ९६ | ८३ | १७९ |
| कक्षा ६ | १०३ | ११३ | २१६ |
| कक्षा ७ | १२० | ८२ | २०२ |
| कक्षा ८ | १३१ | ७७ | २०८ |
| कक्षा ९ | १०४ | ८३ | १८७ |
| कक्षा १० | ८१ | ८१ | १६२ |
| कक्षा ११ | ४८ | ३७ | ८५ |
| कक्षा १२ | ६६ | ६३ | १२९ |
| **जम्मा** | **१४३०** | **१२३५** | **२६६५** |

स्रोत: गाउँपालिकाको EMIS, २०८२

**(ख) विकास समीक्षा**

गाउँपालिकाको पहलमा ५ वटा विद्यालयमा भवन निर्माण, ३ वटा विद्यालयमा आधुनिक पुस्तकालय तथा शौचालय निर्माण, ७ वटा विद्यालयमा वैकल्पिक ऊर्जा जडान, १२ विद्यालयमा खेल मैदान तारबार तथा पर्खाल निर्माण, ३ विद्यालयमा प्राविधिक धारको पाठ्यक्रम सञ्चालनका लागि नेपाल सरकारको सिटिइभिटीको पाठ्यक्रम लागू गरिएको छ । प्रत्येक वर्ष प्रत्येक विद्यालयका प्रधानाध्यापकहरूका लागि नेतृत्व विकास तालिम, अन्य शिक्षकहरूलाई पेशागत अभिमुखिकरण कार्यक्रम जस्ता नविनतम कार्यक्रमहरू सञ्चालन गरिदै आएका छन्। गाउँपालिकाले कक्षा १, २, ३, ४ र ५ मा स्थानीय पाठ्यक्रम तयार गरि लागू गरिसकेको अवस्था छ।

**२.३.३ खानेपानी तथा सरसफाइ**

**(क) वस्तुस्थिति विवरण**

यस गाउँपालिकामा ९२ प्रतिशत घरपरिवारले मूलको पानी परियोजना मार्फत ट्याङ्की/धाराको शुद्ध पानी पिउने गरेका छन भने ८ प्रतिशत घरपरिवारले अहिले पनि असुरक्षित पानी पिउन बाध्य छन्। पिउने पानीका विभिन्न स्रोतहरुमा मूलको पानी, कुवा तथा इनारको पानी, खोलाको पानी आदि छन्। नेपाल सरकारको देशलाई नै खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने नीति अनुरूप यस गाउँपालिकाको सबै घरधुरीहरुमा शौचालय निर्माण भइ प्रयोगमा आएका छन्। ८० प्रतिशत घरपरिवारले भाँडा माझिसके पश्चात् रछ्यानमा भाँडा राख्ने चाङ तयार गरि प्रयोग ल्याउने गरेकाछन्।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले हाल सम्म जम्मा ७ वटा खानेपानीका आयोजनाहरू सम्पन्न गरिसकेको छ भने ३ वटा आयोजनाहरू निर्मानाधिन छन्। ६५ प्रतिशत परिवारहरू एक घर एक धाराको अवधारणामा जोडिएका छन्। त्यसरी नै १० वटा पानीका मूल संरक्षण कार्यमा स्थानीय समुदायलाई परिचालन गर्ने काम भएको छ। पालिका र स्थानीय गैह्र सरकारी निकायहरूको संयुक्त पहलमा स्थानीय समुदायलाई शौचालयको सहि प्रयोग, शौचालय पश्चात् राम्रोसँग साबुन पानीले हात धुने, रछ्यानमा भाँडा सुकाउने चाङ तयार गरि प्रयोगमा ल्याउने, वर्षाको समयमा पिउने पानी सफा गरेर मात्र पिउने बानीको विकास गर्न समुदाय सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

**२.३.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

**(क) वस्तुस्थिति विवरण**

जम्मा जनसंख्याको ५२ प्रतिशत महिला, ३४.३ प्रतिशत बालबालिका, ७.५ प्रतिशत जेष्ठ नागरिक, १.७ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। त्यसरी नै २४.५ प्रतिशत दलित, ०.२ प्रतिशत जनजाति, ७८.७. क्षेत्री, १०.५ ब्राह्मण, १३.५ अन्य रहेका छन्। यस गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्दाहरूको विश्लेषण गर्दा जातीय छुवाछूत सम्बन्धी मुद्दा यस आर्थिक वर्षमा जम्मा १ वटा, घरेलु हिंसा सम्बन्धी मुद्दा ३ वटा, अंशबण्डा सम्बन्धी मुद्दा २ वटा आउनुले यस गाउँपालिकामा लैङ्गिक हिंसा सम्बन्धी घटनाहरू न्यून मात्रामा हुने गरेको देखिन्छ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले वार्षिक बजेट तयार गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवालमा पनि विनियोजन गर्ने गरेको छ। हरेक वर्ष विभिन्न महिला समूहहरुको क्षमता अभिवृद्धिका लागि नेतृत्व विकास, लेखा व्यवस्थापन, उद्यमशिलता स्थापना जस्ता कार्यक्रमहरू सञ्चालन हुदै आएका छन्। त्यसरी नै अपाङ्गता भएको व्यक्तिहरूको सशक्तीकरणका लागि सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्ति सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गर्दै उनिहरुको उद्यमशिलता स्थापनाका लागि सहयोग उपलब्ध गराउने कार्य हुँदै आएका छन्। गाउँपालिकाले स्थानीय बालमैत्री शासन प्रणाली अन्तर्गत योजना निर्माण तथा कार्यान्वयन चरणमा समेत बालबालिकाहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने कार्यमा सक्रियहरूमा कार्य गर्दै आएको छ भने विभिन्न दातृनिकायहरु तथा गैह्र सरकारी संघसंस्थाहरुको सहयोगमा विद्यालयमा दिवा खाजा कार्यक्रमहरू सञ्चालनमा छन्।

**२.३.५ युवा, खेलकुद तथा कला**

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकामा समग्र जनसंख्याको करिब ३२ प्रतिशत युवाहरू रहेका छन्। २७ जना स्थानीयस्तरमा प्रदर्शन गर्ने खेलाडीहरू, ११ जना जिल्लास्तरका, ४ जना प्रदेशस्तरका र १ जना राष्ट्रियस्तरका खेलाडीहरू रहेको यस गौमुल गाउँपालिकामा ५ वटा विभिन्न प्रकारका खेलकुद मैदानहरू छन्। युवा सञ्जाल मार्फत गाउँपालिकाले स्थानीय विकासमा युवाहरूलाई जोड्नका लागि गाउँपालिकामा ७ वटा युवा सञ्जालहरूको गठन गरि उनीहरूलाई चुस् दुरुस्त तरिकाले सामाजिक विकासका कार्यक्रमहरूमा अगाडि बढाउँदै आएको छ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले युवाहरूलाई खेलकुद विकासमा आबद्ध गराउनका लागि पालिकास्तरमा जम्मा १ वटा खेलकुद संरचनाहरूको विकास गरेको छ भने प्रत्येक वर्ष कम्तीमा ७ जना युवाहरूलाई खेलकुद प्रशिक्षणका लागि जिल्ला बाहिर पठाउने गरेको छ। तर हाल सम्म कुनै पनि खेलाडीले राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरेको छैनन्। प्रत्येक वर्ष पालिकास्तरीय अध्यक्ष कप सञ्चालन गरि विभिन्न विधाका खेलाडीहरूलाई खेल प्रति अभिरुचि अभिवृद्धि गर्ने कार्य गरिरहेको छ ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

गौमुल गाउँपालिकामा १ वटा एकीकृत बस्ती विकास गरिएको छ भने २८ सामूहिक आवासहरू निर्माण गरिएका छन्। प्रशासनिक भवनका सम्बन्धमा गाउँपालिकाको अत्याधुनिक भवन निर्माण गरि सञ्चालनमा आएको छ भने हरेक वडामा वडा कार्यालयहरू स्थापना गरिएका छन्। गाउँपालिकामा ५ वटा वडाकार्यालय, ८ वटा स्वास्थ्य, २३ वटा अन्य भवनहरू निर्माण गरिएका छन्। सार्वजनिक निर्माणका क्रममा जम्मा ४० वटा भवनहरू निर्माण गरिएका छन्।

#### (ख) विकास समीक्षा

गाउँपालिकाले बस्ती विकासका लागि वार्षिकरुपमा कार्य योजना तयार गरि कार्यान्वयन गरिरहेको छ। गौमुल गाउँपालिका लगायत नेपालका अन्य क्षेत्रमा ग्रामीण विकासको अवरोधका रूपमा रहेका अन्य विभिन्न तत्हरू मध्ये अव्यवस्थित बस्तीहरू प्रमुख छन्। यसका लागि गाउँपालिकाले एकीकृत बस्ती विकासको लागि पहल गरिरहेको छ।

### २.४.२ सडक, पुल तथा यातायात

#### (क) वस्तुस्थिति विवरण

गाउँपालिका स्थापना हुनु पूर्व गाउँपालिकाको केन्द्रसम्म पनि मुख्य सडकको सहज पहुँच भइसकेको अवस्था थिएन। तर अहिले गाउँपालिकामा  ६ मध्य ५ वटा वडा कार्यालय सम्म कृषि सडकहरू छन् ३५ वटा झोलुङ्गे पुलहरू छन्। यातायातको सुविधाको सन्दर्भमा कम्तीमा १ घण्टाको अवधिमा सडक सञ्जालको पहुँचमा रहेका परिवारहरूको संख्या २० प्रतिशत रहेको छ भने सडक सम्म पुग्न १ घण्टा भन्दा बढि समय लाग्ने परिवारहरू ८० प्रतिशत रहेका छन्।

#### (ख) विकास समीक्षा

हाल बाजुरा सदरमुकाम मार्तडी देखि पालिका सदरमुकाम घट्मुना सम्म १३.५ कि.मि. सडक बाह्रै महिना सञ्चालनमा रहेको छ। यसका अतिरिक्त गाउँपालिका सदरमुकाम देखि वडा नं. १ बाहेक अन्य सबै वडा केन्द्रहरू सम्म ग्राभेल सडकहरू निर्माण गरिएका छन्। वडा नं. ३ मा २६८ मि. झोलुङ्गे पुल निर्माण गरिएको छ जसको उचाइ करिब ६०० फिट रहेको छ। यो पुलले पर्यटन प्रवर्द्धनका लागि समेत योगदान गरिरहेको छ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

#### (क) वस्तुस्थिति विवरण

समग्र गाउँपालिकाबासीहरु मध्ये १०० प्रतिशत परिवारहरूले स्थानीय जलविद्युत योजनाको बत्तीको पहुँचमा छन्।

#### (ख) विकास समीक्षा

गाउँपालिकाले १ वटा जलविद्युत आयोजनाहरू निर्माण गरिएको छ भने ५ वटा पहिले नै निर्मित जलविद्युत आयोजनाहरूको पुनर्निर्माण गर्ने कार्य भइरहेको छ। ४ आयोजनाहरू भने जीर्ण अवस्थामा छन्। गाउँपालिकाले ८०० भन्दा बढी घरहरूमा सुधारिएको चुलो बितरण गरी  जडान गर्ने कार्य भएको छ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

#### (क) वस्तुस्थिति विवरण

गौमुल गाउँपालिकाको क्षेत्रमा ३ वटा सञ्चार टावरहरू रहेका छन जसका कारण गाउँपालिकाका हरेक बस्तीहरूमा सञ्चार सुविधाको अवस्था विस्तारै सुधार हुँदै गइरहेको छ। ९५ प्रतिशत व्यक्तिहरूसँग कम्तीमा एउटा मोबाइल रहेको छ भने ०५ प्रतिशत

परिवारहरू अहिले पनि सञ्चार सेवाको पहुँच भन्दा बाहिर छन् । गौमुल गाउँपालिकामा एउटा रेडियो गौमुल एफ एम सञ्चालनमा रहेको छ । गाउँपालिकामा ३ जना युवाहरूले कम्प्युटर सेवा प्रदान गरिरहेका छन् ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले नेपाल टेलिकमसँगको समन्वयमा ३ स्थानमा टेलिकम टावर स्थापना गरेको छ भने रेडीयो गौमुल एफ एम सञ्चालकहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गरिरहेको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

**(क) वस्तुस्थिति विवरण**

यस गाउँपालिकामा ६ वटा सामुदायिक वन, ५ वटा निजी वन, ३ वटा कबुलियत वन र १ वटा सकारी वन रहेका छन् भने ५५ प्रतिशत घरपरिवाहरु वनमा आबद्ध रहेका छन् ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले सबै प्रकारका वन व्यवस्थापनका लागि वृक्षा रोपन जस्ता कार्यहरू गरेको छ । सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न नेतृत्व विकास, लेखा व्यवस्थापन, सामुदायिक परिचालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । जैविक विविधताको संरक्षणका लागि पालिकामा भएका वनजन्तु संरक्षण, जलप्राणीहरूको संरक्षणका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गरिरहेको छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकामा जम्मा ५ स्थानमा भूक्षयको कारण बस्ती नै जोखिममा पर्ने अवस्था आएको देखिन्छ भने ४ स्थानमा विकास निर्माणका कारण भूक्षय हुने अवस्था रहेको देखिन्छ । पालिकामा ५ हेक्टर सरकारी जमिन खाली रहेको छ जहाँ वृक्षारोपण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न जरुरी देखिन्छ । ४ स्थानमा अतिक्रमणका कारण जमिन जोखिममा रहेको कारण भूसंरक्षणका लागि पहल गर्नु पर्ने अवस्था छ । गाउँपालिकामा भएका ५ वटा जलस्रोतहरू मध्ये २ वटा जलस्रोतहरू जोखिममा रहेका छन् । यसका लागि जलस्रोत व्यवस्थापनको एकीकृत योजना तयार गरि लागू गर्नु पर्ने देखिन्छ ।

**(ख) विकास समीक्षा**

गौमुल गाउँपालिकाले हरेक वर्ष २ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गर्ने गरेको छ । त्यसरी नै यस आ.व.मा मात्र ५ वटा भूक्षय रोकथामका लागि चेट बाँध गर्ने कार्य गरिएको छ । त्यसरी नै गाउँपालिकामा २ वटा जोखिममा रहेका जलस्रोतहरूको पहिचान गरि संरक्षणका कार्यक्रमहरू सञ्चालन गरेको छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

**(क) वस्तुस्थिति विवरण**

गौमुल गाउँपालिका जलवायु परिवर्तनका दृष्टिले संवेदनशील क्षेत्र हो। असमयिक वर्षा, खडेरी, पहिरो, हिमपहिरो तथा जलस्रोत सुक्ने समस्याहरू देखापरेका छन्। वनोंको कटानी, वायुप्रदूषण, फोहर व्यवस्थापनको समस्या र जैविक विविधताको ह्रास चुनौतीका रूपमा रहेका छन्। वातावरणीय सचेतना, सामुदायिक वन संरक्षण र वृक्षारोपण कार्यक्रमहरू भए तापनि दीर्घकालीन जलवायु अनुकूलन रणनीति र योजना अझै अपर्याप्त रहेको छ।

**(ख) विकास समीक्षा**

गौमुल गाउँपालिकाले वातावरणीय सुधारका लागि वृक्षारोपण, सामुदायिक वन संरक्षण र विद्यालयस्तरमा हरित कार्यक्रम सञ्चालन गरेको छ। जलस्रोत संरक्षण तथा फोहरमैला व्यवस्थापनमा समेत प्रारम्भिक पहलहरू भएका छन्। विकास आयोजनाहरूमा वातावरणीय परीक्षण प्रक्रिया सुरु गरिएको छ। यद्यपि वातावरणीय संरक्षण र जलवायु अनुकूलनका दीर्घकालीन नीति, संस्थागत संरचना र पर्याप्त बजेट व्यवस्थापन अझै आवश्यक छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

**(क) वस्तुस्थिति विवरण**

गौमुल गाउँपालिका प्राकृतिक तथा मानवजन्य विपद् जोखिममा रहेको क्षेत्र हो। पहिरो, आगलागी, बाढी तथा महामारीका घटनाहरू वर्षेनी देखा पर्दछन्। गाउँपालिकामा १५ प्रतिशत घरहरु विपद्को उच्च जोखिममा रहेका छन् । महामारी नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधार, सञ्चार पहुँच, स्वास्थ्यकर्मीको संख्या सीमित छन्। विपद् व्यवस्थापन समिति गठन गरिएको भए पनि पूर्वतयारी, जोखिम मूल्याङ्कन र अनुक्रियात्मक योजना पूर्णरूपमा सुदृढ छैन। तत्कालीन प्रतिकार्यभन्दा दीर्घकालीन विपद् न्यूनीकरण रणनीति आवश्यक देखिन्छ।

**(ख) विकास समीक्षा**

गौमुल गाउँपालिकाले विपद् न्यूनीकरण र महामारी व्यवस्थापनका लागि प्रारम्भिक प्रयासहरू गरेको छ। स्वास्थ्य संस्थाहरूमा आकस्मिक सेवा विस्तार, विपद् सचेतना तथा राहत वितरण कार्यक्रम सञ्चालन गरिएको छ। विपद् व्यवस्थापन समिति सक्रिय बनाइएको छ। यद्यपि दीर्घकालीन विपद् न्यूनीकरण योजना, प्रारम्भिक चेतावनी प्रणाली तथा महामारी प्रतिकार्य संरचनाहरू अझ सुदृढ गर्न आवश्यक रहेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

**(क) वस्तुस्थिति विवरण**

गौमुल गाउँपालिकाले नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा विभिन्न नीति, नियम र कार्यविधि तयार पारेको छ । गाउँपालिकाले तयार गरेका कार्यविधिहरुमा १७ वटा ऐन, ६२ वटा कार्यविधि तथा निर्देशिका हुन । यद्यपि नीति कार्यान्वयनमा एकरूपता, अद्यावधिक प्रक्रिया तथा सबै तहका कर्मचारी र जनप्रतिनिधिहरूमा पूर्ण ज्ञानको अभाव देखिन्छ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले नीति तथा ऐन निर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्ने प्रयास गरेको छ। वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक सुनुवाइमार्फत अघि बढाइएको छ। सार्वजनिक सेवा प्रवाह पारदर्शी बनाउन सूचना प्रवाह तथा सेवा गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिएको छ। यद्यपि नीति कार्यान्वयनमा निरन्तर अनुगमन, अद्यावधिक, सुशासन प्रवर्द्धन तथा परिणाममुखी मूल्याङ्कन प्रणाली अझ बलियो बनाउनु पर्ने आवश्यकता महसुस गरिएको छ।

### २.६.२ सङ्गठनात्मक विकास

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकाले संघीय संरचनाअनुसार आन्तरिक प्रशासनिक प्रणाली विकास गरेको छ । गाउँपालिकाको सङ्गठनात्मक संरचना अनुसार पालिकामा १५ जना स्थायी, ४ जना अस्थायी, ९८ जना सेवा करार, कर्मचारीहरु रहेका छन् । विभिन्न विभाग तथा

शाखाहरू स्थापना गरिएका छन् भने न्यूनतम जनशक्ति व्यवस्था गरिएको छ। सेवा प्रवाह विकेन्द्रित गर्न वडा कार्यालयहरू सक्रिय छन्। यद्यपि प्राविधिक तथा विषयगत विशेषज्ञताको कमी, स्थायी दरबन्दी अभाव र कर्मचारी तालिम तथा क्षमताविकासमा निरन्तरता अभाव रहेको देखिन्छ। प्रविधिमैत्री प्रशासन सञ्चालनमा पनि अझ सुधार आवश्यक छ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले सङ्गठनात्मक विकासका लागि सेवा प्रवाहलाई व्यवस्थित बनाउन विभागीय संरचना तयार गरेको छ। सेवाको पहुँच विस्तार, कर्मचारी अभिमुखिकरण, सूचना प्रणाली विस्तार जस्ता पहलहरू गरिएको छ। समावेशी र उत्तरदायी प्रशासनिक व्यवहारलाई प्रोत्साहन गरिएको छ। यद्यपि स्थायी जनशक्ति व्यवस्थापन, विषयगत दक्षता अभिवृद्धि तथा डिजिटल प्रशासन प्रणाली मजबुत बनाउन दीर्घकालीन योजना र नियमित तालिम कार्यक्रम अझ आवश्यक रहेको छ।

### २.६.३ स्रोत परिचालन

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकाले आन्तरिक स्रोत, संघीय तथा प्रदेश सरकारको अनुदान र विभिन्न विकास साझेदार संस्थाबाट प्राप्त स्रोतको परिचालन गर्दै आएको छ । वित्तीय स्रोत व्यवस्थापन तथा खर्चका लागि गाउँपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, अनुसार खर्च गर्ने गरेको छ ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले आन्तरिक राजस्व वृद्धिका लागि नयाँ कर निर्धारण, दर्ता दस्तुर सुधार तथा सवारी साधन कर संकलन जस्ता पहलहरू थालेको छ। बजेट व्यवस्थापन र स्रोत पारदर्शिता सुधार गर्न सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षणको अभ्यास गरिरहेको छ। यद्यपि स्रोत परिचालनमा दीर्घकालीन योजना, निजी क्षेत्रसँग सहकार्य, नविनतम आर्थिक उपकरणको प्रयोग तथा दातृ संस्थासँगको साझेदारी विस्तार अझ सशक्त बनाउन जरुरी देखिएको छ।

### २.६.४ योजना व्यवस्थापन

**(क) वस्तुस्थिति विवरण**

गाउँपालिकाले योजना व्यवस्थापनका लागि वार्षिक, मध्यकालीन र आवधिक योजनाका आधारमा विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ। योजना तर्जुमा, छनोट, कार्यान्वयन तथा अनुगमनका लागि आन्तरिक प्रक्रिया विकास गरिएको छ। वडास्तरबाट आवश्यकता सङ्कलन सहितको योजना छनोट र प्राथमिकिकरण हुँदै योजनाहरु गाउँपालिकामा पेश गरिन्छ। वडास्तरबाट सङ्कलित योजनाहरुलाई एकीकृत गरि गाउँपालिकाले वार्षिक योजनाहरु तयार गरि बजेट वितरण गर्ने गर्दछ । गाउँ सभाबाट स्वीकृत योजना कार्यान्वयनका लागि गाउँपालिकामा योजना कार्यान्वयन संरचनाहरु निर्माण गरिएका छन् ।

**(ख) विकास समीक्षा**

गाउँपालिकाले योजना व्यवस्थापन सुधार गर्न सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ र नतिजामुखी बजेट तयार प्रणाली सुरु गरेको छ। वार्षिक कार्यक्रम कार्यान्वयनमा नागरिक सहभागिता सुनिश्चित गर्ने प्रयास भएको छ। प्राथमिकिकरण प्रक्रियामा समावेशीता तथा क्षेत्रीय सन्तुलनमा ध्यान दिइएको छ। यद्यपि योजना कार्यान्वयनको गुणस्तर सुधार, परिणाममा आधारित अनुगमन प्रणाली विकास, समयमै कार्यक्रम सम्पन्न गर्ने क्षमता विस्तार तथा दीर्घकालीन प्रभाव मूल्याङ्कन प्रणाली सुदृढ गर्न अझ थप प्रयास आवश्यक देखिन्छ ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय शासन प्रणालीलाई प्रत्याभूत गर्दै राज्य पुनर्संरचनाको आधारमा तीन तहका सरकारहरू (संघ, प्रदेश र स्थानीय तह) को जिम्मेवारी र अधिकारहरू स्पष्ट रूपले व्यवस्था गरेको छ। संविधानको अनुसूची ५ मा संघका एकल अधिकारहरू, अनुसूची ६ मा प्रदेशका एकल अधिकारहरू, अनुसूची ७ मा संघ र प्रदेशका साझा अधिकारहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरू र अनुसूची ९ मा तीनवटै तहका साझा अधिकारहरू उल्लेख गरिएको छ। यस संरचनामा स्थानीय सरकारलाई जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सरकारको रूपमा परिकल्पना गरिएको छ जसले कार्यक्षमता, सम्भाव्यता तथा स्थानीय आवश्यकताको आधारमा प्रभावकारी सेवा प्रवाह गर्नु पर्ने दायित्व पाएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रत्येक स्थानीय तहले आर्थिक वर्ष प्रारम्भ हुनु अघि वार्षिक कार्ययोजना तयार गरी त्यसको आधारमा कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ।

गौमुल गाउँपालिकाले बाजुरा जिल्लाको एक विकट हिमाली क्षेत्रको स्थानीय तहका रूपमा जनताको जीवनस्तर सुधार तथा समृद्धिका लागि थप जिम्मेवारी बोकेको छ। यहाँका प्राकृतिक, भौगोलिक र सामाजिक विशेषतालाई ध्यानमा राखी प्रभावकारी सेवा प्रवाह, पारदर्शी सार्वजनिक खर्च व्यवस्थापन  र उत्तरदायित्वपूर्ण शासन प्रवर्द्धनका लागि उच्च आर्थिक वृद्धिदर हासिल गर्दै, सेवा प्रवाहमा प्रतिस्पर्धात्मकता र पूर्वाधार, मानव विकास, वातावरण संरक्षण तथा समावेशी सामाजिक विकासमा ध्यान केन्द्रित गर्दै, आवधिक योजनाको मर्म र सिद्धान्तअनुसार दीर्घकालीन परिदृश्य र लक्ष्य सहित बहुवर्षीय योजना निर्माण गरिएको छ। गौमुल गाउँपालिकाको समृद्धि र सशक्तिकरणतर्फको मार्गनिर्देशनका लागि यो आवधिक योजना तयार पारिएको हो।

## ३.२ प्रमुख समस्या तथा चुनौती

गौमुल गाउँपालिका भौगोलिक रूपमा विकट, उच्च हिमाली तथा पहाडी क्षेत्रभित्र पर्दछ। यहाँको मुख्य समस्या यातायात, स्वास्थ्य सेवा, शिक्षा, खानेपानी तथा कृषिमा सीमित पहुँच हुनु हो। सडक सञ्जालको मौसमी उपलब्धता, पक्की पुल तथा झोलुङ्गे पुलहरूको अभावमा दुर्गम बस्तीहरू यातायातको सहज पहुँच भन्दा टाढा छन्। स्वास्थ्य संस्थाहरूको पूर्वाधार कमजोर छन् भने चिकित्सक तथा औषधिको अभावले सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। शिक्षामा विद्यार्थी दर घट्ने, विद्यालय भौतिक संरचनाको अपर्याप्त र गुणस्तरीय सिकाइ वातावरणको सहज व्यवस्थापन केहि विद्यालयहरुमा मात्र छ। सुरक्षित पिउनेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी पहुँच सीमित छ। कृषिमा परम्परागत प्रविधि र जोखिमपूर्ण वातावरणले उत्पादन वृद्धि हुन सकेको छैन। प्राकृतिक विपद्, पहिरो र बाढीको जोखिम बढ्दो छ। वातावरणीय समस्या, वनजंगल अतिक्रमण र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न जरुरीछ। रोजगारीको अवसरहरुको अभावमा स्थानीय युवाहरुलाई स्वरोजगारमा जोड्न सकिएको छैन।

गौमुल गाउँपालिकाको दिगो विकासका लागि केही गम्भीर चुनौतीहरू छन्। विकट भौगोलिक अवस्थाका कारण आधारभूत पूर्वाधार विस्तार र सेवा प्रवाहमा कठिनाइ छ। यातायात, स्वास्थ्य र शिक्षाको पहुँच वृद्धि गर्दै गुणस्तरीय सेवा सुनिश्चित गर्नु मुख्य चुनौतीपूर्ण छ। जलवायु परिवर्तन र प्राकृतिक विपद्का जोखिम व्यवस्थापन गर्दै वातावरणीय संरक्षण गर्नु अर्को चुनौती हो। कृषिमा व्यवसायिकता, उत्पादन वृद्धि र सहज बजारीकरणको प्रणाली विकास मार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्नु आवश्यक छ। युवा रोजगारी सिर्जना तथा वैदेशिक पलायन रोक्न आर्थिक अवसर विस्तार गर्नु पर्ने देखिन्छ। संस्थागत संरचना सुदृढ गर्दै पारदर्शी, जवाफदेही र प्रभावकारी सुशासन प्रवर्द्धन गर्नु महत्वपूर्ण चुनौती हो। आन्तरिक स्रोत वृद्धि र वित्तीय व्यवस्थापन सुधार गरी आत्मनिर्भरता हासिल गर्नु, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय क्षमता अभिवृद्धि गर्नु समेत दीर्घकालीन चुनौतीहरू हुन्।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

गौमुल गाउँपालिकामा विकास र समृद्धिको लागि धेरै सम्भावना र अवसरहरू विद्यमान छन्। प्राकृतिक स्रोत साधनको प्रचुरता यहाँको मुख्य शक्ति हो। कृषि तथा पशुपालन क्षेत्र विस्तार गर्न उपयुक्त जमिन र मौसम प्रणालीले आधुनिक तथा व्यवसायिक कृषि उत्पादनमा

ठूलो सम्भावना प्रदान गरेको छ। जडीबुटी, फलफूल, मौसमी तथा बेमौसमी तरकारी, रैथाने बाली जस्ता उत्पादनलाई व्यवसायिक बनाइ मूल्य श्रृङ्खला विकास गर्न सके सवै भन्दा ठूलो अवसर देखिन्छ।

गाउँपालिकाको हिमाली भूगोल, जैविक विविधता र संस्कृति पर्यटन प्रवर्द्धन गर्न सकिएको खण्डमा कृषि–पर्यटनलाई अर्को अवसरकारुपमा लिन सकिन्छ। धार्मिक, पर्यावरणीय र साहसिक पर्यटन विकास गरी स्थानीय रोजगारी र आय वृद्धि गर्न सकिन्छ। गाउँपालिकामा लघु तथा मध्यम आकारका जलविद्युत् आयोजना तथा सौर्य ऊर्जा विकासको राम्रो सम्भावना रहेको छ। त्यसरी नै शिक्षा र स्वास्थ्य क्षेत्रमा दीगो पूर्वाधार निर्माण तथा गुणस्तरीय सेवा विस्तार गरी मानव विकास सूचकाङ्क सुधार्ने अवसर पनि छ। सरकारले ल्याएका दिगो विकास लक्ष्य (SDGs), प्रदेश सरकारका विभिन्न अनुदान तथा सहकार्य कार्यक्रमहरूले विकास परियोजनाहरू कार्यान्वयन गर्न थप बल पुऱ्याउनेछन्।

युवा शक्तिको सक्रियता, सूचना प्रविधिको विस्तार, सहकारी संस्थाहरूको सुदृढीकरण र प्रविधिमैत्री सेवा प्रवाह विकास गरी प्रशासनिक क्षमता वृद्धि गर्ने राम्रो अवसर गाउँपालिकासँग छ। स्रोत परिचालनमा नविनतम उपाय अपनाई आर्थिक आत्मनिर्भरता हासिल गर्न सके महत्वपूर्ण सम्भावना देखिन्छ। यसका लागि समुदाय–समुदायमा टोल विकास संस्था (Tole Lane Organization-TLO) स्थापना गरि ती संस्थाहरूलाई सक्षम बनाउँदै कुनै पनि आगन्तुक गैह सरकारी संघसंस्थाहरुले तिनै टोल विकास संस्थाहरू मार्फत विकासमूलक गतिविधिहरू सञ्चालन गर्न सकिएको खण्डमा दिगो विकासको राम्रो सम्भावना छ।

## ३.४ निर्देशक सिद्धान्त

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले उल्लेख गरे अनुसार गौमुल गाउँपालिकाको आवधिक योजना तयारीका लागि निम्न अनुसारका निर्देशक सिद्धान्तहरू अपनाइएको छ :

| | |
|---|---|
| (क) | नेपालको संविधान अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको आर्थिक–सामाजिक विकासलाई पहिलो प्राथमिकता, तीन खम्बे अर्थनीति अनुसार सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा सुनिश्चित। |
| (ख) | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहका अधिकार क्षेत्र, जिम्मेवारी अनुसार योजना तर्जुमा। |
| (ग) | दिगो विकासका लक्ष्यहरू (SDGs) तिनका परिमाणात्मक लक्ष्यहरूले तोकेका मापदण्ड |
| (घ) | नेपाल सरकारको सोहौं योजना (२०८१/८२–२०८५/८६) |
| (ङ) | सुदुरपश्चिम प्रदेशको पहिलो आवधिक योजना (२०७५/०७६–२० |
| (च) | समावेशी विकास र समान पहुँचको अवधारणा (Leave No One Behind-LNOB) |
| (छ) | स्थानीय आवश्यकता, स्रोतको प्राप्यता र सम्भावनामा आधारित |
| (ज) | प्राथमिकिकरणको सिद्धान्त अनुरूप |
| (झ) | विपद् व्यवस्थापन, वातावरण मैत्री र जलवायु अनुकूलनमा आधारित |
| (ञ) | गुणस्तरीय सेवा प्रवाह र सुशासनमा आधारित |
| (ट) | स्थानीय समुदायको अपनत्वमा आधारित |
| (ठ) | प्रविधिमैत्री र नव प्रवर्तनमा आधारित |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकासका लक्ष्यहरू, नेपालको सोहौं योजना, सुदुरपश्चिम प्रदेशको दोस्रो आवधिक योजना र गौमुल गाउँपालिकाको अवस्था अध्ययन तथा स्रोत विश्लेषणको आधारमा दीर्घकालीन सोच तयार गरिएको छ। नेपाल सरकारको सोहौं योजनाले "**सुशासन, सामाजिक न्याय र समृद्धि**" दीर्घकालीन सोच राखेको छ।

**दीर्घकालीन सोच**

**गौमुल गाउँपालिकाको सुशासन, दिगो विकास र समृद्धि**

| | |
|---|---|
| **सुशासनका आधारहरू** | गाउँपालिकाले पाँच वटा विकासका क्षेत्रहरूको समन्यायिक एवम् समुचित विकासका लागि सहभागितामूलक, समावेशी र वातावरणमैत्री विकास प्रणाली अनुसार नियमित कार्यक्रमहरु सञ्चालन गरि प्रभाव (Impact), असर (Outcome) र प्रतिफल (Output) मापनका संकेतहरु पूरा भए/नभएको कुरा नियमित अनुगमन तथा मूल्याङ्कन गर्दै वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्नेछ। |
| **दिगो विकासका आधारहरू** | गाउँपालिका विकासका क्षेत्रहरू जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र जलवायु उत्थान, र संस्थागत विकास तथा सुशासनका क्षेत्र अन्तर्गतका सबै उपक्षेत्रहरूमा गरिने विकासका परिणामहरू दीर्घकालीन, बहु आयामिक र वातावरणका दृष्टिले सुरक्षित र भावी पुस्तालाई कुनै पनि हानि नोकसानी न पुऱ्याउने किसिमले गरिनेछ। |
| **समृद्धिका आधारहरू** | → गाउँपालिकाले आयातको मात्रा घटाएर निर्यातको मात्रा बढाएको देखिनेछ।<br>→ स्थानीय उत्पादनको ब्राण्डेड वस्तुले राष्ट्रियस्तरमा गौमुलको पहिचान झल्काएको देखिनेछ।<br>→ गौमुलबासीहरु स्थानीयस्तरमै स्वरोजगार भएका हुनेछन्।<br>→ गुणस्तरीय, समावेशी र व्यवहारपयोगी शिक्षाको सुनिश्चितता भएको देखिनेछ।<br>→ स्वास्थ्य सेवा सुलभ, गुणस्तरीय र समुदायमै पहुँच योग्य भएको देखिनेछ।<br>→ सबै नागरिकहरू आधारभूत सेवाको सहज र समन्यायिक पहुँचमा पुगेका हुनेछन्।<br>→ प्राकृतिक स्रोतको संरक्षण र प्रवर्द्धन सहित वातावरणमैत्री विकास अभ्यास लागू हुनेछ।<br>→ संवेदनशील विपद् जोखिमबाट सुरक्षित समाज निर्माण योजना कार्यान्वयन भएको हुनेछ।<br>→ प्रविधिमैत्री विकास प्रणालीमा सर्वसाधारणको सहज पहुँच भएको देखिनेछ। |

## लक्ष्य

"सर्वसुलभ सेवा प्रवाह, आत्मनिर्भर अर्थतन्त्र, सशक्त मानव विकास, वातावरणीय संरक्षण र सुशासन मार्फत समृद्ध, सुरक्षित गाउँपालिका निर्माण।"

## उद्देश्यहरू

| उद्देश्य नं. | उद्देश्यहरू |
|---|---|
| उद्देश्य १ | समावेशी र आत्मनिर्भर आर्थिक विकासको प्रवर्द्धन गर्नु |
| उद्देश्य २ | समावेशी सामाजिक विकास र मानव पूँजी सुदृढीकरण गर्नु |
| उद्देश्य ३ | वातावरणमैत्री, दिगो र समावेशी पूर्वाधार विकास सुनिश्चित गर्नु |
| उद्देश्य ४ | वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा आधारित विकास प्रवर्द्धन गर्नु |
| उद्देश्य ५ | सक्षम संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्नु |

### उद्देश्यहरूको विस्तृतीकरण

### उद्देश्य नं. १ को विस्तृतीकरण

कृषि, पशुपालन, सिँचाइ, उद्योग, व्यापार, पर्यटन, संस्कृति, श्रम, रोजगारी, सहकारी तथा आपूर्ति व्यवस्थाको एकीकृत विकासमार्फत स्थानीय उत्पादन वृद्धिको माध्यमबाट रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्दै आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्नु।

### उद्देश्य नं. २ को विस्तृतीकरण

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा लक्षित समूह, युवा तथा खेलकुद क्षेत्रको समग्र प्रवर्द्धन गर्दै लैङ्गिक समानता, सामाजिक समावेशीकरण र जीवनस्तर अभिवृद्धिमा योगदान पुऱ्याउनु।

**उद्देश्य नं. ३ को विस्तृतीकरण**

बस्ती विकास, आवास, सार्वजनिक भवन निर्माण, सडक, पुल, यातायात, जलविद्युत् तथा वैकल्पिक ऊर्जा, सूचना, सञ्चार र प्रविधि क्षेत्रको दिगो तथा पहुँचयुक्त पूर्वाधार निर्माण गरी जीवनस्तर उन्नत बनाउनु।

**उद्देश्य नं. ४ को विस्तृतीकरण**

वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरणीय सुधार, फोहर व्यवस्थापन तथा जलवायु अनुकूलनमार्फत विपद् जोखिम न्यूनीकरण गर्दै दिगो वातावरणीय सन्तुलन कायम गर्नु।

**उद्देश्य नं. ५ को विस्तृतीकरण**

स्थानीय नीति निर्माण, प्रशासनिक क्षमता विकास, वित्तीय पारदर्शिता, योजना व्यवस्थापन, सेवा प्रवाह सुधार र नागरिक सहभागितालाई बलियो बनाउँदै उत्तरदायी र जवाफदेही स्थानीय शासन व्यवस्था सुदृढ गर्नु।

## ३.६ परिमाणात्मक लक्ष्य

यस आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरु यस प्रकार रहेका छन् :

| क्रसं | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | आव २०८६/०८७ को अपेक्षा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | सुदुरपश्चिम | गौमुल | नेपाल | सुदुरपश्चिम | गौमुल |
| १ | माव विकास सुचकाङ्क | इन्डेक्स | ०.६०१ | | ०.६ | ०.६५ | | ०.६०२ |
| २ | औसत आयु | वर्ष | ७१.३ | | ७२ | ७३ | | ७३ |
| ३ | प्रति व्यक्ति आय | युएस डलर | १४५६ | | १२०० | २४१३ | | १९०० |
| ४ | साक्षरता दर (५ वर्ष भन्दा माथि) | प्रतिशत | ७६.२ | | ७४.२ | ९५ | | ९५ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ११.४ | | १५ | ५ | | ७ |
| ६ | गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २०.३ | | ३० | १२ | | १५ |
| ७ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | | ७५ | ९० | | ८५ |
| ८ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको परिवार | प्रतिशत | २५.८ | | ३० | ४५ | | ५० |
| ९ | प्रमुख खाद्यान्न बालीको उत्पादन | मे.ट./हेक्टर | ३.३ | | २ | ३.७ | | ३.५ |
| १० | बैंक तथा वित्तिय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | | ४० | ८५ | | ७० |
| १४ | पर्यटकको औषत बसाइ अवधि | दिन | १३.१ | | २ | १५ | | १० |
| १५ | विद्युतमा पहुँच घरपरिवार | संख्या | ९६.७ | | ९८ | १०० | | १०० |
| १६ | प्रति व्यक्ति विद्युत उपभोग | किलोवाट/घण्टा | ३८० | | २५० | ७०० | | ४०० |
| १९ | इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | | २० | ९० | | ५० |
| २५ | मातृमृत्यूदर प्रति लाख जिवित जन्ममा | जना | १५१ | | १५१ | ८५ | | ९५ |
| २६ | ५ वर्ष मुनि बालमृत्यूदर प्रति हजार जिवित जन्ममा | जना | ३३ | | ३३ | २२ | | २५ |
| २७ | पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८० | | ७५ | ९५ | | ९५ |
| २८ | स्वास्थ्य विमामा आवद्ध जनसंख्या | प्रतिशत | २१ | | १५ | ७० | | ७० |

| क्रसं | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | आव २०८६/०८७ को अपेक्षा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | सुदुरपश्चिम | गौमुल | नेपाल | सुदुरपश्चिम | गौमुल |
| २९ | प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | | ७० | १०० | | १०० |
| ३० | आधारभूत तह कक्षा १-८ पूरा गर्ने बालबालिका | प्रतिशत | ७७.१ | | ७० | १०० | | १०० |
| ३१ | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | | १५ | १०० | | १०० |
| ३२ | वार्षिक सीप परिक्षण र प्रमाणिकरण | संख्या हजारमा | ६० | | ४० | १०० | | ९० |

स्रोत: सोह्रौं योजना (२०८१/०८२–०८५/०८६) र गाउँपालिकामा भएको छलफल

## ३.७ रणनीति तथा प्राथमिकता

| रणनीति तथा कार्यनीतिहरु | प्राथमिकताहरु |
|---|---|
| **रणनीति १: समावेशी र आत्मनिर्भर आर्थिक विकास प्रवर्द्धन गरिनेछ।**<br>**कार्यनीति १.१:** कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादनशीलता वृद्धि गरिनेछ।<br>**कार्यनीति १.२:** सिँचाइ पूर्वाधारको विस्तार र सुधार गरिनेछ।<br>**कार्यनीति १.३:** पर्यटन, संस्कृति तथा सम्पदाको प्रवर्द्धन तथा बजारीकरण गरिनेछ।<br>**कार्यनीति १.४:** साना तथा मझौला उद्योग र व्यापार व्यवसायको स्थापना तथा विस्तार गरिनेछ।<br>**कार्यनीति १.५:** श्रम, रोजगारी र सामाजिक सुरक्षालाई प्रवर्द्धन गरिनेछ।<br>**कार्यनीति १.६:** सहकारी संस्थाहरू सुदृढ गरि आर्थिक विकासमा सक्रिय बनाइनेछ। | → आधुनिक र प्रविधिमैत्री कृषि र पशुपालन प्रणालीको प्रवर्द्धन गरी व्यवसायिक कृषक संख्यामा वृद्धि गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ।<br>→ जलस्रोतको संरक्षण सहित सिँचाइ पूर्वाधारको पहुँच, गुणस्तर र क्षमता अभिवृद्धि गरिनेछ।<br>→ स्थानीय पर्यटन, संस्कृति र सम्पदाको संरक्षण, प्रवर्द्धन तथा बजारीकरण प्राथमिकतामा राखिनेछ।<br>→ साना तथा मझौला उद्योगहरूको स्थापना, विकास र स्थानीय स्रोतमा आधारित व्यापार व्यवसायको विस्तार गरिनेछ।<br>→ स्थानीय श्रमशक्ति उपयोग, रोजगार सिर्जना र सामाजिक सुरक्षा कार्यक्रमहरू सशक्त बनाइनेछ।<br>→ सहकारी संस्थाहरूलाई व्यवसायिक, उत्तरदायी र आर्थिक रूपान्तरणमा सक्रिय बनाउने नीति अवलम्बन गरिनेछ।<br>→ समावेशिता, आत्मनिर्भरता र आर्थिक पहुँच सबै समुदायमा सुनिश्चित गरिनेछ। |
| **रणनीति २: मानव पूँजी विकास र सामाजिक समावेशीकरणमा आधारित सामाजिक विकास प्रवर्द्धन गरिनेछ।**<br>**कार्यनीति २.१:** स्वास्थ्य तथा पोषण सेवा पहुँच र गुणस्तर सुधार गरिनेछ।<br>**कार्यनीति २.२:** शिक्षा, विज्ञान तथा नवप्रवर्तन प्रणालीमा पहुँच र गुणस्तर वृद्धि गरिनेछ।<br>**कार्यनीति २.३:** खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गरिनेछ। | → सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवा र पोषणमा पहुँच सुनिश्चित गरिनेछ।<br>→ बालबालिकाको विकास, मातृस्वास्थ्य र पोषण सुरक्षालाई केन्द्रमा राखी कार्यक्रमहरू सञ्चालन गरिनेछ<br>→ गुणस्तरीय र समावेशी शिक्षाको पहुँच वृद्धि गरी विज्ञान, प्रविधि र नवप्रवर्तन प्रणालीमा जोड दिइनेछ।<br>→ सुरक्षित, दिगो र पहुँचयुक्त खानेपानी तथा सरसफाइ सेवाको व्यवस्था प्राथमिकतामा राखिनेछ। |

| | |
|---|---|
| **कार्यनीति २.४:** महिला, बालबालिका तथा लक्षित वर्गका लागि समावेशी कार्यक्रमहरू सञ्चालित गरिनेछ ।<br>**कार्यनीति २.५:** युवा क्षमता विकास तथा खेलकुद प्रवर्द्धन गरिनेछ । | → महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित र अन्य लक्षित वर्गहरूका लागि समावेशी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>→ युवाको सीप, नेतृत्व क्षमता र उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।<br>→ खेलकुद पूर्वाधार विकास र स्थानीय प्रतिभा पहिचान तथा प्रोत्साहन प्राथमिकतामा राखिनेछ ।<br>→ सामाजिक समावेशिता, समान अवसर र सामाजिक न्याय सुनिश्चित गरिनेछ ।<br>→ समृद्ध समाजका लागि मानव पूँजीको समन्वित विकासमा जोड दिइनेछ। |
| **रणनीति ३: दिगो र पहुँचयुक्त भौतिक पूर्वाधार विकास गरिनेछ ।**<br>**कार्यनीति ३.१:** एकीकृत बस्ती विकास, आवास तथा सार्वजनिक भवन निर्माण गरिनेछ ।<br>**कार्यनीति ३.२:** सडक, पुल तथा यातायात पूर्वाधार सुदृढ तथा विस्तार गरिनेछ ।<br>**कार्यनीति ३.३:** जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गरिनेछ ।<br>**कार्यनीति ३.४:** सूचना, सञ्चार तथा प्रविधि पूर्वाधारको सुदृढीकरण गरिनेछ । | → समुचित योजना अनुसार एकीकृत बस्ती विकास र सुरक्षित, वातावरणमैत्री आवास निर्माण गरिनेछ।<br>→ सार्वजनिक सेवा प्रदायक संरचना (जस्तै, विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन आदि) को निर्माण तथा सुधारमा प्राथमिकता दिइनेछ।<br>→ ग्रामीण तथा शहरी क्षेत्रलाई जोड्ने सडक, पुल र यातायात पूर्वाधार सुदृढिकरण गरिनेछ।<br>→ जलश्रोतको उपयोगद्वारा स्वच्छ खानेपानी, सिँचाइ र ऊर्जाको सेवा पहुँच विस्तार गरिनेछ।<br>→ सौर्य, पनिबिजुली, बायोग्यास लगायत वैकल्पिक ऊर्जाको प्रवर्द्धन प्राथमिकतामा राखिनेछ।<br>→ सूचना प्रविधिमा पहुँच वृद्धि, डिजिटल सेवा विस्तार तथा दिगो सञ्चार संरचनाको सुदृढीकरण गरिनेछ।<br>→ भौतिक पूर्वाधार विकासमा वातावरणीय प्रभाव मूल्याङ्कन र दिगोपन सुनिश्चित गरिनेछ।<br>→ स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै पूर्वाधार निर्माणमा समुदायको सहभागिता प्रोत्साहन गरिनेछ। |
| **रणनीति ४: वातावरणीय संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा आधारित विकास प्रवर्द्धन गरिनेछ ।**<br>**कार्यनीति ४.१:** वन संरक्षण र जैविक विविधताको प्रवर्द्धन गरिनेछ ।<br>**कार्यनीति ४.२:** भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>**कार्यनीति ४.३:** वातावरणीय सुधार तथा फोहरमैला व्यवस्थापन प्रणाली विकास गरिनेछ ।<br>**कार्यनीति ४.४:** जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू बनाइनेछन् । | → वन क्षेत्रको संरक्षण, पुनःस्थापना र जैविक विविधताको प्रवर्द्धनमा प्राथमिकता दिइनेछ ।<br>→ माटो कटान, भूक्षय नियन्त्रण र जलस्रोतको पुनर्जीवनका लागि भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरू लागू गरिनेछ ।<br>→ फोहरमैला व्यवस्थापन प्रणालीलाई वैज्ञानिक, दिगो र समुदायमैत्री बनाउने कार्यक्रमहरू अघि बढाइनेछ ।<br>→ स्वस्थ वातावरणका लागि वायु, पानी, र माटोको गुणस्तर सुधारमा प्राथमिकता दिइनेछ । |

| | |
|---|---|
| | → जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>→ स्थानीय तहको विपद् जोखिम न्यूनीकरण (DRR) योजना सुदृढ गर्दै तयारी र प्रतिक्रिया क्षमतामा सुधार गरिनेछ।<br>→ हरित प्रविधि, नवीकरणीय ऊर्जा र वातावरणमैत्री पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।<br>→ समुदायलाई वातावरणीय शिक्षा र सचेतनाको माध्यमबाट सक्रिय सहभागिता गराइनेछ। |
| **रणनीति ५: प्रभावकारी सुशासन र संस्थागत विकास प्रवर्द्धन गरिनेछ।**<br>**कार्यनीति ५.१:** स्थानीय नीति, ऐन र कार्यविधिहरू अद्यावधिक तथा कार्यान्वयन गरिनेछ।<br>**कार्यनीति ५.२:** संगठनात्मक संरचना सुदृढीकरण र मानव संसाधन विकास गरिनेछ।<br>**कार्यनीति ५.३:** स्रोत परिचालन तथा वित्तीय पारदर्शिता प्रवर्द्धन गरिनेछ।<br>**कार्यनीति ५.४:** योजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरिनेछ। | → स्थानीय नीति, नियम, ऐन तथा कार्यविधिहरूको अद्यावधिक, एकीकरण र प्रभावकारी कार्यान्वयनमा प्राथमिकता दिइनेछ।<br>→ स्थानीय तहको संगठनात्मक संरचना स्पष्ट, दक्ष र उत्तरदायी बनाइनेछ।<br>→ जनप्रतिनिधि, कर्मचारी तथा साझेदारहरूको क्षमता विकास तथा सेवा प्रवाह दक्षता वृद्धि गरिनेछ।<br>→ स्रोत परिचालनमा पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन सुनिश्चित गरिनेछ।<br>→ बजेट योजना तर्जुमा, कार्यान्वयन र सार्वजनिक खर्चमा उत्तरदायी वित्तीय प्रणाली विकास गरिनेछ।<br>→ योजना व्यवस्थापन प्रणालीलाई डिजिटल र अनुगमनमैत्री बनाइनेछ।<br>→ अनुगमन, मूल्याङ्कन तथा परिणाम आधारित योजना कार्यान्वयनलाई सशक्त गरिनेछ।<br>→ सुशासन प्रवर्द्धनका लागि नागरिक सहभागिता, सूचना पहुँच र सामाजिक उत्तरदायित्व कायम गरिनेछ। |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

| क्र.सं. | बजेटका स्रोतहरु | आ.व.२०८० /०८१ को यथार्थ | चालु आ.व.२०८१/०८२ को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ आ.व.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | |
| क | आय | ३२५२१२ | २८९७७१ | ४०२२३४ | ४२८४४२ | ४४८३३१ | १२७९००७ |
| १ | आन्तरिक आय | ३२३ | ५००० | १५५० | १६५९ | १७४१ | ४९५० |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | ५८७८५ | ४५७८९ | ९५१३४ | १०१७९३ | १०६८८३ | ३०१६४८ |
| २.१ | *बाँडफाँड भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर* | ३९६९५ | ३११८९ | ९२२०० | ९८६५४ | १०३५८७ | २९४४४१ |

| क्र.सं. | बजेटका स्रोतहरु | आ.व.२०८०/०८१ को यथार्थ | चालु आ.व.२०८१/०८२ को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ आ.व.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | |
| २.२ | बाँडफाँड भइ प्राप्त हुने अन्त शुल्क | १८१११ | १३९६३ | २२५७ | २४१५ | २५३६ | ७२०८ |
| २.३ | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर आदि) | ९७९ | ६३७ | ६७७ | ७२४ | ७६० | |
| ३ | **रोयल्टी बाँडफाँडबाट प्राप्त राजश्व** | **२४** | **०** | **०** | **०** | **०** | **०** |
| ३.१ | वन रोयल्टी | २४ | ० | | | | ० |
| ३.२ | खानी तथा खनिज रोयल्टी | ० | ० | | | | ० |
| ३.३ | पर्वताहरोहण रोयल्टी | ० | ० | | | | ० |
| ३.४ | विद्युत रोयल्टी | ० | ० | | | | ० |
| ३.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | | | | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **२३३४२१** | **२००८७३** | **२६५०००** | **२८३५५०** | **२९७७२८** | **८४६२७८** |
| ४.१ | वित्तीय समानीकरण अनुदान | ६८९१३ | ६१०९४ | ८६३०० | ९२३४१ | ९६९५८ | २७५५९९ |
| ४.२ | सशर्त अनुदान | १४६२५२ | १३९७७९ | १४७८०० | १५८१४६ | १६६०५३ | ४७१९९९ |
| ४.३ | समपूरक अनुदान | १८२५६ | ० | २२८०० | २४३९६ | २५६१६ | ७२८१२ |
| ४.४ | विशेष अनुदान | ० | ० | ८१०० | ८६६७ | ९१०० | २५८६७ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **१६००१** | **२१११०** | **२५०००** | **२६७५०** | **२८०८८** | **७९८३८** |
| ५.१ | वित्तीय समानीकरण अनुदान | ५७६६ | ६१२० | ७१०५ | ७६०२ | ७९८२ | २२६९० |
| ५.२ | सशर्त अनुदान | १५४३ | ८२१३ | ३००० | ३२१० | ३३७१ | ९५८१ |
| ५.३ | समपूरक अनुदान | ५२०२ | २१८५ | १५००० | १६०५० | १६८५३ | ४७९०३ |
| ५.४ | विशेष अनुदान | ७७१२ | २५०० | ४००० | ४२८० | ४४९४ | १२७७४ |
| ६ | **अन्य अनुदान** | | | | | | **०** |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | | | | | | **०** |
| ८ | **जनसहभागीता** | | | | | | **०** |
| ९ | **आन्तरिक ऋण** | | | | | | **०** |
| १० | **मौज्दात रकम** | **१६६५७** | **१६९९९** | **१५५५०** | **१४६९०** | **१३८९२** | **४४१३२** |

स्रोत: गाउँपालिकाको लेखा शाखा

चालु आर्थिक वर्ष २०८१/०८२ को संसोधित अनुमान गर्नु पूर्व विगतका ३ आर्थिक वर्षको आयलाई संविधानमा व्यवस्था गरिएका प्रावधान, राष्ट्रिय आर्थिक नीति, साथै संघ तथा प्रदेश सरकारसँगको आर्थिक सम्बन्धलाई आधार मानेर वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र पूर्वानुमान गरिएको छ। तथापी विगत ३ वर्षको आय विवरणको विश्लेषण गर्दा यस गौमुल गाउँपालिकामा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान घट्दो क्रममा रहेको देखिन्छ।

## परिच्छेद ४: आर्थिक क्षेत्र

गौमुल गाउँपालिकाको समग्र आर्थिक अवस्था विश्लेषण गर्दा यस क्षेत्रको अर्थतन्त्र अझै परम्परागत तथा कृषिमा आधारित प्रकृतिको रहेको देखिन्छ। यहाँको ठूलो जनसंख्या कृषि, पशुपालन, वन स्रोत र प्राकृतिक सम्पदामा निर्भर रहेको छ। खेतीपातीमा आधुनिक प्रविधिको न्यून प्रयोग, उब्जाउ योग्य जमिनको सीमितता, सिंचाइको अभाव, बजार पहुँचको कमजोर अवस्था तथा प्राविधिक जनशक्तिको अभावले गर्दा कृषि उत्पादनमा पर्याप्त वृद्धि हुन सकेको छैन। तर कृषि क्षेत्रसँगै पर्यटन, उद्योग, साना व्यापार, सिंचाइ र श्रम रोजगारीमा देखिएको सम्भावनाले आगामी वर्षहरूमा समावेशी र दिगो आर्थिक विकास सम्भव बनाउने आधार तयार पारेको छ।

आर्थिक विकास क्षेत्रभित्रका प्रमुख उपक्षेत्रहरूमा पहिलो, कृषि, खाद्य सुरक्षा तथा पशुपन्छीपालन पर्दछ जसले दिगो विकास लक्ष्य १ (गरिबी न्यूनीकरण), दिगो विकास लक्ष्य २ (भोकमरी अन्त्य) र दिगो विकास लक्ष्य १२ (दिगो उपभोग र उत्पादन) सँग प्रत्यक्ष सम्बन्ध राख्दछ। दोस्रो, सिंचाइ उपक्षेत्रले कृषि उत्पादनशीलता वृद्धि र जल स्रोतको व्यवस्थापनमा टेवा पुर्याउँदै दिगो विकास लक्ष्य ६ (सफा पानी तथा स्वच्छता) र दिगो विकास लक्ष्य १३ (जलवायु परिवर्तनविरुद्ध कार्य) सँग सम्बन्धित छ। तेस्रो, पर्यटन, संस्कृति तथा सम्पदा उपक्षेत्रले स्थानीय आर्थिक क्रियाकलाप बढाउने, रोजगारी सिर्जना गर्ने र संस्कृतिको संरक्षण गर्न दिगो विकास लक्ष्य ८ (दिगो आर्थिक वृद्धि तथा रोजगारी) र दिगो विकास लक्ष्य ११ (समावेशी र दिगो बस्ती विकास) सँग सम्बन्ध राख्दछ। चौथो, उद्योग, व्यापार तथा आपूर्ति उपक्षेत्रले स्थानीय उत्पादन र व्यापार प्रवर्द्धनमार्फत दिगो विकास लक्ष्य ९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) र दिगो विकास लक्ष्य १२ सँग सम्बन्धित छ। पाँचौं, श्रम, रोजगारी तथा सामाजिक सुरक्षा उपक्षेत्रले युवाहरूको क्षमता अभिवृद्धि र सामाजिक समावेशितालाई मजबुत पार्दै दिगो विकास लक्ष्य ५ (लैङ्गिक समानता), दिगो विकास लक्ष्य १० (असमानताको न्यूनीकरण) मा योगदान पुऱ्याउँछ।

आर्थिक विकास क्षेत्रका सबल पक्षहरु, सुधारात्मक पक्षहरु, अवसर तथा चुनौतीहरुको विश्लेषण गर्दा गौमुल गाउँपालिको Strengths, Weaknesses, Opportunities, Threats (SWOT) यस अनुसार रहेको छ :

| **सबल पक्षहरु** | **सुधारात्मक पक्षहरु** |
|---|---|
| वडा नं १ २ र ३ मा आलु र सिमिको लागि पकेट क्षेत्र नै घोषणा गरिएकोले उत्पादनको राम्रो अवसर छ | सिंचाइका लागि प्रशस्त जलश्रोत भए पनि पूर्वाधार निर्माण तथा मर्मत गर्नु पर्नेछ |
| वडा नं १ देखि ६ सम्म स्याउ र ओखर उत्पादनको राम्रो सम्भावना छ | स्थानीय खेतीयोग्य जग्गाको माटो परिक्षण गरि पकेट क्षेत्रलाई अझै थप बर्गिकरण गर्नु पर्ने छ |
| वडा नं २ ४ र ६ मा सुन्तला उत्पादनको राम्रो सम्भावना छ | स्थानीय कृषकहरुलाई जैविक मल तयारी तथा प्रयोगमा प्रदर्शनी सहितको तालिम आवश्यक देखिन्छ |
| वडा नं १ ४ र ६ मा किवी उत्पादनको राम्रो सम्भावना छ | कृषकहरुको खाली जमिनमा उन्नत जातको डाले घाँस खेती गर्न सकिएको छैन |
| वडा नं २ ३ मा जौं ३ ४ ५ ६ मा कोदो र १ देखि ६ सम्म चिनो उत्पादनको राम्रो सम्भावना भएको | पर्यटकीय क्षेत्र सम्म यातायातको पहुँच विस्तार गर्न जरुरी छ |

| **सबल पक्षहरु** | **सुधारात्मक पक्षहरु** |
|---|---|
| वडानं १ देखि ६ सम्म स्थानीय तथा उन्नत जातका बाख्रा पालनका लागि उचित वातावरण छ | स्थानीय होटेल तथा पर्यटन व्यवसायीहरुलाई अतिथि सत्कार शिर्षकमा क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ |
| वडा नं १ देखि ३ सम्म स्थानीय तथा उन्नत जातका भेडापालनका लागि उपयुक्त छ | कृषकहरु अहिले पनि निर्वाहमुखि कृषि पेशामा भएकोले व्यवसायिक कृषकका रुपमा अगाडि बढाउन जरुरी छ |
| वडा नं १ देखि ६ सम्म पशु पालनका लागि चरिचरण क्षेत्र उपयुक्त छ | आवश्यकताको आधारमा सीपमुलक तालिम सञ्चालन गर्नु जरुरी छ |
| वडा नं १ देखि ६ सम्म स्थानीय कुखुरापालनका लागि उपयुक्त वातावरण देखिन्छ | कुनै पनि सीपमुलक तालिममा भत्ता प्रवृत्तिको अन्त्य गर्नु पर्ने देखिन्छ |
| भैसी तथा गाई पालनका लागि वडा नं १ देखि ६ सम्म वातावरण मिलेको छ | उत्पादनको नतिजा हेरि अनुदान वितरण प्रणाली लागू गर्नु पर्ने देखिन्छ |
| वडा नं १ देखि ६ सम्म सिंचाईका लागि  जलश्रोत प्रशस्त छ | जमिन खाली राखेको पाइएमा स्थानीय सरकारले सोधखोज गर्नु पर्ने छ |
| वडा नं २ मा रहेको गौमुल पर्यटकीय विकासका लागि राम्रो सम्भावना बोकेको ठाउँ हो | उत्कृष्ट कृषि तथा पशु उद्यमीहरुको फर्म वा व्यवसायमा अन्य कृषकहरुको भ्रमण संस्कारको विकास गर्नु पर्ने छ |
| वडा नं ३ मा इन्द्रेणी गुफा वडा नं ४ मा नाउला र भगवती गुफा वडा नं १ मा चमेरो गुफा र वडा नं ५ मा निमिन छडा झरणा पर्यटन विकासका लागि सम्भावित स्थान हुन | स्थानीय उत्पादनको नेपाल सरकारको मापदण्ड अनुसार मूल्य निर्धारण गरि वडा वडामा सङ्कलन केन्द्र स्थापना गरेर उत्पादित वस्तुको बजारीकरणमा सघाउ पुऱ्याउनु पर्ने देखिन्छ |
| वडा नं १ देखि ६ सम्म विभिन्न देविदेवताका धार्मिकस्थलहरु | सहकारी व्यवस्थापनको खाका तयार गरि लागू गर्नु पर्ने देखिन्छ |
| बेसार धनीया लसुन खुर्सानी र अदुवाको व्यवसायिक खेती गरि मसला उद्योगको सम्भावना | गाउँपालिकाका सबै अनौपचारिक रोजगारदाताहरुको पहिचान गरि श्रमिकको विमाको अवधारणा लागू गर्नु पर्ने छ |
| वडा नं १ देखि ६ सम्म ऊन तथा राडिपाखी उद्योगको सम्भावना | महिला उद्यमीहरुको गुणात्मक वृद्धिका लागि सीप र प्रविधिमा जोड |
| वडा नं १ देखि ६ सम्म कटुकी समय चिराइतो सेल्क चिनी र सतुवा लगायतका जडिबुटी खेती तथा साना उद्योगको सम्भावना | साना तथा लघु उद्यमीहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गरि कम्तिमा मझौला उद्योग तर्फ उन्मुख गराउन आर्थिक तथा प्राविधिक सहयोग गर्नु पर्ने छ |
| आरण तथा फर्निचर उद्योगको सम्भावना | तालिम पश्चात व्यवसाय सञ्चालन नगरेको पाइएका अन्य तालिममा सहभागीता नगराउने नीति लिनु पर्ने देखिन्छ |
| वडा नं १ देखि ६ सम्म सहकारीहरु स्थापना भइ सञ्चालनमा छन | स्थानीय कृषकहरुलाई समय समयमा उत्साह जगाउन सामूहिक अन्तरक्रियात्मक अभियान सञ्चालन गर्नु पर्ने छ |
| **अवसरहरु** | **चुनौतीहरु** |
| स्थानीय युवाहरुलाई कृषिमा आधारित लघु तथा साना उद्योगहरुमा संलग्न गराउन सकिएमा बाह्य सहयोगमा वृद्धि हुने देखिन्छ | युवाहरु स्थानीयस्तरमा केहि शुरुवात गर्ने भन्दा वैदेशिक रोजगारीमा बढि आकर्षित हुने देखिन्छ |

| सबल पक्षहरु | सुधारात्मक पक्षहरु |
|---|---|
| स्थानीय कृषकलाई व्यवसायिक बनाउन सकियो भने निर्यातका लागि उचित प्रणालीको विकास गर्न सकिने देखिन्छ | विपद तथा वर्षातको बाढि पैह्रोका कारण बाह्रै महिना यातायात सञ्चालन नहुँदा गौमुलबासीका लागि वस्तु आयात निर्यातमा प्रत्यक्ष असर पर्ने गर्दछ |
| स्थानीय उत्पादनको सहज बजारीकरण भएमा कृषकहरुमा हौसला बढ्ने र आयात भन्दा निर्यात बढ्ने सम्भावना छ | बाह्य खरिदकर्ताहरुलाई गौमुलमा आकर्षण गर्न नसक्दा यहाँको कृषि उत्पादनको बजारीकरण हुन सकिरहेको छैन |
| सार्वजनि शिक्षालाई समुदायसँग जोडेर पठनपाठन गराउन सकिएमा बालबालिकाहरुलाई व्यवहारिक शिक्षामा  जोड्न सकिने देखिन्छ | कर्मशिल युवाहरु साना तथा लघु उद्यमहरुबाट आफ्नो भविष्य सुधारका क्षेत्रमा लाग्नु पर्नेमा सामाजिक सञ्जालमा व्यस्त रहेको देखिन्छ |
| स्थानीय युवाहरुलाई सीपमुलक तालिम र व्यवहारिक ज्ञान उपलब्ध गराउन सकिएमा प्रदेश तथा केन्द्र सरकारले युवा उद्यमशिलतामा लगानी उपलब्ध गराइरहेको छ | गाउँपालिकामा विद्युत उत्पादनका लागि निर्मित जलविद्युत परियोजनाहरुको क्षमता कमि भएको हुँदा नियमित विद्युत आपूर्ति गर्न सकिएको छैन र राष्ट्रिय प्रशारन लाइन पनि जोड्न सकिएको छैन |

**आर्थिक विकास क्षेत्र अन्तर्गत पर्ने उपक्षेत्रहरुको विवरण**

## ४.१ कृषि तथा पशु पन्छी

### ४.१.१ पृष्ठभूमि

गौमुल गाउँपालिका सुदुरपश्चिम प्रदेशको दुर्गम हिमाली जिल्ला बाजुरामा अवस्थित पालिका भएकोले प्रमुख जीविकोपार्जनको माध्यम कृषि तथा पशुपालन हो। परम्परागत कृषि प्रणालीमा आधारित भए तापनि आधुनिक प्रविधि, व्यवसायिक उत्पादन र सिँचाइ सुविधा अभावका कारण उत्पादनशीलता न्यून देखिन्छ। यस पालिकामा गहुँ, आलु, मकै, लगायत कोदो र फापरजस्ता रैथाने अन्नबाली तथा सिमी, आलु, तोरी आदिको खेती प्रमुख छन्। तर, जलवायु परिवर्तन, जंगली जनावरको क्षति, उर्वराशक्ति घट्दो अवस्था र सिँचाइको अपर्याप्तताले कृषि क्षेत्रबाट सोचे अनुरूप प्रतिफल आउन सकिरहेको छैन ।

पशुपालनमा गाई, भैंसी, बाख्रा, भेडा, च्यांग्रा तथा ब्रोइलर र स्थानीय जातका कुखुरा पालन प्रमुख छन् जसले खाद्य सुरक्षासँगै अतिरिक्त आम्दानीमा योगदान पुऱ्याइरहेको अवस्था छ। तर रोग नियन्त्रण उन्नत जातको पशुपन्छीको अभाव र पशु आहारको समस्याले पशुपालन व्यवसायले अपेक्षित योगदान दिन सकेको छैन। गाउँपालिकामा औषधिय जडीबुटी र घाँस तथा चारो उत्पादनमा समेत ठूलो सम्भावना रहेको देखिन्छ भने यसको वैज्ञानिक व्यवस्थापन र व्यवसायिक उपयोग आवश्यक छ। गाउँपालिकाको समृद्धिका लागि कृषि र पशुपन्छी विकासलाई आधुनिकिकरण, व्यवसायीकरण तथा सिँचाइ, भण्डारण, बजारीकरण र प्राविधिक सेवा विस्तार मार्फत समृद्ध बनाउँदै कृषिमा आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन दृष्टिकोण आवश्यक देखिन्छ।

### ४.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा कृषि तथा पशुपन्छी क्षेत्रले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने प्रशस्त सम्भावना हुँदाहुदै पनि यो क्षेत्र विभिन्न समस्याबाट ग्रसित छ। उन्नत बीउ, प्रविधि र सिँचाइ सुविधाको अभाव, उत्पादनशील जमिनको सदुपयोगमा कमी, जंगली जनावरद्वारा अन्न बालीमा क्षति, जलवायु परिवर्तनका असर, कृषि यान्त्रीकरणको अभाव, पशुपालनमा रोग नियन्त्रणको कमजोरी, आहार तथा गोठ व्यवस्थापनको कमजोरी, बजारीकरण तथा मूल्य अभाव र कृषकमा व्यवसायिक सोचको कमी प्रमुख समस्याका रूपमा देखा परेका छन् ।

यी समस्याहरूसँग जुझ्नका लागि विभिन्न चुनौतीहरू विद्यमान छन् । मौसमीय जोखिम व्यवस्थापन गर्दै उत्पादनमा विविधीकरण गर्नु, कृषि तथा पशुपालन व्यवसायीकरण र आधुनिकिकरण गर्नु, विपन्न कृषक र स-साना पशुपालकलाई लक्षित कार्यक्रम विस्तार

गर्नु, आधारभूत पूर्वाधार जस्तै सिँचाइ, सडक, भण्डारण र बजारीकरण सञ्जाल विकास गर्नु, युवालाई कृषि व्यवसायमा आकर्षित गर्नु, जैविक विविधता संरक्षण गर्नु, जलवायु अनुकूल कृषि प्रणाली प्रवर्द्धन गर्नु, वित्तीय पहुँच र बीमा सेवा विस्तार गर्नु तथा कृषि अनुसन्धान र प्रविधि हस्तान्तरणलाई संस्थागत गर्नु प्रमुख चुनौतीहरू रहेका छन्।

**४.१.३ सम्भावना तथा अवसर**

गौमुलमा कृषि तथा पशुपालन क्षेत्र विस्तारको उच्च सम्भावना देखिन्छ। रैथाने बाली विकासका लागि स्थानीय कृषकहरुलाई उन्नत जातका बीउविजन तथा पशुपन्छी प्रजातिहरूको प्रवर्द्धन, बहुवर्षीय बाली तथा जडीबुटी खेती, आधुनिक सिँचाइ प्रविधिको उपयोग, मौसमी तथा बाह्रैमासे तरकारी उत्पादन, सामूहिक कृषि अभ्यास तथा गोठ सुधार कार्यक्रम मार्फत उत्पादन र आम्दानी वृद्धिको सम्भावना विद्यमान छ।

यस क्षेत्रमा अवसरका रूपमा कृषि अनुदान कार्यक्रम, वैदेशिक तथा सरकारी लगानीको सम्भावना, जैविक कृषि प्रवर्द्धनको चासो, ग्रामीण पर्यटनसँग जोडिएको कृषि व्यवसाय, युवा तथा महिला उद्यमशीलताको विकास, तथा जलवायु अनुकूल प्रविधिको प्रयोग बढ्दै गएको पाइन्छ। सहकारी तथा निजी क्षेत्रको सहकार्यबाट उत्पादन, प्रशोधन र बजारीकरण सञ्जाल बलियो बनाउन सकिने अवसरहरू पनि प्रशस्त छन्।

**४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना**

**१) उपक्षेत्रगत लक्ष्य**

कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिक, आधुनिक र आत्मनिर्भर बनाउँदै खाद्य सुरक्षामा योगदान पुर्‍याउने।

**२) उपक्षेत्रगत उद्देश्य**

- प्रविधिमैत्री कृषि प्रणाली द्वारा स्थानीय रैथाने कृषि बालीको व्यवसायिक उत्पादनमा प्रबर्द्धन मार्फत आम्दानी वृद्धि गर्नु
- जैविक विविधता संरक्षण र जलवायु अनुकूल कृषि तथा पशुपन्छी पालन प्रणालीको विकास गर्नु।
- निर्वाहमुखि कृषि प्रणालीलाई दिगो र व्यवसायिक बनाइ कृषि तथा पशुपन्छीमा स्वरोजगार कृषकको दरमा वृद्ध गर्नु

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

- सिँचाइ सुविधा विस्तार तथा सुधार गर्दै उत्पादनमा विविधीकरण ल्याउने,
- उन्नत बीउ, मल तथा कृषि यन्त्रहरूको पहुँच वृद्धि गर्ने,
- पशुपालन क्षेत्रलाई वैज्ञानिक तथा व्यवस्थित बनाउने,
- बजारीकरण, भण्डारण र प्रशोधन संरचना विकास गर्ने,
- कृषि सहकारी तथा निजी क्षेत्रको सहकार्य प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तन प्रतिरोधी प्रविधिको प्रयोग विस्तार गर्ने,

**यी रणनीतिहरू पूरा गर्न अपनाइने कार्य नीतिहरू**

- व्यवसायिक कृषिको सुनिश्चितता गर्दै दीगो कृषि विकासका लागि गाउँपालिकाले कृषि गुरुयोजना निर्माण गरि युवालाई कृषिमा आकर्षण गर्ने गरि कार्यक्रम कार्यान्वयन गर्ने छ।
- रैथाने कृषि वस्तु उत्पादन वृद्धि गर्न स्थानीय कृषक प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

- कृषकहरुलाई सामूहिक तरिकाले क्षमता अभिवृद्धि गर्ने र प्रविधिमैत्री कृषि प्रणाली लागू गर्न सक्ने बनाउन कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ।
- पकेट क्षेत्रको घोषणा गरि खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई पूर्णरुपमा निरुत्साहित गरिने छ।
- खाद्य सुरक्षाको सुनिश्चितताका लागि खानाको महत्व समुदायस्तरमा समेत बुझाई पोषणयुक्त खाना खाने वातावरण निर्माण गर्न पहल गरिने छ।
- नीजि, सहकारी र सामूहिक तरिकाले नयाँ कृषि उत्पादनका लागि कृषकहरुलाई ऋण उपलब्ध गराउन स्थानीय सहकारीको मद्दत लिई कार्य सञ्चालन गरिने छ।
- उत्पादित कृषि वस्तुलाई प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र आधुनिकीकरण गरि मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ।
- कृषि-पर्यटन प्रवर्द्धन कार्यक्रमलाई पहिलो प्राथमिकता दिई ग्रामीण विकासका लागि स्थानीय उत्पादनलाई पर्यटन व्यवसायसँग जोडि वजारीकरणको सुनिश्चितता गरिने छ।
- प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको प्रयोग र बजारीकरण  गरिने छ।
- लोपोन्मुख बिउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै आवश्यक प्रोत्साहन गरिने छ।
- फलफूल उत्पादनलाई प्राथमिकतामा राखि कृषि ज्ञान केन्द्र, कृषि शाखा र स्थानीय कृषि सहकारी मार्फत आवश्यक तालिम, प्रविधि र वीउँ विजनका उपलब्ध गराउन पहल गरिने छ।
- भकारो सुधार उन्नत जातका पशुपन्छी खरिद तथा पशुपन्छीमा लाग्ने सवै प्रकारका रोग नियन्त्रणका लागि गाउँपालिकाले दक्ष जनशक्ति उत्पादन तथा परिचालनमा जोड दिनेछ।
- पशुपन्छीबाट उत्पादित बस्तुको सहज बजारीकरणका लागि गाउँपालिकाले वातावरण निर्माण गर्नेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजनाहरु**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | माटो परीक्षण गरि पकेट क्षेत्रमा बाली विशिष्टिकरण | १ | १ र २ | ४ | २ | ३ |
| १ | कोदो जौं चिनो कागुन फापर तथा मकै उत्पादनमा व्यवसायिकरण | १ | १ र २ | ४ | २ | ३ |
| १ | वडा नं १ २ र ३ मा आलु र सिमीको पकेट विकास | १ | १ र २ | ४ | २ | ३ |
| १ | वडा नं १ देखि ६ सम्म फलफूल खेती कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | वडा नं १ देखि ६ सम्म जडिबुटी उत्पादन-बजारीकरण | १ | १ र २ | ४ | २ | ३ |
| १ | स्थानीय बालीको वीउँ उत्पादन तथा संरक्षण कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | बेसार खेतीको व्यवसायीकरण | १ | १ र २ | ४ | २ | ३ |
| १ | मसला बाली प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | सामूहिक तथा करार खेती प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक खेती विस्तारका लागि कृषक पाठशाला कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | आर्थिक सर्वेक्षण मार्फत गरिबीको स्तरीकरण तथा कृषक परिचयपत्र वितरण | १ | १ र २ | ४ | २ | ३ |
| १ | १ देखि ६ सम्म व्यवसायिक भेडाबाख्रा पालनमा सहयोग | १ | १ र २ | ४ | २ | ३ |
| १ | स्थानीय पशुमा नश्ल सुधार तथा पशुपन्छी उपचार कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | स्थानीय एग्रोभेट व्यवसायी प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | कृषि तथा पशु विमा कार्यक्रम अन्तर्गत अभिमुखीकरण अभियान | १ | १ र २ | ४ | २ | ३ |
| १ | भकारो सुधार कार्यक्रम सञ्चालन | १ | १ र २ | ४ | २ | ३ |
| १ | पालिकास्तरीय सङ्कलन केन्द्रको स्तरोन्नती | १ | १ र २ | ४ | २ | ३ |
| १ | पौष्टिक तथा आहारा व्यवस्थापनका लागि डालेघाँस रोपन | १ | १ र २ | ४ | २ | ३ |
| १ | पशुहरुको लागि औषधी व्यवस्थापन | १ | १ र २ | ४ | २ | ३ |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र. सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१।८२ को अनुमान | अन्तिम वर्ष २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २% | १५% | गा.पा. कृषि शाखा | कृषि शाखा | स्थानीय कृषिको प्रवर्द्धन हुने |
| | कूल गार्हस्थ्य उत्पादनमा पशुपन्छी पालन क्षेत्रको योगदान | प्रतिशत | १% | ५% | गा.पा. कृषि शाखा | कृषि शाखा | स्थानीय कृषिको प्रवर्द्धन हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | कृषि तथा पशुपालन क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि | संख्या | १०० | ९०० | गा.पा. कृषि शाखा | कृषि शाखा | बाह्य रोजगारीका अवसरले युवा पलायन हुन सक्ने |
| २.२ | खाद्य वस्तुमा आत्म निर्भर परिवार | प्रतिशत | २०% | ६०% | गा.पा. कृषि शाखा | कृषि शाखा | विपद् तथा जलवायु परिवर्तनको असर हुन सक्नछ |
| **३** | **प्रतिफल** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | कृषि तथा पशुपन्छीका लागि औषधी तथा वीउँविजन स्थानीयस्तरमा प्राप्त हुने | उद्यमी संख्या | २ | १० | गा.पा. कृषि शाखा | कृषि शाखा | |
| ३.२ | व्यवसायिक कृषक तथा पशुपालकको संख्यामा वृद्धि | संख्या | २५ | ३०० | गा.पा. कृषि शाखा | कृषि शाखा | |
| ३.३ | कृषि तथा पशुपन्छी उत्पादनको वजारीकरणका लागि व्यवस्थापन | संख्या | ० | ३ | गा.पा. कृषि शाखा | कृषि शाखा | |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची योजना बैंकमा राखिएको छ। | | | | | | |

#### ४.१.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाको कृषि तथा पशुपालन क्षेत्रलाई व्यवस्थित विकास गर्ने हो भने आगामी पाँच वर्षमा खाद्य उत्पादनमा करिब २५–३० प्रतिशत वृद्धि सम्भावना रहेको छ। आधुनिक प्रविधि, उन्नत बीउ तथा प्रजातिको प्रयोग, सिँचाइ पूर्वाधार सुधार र कृषकहरूलाई क्षमता अभिवृद्धि गराउँदा कृषिमा आम्दानी वृद्धि र रोजगारी सिर्जना तीव्र गतिमा बढ्ने अपेक्षा गरिएको छ। रैथाने बालीको प्रवर्द्धन गर्न सकेको खण्डमा स्थानीय उत्पादनलाई बजार सम्म सहजै व्यवस्थापन गर्न सकिने देखिन्छ।

कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तनका कारण असिनापानी, अनियमित वर्षा र खडेरीले उत्पादनमा प्रतिकूल प्रभाव पार्न सक्ने जोखिम छ। जंगली जनावरको क्षति, विपद् प्रकोप, कृषिमा युवा जनशक्ति पलायन, प्रविधि तथा वित्तीय पहुँचको अभाव, बजारको अनिश्चितता तथा सरकारी सेवा र अनुदानको प्रभावकारिता कमजोर हुनुले योजना कार्यान्वयनमा चुनौती उत्पन्न हुन सक्छ।

## ४.२ सिँचाइ

#### ४.२.१ पृष्ठभूमि

यहाँको अधिकांश खेती योग्य जमिन उब्जाउ योग्य क्षेत्र भएता पनि सिंचाइ संरचनाको न्यूनताले कृषि उत्पादनमा अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन। वर्षामा आधारित खेतीप्रणाली, अपुरा सिँचाइ योजना र परम्परागत सिँचाइ माध्यमहरूले सिँचाइ क्षेत्रमा समस्या सिर्जना गरेका छन्। गाउँपालिकाका अधिकांश खेतहरू वर्षामा मात्र आंशिक सिँचाइ हुने र बाँकी समयमा बाँझो रहने स्थिति छ। मौसमी वर्षामा निर्भर हुनुपर्ने बाध्यताले बाली विविधीकरण र वाष्पीकरण नियन्त्रणमा कठिनाइ भएको छ। सिँचाइ पूर्वाधार सुधार गर्दै स्रोतहरूको वैज्ञानिक व्यवस्थापन र सिँचाइ प्रणालीको आधुनिकीकरण गर्दा कृषि उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा योगदान पुग्ने देखिन्छ।

#### ४.२.२ समस्या तथा चुनौती

खेतीयोग्य जमिनका लागि प्रयाप्त सिँचाइ संरचनाको विकास नहुनु मुख्य समस्या हो। अधिकांश खेतीपाती मौसमी वर्षामा निर्भर छन् र वर्षा बाहेकका समयमा बाली उत्पादनमा असहजता हुने गर्दछ। परम्परागत सिँचाइका विकल्पहरुले आवश्यकता अनुसारको सिँचाइ पुर्‍याउन सकिरहेको छैन। आवश्यकताको आधारमा प्रशस्त जलस्रोत व्यवस्थापन सहितको सिँचाइ आयोजनाहरु निर्माण गर्न जरुरी देखिन्छ। बजेट अभाव, प्राविधिक स्रोत र दक्ष जनशक्ति नहुँदा दीर्घकालीन योजना कार्यान्वयनमा पनि समस्या देखिएको छ।

सिँचाइ क्षेत्रमा उपलब्ध जलस्रोतहरूको प्रभावकारी उपयोग चुनौतीपूर्ण देखिन्छ। वर्षैभरि सिँचाइ सुविधा प्रदान गर्ने दीर्घकालीन योजना निर्माण र कार्यान्वयन कठिन छ। प्रविधिमा आधारित सिँचाइ प्रणाली (लिफ्ट सिँचाइ, ड्रिप, स्प्रिंकलर जस्ता) विस्तार गर्न

स्रोत र प्रविधिको अभाव छ । जलवायु परिवर्तनका असरहरू, भू–गर्भीय संरचनाको जटिलता, तथा समुदायको सीमित आर्थिक साधनले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेका छन् । किसानलाई नयाँ प्रविधिमा आकर्षित गर्नु अर्को मुख्य चुनौती हो ।

**४.२.३ सम्भावना तथा अवसर**

यस गाउँपालिकामा प्रशस्त जलस्रोतहरू जस्तै खोला, साना नदीहरू तथा प्राकृतिक मुहानहरूको उपलब्धता सिँचाइ विकासको ठूलो सम्भावना हो । मौसमी तथा बारहमासी खोला र प्राकृतिक जलश्रोतहरूको संरक्षण र उपयोग गर्दै सिँचाइ आयोजना निर्माण गर्न सकिन्छ । भूगोलले सम्भव बनाएको साना सिँचाइ आयोजना, लिफ्ट सिँचाइ प्रणाली र सौर्य ऊर्जामा आधारित सिँचाइ प्रणाली विकास गर्न सकिने सम्भावना छ । स्थानीय उत्पादनमुखी तथा रैथाने बाली प्रणालीलाई सिँचाइ सुविधा विस्तारसँगै अगाडि बढाउन सकिन्छ । सिँचाइ पूर्वाधार सुधार गर्दै कृषि आत्मनिर्भरता र गाउँपालिकाको आर्थिक समृद्धि सम्भव देखिन्छ ।

स्थानीय खोलाहरुबाट सिँचाइ आयोजनाहरु निर्माण गर्न सकिएको खण्डमा कम्तिमा ६० प्रतिशत सिंचित क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन सकिने देखिन्छ भने आवश्यकता अनुसारका सिँचाइ आयोजनाहरु निर्माण गर्न सकिएको खण्डमा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सकिने देखिन्छ । यसका लागि गाउँपालिकाले एकीकृत सिँचाइ योजना सहितको दीर्घकालीन तयारी सहित प्रदेश तथा केन्द्र सरकारका बहुवर्षिय आयोजनाहरुसँग सहकार्य गर्न सकेको खण्डमा आर्थिक व्यवस्थापनको अवसरहरु पनि प्रयाप्त रहेकाछन् ।

**४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना**

**१) उपक्षेत्रगत लक्ष्य**

गाउँपालिकामा भरपर्दो, दिगो र प्रभावकारी सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादन वृद्धि र आर्थिक समृद्धि हासिल गर्ने ।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) मौजुदा सिँचाइ पूर्वाधारको संरक्षण, सुधार तथा नयाँ सिँचाइ आयोजनाको विकास गरी खेतीयोग्य जमिनमा सिँचाइ पहुँच वृद्धि गर्नु ।
(ख) वैकल्पिक ऊर्जामा आधारित प्रविधिको प्रवर्द्धन गर्दै जलस्रोतको दीगो उपयोग सुनिश्चित गर्नु

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीतिहरु**

- बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
- निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
- नयाँ सिंचाई आयोजनाहरुको निर्माणका लागि जनसहभागिताको आधारमा योजना निर्माण गरि उनिहरुकै संरक्षकत्वमा मर्मत एवम् सुरक्षाको जिम्मा दिने ।
- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाहरुको निर्माण तथा मर्मत सम्भारका लागि समुदाय सहभागितामा आधारित सिँचाइ विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**कार्यनीतिहरु**

- बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन आयोजना निर्माण तथा मर्मतका कार्यहरु प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य ऊर्जा एवम् अन्य प्रविधिमा आधारित लिफ्ट सिँचाइ प्रणालीको विकासलाई जोड दिइनेछ ।
- पालिकामा हाल विद्यमान जलस्रोतहरुको दिगो संरक्षण रणनीतिहरु तयार गरि स्थानीय समुदायको सहभागितामा संरक्षणका कार्यक्रमहरु कार्यान्वय गरिनेछ ।
- जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलन लगायत खुला र प्लास्टिक पोखरी, हिउँपोखरीको व्यवस्थापनका सुविधा पुऱ्याइनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ मा १ वटा सिँचाइ कुलो निर्माण | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं २ मा ३ वटा सिँचाइ कुलो निर्माण | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ३ को गर्जे गदेलोटे सिचाई निर्माण ३ | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ४ को सहेलाखाडा खडिखेत सिचाई कुलो ८ | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ५ को उतिसाडी लेता सिचाई निर्माण१ | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ६ को दहखोला सालिकोट सिचाई कुलो निर्माण १० | १ | ८ | ३ | ३ | २ |
| १ | आकाशेपानी सङ्कलन पोखरी निर्माण | १ | ८ | ३ | ३ | २ |
| १ | लिफ्ट सिंचाई निर्माण | १ | ८ | ३ | ३ | २ |

**४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | कुल गार्हस्थ्य उत्पादनमा सिँचाइ क्षेत्रको योगदान | प्रतिशत | ५% | १०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | स्थानिय स्रोत अनुकुल हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | बाह्रै महिना सिँचाइ हुने जग्गाको क्षेत्रफलमा वृद्धि | हेक्टर | | | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | केन्द्र तथा प्रदेश सरकारको सहयोग प्राप्त हुने |
| २.२ | सिँचाइ सुविधाका कारण व्यवसायिक कृषि प्रणालीमा वृद्धि | प्रतिशत | ५% | १५% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | केन्द्र तथा प्रदेश सरकारको सहयोग प्राप्त हुने |
| **३** | **प्रतिफल** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | सिंचित क्षेत्रमा विस्तार | हेक्टर | ४ | १२ | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | कृषक सक्रिय हुने |
| ३.२ | उत्पादनमा वृद्धि | प्रतिशत | १८% | ५०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | रोग नियन्त्रण हुने |
| ३.३ | खाद्यान्न आयातमा न्यूनीकरण हुने | प्रतिशत | ५०% | १०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | मौसम अनुकुल रहने छ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ४.२.६ अनुमान तथा जोखिम पक्ष

जलस्रोतको पर्याप्तता, बजेट तथा प्राविधिक सहयोग उपलब्ध हुने, कृषकहरू सिँचाइ पूर्वाधार सञ्चालनमा सक्रिय सहभागिता जनाउनेछन् भने प्रविधिमैत्री सिँचाइ प्रणालीको विकासमा सहजता हुनेछ। विभिन्न प्रकारका विपद्, जलवायु परिवर्तनका असरका कारण असामान्य वर्षा, सुख्खा वा बाढीले सिँचाइ संरचनामा क्षति पुऱ्याउन सक्छ। बजेट अभाव वा ढिलाइले आयोजना अधुरो रहन सक्छन्। समुदायको न्यून सक्रियता तथा प्राविधिक जनशक्ति अभावले सिँचाइ प्रणाली दीगो सञ्चालनमा अवरोध उत्पन्न हुने जोखिम छ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

#### ४.३.१ पृष्ठभूमि

गाउँपालिकाले वडा नं. ४ मा वृहत फनपार्क निर्माण गरिरहेको छ। गाउँपालिकाको वडा नं. ३ को झोलुङ्गे पुल निर्माण गरिएको छ जसका कारण गाउँपालिकामा आन्तरिक पर्यटकहरूको संख्यामा वृद्धि भइरहेको छ। पालिका आफैमा प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक सम्पदाले सम्पन्न छ। हिमाली भेगको मौलिकता बोकेको यस पालिकामा धार्मिकस्थल, हिमाल, रीतिरिवाज तथा संस्कृतिले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने ठूलो सम्भावना छ। हालसम्म पर्यटन पूर्वाधारहरू अपुरो छन् तर विकासको पर्याप्त अवसरहरू विद्यमान छन्। पहुँच मार्ग सुधार, होमस्टे सञ्चालन, चाडपर्व व्यवस्थापन तथा नयाँ गन्तव्यहरूको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रलाई व्यवस्थित र व्यवसायिक बनाउन सकियो भने पर्यटन विकासले स्थानीय रोजगारी, आयआर्जन र सांस्कृतिक जगेर्नामा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

#### ४.३.२ समस्या तथा चुनौती

पर्यटन पूर्वाधारको न्यूनता, प्रचारप्रसार अभाव, पहुँच मार्गको अविकसित अवस्था र सेवा सुविधाको अभाव आदि पर्यटन क्षेत्रका मुख्य समस्या हुन्। ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा अपेक्षित उपलब्धिमुलक कार्यहरु गर्न सकिएको छैन। स्थानीय स्तरमा पर्यटन सम्बन्धी दक्ष जनशक्ति र व्यवस्थापन क्षमताको समेत कमी देखिन्छ।

दिगो र समुदायमैत्री पर्यटन विकास गर्नु मुख्य चुनौती हो। पर्यटकीय स्थलहरूको वैज्ञानिक संरक्षण, पर्यटक सुविधाको विस्तार र सेवा गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता छ। भौतिक पूर्वाधारको सुदृढीकरण, पर्यटक आकर्षण प्रवर्द्धन, तथा जलवायु परिवर्तनको असरबाट पर्यटन क्षेत्रलाई सुरक्षित राख्न दीर्घकालीन रणनीति आवश्यक छ।

#### ४.३.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा अन्वेषण हुन बाँकी धेरै प्राकृतिक स्थलहरू, मौलिक संस्कृति र ऐतिहासिक सम्पदाहरू पर्यटन विकासका ठूला सम्भावना हुन्। धार्मिक स्थल, हिमाली पदमार्ग, होमस्टे तथा स्थानीय चाडपर्वहरूलाई प्रवर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न सकिन्छ। पर्यटनले गाउँको समग्र आर्थिक विकासमा टेवा दिन सक्छ।

गाउँपालिकाले पहुँच मार्ग विस्तार, होमस्टे प्रवर्द्धन, तथा प्राकृतिक स्रोत संरक्षणका कार्यक्रम अघि बढाइरहेको छ । संघीय र प्रदेश सरकार तथा निजी क्षेत्रबाट पर्यटन पूर्वाधारमा लगानी भित्र्याउने अवसर छ । चाडपर्व व्यवस्थापन, पर्यटन प्रशिक्षण तथा बजार प्रवर्द्धन कार्यक्रमद्वारा गाउँपालिकालाई प्रमुख हिमाली गन्तव्यका रूपमा विकास गर्ने अवसर बलियो छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

पालिकालाई दिगो, समावेशी र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरी स्थानीय आयआर्जन र सांस्कृतिक जगेर्नामा योगदान पुऱ्याउने ।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) मौलिक सांस्कृतिक सम्पदा, धार्मिक स्थल र प्राकृतिक पर्यटकीय क्षेत्रहरूको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने ।
(ख) पर्यटन पूर्वाधार विकास, सेवा सुविधा सुधार र आन्तरिक तथा बाह्य पर्यटक आकर्षणका लागि पहुँच मार्ग तथा होमस्टे व्यवस्थापन विस्तार गर्ने ।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीतिहरु**

- गाउँपालिकामा पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
- ग्रामीण पर्यटनमार्फत कृषि–पर्यटन प्रवर्द्धनमा परिणाममुखि आयोजनाहरु कार्यान्वयन गर्ने ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि युवा परिचालनको रणनीति अवलम्बन गर्ने ।

**कार्यनीतिहरु**

- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच वृद्धिका लागि पर्यटन पदमार्ग मार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
- पर्यटन-कृषि व्यवसाय तथा होमस्टे निर्माण तथा विकासको प्रवर्द्धन गरी पर्यटन क्षेत्रमा उद्यमशिलता विकासको अवधारणा अनुसार स्थानीय युवाहरुको सहभागिता वृद्धिमा जोड दिइने छ ।
- साहसिक पर्यटकको आगमनमा अभिवृद्धि गर्न पदमार्गको उपयुक्तताका आधारमा आवश्यक पूर्वाधारसहित स्थानको पहिचान र विकास गरिनेछ ।
- प्रतिपर्यटक खर्च वृद्धिका लागि पर्यटकको बसाइ अवधि लम्ब्याउने र यसका लागि पर्यटकीय सेवा सुविधा तथा सुरक्षाको प्रत्याभूति बढाउने वातावरण निर्माण गरिनेछ ।
- पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाका नयाँ पर्यटन गन्तव्यहरूको व्यापक रूपमा प्रचार एवम् प्रवर्द्धन गरिनेछ ।
- निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | गौमुल पर्यटन क्षेत्र विकासको गुरुयोजना निर्माण | १ | १० | १ | १ | १ |
| १ | घट्मुना-गौमुल पर्यटन सडक निर्माण | १ | १० | १ | १ | १ |
| १ | धार्मिकस्थल अर्थात मन्दिर निर्माण | १ | १० | १ | २ | ३ |
| १ | हेलिप्याड निर्माण | १ | १० | १ | १ | ३ |
| १ | धर्मशाला निर्माण | १ | १० | १ | २ | ३ |
| १ | जेष्ठनागरिक पार्क निर्माण | १ | १० | १ | १ | ३ |
| १ | इन्द्रेणी नाउँला भगवती चमेरो गुफा निर्माण तथा मर्मत | १ | १० | १ | २ | ३ |
| १ | निमिण छडा झरणा निर्माण | १ | १० | १ | २ | ३ |
| १ | युवा पर्यटन व्यवसायी सहयोग कार्यक्रम | १ | १० | १ | २ | ३ |
| १ | पर्यटन व्यवसायीहरुलाई अतिथि सत्कार तालिम | १ | १० | १ | २ | ३ |
| १ | पर्यटन गाइडका लागि युवाहरुलाई तालिम | १ | १० | १ | २ | ३ |
| १ | कृषि पर्यटनमुखी व्यवसायहरुमा आवद्ध युवालाई सहयोग | १ | १० | १ | २ | ३ |
| १ | देउडा साँस्कृति विकासका कार्यक्रम सञ्चालन | १ | १० | १ | २ | ३ |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | गा.पा.को आन्तरिक आय वृद्धिमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २% | १०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | पर्यटकीय क्षेत्रको एकिकृत विकास |
| **२** | **असर** | | | | | | |
| २.१ | पर्यटकीय क्षेत्रको वृहत पहिचान भई एकीकृत विकास हुने | संख्या | ० | ५ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सवै पक्षको सहयोग मिल्ने |
| २.२ | पर्यटकीय क्षेत्रको वृहत प्रचार प्रसार भई पर्यटकको संख्यामा वृद्धि हुने | प्रतिशत | ०% | २०% | पर्यटन विकास वोर्ड | गा.पा. प्रशासन | प्रविधिमा आवद्ध युवाहरुले स्वयमसेवक भइ काम गर्ने। |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | भिडियो डकुमेन्टरी मार्फत प्रचार हुने | संख्या | ० | ५ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | नेट इन्टरनेटको सहज व्यवस्थापन हुने |
| ३.२ | अत्याधुनिक संरचनाको विकास हुने | संख्या | ० | ३ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | आवधिक योजनाको सहि कार्यान्वयन हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | स्थानीय युवाहरुले पर्यटन क्षेत्रमा उद्यमहरु सञ्चालन गर्ने । | संख्या | ० | ५ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | पर्यटन क्षेत्रमा प्रतिफलमुखि व्यवसायमा युवाको चासो बढ्नेछ |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

#### ४.३.६ अनुमान तथा जोखिम पक्ष

प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, बजेट अभाव र प्राविधिक जनशक्ति कमीका कारण पर्यटन विकासमा अवरोध आउन सक्छ । पर्यटकले पाउनु पर्ने आधारभूत सुविधाको अभाव, प्रचारप्रसारको कमिकमजोरी र स्थानीय सहभागिताको न्यूनताले अपेक्षित पर्यटन वृद्धि नहुन सक्ने जोखिम छ ।

### ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

#### ४.४.१ पृष्ठभूमि

आर्थिक संरचना मुख्यतः कृषि र पशुपालनमा आधारित भए पनि साना तथा मझौला उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति प्रणाली नियमित चलिहेरेको छ । मुख्यगरि गाउँपालिकामा विस्तार गरिएका सडक सञ्जालहरुका कारण आपूर्ति व्यवस्था सहज हुदै गएको छ । स्थानीय स्रोत, जडिबुटी, आलु, मकै, गहुँ जस्ता कृषि उपजको प्रशोधन र बजारिकरण गरी उद्योग व्यवसाय सुदृढ गर्न सकिने प्रशस्त सम्भावनाहरु देखिन्छन् । हाल गाउँमा साना उद्योगहरू सीमित मात्रामा सञ्चालनमा छन् र व्यवस्थित बजार संरचना अभावका कारण उत्पादित वस्तुको उचित मूल्य प्राप्त गर्न कठिनाइ भएकोले साना तथा मझौला उद्योगहरुको तीव्र विकासमा केहि अवरोध भइरहेको देखिन्छ ।

#### ४.४.२ समस्या तथा चुनौती

उद्योग, व्यापार र व्यवसाय क्षेत्रले सोचे अनुरुप अपेक्षित गति लिन सकेको छैन । आधारभूत पूर्वाधारको न्यूनता, वित्तीय संस्थामा पहुँच अभाव, सस्तो वित्तीय ऋणको कठिनाइ, बजार अभाव र प्रविधिको कमी प्रमुख समस्याहरू हुन् । स्थानीय उत्पादनको प्रशोधन, भण्डारण तथा ढुवानी प्रणाली व्यवस्थित नभएका कारण कृषिजन्य तथा अन्य वस्तुहरूको उचित मूल्य निर्धारण हुन सक्दैन । व्यवसाय सञ्चालनका लागि आवश्यक सीप र तालिमको कमीले पनि उद्यमशीलता विकासमा अवरोध पुऱ्याएको देखिन्छ । विशेषगरि वर्षातको समयमा आपूर्ति प्रणाली कमजोर हुने भएकोले उपभोग्य वस्तुहरू महँगो र अनियमित रूपमा उपलब्ध हुन्छन् ।

गाउँपालिकाको उद्योग तथा व्यापार विकासमा दिगो पूर्वाधार निर्माण, वित्तीय पहुँच विस्तार र उद्यमशीलता प्रवर्द्धन गर्नु प्रमुख चुनौती हो । दुर्गम भौगोलिक अवस्थाले ढुवानी खर्च बढि आउने हुँदा उत्पादन प्रतिस्पर्धा क्षमतामा प्रत्यक्ष असर गर्दछ । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न आवश्यक गुणस्तर, प्याकेजिङ, प्रमाणीकरण र ब्रान्डिङ जस्ता कार्यहरु चुनौतीपूर्ण छन् । व्यवसायी तथा उद्यमीहरूमा व्यवसायिक सोच र दीर्घकालीन लगानी प्रवृत्तिको अभाव छ । आपूर्ति प्रणालीलाई स्थायी र सुलभ बनाउन सरकारी र निजी क्षेत्रबीच समन्वय तथा सहकार्य सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ ।

#### ४.४.३ सम्भावना तथा अवसर

रैथाने बाली सहितको कृषि उपज, जडिबुटी तथा पशुपालनजन्य उत्पादनको प्रशोधन र बजारिकरणको क्षेत्रमा मझौला उद्योग स्थापना गर्न सकिने ठूलो सम्भावना छ । लघु तथा घरेलु उद्योगको सम्भाव्यता अध्ययन गरि स्थानीय युवाहरुलाई सार्वजनिक–निजी साझेदारिता मार्फत उद्योगहरु स्थापना गर्न सकिने अवस्था छ । पर्यटनसँग सम्बन्धित उद्योग जस्तै होमस्टे, हस्तकला तथा मौलिक उत्पादन व्यवसाय विस्तारको पनि सम्भावना छ । साना जलविद्युत् आयोजना तथा सौर्य ऊर्जाको विकासले उद्योग सञ्चालनमा

ऊर्जा आपूर्तिको समस्या समाधान गर्न सक्छ। युवालाई स्वरोजगारमुखी बनाउन सीपमूलक तालिम र व्यवसायिक शिक्षाको अवसर सृजना गर्न सकिन्छ।

उद्योग तथा व्यापार प्रवर्द्धनका लागि गाउँपालिकाले नीति तथा बजेटमा प्राथमिकता दिदै आएको छ जुन एक महत्वपूर्ण अवसर पनि हो। संघीय, प्रदेश र स्थानीय सरकार तथा गैरसरकारी निकायहरूबाट सहकार्य र अनुदानमार्फत लघु उद्योग प्रवर्द्धन गर्न सकिने अवस्था छ। कृषि उत्पादनमा विविधीकरण हुँदै गएकाले कृषि तथा पशुपन्छी केन्द्रित उद्योग स्थापना गर्न प्रशस्त अवसारहरु छन। यातायात र सञ्चार पूर्वाधार विस्तार हुँदै गएकोले बाह्य बजार पहुँच वृद्धि हुँदै गएको छ। सहकारी संस्थाहरूले साना व्यवसायलाई वित्तीय पहुँच विस्तारमा सहयोग गर्न सक्ने र वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता कार्यक्रममा समेट्ने अवसर समेत बढ्दो छ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

स्थानिय स्रोत र सीपको अधिकतम उपयोग गर्दै साना तथा घरेलु उद्योग, व्यापार र आपूर्ति प्रणालीको सुदृढ विकास गरी आर्थिक आत्मनिर्भरता हासिल गर्ने।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) स्थानीय उत्पादनहरूको प्रशोधन, भण्डारण तथा बजार विस्तार गर्दै लघु तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने।

(ख) व्यापार, व्यवसाय तथा आपूर्ति प्रणाली सुधार गर्न यातायात, सञ्चार तथा वित्तीय पहुँचका पूर्वाधार सुदृढ गर्ने।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीतिहरु**

- स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गरी लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापना, सञ्चालन र प्रवर्द्धन प्रभावकारी बनाउने।
- लगानीकर्ता तथा गैरआवासीय नेपालीलाई औद्योगिक लगानीमा आकर्षित गर्न प्रोत्साहनात्मक नीतिगत व्यवस्था तथा सहुलियत सुविधा विकास गर्ने।
- कृषि, जडिबुटी, पर्यटन र हस्तकला जस्ता स्थानीय उत्पादनहरूमा आधारित उद्योगहरू स्थापना गर्न सहकारी तथा निजी क्षेत्रसँग साझेदारी विस्तार गर्ने।
- व्यवसायिक सीप विकासका लागि प्राविधिक तालिम तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै स्थानीय युवा, महिला र विपन्न समुदायलाई उद्यममा संलग्न गराउने।
- यातायात, ऊर्जा, सञ्चार र वित्तीय पहुँच सुदृढ गरी उद्योग तथा व्यापार अनुकूल पूर्वाधार विकास र बजार विस्तारमा प्राथमिकता दिने।

**कार्यनीतिहरु**

- गाउँपालिकाभर लघुउद्यम विकास कार्यक्रम विस्तार गरी गरिबी निवारणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- परम्परागत सीपमा आधारित साना उद्योगहरूको स्थापना तथा सुदृढीकरणलाई प्राथमिकता दिइनेछ।
- बाह्य सहयोगलाई समेत लक्षित गर्दै विशेष औद्योगिक लगानी प्रोत्साहन योजना लागू गरिनेछ।
- उद्योग स्थापनाका लागि सहज नीतिगत व्यवस्था तथा सहुलियतपूर्ण सुविधा प्रदान गरिनेछ।
- गाउँपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको प्रशोधन तथा निकासीमा विशेष जोड दिइनेछ।

- रैथाने बाली सहितको कृषि उत्पादनको मूल्य अभिवृद्धि गरी स्थानीय कृषि तथा हस्तकला उद्योग स्थापना गरिनेछ।
- प्रत्येक वडामा उद्यमशील युवाहरूको समूह निर्माण गरी सीप र प्रविधिको संरक्षण तथा विकास गरिनेछ।
- युवा, महिला तथा विपन्न वर्गलाई लक्षित गरी प्राविधिक तालिम तथा व्यवसायिक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- उद्योग र व्यापार सहज बनाउने गरी यातायात, सञ्चार तथा ऊर्जा पूर्वाधार सुदृढीकरण गरिनेछ।
- स्थानीय उत्पादनहरूको बजार पहुँच विस्तारका लागि सहकारी तथा निजी क्षेत्रसँग साझेदारी विकास गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | उद्योग विकास रणनीतिक योजना निर्माण | १ | ८ | ४ | २ | २ |
| १ | हाल सञ्चालित साना तथा मझौला उद्योग सहयोग कार्यक्रम | १ | ८ | ४ | २ | २ |
| १ | रैथानेबाली जौं र कोदोको कुकिज तयारी उद्योग निर्माण | १ | २ र ८ | ४ | १ | २ |
| १ | अल्लो खेतीका लागि कृषक सहयोग कार्यक्रम | १ | ८ | ४ | १ | २ |
| १ | अल्लो प्रशोधन उद्योग सञ्चालन | १ | ८ | ४ | २ | २ |
| १ | गौमुल -जल उद्योग सञ्चालनका लागि सम्भाव्यता अध्ययन | १ | ८ | ४ | २ | २ |
| १ | ऊन प्रशोधन तथा राडिपाखी उद्योग स्थापना | १ | ८ | ४ | १ | २ |
| १ | परम्परागत उद्योगहरु आरन, बाजा, छाला उद्योग प्रबर्द्धन | १ | ८ | ४ | २ | २ |
| १ | टोल-टोलमा कुटानी-पिसानी मिल स्थापना | १ | ८ | ४ | १ | २ |
| १ | व्यवसायिक योजना निर्माणमा चरणबद्ध तालिम सञ्चालन | १ | ८ | ४ | २ | २ |
| १ | गौमुल-जल उद्योग सञ्चालन | १ | ८ | ४ | २ | २ |

**४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ० | १०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | उद्योग सञ्चालनमा वातावरण सहज हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | रोजगारीका अवसरहरूमा वृद्धि | प्रतिशत | ० | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवाको सोच सकारात्मक हुने |
| २.२ | उत्पादित वस्तुको वजारीकरण हुने | प्रतिशत | ० | ३०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | यातायातको सुविधा थप हुने |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | साना तथा मझौला उद्योग सञ्चालन हुने | संख्या | ० | ५ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | यातायातको सुविधा थप हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | कच्चा पदार्थको रुपमा उत्पादित वस्तुले वजार पाउने | प्रतिशत | ० | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवाहरु उद्यमशिलतामा आकर्षित हुने |
| ३.३ | आयातमा न्यूनीकरण भई निर्यातमा वृद्धि हुने | प्रतिशत | ० | ३०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | भौतिक संरचनाको विकास हुने |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ४.४.६ अनुमान तथा जोखिम पक्ष

स्थानिय स्रोत र मौलिक सीपको प्रभावकारी उपयोग हुने अनुमान गरिएको छ। लघु, घरेलु, साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालनमा सरकारी तथा निजी क्षेत्रबाट आवश्यक सहयोग प्राप्त हुनेछ। युवा तथा महिलाहरू उद्यमशीलता र व्यावसायिक तालिम कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भई स्वरोजगार र आत्मनिर्भरता हासिल गर्नेछन्। उद्योग तथा व्यापार विकासमा विभिन्न जोखिमहरू विद्यमान छन्। बजेट अभाव, कार्यक्रमको ढिला कार्यान्वयन र नीति सहजीकरणको कमीले लक्षित परिणाम प्राप्त गर्न कठिन हुन सक्छ। दुर्गम भौगोलिक अवस्थाले ढुवानी खर्च बढाई उत्पादन प्रतिस्पर्धा क्षमतामा बाधा पुग्ने जोखिम छ। सीप र प्रविधिको अभावले नयाँ उद्यमहरू दीगो सञ्चालनमा असफल हुन सक्छन्। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र बजार उतारचढावले व्यापार तथा आपूर्ति प्रणाली अस्थिर बनाउन सक्छ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

#### ४.५.१ पृष्ठभूमि

यस गाउँपालिकामा श्रम र रोजगारीको अवस्था चुनौतीपूर्ण छ किनकी कृषि, पशुपालन र जडिबुटी संकलन जस्ता परम्परागत पेशामा निर्भर जनसंख्या बढी भएको र कुनै नियमित स्वरोजगारका अवसरहरु नभएको हुँदा उत्पादनशील र व्यवसायिक श्रम उपयोग न्यून छ। वैदेशिक रोजगारी मुख्य आयस्रोत बनेकाले युवाशक्ति खाडी तथा भारतमा कामका लागि पलायन हुने प्रवृत्ति बढ्दो छ। स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्ने प्रयास सीमित छन् भने औपचारिक रोजगारीको अवसर झनै कम छ। सीप विकास, उद्यमशीलता प्रवर्द्धन र व्यवसायिक तालिम कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन हुन सकेका छैनन्। सामाजिक सुरक्षाको सन्दर्भमा वृद्धभत्ता, अपांगता भत्ता, विधवा भत्ता जस्ता कार्यक्रम सञ्चालनमा छन् तर पहुँच र प्रभावकारिता बढाउन अझै काम गर्नुपर्ने देखिन्छ। असंगठित क्षेत्रका श्रमिकहरूको संरक्षण, श्रम अधिकारको सुनिश्चितता र दिगो स्वरोजगार सिर्जनामा स्थानीय सरकारको भूमिका थप सशक्त बनाउन आवश्यक छ।

#### ४.५.२ समस्या तथा चुनौती

श्रम र रोजगारी तथा सामाजिक सुरक्षाको क्षेत्रमा थुप्रै समस्या विद्यमान छन्। उत्पादनशील श्रम प्रयोग कम भएको छ र सीपयुक्त श्रमिकहरूको संख्या न्यून छ। वैदेशिक रोजगारीमा निर्भरता अत्यधिक भएकाले स्थानीय रोजगारी सिर्जना चुनौतीपूर्ण छ। स्वरोजगारमुखी उद्यमहरूको विकास सुस्त छ भने युवाहरू कृषिमा आकर्षित हुन चाहँदैनन्। श्रम बजार व्यवस्थित छैन र बेरोजगारी दर उच्च छ। सामाजिक सुरक्षा कार्यक्रमलाई अति पिछडिएको वर्गमाझ मात्र प्रभावकारी हुन सकेको छैन। अनौपचारिक क्षेत्रमा कार्यरत सबै श्रमिकहरू विभिन्न प्रकारका सेवा सुविधाहरुमा समेटिन सकेका छैनन्। असंगठित क्षेत्रका श्रमिकहरू सामाजिक सुरक्षा सञ्जाल बाहिर छन् र श्रम अधिकार सुनिश्चितता कमजोर देखिन्छ।

स्थानीय स्तरमा दिगो र उत्पादनशील रोजगारी सिर्जना गर्नु प्रमुख चुनौती हो। प्रविधि र सीप अभावका कारण श्रमिकहरूको क्षमता विकास गर्न कठिनाइ छ। कृषि तथा साना उद्यमहरूलाई व्यवसायिक र आकर्षक बनाउनु पर्ने छ ताकि युवा पुस्तालाई रोजगारीका लागि स्थानीयस्तरमा नै आबद्ध गर्न कठिनाइ छ। सामाजिक सुरक्षाको पहुँच र कार्यान्वयनमा पारदर्शिता र समावेशिता सुनिश्चित गर्न

आवश्यक छ। असंगठित श्रमिकहरूको दर्ता, श्रम अधिकारको संरक्षण तथा न्यूनतम रोजगारीको सुनिश्चितता गर्ने संरचनात्मक नीति निर्माण चुनौतीपूर्ण रहेको छ। स्वरोजगार र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु अर्को ठूलो चुनौती हो।

**४.५.३ सम्भावना तथा अवसर**

कृषि, पशुपालन, जडिबुटी संकलन, पर्यटन र साना व्यवसाय विस्तारमार्फत स्थानीय रोजगारी सिर्जना गर्ने ठूलो सम्भावना छ। वैदेशिक रोजगारीबाट फर्किएका युवालाई सीप विकास तालिममार्फत उद्यमशीलता अभिवृद्धि गर्न सकिन्छ। व्यवसायिक कृषि, होमस्टे, हस्तकला र सेवामूलक व्यवसायले रोजगारीका अवसर बढाउन सक्छ। गाउँपालिकाले श्रम, स्वरोजगार र सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइरहेको छ। संघीय तथा प्रदेश सरकारका स्वरोजगार तथा सीप विकास योजना सदुपयोग गर्ने अवसर छ। सहकारी र निजी क्षेत्रसँग साझेदारी गर्दै लघु उद्यम विकास, तालिम, वित्तीय पहुँच विस्तार र समाजका सबै वर्गलाई समेट्ने सामाजिक सुरक्षा प्रणाली सुदृढ गर्न सकिन्छ।

**४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना**

**१) उपक्षेत्रगत लक्ष्य**

स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गर्दै दिगो रोजगारी सिर्जना र सामाजिक सुरक्षाको पहुँच विस्तार गरी आर्थिक स्वावलम्बन र सामाजिक संरक्षण सुनिश्चित गर्ने।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक सीप विकास कार्यक्रममार्फत स्थानीय स्तरमा उत्पादनशील रोजगारी सिर्जना गर्ने,
(ख) सामाजिक सुरक्षा योजना सुदृढ गर्दै श्रमिक वर्गको संरक्षण तथा श्रम अधिकारको सुनिश्चितता गराउने,

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीतिहरु**

- स्थानीय स्रोत र सीपको उपयोग गर्दै स्वरोजगार तथा साना उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने,
- व्यवसायिक तालिम, उद्यमशीलता विकास र सीपमूलक शिक्षामार्फत उत्पादनशील श्रम बजार तयार गर्ने,
- वैदेशिक रोजगारमा निर्भरता घटाई स्थानीय स्तरमा दिगो रोजगारी सिर्जनाका कार्यक्रमहरू विस्तार गर्ने,
- असंगठित क्षेत्रका श्रमिकहरूको दर्ता, सुरक्षा र अधिकार सुनिश्चित गर्न नीतिगत सुधार तथा कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा योजना (वृद्धभत्ता, अपांगता भत्ता, श्रमिक बीमा आदि) को पहुँच, प्रभावकारिता र समावेशिता सुदृढ गर्ने,

**कार्यनीतिहरु**

- कृषि, पशुपालन, जडिबुटी तथा हस्तकला आधारित स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु तथा घरेलु उद्योग स्थापना गर्न सहकारी र निजी क्षेत्रसँग साझेदारी गरिनेछ।
- स्थानीय युवालाई लक्षित गरी सीप विकास तथा उद्यमशीलता तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय तहमै सीपमूलक शिक्षालाई प्रवर्द्धन गरी भविष्यका लागि श्रमिक तयारी गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई स्थानीय उद्यम विकासमा आकर्षित गरिनेछ।
- स्थानीय उत्पादन र सेवा क्षेत्रमा लगानी प्रवर्द्धन गरेर रोजगारी सिर्जना गरिनेछ।
- असंगठित श्रमिकहरूको अभिलेखीकरण र परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यूनतम पारिश्रमिक, सुरक्षित कार्यस्थल र श्रमिक बीमा व्यवस्था लागू गरिनेछ।

- वृद्ध, अपांगता, विधवा तथा असहाय वर्गका लागि सामाजिक सुरक्षा भत्ता कार्यक्रम विस्तार गरिनेछ।
- श्रमिक तथा असंगठित क्षेत्रका व्यक्तिहरूलाई सामाजिक बीमा तथा सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | वेरोजगार तथा रोजगार जनशक्तिको तथ्याङ्क बैक अद्यावधिक | १ | ८ | ५ | २ | ३ |
| १ | वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यम विकास सहयोग | १ | ८ | ५ | २ | ३ |
| १ | अनौपचारिक क्षेत्रमा संलग्न कामदारको विमा अभिमुखीकरण | १ | ८ | ५ | २ | ३ |
| १ | एक वडा एक बहुउद्देश्यीय सहकारी व्यवस्थापन कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | लैंङ्गिक अल्पसंख्यक व्यक्ति सहयोग कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | सहकारीका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | सहकारीमा प्रविधि सहयोग कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | विदेशमा श्रमिकको मृत्यू भएमा शब नेपाल ल्याउने | १ | ८ | ५ | २ | ३ |
| १ | श्रम स्विकृति र पुन:श्रम उपलब्ध गराउने | १ | ८ | ५ | २ | ३ |
| १ | श्रमको सम्मान राष्ट्रको अभियान-श्रमिक सम्मान | १ | ८ | ५ | २ | ३ |

**४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | गा.पा.को विकासमा श्रम तथा रोजगारीको योगदान | प्रतिशत | ०% | ५% | गा.पा. | गा.पा. | युवा रोजगारीममा सबै पक्षको साझा सहयोग रहनेछ। |
| **२** | **असर** | | | | | | |
| २.१ | स्वरोजगारका अवसरहरूमा वृद्धि हुने | जना | १५० | १२०० | गा.पा. | गा.पा. | युवाहरु स्वदेशमै रोजगारीमा आबद्ध हुन रुचाउनेछन् |
| २.२ | सामाजिक सुरक्षामा पिछडिएको वर्गको समान पहुँचमा वृद्धि हुनेछ | प्रतिशत | | | गा.पा. | गा.पा. | सामाजिक सुरक्षा कोषले निरन्तरता पाउनेछ। |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | गा.पा.ले श्रम तथा रोजगारीमा लगानी वृद्धि गर्ने | प्रतिशत | ५% | ७% | गा.पा. | गा.पा. | आन्तरिक राजश्व वृद्धि भएमा। |
| ३.२ | स्थानीय वडातहमा नै सामाजिक सुरक्षा वितरण | प्रतिशत | २% | ७५% | गा.पा. | गा.पा. | वडास्तरमा संरचनाको विकास भएको हुनेछ। |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

स्थानिय स्रोत, सीप तथा कार्यक्रमहरूको प्रभावकारी उपयोग भई स्वरोजगार र दिगो रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । व्यवसायिक तालिम, उद्यमशीलता प्रवर्द्धन र सामाजिक सुरक्षा विस्तारका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने विश्वास गरिएको छ । तर बजेटको अभाव, सीप र प्रविधिको कमी, वैदेशिक रोजगारी आकर्षणको निरन्तरता तथा असंगठित क्षेत्रको उच्च हिस्सा जस्ता कारणले योजनाबद्ध लक्ष्य प्राप्तिमा अवरोध आउन सक्छ।

## आर्थिक विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको बजेट तथा वार्षिक लक्ष्य

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **मुख्य क्षेत्रगत विषय : आर्थिक विकास क्षेत्र** | | | | **५४५००** | | **६२०५०** | | **५८०००** | | **५०७५०** | | **६७१००** | | **२९२४००** | |
| **उपक्षेत्रगत विषय :कृषि खाद्य सुरक्षा तथा पशुपन्छी विकास** | | | | **३१९१०** | | **३१७१०** | | **३१७१०** | | **३१८१०** | | **४२८१०** | | **१६९९५०** | |
| १ | माटो परीक्षण गरि पकेट क्षेत्रमा बाली विशिष्टिकरण | स्थान | २ | २०० | २ | २०० | २ | २०० | ० | ० | ० | ० | ६ | ६०० | १०० |
| २ | कोदो जौं चिनो कागुन फापर तथा मकै उत्पादनमा व्यवसायिकरण | रोपनी | ६०० | ३००० | ६०० | ३००० | ६०० | ३००० | ६०० | ३००० | ६०० | ३००० | ३००० | १५००० | ५ |
| ३ | वडा नं १ २ र ३ मा आलु र सिमीको पकेट विकास | रोपनी | ३०० | ४५०० | ३०० | ४५०० | ३०० | ४५०० | ३०० | ४५०० | ३०० | ४५०० | १५०० | २२५०० | १५ |
| ४ | वडा नं १ देखि ६ सम्म फलफूल खेती कार्यक्रम | रोपनी | ६० | ३००० | ६० | ३००० | ६० | ३००० | ६० | ३००० | १२० | ६००० | ३६० | १८००० | ५० |
| ५ | वडा नं १ देखि ६ सम्म जडिबुटी उत्पादन-बजारीकरण | रोपनी | ६० | ३००० | ६० | ३००० | ६० | ३००० | ६० | ३००० | १२० | ६००० | ३६० | १८००० | ५० |
| ६ | स्थानीय बालीको वीउँ उत्पादन तथा संरक्षण कार्यक्रम | घरधुरी | ८० | १२०० | १२० | १८०० | १२० | १८०० | १२० | १८०० | १२० | १८०० | ५६० | ८४०० | १५ |
| ७ | बेसार खेतीको व्यवसायीकरण | घरधुरी | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | १५० | २२५० | १५ |
| ८ | मसला बाली प्रवर्द्धन कार्यक्रम | घरधुरी | १०० | ६००० | १०० | ६००० | १०० | ६००० | १०० | ६००० | १०० | ६००० | ५०० | ३०००० | ६० |
| ९ | सामूहिक तथा करार खेती प्रवर्द्धन कार्यक्रम | संख्या | १२ | १८०० | १२ | १८०० | १२ | १८०० | १२ | १८०० | १२ | १८०० | ६० | ९००० | १५० |
| १० | प्राङ्गारिक खेती विस्तारका लागि कृषक पाठशाला कार्यक्रम | घरधुरी | ३०० | ३००० | ३०० | ३००० | ३०० | ३००० | ३०० | ३००० | ६०० | ६००० | १८०० | १८००० | १० |
| ११ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | घरधुरी | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | १२० | १८०० | ३६० | ५४०० | १५ |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १२ | आर्थिक सर्वेक्षण मार्फत गरिबीको स्तरीकरण तथा कृषक परिचयपत्र वितरण | पटक | १ | ५०० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | २ | १००० | ५०० |
| १३ | १ देखि ६ सम्म व्यवसायिक भेडाबाख्रा पालनमा सहयोग | घरधुरी | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ६० | १८०० | १८० | ५४०० | ३० |
| १४ | स्थानीय पशुमा नश्ल सुधार तथा पशुपन्छी उपचार कार्यक्रम | इभेन्ट | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | ६० | १८०० | ३० |
| १५ | स्थानीय एग्रोभेट व्यवसायी प्रवर्द्धन कार्यक्रम | जना | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| १६ | कृषि तथा पशु विमा कार्यक्रम अन्तर्गत अभिमुखीकरण अभियान | इभेन्ट | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | १५० | १५०० | १० |
| १७ | भकारो सुधार कार्यक्रम सञ्चालन | घरधुरी | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | १५० | ४५०० | ३० |
| १८ | पालिकास्तरीय सङ्कलन केन्द्रको स्तरोन्नती | संख्या | १ | ३०० | ० | ० | ० | ० | १ | ३०० | ० | ० | २ | ६०० | ३०० |
| १९ | पौष्टिक तथा आहारा व्यवस्थापनका लागि डालेघाँस रोपन | घरधुरी | २०० | १००० | २०० | १००० | २०० | १००० | २०० | १००० | २०० | १००० | १००० | ५००० | ५ |
| २० | पशुहरुको लागि औषधी व्यवस्थापन | एकमुष्ट | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | ३०० |
| **उपक्षेत्रगत विषय :सिंचाई** | | | | **५८००** | | **२८००** | | **२८००** | | **३३००** | | **३८००** | | **१८५००** | |
| १ | वडा नं १ मा १ वटा सिँचाइ कुलो निर्माण | संख्या | १ | ५०० | ० | ० | ० | ० | १ | ५०० | ० | ० | २ | १००० | ५०० |
| २ | वडा नं २ मा ३ वटा सिँचाइ कुलो निर्माण | संख्या | १ | ५०० | १ | ५०० | ० | ० | १ | ५०० | ० | ० | ३ | १५०० | ५०० |
| ३ | वडा नं ३ को गर्जे गदेलोटे सिचाई निर्माण ३ | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | ० | ० | ० | ० | ३ | १५०० | ५०० |
| ४ | वडा नं ४ को सहेलाखाडा खडिखेत सिचाई कुलो ८ | संख्या | १ | ५०० | १ | ५०० | २ | १००० | २ | १००० | १ | ५०० | ७ | ३५०० | ५०० |
| ५ | वडा नं ५ को उतिसाडी लेता सिचाई निर्माण१ | संख्या | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ६ | वडा नं ६ को दहखोला सालिकोट सिचाई कुलो निर्माण १० | संख्या | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| ७ | आकाशेपानी सङ्कलन पोखरी निर्माण | संख्या | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ८ | लिफ्ट सिंचाई निर्माण | संख्या | १ | २००० | ० | ० | ० | ० | ० | ० | १ | २००० | २ | ४००० | २००० |
| **उपक्षेत्रगत विषय :पर्यटन संस्कृति तथा सम्पदा** | | | | **६९७०** | | **५२२०** | | **१०५७०** | | **७७२०** | | **७५७०** | | **३८०५०** | |
| १ | गौमुल पर्यटन क्षेत्र विकासको गुरुयोजना निर्माण | पटक | १ | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १००० | १००० |
| २ | घट्मुना-गौमुल पर्यटन सडक निर्माण | किमि | ५ | २५०० | ५ | २५०० | १० | ५००० | १० | ५००० | १० | ५००० | ४० | २०००० | ५०० |
| ३ | धार्मिकस्थल अर्थात मन्दिर निर्माण | संख्या | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ४ | हेलिप्याड निर्माण | संख्या | ६ | १८० | ६ | १८० | ६ | १८० | ६ | १८० | ६ | १८० | ३० | ९०० | ३० |
| ५ | धर्मशाला निर्माण | संख्या | ६ | २४० | ६ | २४० | ६ | २४० | ६ | २४० | ६ | २४० | ३० | १२०० | ४० |
| ६ | जेष्ठनागरिक पार्क निर्माण | संख्या | ३ | १५० | ६ | ३०० | ३ | १५० | ६ | ३०० | ३ | १५० | २१ | १०५० | ५० |
| ७ | इन्द्रेणी नाउँला भगवती चमेरो गुफा निर्माण तथा मर्मत | संख्या | १ | १००० | ० | ० | १ | १००० | ० | ० | ० | ० | २ | २००० | १००० |
| ८ | निमिण छडा झरणा निर्माण | संख्या | ० | ० | ० | ० | १ | २००० | ० | ० | ० | ० | १ | २००० | २००० |
| ९ | युवा पर्यटन व्यवसायी सहयोग कार्यक्रम | संख्या | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | १० | ५०० | ५० |
| १० | पर्यटन व्यवसायीहरुलाई अतिथि सत्कार तालिम | संख्या | ० | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ४ | २०० | ५० |
| ११ | पर्यटन गाइडका लागि युवाहरुलाई तालिम | संख्या | ० | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ४ | २०० | ५० |
| १२ | कृषि पर्यटनमुखी व्यवसायहरुमा आवद्ध युवालाई सहयोग | संख्या | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | १० | १५०० | १५० |
| १३ | देउडा साँस्कृति विकासका कार्यक्रम सञ्चालन | संख्या | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ३० | ६००० | २०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **उपक्षेत्रगत विषय :उद्योग व्यापार व्यवसाय तथा आपूर्ति** | | | | **५६८०** | | **१८१८०** | | **८१८०** | | **३१८०** | | **८१८०** | | **४३४००** | |
| १ | उद्योग विकास रणनीतिक योजना निर्माण | पटक | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |
| २ | हाल सञ्चालित साना तथा मझौला उद्योग सहयोग कार्यक्रम | पटक | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ३ | रैथानेबाली जौं र कोदोको कुकिज तयारी उद्योग निर्माण | संख्या | ० | ० | १ | ५००० | ० | ० | ० | ० | ० | ० | १ | ५००० | ५००० |
| ४ | अल्लो खेतीका लागि कृषक सहयोग कार्यक्रम | संख्या | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ३०० | ४५०० | १५ |
| ५ | अल्लो प्रशोधन उद्योग सञ्चालन | संख्या | ० | ० | ० | ० | १ | ५००० | ० | ० | ० | ० | १ | ५००० | ५००० |
| ६ | गौमुल -जल उद्योग सञ्चालनका लागि सम्भाव्यता अध्ययन | संख्या | १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २००० | २००० |
| ७ | ऊन प्रशोधन तथा राडिपाखी उद्योग स्थापना | संख्या | ० | ० | १ | ५००० | ० | ० | ० | ० | १ | ५००० | २ | १०००० | ५००० |
| ८ | परम्परागत उद्योगहरु आरन, बाजा, छाला उद्योग प्रबर्द्धन | संख्या | ६ | १८० | ६ | १८० | ६ | १८० | ६ | १८० | ६ | १८० | ३० | ९०० | ३० |
| ९ | टोल-टोलमा कुटानी-पिसानी मिल स्थापना | संख्या | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| १० | व्यवसायिक योजना निर्माणमा चरणबद्ध तालिम सञ्चालन | संख्या | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | १५ | ७५०० | ५०० |
| ११ | गौमुल-जल उद्योग सञ्चालन | संख्या | ० | ० | १ | ५००० | ० | ० | ० | ० | ० | ० | १ | ५००० | ५००० |
| **उपक्षेत्रगत विषय :श्रम रोजगारी र सामाजिक सुरक्षा** | | | | **४१४०** | | **४१४०** | | **४७४०** | | **४७४०** | | **४७४०** | | **२२५००** | |
| १ | वेरोजगार तथा रोजगार जनशक्तिको तथ्याङ्क बैक अद्यावधिक | पटक | १ | १० | १ | १० | १ | १० | १ | १० | १ | १० | ५ | ५० | १० |

| क्र.सं. | | | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | कार्यक्रम तथा आयोजना | एकाइ | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| २ | वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यम विकास सहयोग | संख्या | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | १२ | ३६० | ६० | १८०० | ३० |
| ३ | अनौपचारिक क्षेत्रमा संलग्न कामदारको विमा अभिमुखीकरण | इभेन्ट | ६ | ३० | ६ | ३० | ६ | ३० | ६ | ३० | ६ | ३० | ३० | १५० | ५ |
| ४ | एक वडा एक बहुउद्देश्यीय सहकारी व्यवस्थापन कार्यक्रम | संख्या | ६ | ७२० | ६ | ७२० | ६ | ७२० | ६ | ७२० | ६ | ७२० | ३० | ३६०० | १२० |
| ५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | जना | ३० | १५० | ३० | १५० | ३० | १५० | ३० | १५० | ३० | १५० | १५० | ७५० | ५ |
| ६ | अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास कार्यक्रम | संख्या | ६० | ६०० | ६० | ६०० | १२० | १२०० | १२० | १२०० | १२० | १२०० | ४८० | ४८०० | १० |
| ७ | लैंङ्गिक अल्पसंख्यक व्यक्ति सहयोग कार्यक्रम | इभेन्ट | १ | २० | १ | २० | १ | २० | १ | २० | १ | २० | ५ | १०० | २० |
| ८ | सहकारीका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | इभेन्ट | ६ | ४५० | ६ | ४५० | ६ | ४५० | ६ | ४५० | ६ | ४५० | ३० | २२५० | ७५ |
| ९ | सहकारीमा प्रविधि सहयोग कार्यक्रम | संख्या | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ३० | ३००० | १०० |
| १० | विदेशमा श्रमिकको मृत्यू भएमा शब नेपाल ल्याउने | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ११ | श्रम स्विकृति र पुन:श्रम उपलब्ध गराउने | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १२ | श्रमको सम्मान राष्ट्रको अभियान-श्रमिक सम्मान | एकमुष्ट | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | २०० |

# परिच्छेद ५: सामाजिक क्षेत्र

गौमुल गाउँपालिकाको सामाजिक विकास अवस्था मिश्रित छ। शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक समावेशितामा केही सुधार देखिए पनि भौगोलिक विकटता, पूर्वाधारको अभाव, जनचेतनाको कमी तथा मानव संसाधनको सीमितताले सेवा प्रवाहमा चुनौतीहरू छन्। विद्यालय पुग्ने दरमा वृद्धि भएता पनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार देखिएको छैन। स्वास्थ्य संस्थाहरूको पहुँच विस्तार भए पनि दक्ष जनशक्ति र नियमित औषधिको अभाव छ। खानेपानी तथा सरसफाईको अवस्था ग्रामीण बस्तीहरूमा अझै सन्तोषजनक छैन। महिला, बालबालिका, युवा तथा लक्षित वर्गहरू अझै पनि सामाजिक सेवाबाट पूर्ण लाभ लिन सकेका छैनन्।

सामाजिक विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरुमा स्वास्थ्य उपक्षेत्रले दिगो विकासको लक्ष्य ३ (सर्वसुलभ स्वास्थ्य र जीवन–कल्याण) सँग सिधा सम्बन्ध राख्दछ। दोस्रो, शिक्षा उपक्षेत्रले दिगो विकासको लक्ष्य ४ (गुणस्तरीय शिक्षा) को कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित छ। तेस्रो, खानेपानी तथा सरसफाई उपक्षेत्रले दिगो विकासको लक्ष्य ६ (सफा पानी तथा सरसफाई) सँग जोडिन्छ। चौथो, महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्र दिगो विकासको लक्ष्य ५ (लैङ्गिक समानता), दिगो विकासको लक्ष्य १ (गरिबी अन्त्य), र दिगो विकासको लक्ष्य १० (असमानता न्यूनीकरण) सँग सम्वद्ध छ। पाँचौं, युवा तथा खेलकुद उपक्षेत्रले दिगो विकासको लक्ष्य ८ (रोजगारी र समृद्धि) र दिगो विकासको लक्ष्य १६ (समावेशी समाज) मा योगदान पुर्‍याउँछ। यी उपक्षेत्रहरूमा समन्वित कार्यक्रम तथा लगानीमार्फत समावेशी, न्यायपूर्ण र दिगो सामाजिक विकास हासिल गर्न सकिने सम्भावना रहेको छ।

गौमुल गाउँपालिकाको सामाजिक विकास क्षेत्रको अवस्था विश्लेषण गर्दा सबल पक्षहरु, सुधारात्मक पक्षहरु, अवसर तथा चुनौतीहरु यस अनुसार रहेका देखिन्छन्:

| **सबल पक्षहरु** | **सुधारात्मक पक्षहरु** |
|---|---|
| गाउँपालिकाको केन्द्रमा एउटा आधारभूत अस्पताल निर्माण भएको छ | आधारभूत अस्पत्तालमा विद्युत आपूर्ति गरि यथासक्य चाँडो सञ्चालनमा ल्याउनु जरुरी छ |
| हाल घट्मुनास्थित आधारभूत अस्पत्तालमा उच्च तहको स्वास्थ्य विशेषज्ञ सहित स्वास्थ्योपचार भइरहेको छ | भर्खर निर्मित आधारभूत अस्पत्ताल गाउँपालिका फनपार्क सडक बाहै महिना सञ्चालनमा आउने गरि व्यवस्थापन गर्न आवश्यक छ |
| हरेक वडाहरुमा स्वास्थ्य चौकी तथा तथा आधारभूत स्वास्थ्य केन्द्रहरु पूर्णरुपमा सञ्चालनमा छन | दुर्गम क्षेत्रमा सञ्चालित स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि तथा उपकरण र औषधीहरुको व्यवस्थापनमा ध्यान दिनु जरुरी छ |
| समुदायमा बर्थिङ्क केन्द्रहरु स्थापना गरि सञ्चालन गरिएका छन् | अन्य स्थानको पनि अवलोकन गरि आवश्यकताको आधारमा बर्थिङ्ग केन्द्रहरु स्थापना गरि सेवा विस्तार गर्नु पर्ने देखिन्छ |
| हरेक वडामा बाल विकास केन्द्र देखि माध्यमिक तह सम्मका विद्यालयहरु सञ्चालित छन | सञ्चालित विद्यालयहरुमा दक्ष जनशक्ति, भौतिक सुविधा तथा प्रविधिमैत्री र विपद सहनशिल शिक्षाको व्यवस्थापन गर्न जरुरी छ |
| पढ्दै कमाउँदै कार्यक्रमबाट धैरै विद्यार्थी लाभान्वित भएका | संघ सरकारले यस अन्तर्गत बजेट व्यवस्थापन गर्न छोडेपछि स्थानीय तहलाई व्यवस्थापन गर्न कठिन परेको छ। |
| नमूना विद्यालय सञ्चालन गर्दा अन्य विद्यालयहरुलाई पनि विस्तारै नमूना बनाउँदै जानु पर्ने सिकाइ भएको छ। | नमूना विद्यालय व्यवस्थापनका लागि बजेट व्यवस्थापनमा गाउँपालिकाले रणनीतिक योजना तयार गर्नु पर्ने देखिन्छ। |
| सबै घर परिवारका लागि खानेपानीको व्यवस्थापन भएको | जीर्ण बन्दै गएका खानेपानीका आयोजनाहरु मर्मत तथा पुनर्निर्माण गर्नु पर्ने |

| | |
|---|---|
| महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुसँगको सहकार्यमा गाउँपालिकाले कार्यक्रम सञ्चालन गरिरहेको छ | लक्षित वर्गका कार्यक्रमहरुका अतिरिक्त उनिहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन आवश्यक देखिन्छन। |
| युवाहरु स्वरोजगार तर्फ उन्मुख हुदै गएका छन | युवा रोजगार नीतिको वृहत स्केलमा कार्यान्वियन गर्नु पर्ने देखिन्छ। |
| **अवसरहरु** | **चुनौतीहरु** |
| नेपाल सरकारको एक स्थानीय तह एक अत्याधुनिक अस्पत्ताल निर्माण तथा व्यवस्थापन कार्यक्रम अगाडि बढे अनुसार पालिकामा भवन निर्माण गरिएको छ। | भौतिक संरचनासँगै दक्ष जनशक्ति तथा उपकरण र औषधी व्यवस्थापनको लागि सबै सहयोगी निकायहरुको आर्थिक तथा प्राविधिक सहयोग जरुरी देखिन्छ तर बैकल्पिक व्यवस्थापन कठिन देखिन्छ |
| प्रदेश सरकारको सहयोगमा विभिन्न स्वास्थ्य तथा शिक्षा क्षेत्रमा भौतिक संरचना निर्माण गर्ने कार्य भइरहेका छन् | प्रदेश सरकारले वितरण गर्ने सबै प्रकारका अनुदान भन्दा समुदायका आवश्यकताहरु बढि हुँदा समुचित वितरण गर्न कठिनाइ परेको छ। |
| विभिन्न सहयोगी संघसंस्थाहरुले शिक्षा स्वास्थ्य तथा लक्षित वर्गका कार्यक्रमहरुमा हातेमालो गरिरहेको अवस्था छ। | स्थानीय समुदायले सशक्तिकरणका कार्यक्रम भन्दा आर्थिक उन्नतीका कार्यक्रमहरुको माग गरिरहेको अवस्था छ। |
| बालबालिकामैत्री शासन विस्तारका लागि विभिन्न संघसंस्थाहरु तल्लीन छन | खाद्य असुरक्षा तथा पोषणको अभावमा बालबालिका तथा गर्भवती महिलाहरुको स्वास्थ्य सुधारमा बजेट अभाव छ |

**सामाजिक विकास अन्तर्गतका उपक्षेत्रहरूको विवरण**

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकामा स्वास्थ्य तथा पोषण क्षेत्र सुधारका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। हाल गाउँपालिकामा १० शैयाको अस्पताल, स्वास्थ्य इकाइहरू, फार्मेसी र MBBS डाक्टरसहित सेवा सञ्चालनमा छन्। कोरोना महामारीको बेला सबै नागरिकलाई खोप लगाइएको थियो भने विपन्न परिवारका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ। बस्ती बस्तीमा स्वास्थ्य सेवा पुऱ्याउने र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। सुत्केरी, गर्भवती महिला तथा नवजात शिशुका लागि विशेष चासो दिइएको छ। आयुर्वेदिक सेवा, हाड जोर्नी सम्बन्धी शिविर र पशुपंक्षीको रोग नियन्त्रणमा समेत सक्रियता देखिएको छ। साथै, पोषण सुधारका लागि सचेतानमुलक कार्यक्रमहरु सञ्चालन गर्दै बालविवाह, कम उमेरमा गर्भधारण जस्ता कार्यहरु रोक्न सामाजिक अभियान सञ्चालन गर्दै महिलाको स्वच्छता र पोषण सुरक्षामा ध्यान दिइएको छ। स्वास्थ्य पूर्वसावधानी, सशक्त जनचेतना तथा बृहत सेवा विस्तारका माध्यमबाट गाउँपालिकाले स्वास्थ्य र पोषण क्षेत्रमा उल्लेखनीय सुधार गर्दै आएको छ।

### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य तथा पोषण क्षेत्रमा धैरै समस्या विद्यमान छन्। दुर्गम भौगोलिक अवस्थाका कारण सबै बस्तीमा स्वास्थ्य सेवा पुऱ्याउन कठिनाइ छ। स्वास्थ्य संस्था तथा पूर्वाधारको संख्या र गुणस्तर अपर्याप्त छ। दक्ष जनशक्ति र विशेषज्ञ डाक्टरको अभाव रहेको छ। औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति सुनिश्चित हुन सकेको छैन। आर्थिक अभावले गर्दा विपन्न वर्गले गुणस्तरीय स्वास्थ्य सेवा लिन सकिरहेका छैनन्। बालबालिका र महिलामा कुपोषण समस्या कायमै छ। रोग रोकथामभन्दा उपचारमा बढी ध्यान दिइएको छ। जनस्वास्थ्य शिक्षाको पहुँच कम भएकोले संक्रमण र रोग फैलिन सहज बनेको छ।

स्वास्थ्य तथा पोषण क्षेत्र सुदृढ बनाउन गाउँपालिकाले विभिन्न चुनौतीहरू सामना गर्नुपरेको छ। सबै वडामा आधारभूत र स्तरीय स्वास्थ्य सेवा पहुँच विस्तार गर्नु एक प्रमुख चुनौती हो। दक्ष जनशक्ति भित्र्याउने र दीगो रूपमा स्थायित्व कायम राख्न कठिन छ।

आकस्मिक उद्धार र जटिल रोग उपचारका लागि समयमै सेवा पुऱ्याउन आवश्यक पूर्वाधार र साधनको अभाव छ। पोषण सुधारका लागि दीर्घकालीन व्यवहार परिवर्तन गराउनु चुनौतीपूर्ण छ। बालविवाह, कुपोषण र सरुवा रोग नियन्त्रणमा निरन्तर जनचेतना र सेवा आवश्यक छ। गाउँबस्तीमा नियमित स्वास्थ्य परीक्षण र स्वच्छता प्रवर्द्धन गर्न सामाजिक र संरचनात्मक चुनौतीहरू छन्।

### ५.१.३ सम्भावना तथा अवसर

यस गाउँपालिका स्वास्थ्य तथा पोषण क्षेत्र सुधारका लागि धेरै सम्भावनाहरू छन्। गाउँपालिकामा १० शैयाको अस्पताल स्थापना भइसकेको र थप स्वास्थ्य इकाइहरूको विकास भइरहेको छ। केन्द्रमा एक्स-रे, सिआर मेशिन र आयुर्वेदिक सेवा जडान भएकाले प्रविधियुक्त सेवा विस्तार सम्भव छ। स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरेर सेवा गुणस्तर सुधार्न सकिन्छ। प्रदेश र संघीय सरकारसँग समन्वय गरी विशेष कार्यक्रम सञ्चालन गर्ने सम्भावना छ। बाह्य साझेदार संस्था (जस्तै INF नेपाल) सँगको सहकार्यबाट स्वास्थ्य सेवा विस्तार गर्न सकिन्छ। स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य बनाएर सबै नागरिकलाई सुरक्षित बनाउने दीर्घकालीन सम्भावना देखिन्छ।

स्वास्थ्य तथा पोषण सुधारका थुप्रै अवसरहरू छन्। सरकारले प्राथमिक स्वास्थ्य सेवा र पोषण सुधारमा जोड दिइरहेकाले नीति तथा कार्यक्रमले बलियो साथ दिन सक्छ। विभिन्न संघीय तथा प्रदेश योजनाबाट पूर्वाधार विकासका लागि आर्थिक स्रोत प्राप्त गर्न सकिन्छ। सामुदायिक सहभागिता बढ्दै गएकाले स्वास्थ्य शिक्षा र सचेतना कार्यक्रम सफल बनाउन सहज छ। स्वच्छता र पोषण सम्बन्धि राष्ट्रिय अभियानहरूसँग गाउँपालिका जोडिएर सहयोग लिन सक्छ। आयुर्वेदिक चिकित्सा प्रवर्द्धन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुधार, तथा बालमैत्री स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न अनुकूल वातावरण तयार हुँदैछ। डिजिटल प्रविधिको प्रयोगले सेवा प्रभावकारी बनाउन अवसरहरू बढेका छन्।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

स्वस्थ, सबल र समृद्ध समुदाय निर्माण गर्न प्रत्येक नागरिकको स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गरी गुणस्तरीय, सुलभ र सर्वसुलभ स्वास्थ्य तथा पोषण सेवा प्रवाह गर्ने।

#### २) उपक्षेत्रगत उद्देश्यहरु

(क) सबै वडामा गुणस्तरीय, सुलभ र सर्वसुलभ आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच सुनिश्चित गर्नु।

(ख) मातृ, नवजात, बालबालिका र किशोरी स्वास्थ्यमा सुधार ल्याई कुपोषण दर न्यूनिकरण गर्नु।

(ग) रोग रोकथाम, स्वास्थ्य शिक्षा तथा नियमित स्वास्थ्य परीक्षणको प्रवर्द्धन गरी समुदायमा स्वस्थ जीवनशैली विकास गर्नु।

#### ३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु

**रणनीति १: स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने**

**कार्यनीति १.१**: सबै वडामा स्थापना गरिएका प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुको स्तरोन्नती तथा प्रविधिमैत्री बनाइनेछ।
**कार्यनीति १.२**: आधारभूत स्वास्थ्य सेवा मा आवश्यक दक्ष मानव संसाधन र उपकरण व्यवस्थापन गरिनेछ।

**रणनीति २: मातृ, नवजात, बालबालिका र किशोरी स्वास्थ्य सुधार गर्ने**

**कार्यनीति २.१**: सुरक्षित मातृत्व, नियमित गर्भ जाँच, सुत्केरी सेवाको पहुँच बिस्तार गरिनेछ।
**कार्यनीति २.२**: विद्यालय तथा समुदायस्तरमा किशोरी पोषण तथा स्वच्छता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ३: पोषण सुधार तथा कुपोषण न्यूनीकरणका लागि एकीकृत कार्यक्रम विकास गर्ने**

**कार्यनीति ३.१**: लक्षित समूह (बालबालिका, गर्भवती महिला) लाई पोषण सेवा र पूरक आहार वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति ३.२**: बहुक्षेत्रीय (स्वास्थ्य, कृषि, शिक्षा) समन्वयमा पोषण सम्बन्धी सचेतना र व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ४: रोग रोकथाम र स्वास्थ्य शिक्षा प्रवर्द्धन गर्ने**

**कार्यनीति ४.१**: खोप कार्यक्रम, सरुवा रोग रोकथाम र स्वास्थ्य परीक्षण शिविरहरू नियमित सञ्चालन गरिनेछ।

**कार्यनीति ४.२**: स्वच्छता, सुरक्षित पानी, पोषण र जीवनशैली सुधार विषयमा सामुदायिक जनचेतना अभिवृद्धि गरिनेछ।

**रणनीति ५: स्वास्थ्य बीमा तथा आपतकालीन सेवा सुदृढ गर्ने**

**कार्यनीति ५.१**: सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य रूपमा आबद्ध गराउने र बीमाको पहुँच वृद्धि गरिनेछ।

**कार्यनीति ५.२**: आकस्मिक उद्धारका लागि स्वास्थ्य पूर्वतयारी (एम्बुलेन्स, आकस्मिक कोष) प्रणाली सुदृढ गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | पालिकास्तरीय आधारभूत अस्पत्तालमा जेनेरेटर/विद्युत जडान | २ | ३ | २ | २ | ३ |
| २ | पालिकास्तरीय आधारभूत अस्पत्तालमा प्रविधि व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | पालिका केन्द्रमा टेलिमेडिसिन उपचार प्रणाली व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | स्वास्थ्य चौकीहरुमा प्रविधि व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | स्वास्थ्य चौकीहरुमा औषधी खरीद तथा व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | महिला स्वयम सेविकाको क्षमता अभिवृद्धि कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | एक वडा एक प्रसुती गृह स्थापना तथा सञ्चालन | २ | ३ | २ | १ | ३ |
| २ | आयुर्वेदको महत्व र फाइदा सम्बन्धी अभिमुखिकरण | २ | ३ | २ | २ | ३ |
| २ | पालिकामा एम्बुलेन्स सेवा विस्तार | २ | ३ | २ | २ | ३ |
| २ | पोषण सुधारका लागि टोलटोलमा अभिमुखीकरण कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | पोषण किट व्यवस्थापन तथा वितरण | २ | ३ | २ | २ | ३ |
| २ | समुदायमा योग शिविर सञ्चालन | २ | ३ | २ | २ | ३ |
| २ | निरन्तर मेडिकल शिक्षा CME कार्यक्रम सञ्चालन | २ | ३ | २ | २ | ३ |

CME refers to Continuous Medical Education.

#### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | स्वस्थ नागरिक विकासमा स्वास्थ्य क्षेत्रको योगदान | प्रतिशत | २०% | ८०% | गा.पा.को स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | स्वास्थ्य क्षेत्रको विकास हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | अपेक्षित औषत आयुमा वृद्धि | प्रतिशत | ६५% | ७०% | स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | खानपानमा सुधार हुने |
| २.२ | सबै प्रकारका दीर्घ रोगीहरुको संख्यामा उल्लेख्यरुपमा न्यूनीकरण | संख्या | १५० | २० | स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | खानपान तथा सचेतनामा वृद्धि हुने |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलाको संख्यामा वृद्धि हुने | प्रतिशत | २०% | ९०% | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | यातायातको सुविधामा वृद्धि हुने छ |
| ३.२ | कुपोषित बालबालिकाको संख्या न्यून हुने | संख्या | ३० | ० | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | सचेतनामा वृद्धि हुने छ |
| ३.३ | स्थानीयस्तरमा नै स्वास्थ्य सेवा वृद्धि हुने | प्रतिशत | ५% | ८५% | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | पूर्वाधार संरचनामा विकास |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ५.१.६ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य तथा पोषण क्षेत्रमा बिस्तारै सेवा पहुँच र जनचेतनामा सुधार आउने अपेक्षा गरिएको छ। आधारभूत पूर्वाधार सुदृढ भई मातृ–शिशु मृत्यु दर घट्ने अनुमान छ। यद्यपि, विपन्नता, जनशक्ति अभाव तथा आकस्मिक रोग महामारी जस्ता जोखिमहरूले लक्ष्य प्राप्तिमा चुनौती निम्त्याउन सक्छन्। यसका लागि गाउँपालिकाले पूर्व तयारी, सेवा पहुँचको सुनिश्चितता र नियमित कार्यक्रम कार्यान्वयनको उपयुक्त प्रणालीको विकास गर्नु पर्ने छ।

### ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

#### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रलाई दीर्घकालीन विकासको आधार मानेर विभिन्न पहलहरू अघि बढाएको छ। विद्यालय पूर्वाधारहरूलाई सुरक्षित, समावेशी र प्रविधिमैत्री बनाउने कार्यलाई प्राथमिकतामा राखिएको छ। कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम विकास गरिएको छ भने सम्पूर्ण विद्यालयहरूमा खानेपानी तथा सरसफाइ सुधार कार्यक्रम सञ्चालन गरिएको छ। बालमैत्री वातावरण बनाउन र विद्यार्थीहरूको समग्र विकासका लागि खेलकुद, सिर्जनात्मक गतिविधि र पोषणयुक्त खाजा कार्यक्रम लागु गरिएको छ। सूचना प्रविधिको पहुँच वृद्धि गर्न इन्टरनेट जडान तथा डिजिटल शिक्षण सामग्री प्रयोग थालिएको छ। शिक्षकहरूलाई ल्यापटप वितरण तथा दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ। नवप्रवर्तनको क्षेत्रमा विद्यालय र समुदायमा

व्यवहारिक सीप र प्रविधि आधारित शिक्षण सिकाइ पद्धति अपनाउने प्रयास भइरहेको छ जसले दीर्घकालीन सामाजिक–आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

### ५.२.२ समस्या तथा चुनौती

शिक्षा क्षेत्रमा पूर्वाधार, प्रविधि तथा गुणस्तरीय सिकाइको कमी मुख्य समस्या हो। विद्यालयमा भौतिक संरचनाहरु पर्याप्त सुरक्षित छैनन् भने शिक्षण सिकाइ वातावरण अझै सुधार गर्नु पर्ने आवश्यकता देखिन्छ। दक्ष शिक्षक अभाव र आवश्यक शिक्षक तालिमको कमी छ। डिजिटल पहुँच सीमित छ र प्रविधिमैत्री शिक्षण पद्धति स्थायी रूपमा लागू हुन सकेको छैन। आर्थिक अभावका कारण बालबालिकाको नियमित विद्यालय जाने दर अझै न्यून छ। बालमैत्री र समावेशी शिक्षामा अझ सशक्त तरिकाले लागू गर्नु पर्ने देखिन्छ।

सबै विद्यालयमा सुरक्षित पूर्वाधार, प्रविधि र शिक्षण गुणस्तर अभिवृद्धि गर्नु मुख्य चुनौती हो। सूचना प्रविधिमा दक्ष शिक्षक तयार गर्नु र आधुनिक शिक्षण पद्धति अपनाउनु अर्को चुनौतीपूर्ण क्षेत्र हो। ग्रामीण तथा दुर्गम वडामा नियमित शिक्षण सिकाइ निरन्तरता दिन समस्या छ। बालबालिका, विशेष गरी विपन्न तथा सिमान्तकृत वर्गमा, विद्यालय आकर्षण र निरन्तरता कायम राख्न सामाजिक तथा सांस्कृतिक चुनौतीहरू छन्। नवप्रवर्तनमुखी शिक्षाको व्यवहारिक कार्यान्वयन अर्को गम्भीर चुनौती हो।

### ५.२.३ सम्भावना तथा अवसर

विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माण, डिजिटल पहुँच विस्तार र स्थानीय पाठ्यक्रम तयार भई लागू भइरहेकोले गाउँपालिका समावेशी र गुणस्तरीय शिक्षा प्रणाली निर्माणको बाटोमा छ। सूचना प्रविधिमा आधारित शिक्षण प्रविधिको विस्तारले सिकाइ वातावरणलाई आधुनिक बनाउन मद्दत गर्न सक्छ। बालमैत्री विद्यालय अवधारणाले बालबालिकाको सम्पूर्ण विकासमा टेवा पुऱ्याउने सम्भावना छ। कृषि, स्वास्थ्य, प्रविधि र वातावरणसँग सम्बन्धित स्थानीय नवप्रवर्तन कार्यक्रमहरू विकास गरी व्यवहारिक शिक्षा प्रवर्द्धन गर्न सकिन्छ। शिक्षक सीप विकास र प्रविधि अनुकूल शिक्षणले सिकाइ नतिजामा दिगो सुधार ल्याउन सक्ने आधार बलियो बनाउन पालिकाले एकीकृत शिक्षा विकासको अवधारणा लागू गर्न सक्ने वातावरण छ।

संघीय, प्रदेश र विकास साझेदार संस्थाहरूबाट प्रविधि विस्तार, शिक्षक तालिम र विद्यालय स्तरोन्नतिको लागि सहयोग वृद्धि अवस्थामा छ। डिजिटल शिक्षण, STEM शिक्षा (Science, Technology, Engineering, Mathematics) प्रवर्द्धन र प्रविधि नवप्रवर्तन परियोजनाहरू गाउँ तहसम्म लैजाने अवसर बढेको छ। स्थानीय रैथानेबालीनालीको सदुपयोग गर्दै पोषणयुक्त दिवा खाजा कार्यक्रम, बालमैत्री विद्यालय अभियान र स्थानीय पाठ्यक्रम विकासले विद्यालयमा बालबालिका आकर्षित गर्ने वातावरण सिर्जना गरेको छ। शिक्षा, विज्ञान तथा नवप्रवर्तन एकैसाथ जोडेर दीर्घकालीन सामाजिक–आर्थिक रूपान्तरण गर्न सक्ने सुनौलो अवसर खुलिरहेको छ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

समान पहुँचसहितको गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र नवप्रवर्तनमुखी शिक्षा प्रणाली विकास गरी स्थानीय सामाजिक–आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने।

**२) उपक्षेत्रगत उद्देश्यहरू**

(क) सबै वडामा वातावरणमैत्री सुरक्षित, पहुँचयुक्त र प्रविधिसँग समायोजित विद्यालय पूर्वाधार विकास गर्नु।
(ख) गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न दक्ष शिक्षक तयार पार्ने र प्रविधिमैत्री शिक्षण पद्धति विकास गर्नु।
(ग) बालमैत्री, समावेशी तथा व्यवहारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाको समग्र विकास गर्नु।
(घ) विज्ञान, प्रविधि, कृषि र सीप विकाससँग जोडिएका नवप्रवर्तन परियोजनाहरू प्रवर्द्धन गर्दै व्यवहारिक शिक्षा प्रणाली बलियो बनाउदै जानु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: विद्यालय पूर्वाधार र शैक्षिक पहुँच सुदृढीकरण**

**कार्यनीति १.१**: सबै विद्यालयमा भूकम्प प्रतिरोधी संरचना निर्माण र स्तरोन्नति गरिनेछ।
**कार्यनीति १.२**: कमजोर भौतिक संरचना भएका वडाहरूमा भौतिक संरचना सुधार कार्यक्रम विस्तार गरिनेछ।
**कार्यनीति १.३**: विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी पूर्वाधार सुनिश्चित गरिनेछ।
**कार्यनीति १.४**: बाल शिक्षामा लगानी विस्तारमा जोड दिइनेछ।
**कार्यनीति १.५**: विद्यालय सुधारका लागि समुदाय सहभागिता वृद्धि गरिने छ।

**रणनीति २: गुणस्तरीय सिकाइ र शिक्षक क्षमता अभिवृद्धि**

**कार्यनीति २.१**: शिक्षकहरूलाई सूचना प्रविधि प्रयोगमा दक्षता वृद्धि गर्ने गरि तालिम प्रदान गर्ने।
**कार्यनीति २.२**: पाठ्यक्रम सुधार गरी व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रणाली विकास गर्ने।
**कार्यनीति २.३**: शिक्षकहरूलाई ल्यापटप, प्रोजेक्टर र अन्य डिजिटल शिक्षण उपकरण उपलब्ध गराउने।
**कार्यनीति २.४**: दक्ष शिक्षक भर्ना तथा नियमित तालिम र अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने।
**कार्यनीति २.५**: पूर्ण विद्यालय विकास विधि Whole Institution Approach र हरित विद्यालय विधि Green School Approach लागू गर्ने बाटोमा अगाडि बढिनेछ।

**रणनीति ३: प्रविधिमैत्री र नवप्रवर्तनयुक्त शिक्षण सिकाइ प्रवर्द्धन**

**कार्यनीति ३.१**: सबै विद्यालयमा इन्टरनेट सेवा तथा डिजिटल शिक्षण सामग्री स्थापना गर्ने।
**कार्यनीति ३.२**: कक्षा १ देखि अंग्रेजी माध्यम शिक्षणलाई प्रवर्द्धन गर्दै स्तरीयता कायम गर्ने।
**कार्यनीति ३.३**: विज्ञान, प्रविधि, गणित तथा प्रविधि (STEM) शिक्षा प्रणाली प्रोत्साहन गर्ने।
**कार्यनीति ३.४**: विद्यालयस्तरमा प्रयोगशाला, प्रोजेक्ट आधारित शिक्षण प्रवर्द्धन गर्ने।
**कार्यनीति ३.५**: विद्यार्थी नवप्रवर्तन परियोजना (mini-innovation projects) सञ्चालन गर्ने।

**रणनीति ४: समावेशी शिक्षा र विद्यार्थी समग्र विकास प्रवर्द्धन**

**कार्यनीति ४.१**: विपन्न, अपांगता भएका तथा सिमान्तकृत समूहका बालबालिकाका लागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति ४.२**: विद्यालयमा बाल क्लब र विद्यार्थी नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।
**कार्यनीति ४.३**: खेलकुद, नृत्य, सिर्जनात्मक कला र व्यवहारिक परियोजनामा आधारित क्रियाकलापलाई पाठ्यक्रमसँग जोडिनेछ।
**कार्यनीति ४.४**: रैथाने बालीबाट तयार गरिएको पोषणयुक्त दिवा खाजा कार्यक्रम सबै विद्यालयमा प्रभावकारी रूपमा लागू गरिनेछ।
**कार्यनीति ४.५**: बालबालिकाको मानसिक स्वास्थ्य तथा सुरक्षित विद्यालय वातावरणका लागि परामर्श सेवा स्थापना गरिनेछ।

**रणनीति ५: विज्ञान, प्रविधि र सीप विकाससँग जोडिएको व्यवहारिक शिक्षा प्रवर्द्धन**

**कार्यनीति ५.१**: विद्यालयस्तरबाट कृषि, प्रविधि, वातावरण तथा स्थानीय स्रोत अन्वेषणमा आधारित व्यवहारिक पठनपाठन कार्य शुरु गरिनेछ।
**कार्यनीति ५.२**: ग्रामीण उद्यमशीलता र नवप्रवर्तन विषयमा विद्यार्थीहरूका लागि कार्यशाला सञ्चालन गर्ने वातावरणको विकास गरिनेछ।
**कार्यनीति ५.३**: छात्रछात्रालाई परियोजना आधारित प्रतिस्पर्धा (Innovation Fair) मा सहभागी गराउँदै जाने कार्यनीति

अबलम्वन गरिनेछ।

**कार्यनीति ५.४**: स्थानीय सीप तथा प्रविधि प्रयोग गरेर शिक्षामा नयाँ मोडेलहरू परीक्षण गर्ने कार्यनीति लिइनेछ।

**कार्यनीति ५.५**: हरेक विद्यालयमा हरित इको क्लब गठन गरि सो अनुसार विद्यालय सुधार योजना लागू गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | स्थानीय शिक्षा योजना निर्माण तथा कार्यान्वयन | २ | ४ | ५ | २ | ३ |
| २ | सामुदायिक सहभागितामा विद्यालय  सुधार योजना तर्जुमा | २ | ४ | ५ | २ | ३ |
| २ | हरित विद्यालयको अवधारणामा भौतिक संरचना निर्माण | २ | ४ | ५ | २ | १ |
| २ | विद्यालयमा वैकल्पिक उर्जा जडान | २ | ४ | ५ | २ | ३ |
| २ | विद्यालयमा प्रविधिमैत्री शिक्षण प्रणाली स्थापना | २ | ४ | ५ | २ | ३ |
| २ | शिक्षकहरुलाई प्रविधिमैत्री शिक्षण विधिमा तालिम | २ | ४ | ५ | २ | ३ |
| २ | प्रधानाध्यापकहरुलाई नेतृत्व विकास तथा व्यवस्थापन तालिम | २ | ४ | ५ | २ | ३ |
| २ | बाल विकास केन्द्रमा स्थानीय स्रोतको प्रयोग गरि शैक्षिक सामाग्री निर्माण तथा प्रदर्शन | २ | ४ | ५ | २ | ३ |
| २ | प्रविधिमैत्री बाल विकास केन्द्रको स्थापना | २ | ४ | ५ | २ | ३ |
| २ | क्रियाकलापमा आधारित,परियोजनामा आधारित शिक्षण प्रणाली लागू गर्न शिक्षकलाई तालिम | २ | ४ | ५ | २ | ३ |
| २ | अन्तर विद्यालय सिकाई आदान प्रदान कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि क्षमता अभिवृद्धि तालिम | २ | ४ | ५ | ३ | ३ |
| २ | विद्यालयमा इको क्लब गठन तथा परिचालन | २ | ४ | ५ | ३ | १ |
| २ | माध्यामिक विद्यालयमा अनुसन्धानमा आधारित शिक्षण | २ | ४ | ५ | ३ | ३ |
| २ | माध्यामिक तहमा क्यारिअर काउन्सिलङ्ग कक्षा सञ्चालन | २ | ४ | ५ | ३ | ३ |
| २ | विद्यालय स्वास्थ्य सचेतना अभियान सञ्चालन | २ | ४ | ५ | ३ | ३ |
| २ | विद्यालयमा कृषि पर्यटन तथा यातायात (कृपया )अभियान | २ | ४ | ५ | ३ | ३ |
| २ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | २ | ४ | ५ | ३ | ३ |
| २ | विद्यालय अभिभावक जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम | २ | ४ | ५ | ३ | ३ |
| २ | पालिकास्तरमा बालबालिकाका नयाँ अन्वेषण प्रदर्शन मेला | २ | ४ | ५ | २ | ३ |
| २ | छात्राबास निर्माण | २ | ४ | ५ | २ | ३ |
| २ | पुस्तकालय निर्माण | २ | ४ | ५ | ३ | ३ |
| २ | प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालित विद्यालय सहयोग | २ | ४ | ५ | २ | ३ |
| २ | विपद्मा शिक्षा अन्तर्गत पूर्वाधार तयारी | २ | ४ | ५ | २ | १ |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | सामाजिक आर्थिक अवस्था सुधारमा शिक्षा क्षेत्रको योगदान | प्रतिशत | २०% | ३०% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | राजनैतिक स्थिरता कायम रहने छ |
| २ | **असर** | | | | | | |
| २.१ | साक्षरता दरमा वृद्धी भएको हुने छ | प्रतिशत | % | १००% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | शिक्षामा लगानी वृद्धि हुने छ |
| २.२ | व्यवसायिक शिक्षा प्राप्त जनशक्तिमा वृद्धि | जना | १० | ४५ | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | व्यवसायिक पाठशालामा वृद्धि हुनेछ |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | भौतिक संरचना सम्पन्न शिक्षालयहरूको व्यवस्था हुने | प्रतिशत | ५% | ७५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | प्राकृतिक प्रकोपको असरबाट जोगिन वातावरणमैत्री संरचना |
| ३.२ | शिक्षण पेशामा संलग्न जनशक्तिको दक्षतामा वृद्धि हुने | प्रतिशत | ६०% | ९५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | डिजिटल शिक्षण प्रणालीमा व्यवसायिक कुशलता आउनेछ |
| ३.३ | सबै बालबालिकाहरूले समावेशी शिक्षामा पहुँच प्राप्त गर्ने | प्रतिशत | ९०% | १००% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | अभिभावकमा सचेतनाको स्तर वृद्धि हुने |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकामा शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रमा व्यापक सुधारको अपेक्षा गरिएको छ। विद्यालय पूर्वाधार सुदृढीकरण, डिजिटल पहुँच विस्तार, गुणस्तरीय शिक्षण सिकाइ प्रवर्द्धन, र नवप्रवर्तन परियोजनाबाट विद्यार्थी र समुदायमा सकारात्मक रूपान्तरण हुने अनुमान गरिएको छ। यद्यपि, दुर्गम भौगोलिक अवस्था, प्रविधि पूर्वाधार तथा दक्ष जनशक्ति अभाव, बजेट अपर्याप्तता, र समुदायमा प्रविधि तथा नवप्रवर्तनप्रति न्यून स्वीकृतिको जोखिम रहेको छ। सामाजिक तथा सांस्कृतिक चुनौतीले योजना कार्यान्वयनमा अवरोध सिर्जना गर्न सक्छ, जसले लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न गराउने सम्भावना रहन्छ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

सुरक्षित खानेपानी तथा सरसफाइलाई स्थानीय स्वास्थ्य र जीवनस्तर सुधारका लागि आधारभूत क्षेत्रका रूपमा प्राथमिकता दिएको छ। गाउँपालिकाले "एक घर, एक धारा" अभियानलाई अगाडि बढाउँदै सबै घरधुरीमा सुरक्षित खानेपानीको पहुँच पुर्‍याउने लक्ष्य लिएको छ। सामुदायिक ढल निकास व्यवस्थापन, सार्वजनिक स्थलमा आधुनिक सार्वजनिक शौचालय निर्माण तथा घर आँगन

सफा राख्ने कार्यक्रमहरू सञ्चालन भएका छन् । विद्यालयहरूमा सुरक्षित पानी र सरसफाइ सुविधा स्थापना गरिएको छ । विशेष गरी महिलाहरूको स्वास्थ्य र स्वच्छता सुनिश्चित गर्न सेनेटरी प्याड बैंक स्थापनाको पहल गरिएको छ । टोल–टोलमा ढल व्यवस्थापन र सरसफाइ चेतना कार्यक्रममार्फत स्वच्छ गाउँ निर्माणको प्रयास भइरहेको छ । जलस्रोत संरक्षण तथा बृक्षारोपण कार्यक्रमहरू पनि खानेपानी स्रोत दीगो बनाउन समन्वय गरिएका छन् । यी प्रयासहरूले जनस्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

### ५.३.२ समस्या तथा चुनौती

यहाँ खानेपानी तथा सरसफाइ क्षेत्रमा केही महत्वपूर्ण समस्या विद्यमान छन् । सबै वडामा समान रुपमा सुरक्षित खानेपानी सेवा विस्तार हुन सकेको छैन । धेरै ठाउँमा खानेपानी धारा, स्रोत र वितरण प्रणालीको मर्मत सम्भार आवश्यक छ । जलस्रोतमा प्रदूषण र सुक्खा मौसममा पानीको कमी हुनु अर्को समस्या बनेको छ । ढल व्यवस्थापनको उचित संयन्त्र अभाव छ जसले वातावरणीय तथा स्वास्थ्यजन्य जोखिम बढाएको छ । विद्यालय र सार्वजनिक स्थानहरूमा स्वच्छता पूर्वाधार अझै विस्तार गर्नु पर्ने देखिन्छ । स्रोत तथा बजेट अभावका कारण दीगो खानेपानी प्रणाली स्थापना चुनौतीपूर्ण बन्दै गएको छ । समुदायस्तरमा खानेपानी तथा सरसफाइसम्बन्धी सचेतनामा तिव्र विकास गर्नु पर्ने देखिन्छ ।

खानेपानी तथा सरसफाइको गुणस्तर र पहुँच विस्तार गर्नु प्रमुख चुनौती हो । सुरक्षित खानेपानी सेवाको दिगोपन कायम राख्न स्रोतको संरक्षण, प्रविधि सुधार र व्यवस्थापन क्षमतामा सुधार आवश्यक छ । सबै बस्तीहरूमा भरपर्दो धारा तथा ढल व्यवस्थापन प्रणाली स्थापना गर्नु कठिन छ । जलवायु परिवर्तन र प्राकृतिक स्रोत सुक्ने समस्याले दीगो आपूर्ति सुनिश्चित गर्न चुनौती थपिएको छ । वडागत भौगोलिक विकटता र प्राविधिक जनशक्ति अभावले कार्यान्वयनमा ढिलाइ हुन सक्छ । समुदायमा स्वच्छता संस्कार र नियमित मर्मतसम्भारको चेतना अभाव हुँदा दीर्घकालीन सुधार सुनिश्चित गर्नु थप जटिल हुने जोखिम छ ।

### ५.३.३ सम्भावना तथा अवसर

गाउँपालिकाको "एक घर, एक धारा" अभियानले सबै बस्तीमा खानेपानी पहुँच विस्तारको मार्ग खोलेको छ । जलस्रोत संरक्षण र बृक्षारोपण कार्यक्रमहरू मार्फत दीगो पानी आपूर्ति सम्भव देखिन्छ । सामुदायिक सहभागिता र सरसफाइ चेतनामूलक कार्यक्रमहरूले स्वच्छता संस्कार विस्तार गर्न सक्ने आधार बलियो हुँदैछ । विद्यालय र सार्वजनिक स्थानहरूमा पानी र सरसफाइ सुधारका पहलले बालबालिका र समुदायको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने सम्भावना छ । साथै, बाह्य विकास साझेदारहरूसँगको सहकार्यले पूर्वाधार सुधार र दीर्घकालीन सेवा स्थायित्वमा टेवा पुर्याउने अपेक्षा गरिएको छ ।

गौमुलका लागि खानेपानी तथा सरसफाइ क्षेत्रको विकास गर्न थुप्रै अवसरहरू छन् । संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूसँग समन्वय गर्दै खानेपानी परियोजनाहरूमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने अवसर छ । सामुदायिक स्वामित्वको धारणा विकास गरी दीगो सेवा प्रवाह सुनिश्चित गर्न सकिन्छ । विद्यालयस्तरबाट स्वच्छता शिक्षा र व्यवहार परिवर्तन कार्यक्रम प्रवर्द्धन गर्न अनुकूल वातावरण बनिरहेको छ । जलस्रोत व्यवस्थापन, पानीको स्रोत संरक्षण तथा पानी शुद्धीकरण प्रविधिको प्रयोगबाट दीगो समाधान खोज्ने सम्भावना छ । बहुपक्षीय साझेदारी र नवप्रवर्तनशील उपायहरूले खानेपानी तथा सरसफाइ क्षेत्रको समग्र सुधारलाई गति दिन सक्ने अवसर खुलिरहेको छ ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी सेवा तथा समग्र सरसफाइ सुधार गरी स्वच्छ, स्वस्थ र व्यवस्थित जीवनशैली प्रवर्द्धन गर्ने ।

#### २) उपक्षेत्रगत उद्देश्यहरु

(क) गाउँपालिकाका सबै वडामा सुरक्षित र भरपर्दो खानेपानी सेवा पहुँच सुनिश्चित गर्नु ।

(ख) व्यक्तिगत, घरेलु र सार्वजनिक सरसफाइ प्रवर्द्धन गरी स्वास्थ्य संवेदनशील तथा वातावरणमैत्री समुदाय निर्माण गर्नु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: सुरक्षित र भरपर्दो खानेपानी सेवा विस्तार गर्ने**

**कार्यनीति १.१:** सबै वडामा 'एक घर, एक धारा' कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ
**कार्यनीति १.२:** जलस्रोत संरक्षण, पुनःभरण र मर्मत सम्भार प्रणाली विकास गरिनेछ

**रणनीति २: सरसफाइ तथा ढल व्यवस्थापन प्रणाली सुधार गर्ने**

**कार्यनीति २.१:** विद्यालय, सार्वजनिक स्थान तथा बस्तीहरूमा आधुनिक शौचालय र ढल व्यवस्थापन संरचना निर्माण गरिनेछ।
**कार्यनीति २.२:** सामुदायिक ढल व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनमा जनसहभागिता अभिवृद्धि गरिनेछ।

**रणनीति ३: स्वास्थ्य र स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने**

**कार्यनीति ३.१:** खानेपानी, सरसफाइ र व्यक्तिगत स्वच्छता सम्बन्धी समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति ३.२:** विद्यालयहरूमा स्वच्छता शिक्षा तथा नियमित सरसफाइ अनुगमन कार्यक्रम कार्यान्वयन गरिनेछ।

**रणनीति ४: खानेपानी तथा सरसफाइ सेवाको दीगो व्यवस्थापन सुनिश्चित गर्ने**

**कार्यनीति ४.१:** खानेपानी समितिहरूलाई क्षमता अभिवृद्धि तालिम र स्रोत व्यवस्थापनमा सक्षम बनाइनेछ।
**कार्यनीति ४.२:** खानेपानी तथा सरसफाइ पूर्वाधारको नियमित मर्मतसम्भार तथा अनुगमन प्रणाली विकास गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | खुल्ला दिशामुक्त क्षेत्र घोषणा पश्चातको अवस्था अध्ययन | २ | ६ | ७ | २ | १ |
| २ | खानेपानीका आयोजना नयाँ निर्माण | २ | ६ | ७ | २ | १ |
| २ | खानेपानीका आयोजनाहरुको मर्मत सम्भार | २ | ६ | ७ | २ | १ |
| २ | खानेपानीका मूल संरक्षण कार्यक्रम | २ | ६ | ७ | २ | १ |
| २ | विद्यालयमा खानेपानी व्यवस्थापन | २ | ६ | ७ | २ | १ |
| २ | स्वास्थ्य संस्थामा खानेपानी व्यवस्थापन | २ | ६ | ७ | २ | १ |
| २ | महामारीमा खानेपानी तथा सरसफाइ स्वयमसेवी परिचालन | २ | ६ | ७ | २ | १ |
| २ | खानेपानी शुद्धिकरण अभिमुखीकरण कार्यक्रम | २ | ६ | ७ | २ | १ |
| २ | हरेक विद्यालयमा अपाङ्गतामैत्री लैङ्गिकमैत्री शौचालय | २ | ६ | ७ | २ | १ |

#### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | स्वस्थ नागरिक विकासमा खानेपानी तथा सरसफाइ क्षेत्रको योगदान | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सहयोगी निकायहरुको सहयोग निरन्तर रहने |
| २ | **असर** | | | | | | |
| २.१ | खानेपानीको सहज व्यवस्थापनले जीविकोपार्जनमा सुधार | घरधुरी प्रतिशत | २०% | ४०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | नागरिक स्वस्थ भई जीविकोपार्जनका काममा पर्याप्त समय दिन सक्ने |
| २.२ | खानेपानी तथा सरसफाइका कारण लाग्ने सबै रोगहरु नियन्त्रण हुने | प्रतिशत | ५% | २५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | पिउनेपानी तथा सरसफाइका संकेतमा कार्य हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | एक घर एक धारा कार्यक्रम लागू हुने | घरधुरी प्रतिशत | ७०% | ९०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | समुदायको सहयोग रहनेछ |
| ३.२ | व्यक्तिगत तथा सार्वजनिक स्थलका शौचालयहरूको व्यवस्थित प्रयोग | प्रतिशत | ६०% | १००% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सामुदायिक सचेतनामा उल्लेख्य वृद्धि हुनेछ |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ५.३.६ अनुमान तथा जोखिम पक्ष

सुरक्षित खानेपानी तथा सरसफाइ विस्तार भएसँगै जनस्वास्थ्यमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। मर्मत सम्भार प्रणाली, जलस्रोत संरक्षण र सरसफाइ प्रवर्द्धन कार्यक्रमले समुदायमा स्वच्छ वातावरण सिर्जना गर्नेछ। यद्यपि, स्रोतको अभाव, जलवायु परिवर्तन, प्राविधिक जनशक्ति अभाव र सामुदायिक स्वामित्व कमजोर हुँदा दीगो सेवा सुनिश्चित गर्न कठिनाइ हुन सक्छ। दीर्घकालीन प्रभाव सुनिश्चित गर्न नियमित मर्मत, सचेतना र सहकार्य अपरिहार्य रहनेछ।

### ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

#### ५.४.१ पृष्ठभूमि

महिला, बालबालिका र लक्षित वर्गको हक, अवसर र सशक्तिकरणलाई विकासको मूल प्रवाहमा समेट्न गौमुल गाउँपालिकाले विशेष प्राथमिकता दिएको छ। महिलाहरूका लागि क्षमता विकास तालिम, सहकारीमार्फत आर्थिक सशक्तिकरण, सुरक्षित मातृत्व सेवा प्रवर्द्धन जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्। अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन, परिचयपत्र वितरण र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ। बालविवाह न्यूनीकरण, बाल अधिकार संरक्षण, र बालमैत्री वातावरण निर्माणका लागि विद्यालय र समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ। लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, स्वास्थ्य सेवा र पोषणसम्बन्धी सेवा पहुँचमा सुधार ल्याउने प्रयास भइरहेको छ। दलित तथा विपन्न समुदायलाई आवास, शिक्षा, स्वास्थ्य तथा सीप विकास कार्यक्रममार्फत जीवनस्तर उकास्ने अभियान अघि बढाइएको छ। त्यसरी नै गाउँपालिकाले जेष्ठ नागरिक सुरक्षा

कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ताको वितरण तथा जाडो मौसममा न्यानो कपडा वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

### ५.४.२ समस्या तथा चुनौती

यस पालिकामा महिला, बालबालिका तथा लक्षित वर्गको विकासमा विभिन्न समस्या देखिन्छन्। लैङ्गिक विभेद, बालविवाह, महिला हिंसा र सामाजिक कुरीति अझै विद्यमान छन्। अपाङ्गता भएका व्यक्तिहरूको लागि सहज पहुँचयुक्त सेवा र पूर्वाधारको कमी छ। लक्षित वर्गमा शिक्षा, स्वास्थ्य र आर्थिक सेवाको पहुँच सन्तोषजनक छैन। विपन्नता र अशिक्षाको कारण महिलाहरूको निर्णय प्रक्रियामा सहभागिता न्यून छ। बालबालिकाको सुरक्षामा कमजोर चेतना, तथा सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन अभाव समस्या बनेको छ। योजनाहरू भए पनि कार्यान्वयन र अनुगमनमा प्रभावकारीता कायम हुन सकेको छैन।

महिला, बालबालिका तथा लक्षित वर्गको अधिकार सुनिश्चित गर्दै दिगो सशक्तिकरण गर्न महत्वपूर्ण चुनौतीहरू छन्। सामाजिक संरचनागत भेदभाव अन्त्य गर्नु, बालविवाह र महिला हिंसा घटाउनु, र समान अवसर प्रदान गर्नु जटिल छ। लक्षित समूहका लागि दीर्घकालीन योजना सञ्चालनमा स्रोत र दक्ष जनशक्तिको अभाव चुनौती बनेको छ। पहुँचयुक्त पूर्वाधार, गुणस्तरीय सेवा, र व्यवहार परिवर्तनमा निरन्तरता कायम राख्न गाह्रो छ। अपाङ्गता भएका तथा विपन्न समुदायलाई समावेशी बनाउने वातावरण सृजना गर्नु, र सचेतना विस्तार गरेर व्यवहारमा परिवर्तन ल्याउनु अझै कठिन कार्य हो।

### ५.४.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तिकरणका लागि दीर्घकालीन सम्भावना देखिन्छ। महिलाको सहभागिता बढाउने, बालबालिकालाई शिक्षामा समेट्ने, र लक्षित वर्गलाई सेवा प्रवाहमा जोड्ने प्रयत्नहरू व्यापक हुँदै गएका छन्। संघीय र प्रदेश सरकारका कार्यक्रमहरूसँग सहकार्य गरी सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, तथा सीप विकासमा सुधार ल्याउन सकिने सम्भावना छ। विद्यालय र समुदायस्तरमा लैङ्गिक समानता तथा बाल अधिकार प्रवर्द्धन गर्ने पहलहरूलाई सुदृढ पार्न सकिन्छ। अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त पूर्वाधार र सेवा सुविधा सुनिश्चित गर्दै समावेशी विकासतर्फ उन्मुख हुन सकिन्छ।

महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तिकरणमा विभिन्न अवसरहरू उपलब्ध छन्। संघीय तथा प्रदेश सरकारको नीति समर्थन, विभिन्न विकास साझेदार संस्थाहरूको सहयोग, र समाजमा बढ्दो सचेतना यस क्षेत्रमा सुधार ल्याउने प्रमुख अवसर हुन्। विद्यालयस्तरमा बालमैत्री कार्यक्रम, महिला उद्यमशीलता प्रवर्द्धन, तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार गर्न अनुकूल वातावरण छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित कार्यक्रम र पहुँच सुधार परियोजनाहरू सञ्चालन गर्न सकिने अवसर छ। सामुदायिक सहभागिता अभिवृद्धि र सीपमूलक तालिमहरूको माध्यमबाट आर्थिक र सामाजिक रूपान्तरण सम्भव देखिन्छ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

समानता, समावेशीकरण र सशक्तिकरणको माध्यमबाट महिला, बालबालिका र लक्षित वर्गको सामाजिक, शैक्षिक र आर्थिक विकास सुनिश्चित गर्ने।

#### २) उपक्षेत्रगत उद्देश्यहरु

(क) लैङ्गिक समानता प्रवर्द्धन गर्दै महिला र बालबालिकाको अधिकार संरक्षण तथा सुरक्षित वातावरण सुनिश्चित गर्नु।

(ख) लक्षित वर्गका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य र सीप विकासमा पहुँच अभिवृद्धि गर्दै आर्थिक सशक्तिकरणमा जोड दिनु।

(ग) अपाङ्गता भएका र सिमान्तकृत समुदायका लागि पहुँचयुक्त सेवा, पूर्वाधार तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नु।

#### ३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु

**रणनीति १: लैङ्गिक समानता र बालअधिकार प्रवर्द्धन**

**कार्यनीति १.१**: विद्यालय र समुदायस्तरमा लैङ्गिक समानता, महिला अधिकार र बालअधिकारसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति १.२**: बालविवाह, बालश्रम तथा महिला हिंसा न्यूनीकरणका लागि निगरानी संयन्त्रहरू सुदृढ गरिनेछ।

**रणनीति २: लक्षित वर्गको शिक्षा, स्वास्थ्य र आर्थिक सशक्तिकरण प्रवर्द्धन**

**कार्यनीति २.१**: लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति, पोषण कार्यक्रम र स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।
**कार्यनीति २.२**: महिलाहरूका लागि व्यवसायिक सीप विकास तालिम तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ३: पहुँचयुक्त पूर्वाधार र सामाजिक सुरक्षाको सुदृढीकरण**

**कार्यनीति ३.१**: अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भवन, सेवा केन्द्र र सार्वजनिक पूर्वाधार निर्माण गरिनेछ।
**कार्यनीति ३.२**: लक्षित वर्गका लागि सामाजिक सुरक्षा भत्ता, अपाङ्ग परिचयपत्र वितरण र सेवाको पहुँच सुधार गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | महिला हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाहरुको आर्थिक अवस्था सुधारमुलक कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाहरुलाई स्थानीय स्रोतमा आधारित सीप विकास | २ | ५ | ६ | १ | ३ |
| २ | सम्पत्तीमा महिलाको पहुँच विस्तार कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाहरुलाई नेतृत्व विकासमा तालिम | २ | ५ | ६ | १ | ३ |
| २ | महिला समूहहरुलाई वित्तिय साक्षरता तालिम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाहरुको स्थानीय रोजगारीका अवसरमा पहुँच विस्तार | २ | ५ | ६ | १ | ३ |
| २ | स्थानीय बालमैत्री शासन सुनिश्चित वडा घोषणा कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | मध्यपान तथा धुम्रपान सचेतना कार्यक्रम सञ्चालन | २ | ५ | ६ | १ | ३ |
| २ | महिला सहकारी विकास कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | किशोरी सुरक्षाका लागि आत्म रक्षा तालिम सञ्चालन | २ | ५ | ६ | १ | ३ |
| २ | बाल विवाह न्यूनीकरण कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण | २ | ५ | ६ | १ | ३ |
| २ | दिवस मनाउने | २ | ५ | ६ | १ | ३ |
| २ | वडा तथा पालिकास्तरमा सहायता कक्ष स्थापना | २ | ५ | ६ | १ | ३ |
| २ | मानव अधिकार पिडित र विस्थापित  व्यक्ति पुनर्स्थापना कार्यक्रम | २ | ५ | ६ | १ | ३ |

#### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | महिला, बालबालिका तथा सामाजिक सुरक्षाको क्षेत्रको एकीकृत विकासमा योगदान हुने | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | एकीकृत कार्यक्रम सञ्चालनमा सबैको सहयोग हुने छ |
| २ | **असर** | | | | | | |
| २.१ | महिलाहरुको आर्थिक–सामाजिक सशक्तीकरण हुने | प्रतिशत | ३% | ६०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सर्वपक्षीय सहयोग रहने छ। |
| २.२ | बालबालिका तथा सामाजिक सुरक्षामा लगानी वृद्धि हुनेछ | प्रतिशत | १% | १०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | गाउँपालिकाले सबैको सहयोग प्राप्त गर्नेछ। |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | महिलाहरुको आयआर्जन तथा नेतृत्व विकासमा सहभागिता हुने | प्रतिशत | ५% | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | क्षमता अभिवृद्धि हुने |
| ३.२ | बालबालिकाहरुले स्थानीय बालमैत्री शासन प्रणालीमा सहभागिता जनाउने छन | प्रतिशत | २०% | ५०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | बालबालिकाको क्षेत्रमा बजेट वृद्धि भएको हुनेछ। |
| ३.३ | सामाजिक सुरक्षाको क्षेत्रमा स्थानीयस्तरमा सेवा विस्तार हुनेछ | प्रतिशत | २०% | ६०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | विकेन्द्रिकृत प्रणालीको विकास हुनेछ। |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ५.४.६ अनुमान तथा जोखिम पक्ष

महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तीकरणमा चलाइने कार्यक्रमबाट सामाजिक समावेशीकरण, सीप विकास र सेवा पहुँचमा उल्लेखनीय सुधार आउने अनुमान गरिएको छ। तर सामाजिक कुरीति, लैङ्गिक विभेद, स्रोत अभाव र सामुदायिक सहभागिताको कमीजस्ता जोखिमले कार्यक्रमको प्रभावकारिता घटाउने सम्भावना छ। योजना दीर्घकालीन बनाउन सचेतना अभिवृद्धि, संस्थागत समन्वय र अनुगमन प्रणाली सुदृढ गर्नु अपरिहार्य रहनेछ।

### ५.५ युवा तथा खेलकुद

#### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाले युवाहरूलाई सीपयुक्त, स्वावलम्बी र राष्ट्र निर्माणमा योगदान दिन सक्षम बनाउने लक्ष्यसहित विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा रोजगारी तथा व्यवसाय स्थापनाका सम्भावना हुँदाहुँदै युवाशक्ति विदेश पलायन हुने

प्रवृत्ति देखिएको छ। त्यसलाई रोक्न गाउँपालिकाले युवाहरूका लागि व्यवसायिक सीप तालिम, लघु उद्यम प्रवर्द्धन, सहकारीमार्फत स्वरोजगार र स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ।  त्यसरी नै सामाजिक रुपान्तरण र आत्मविश्वास अभिवृद्धिका लागि खेलकुद गतिविधिहरू सञ्चालनमा ल्याइएको छ। प्रत्येक वर्ष "युवा सीप परीक्षण सम्मेलन" तथा "खेल महोत्सव" आयोजना गरिने लक्ष्य लिइएको छ। खेलमैदान निर्माण, खेलकुद सामग्री वितरण तथा पालिकास्तरीय प्रतिस्पर्धाले युवामा नेतृत्व विकास र सहकार्य भावना प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ। यसरी गाउँपालिकाले युवा तथा खेलकुदलाई समृद्ध भविष्य निर्माणको आधारका रूपमा अघि सारेको छ।

### ५.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रमा विभिन्न समस्या रहेकाछन्। युवाहरूको उच्च बेरोजगारी दर र सीपको अभावका कारण स्थानीय तहमा प्राप्त हुने साना–साना अवसरमा समेत उच्च प्रतिष्पर्धा हुने गरेको छ।  वैदेशिक रोजगारप्रति बढी आकर्षण हुँदा गाउँमा श्रमशक्ति घटिरहेको छ। व्यवसायिक सीप तालिमको पहुँच सीमित र परिणाममुखी कार्यक्रमको अभाव छ। खेलकुद पूर्वाधार (खेलमैदान, उपकरण) को कमी र व्यवस्थापनको कमजोरीका कारण खेल गतिविधि सिमित बनेको छ। युवा कार्यक्रमहरूको दीगो अनुगमन तथा समन्वय न्यून देखिन्छ। सामाजिक गतिविधिमा युवाहरूको संलग्नता र नेतृत्व विकास कमजोर छ। सशक्त युवाशक्ति निर्माणका लागि पर्याप्त संरचना र अवसरको अभाव विद्यमान छ।

युवाहरूलाई स्वदेशमै रोजगार, उद्यमशीलता र नेतृत्व विकासमा आकर्षित गर्नु प्रमुख चुनौती हो। बेरोजगारी र विदेश पलायन रोक्न दीर्घकालीन योजना र लगानी आवश्यक छ। सबै वडामा खेलकुद पूर्वाधार विकास र खेल प्रतिभा पहिचान तथा प्रोत्साहनमा निरन्तरता राख्न कठिनाइ छ। व्यवसायिक सीप अभिवृद्धि कार्यक्रमहरूलाई व्यवहारिक र उत्पादनशील बनाउन स्रोत र दक्ष जनशक्ति आवश्यक छ। युवा समूहहरूमा सशक्तिकरण र सकारात्मक सोच विकास गरी सामाजिक नेतृत्वमा सक्रिय गराउनु चुनौतीपूर्ण छ। प्रविधिमैत्री र नवप्रवर्तनशील सोच भएका युवाहरूको सिर्जनशील क्षमता सदुपयोग गर्न दिगो अवसर सिर्जना गर्नुपर्ने आवश्यक छ।

### ५.५.३ सम्भावना तथा अवसर

गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्र विकासका लागि व्यापक सम्भावना रहेको छ। स्थानीयस्तरमै सीप विकास तालिम, स्वरोजगार कार्यक्रम र उद्यमशीलता प्रवर्द्धन गरी युवाहरूलाई आत्मनिर्भर बनाउन सकिन्छ। कृषि, पर्यटन र साना उद्योगसँग युवालाई जोडेर दीगो रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ। खेलकुद गतिविधि विस्तार गरी स्वास्थ्य, सहकार्य र नेतृत्व विकासमा सकारात्मक प्रभाव पार्न सकिन्छ। प्रविधिको उपयोग गरी डिजिटल उद्यमशीलता र नवप्रवर्तनशील कार्यक्रम सञ्चालन गर्न सम्भावना बलियो छ। साथै, संघीय र प्रदेश सरकारसँग समन्वय गरी युवा तथा खेलकुद पूर्वाधार विकासलाई गति दिन सकिन्छ।

गाउँपालिकाले युवाशक्ति परिचालन र खेलकुद प्रवर्द्धनमा विभिन्न अवसरहरू पाउन सक्छ। संघीय र प्रदेश सरकारका युवा तथा खेलकुद नीति तथा कार्यक्रमहरूसँग सहकार्य गरी स्रोत तथा प्रविधिको पहुँच विस्तार गर्न सकिन्छ। व्यवसायिक तालिम केन्द्र स्थापना, खेलकुद मैदान निर्माण, तथा खेल सामग्री वितरणबाट युवाहरूलाई सक्रियरूपमा समाज विकासमा समेट्ने अवसर छ। सहकारी, कृषि तथा साना उद्यमसँग युवालाई आबद्ध गराई आर्थिक सशक्तिकरणको वातावरण बनाउने अवसर खुलेको छ। खेल प्रतियोगिता, युवा नेतृत्व विकास तालिम तथा नवप्रवर्तनात्मक अभियानमार्फत दीर्घकालीन सामाजिक परिवर्तन ल्याउने सुनौलो अवसर छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

स्वदेशमै सक्षम, सिर्जनशील र उद्यमशील युवा विकास गर्दै खेलकुद प्रवर्द्धनमार्फत स्वस्थ, समावेशी र दिगो समाज निर्माण गर्नु।

#### २) उपक्षेत्रगत उद्देश्यहरु

(क) युवाहरूको सीप विकास, उद्यमशीलता प्रवर्द्धन र स्वदेशमै रोजगारी सिर्जना गर्न सहजीकरण गर्नु।

(ख) खेलकुद पूर्वाधार विकास र खेल गतिविधिहरूलाई संस्थागत बनाउँदै युवाहरूको स्वास्थ्य, नेतृत्व क्षमता र सहकार्य भावना अभिवृद्धि गर्नु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १:** युवा सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने

**कार्यनीति १.१**: युवाहरूलाई व्यवसायिक तथा प्राविधिक तालिम प्रदान गरिनेछ।
**कार्यनीति १.२**: स्वरोजगार तथा स्टार्टअप कार्यक्रमहरूमा युवा सहभागीता प्रवर्द्धन गर्न विभिन्न नविनतम कार्ययोजनाहरु सञ्चालन गरिनेछ।

रणनीति २: **स्वदेशमै रोजगारी सिर्जना र रोकथाम**

**कार्यनीति २.१**: कृषि, पर्यटन र साना उद्यमसँग युवालाई आबद्ध गराउने कार्यक्रम सञ्चालन गर्ने।
**कार्यनीति २.२**: विप्रेषण भर पर्ने प्रवृत्ति न्यूनीकरण गर्न दीर्घकालीन रोजगार योजना तयार गर्ने।

रणनीति ३: **खेलकुद पूर्वाधार विकास र खेल प्रवर्द्धन गर्ने**

**कार्यनीति ३.१**: वडागत स्तरमा खेलमैदान र अभ्यास केन्द्र निर्माण तथा सुधार गरिनेछ।
**कार्यनीति ३.२**: खेलकुद प्रतियोगिता, प्रशिक्षण र पुरस्कार कार्यक्रमहरू सञ्चालन गरिनेछ।

रणनीति ४: **युवा नेतृत्व र सामाजिक सहभागिता अभिवृद्धि गर्ने**

**कार्यनीति ४.१**: युवा क्लबहरू सशक्तिकरण गरी सामाजिक विकास कार्यक्रमहरूमा उनीहरूको सक्रियता बढाइनेछ।
**कार्यनीति ४.२**: युवा नेतृत्व विकास तालिम र नवप्रवर्तनशील अभियान सञ्चालन गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | पालिकास्तरीय खेलमैदान निर्माण तथा स्तरोन्नती | २ | ५ | ६ | ३ | ३ |
| २ | वडास्तरीय खेलमैदान निर्माण | २ | ५ | ६ | २ | ३ |
| २ | विद्यालयमा खेलमैदान निर्माण तथा मर्मत | २ | ५ | ६ | ३ | ३ |
| २ | वडा कप आयोजना | २ | ५ | ६ | २ | ३ |
| २ | गाउँपालिका कप आयोजना | २ | ५ | ६ | २ | ३ |
| २ | खेलाडीहरुका लागि तालिमको व्यवस्थापन | २ | ५ | ६ | २ | ३ |
| २ | राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा सहभागी खेलाडी सहयोग | २ | ५ | ६ | २ | ३ |
| २ | युवाहरुका लागि प्रस्तावना लेखन तालिम सञ्चालन | २ | ५ | ६ | २ | ३ |
| २ | युवाहरुका लागि व्यवसायिक योजना तयारी कार्यशाला | २ | ५ | ६ | २ | ३ |
| २ | टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | २ | ५ | ६ | २ | ३ |
| २ | टोल विकास संस्थाको क्षमता विकास कार्यक्रम | २ | ५ | ६ | २ | ३ |
| २ | टोल विकास संस्थाहरुलाई परियोजनामा आधारित अनुदान | २ | ५ | ६ | २ | ३ |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | गा.पा.को एकिकृत विकासमा युवाहरु तथा खेलकुदको योगदान रहने | प्रतिशत | ५% | १०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवामा वैदेशिक मोह घट्ने छ |
| **२** | **असर** | | | | | | |
| २.१ | उद्यमशिलता मार्फत युवा रोजगारीमा वृद्धि | संख्या | २५ | २०० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवामा स्वरोजगारको मोह बढ्नेछ |
| २.२ | खेलकुदको क्षेत्रमा राष्ट्रिय स्तरमा सहभागिता | संख्या | | १५० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | खेलकुदमा युवाको उत्साहजनक सहभागिता |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | युवाहरु व्यवसायिकरुपमा खेलकुदमा सफल हुने | संख्या | १० | ५० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | गाउँपालिकाले खेलकुदमा लगानी वृद्धि गर्नेछ |
| ३.२ | स्थानीयस्तरमा युवाहरु व्यवसायीको संख्यामा वृद्धि हुनेछ | संख्या | १५ | १५० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवाहरुले प्राविधिक तथा आर्थिक स्रोत जुटाउन सक्षम हुनेछन |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

युवा तथा खेलकुद क्षेत्रमा सञ्चालन हुने कार्यक्रमबाट युवाहरूमा सीप, नेतृत्व क्षमता र स्वदेशमै रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ। खेलकुद गतिविधिबाट स्वास्थ्य र सहकार्य भावना अभिवृद्धि हुनेछ। तर स्रोत अभाव, दीर्घकालीन योजना र व्यवस्थापन कमजोरी तथा युवाहरूको विदेश पलायन रोक्न नसकिने जोखिम विद्यमान रहनेछ। यसका लागि गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकारसँग सहकार्य गरि युवावर्गको सर्वाङ्गिन विकासका लागि एकीकृत योजना तर्जुमा गरि लागू गर्न सक्नु पर्दछ।

सामाजिक विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरुको बजेट तथा वार्षिक लक्ष्य

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| मुख्य क्षेत्रगत विषय : सामाजिक विकास क्षेत्र | | | | २११३०० | | २०९३०० | | २०४३०० | | २०४३०० | | २०४३०० | | १०३३५०० | |
| उपक्षेत्रगत विषय : स्वास्थ्य तथा पोषण | | | | ७३०३० | | ७३०३० | | ६८०३० | | ६८०३० | | ६८०३० | | ३५०१५० | |
| १ | पालिकास्तरीय आधारभूत अस्पत्तालमा जेनेरेटर/विद्युत जडान | संख्या | १ | ५००० | १ | ५००० | ० | ० | ० | ० | ० | ० | २ | १०००० | ५००० |
| २ | पालिकास्तरीय आधारभूत अस्पत्तालमा प्रविधि व्यवस्थापन | एकमुष्ट | १ | १५००० | १ | १५००० | १ | १५००० | १ | १५००० | १ | १५००० | ५ | ७५००० | १५००० |
| ३ | पालिका केन्द्रमा टेलिमेडिसिन उपचार प्रणाली व्यवस्थापन | एकमुष्ट | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | ५ | १५००० | ३००० |
| ४ | स्वास्थ्य चौकीहरुमा प्रविधि व्यवस्थापन | संख्या | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ३० | ९०००० | ३००० |
| ५ | स्वास्थ्य चौकीहरुमा औषधी खरीद तथा व्यवस्थापन | एकमुष्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| ६ | महिला स्वयम सेविकाको क्षमता अभिवृद्धि कार्यक्रम | इभेन्ट | ३ | २७० | ३ | २७० | ३ | २७० | ३ | २७० | ३ | २७० | १५ | १३५० | ९० |
| ७ | एक वडा एक प्रसुती गृह स्थापना तथा सञ्चालन | संख्या | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ६ | १८००० | ३० | ९०००० | ३००० |
| ८ | आयुर्वेदको महत्व र फाइदा सम्बन्धी अभिमुखिकरण | इभेन्ट | १८ | ९०० | १८ | ९०० | १८ | ९०० | १८ | ९०० | १८ | ९०० | ९० | ४५०० | ५० |
| ९ | पालिकामा एम्बुलेन्स सेवा विस्तार | एकमुष्ट | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| १० | पोषण सुधारका लागि टोलटोलमा अभिमुखीकरण कार्यक्रम | इभेन्ट | ६ | ६० | ६ | ६० | ६ | ६० | ६ | ६० | ६ | ६० | ३० | ३०० | १० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ११ | पोषण किट व्यवस्थापन तथा वितरण | संख्या | ३०० | ९०० | ३०० | ९०० | ३०० | ९०० | ३०० | ९०० | ३०० | ९०० | १५०० | ४५०० | ३ |
| १२ | समुदायमा योग शिविर सञ्चालन | संख्या | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| १३ | निरन्तर मेडिकल शिक्षा CME कार्यक्रम सञ्चालन | इभेन्ट | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| १४ | स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धि तालिम | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १५ | स्वास्थ्य संस्थामा शौचालय निर्माण | संख्या | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | ५ | ३५०० | ७०० |
| १६ | सामुदायिक स्वास्थ्य इकाइ निर्माण | संख्या | २ | १८०० | २ | १८०० | २ | १८०० | २ | १८०० | २ | १८०० | १० | ९००० | ९०० |
| **उपक्षेत्रगत विषय :शिक्षा विज्ञान तथा नवप्रवर्तन** | | | | **५६५८०** | | **५५०८०** | | **५५०८०** | | **५५०८०** | | **५५०८०** | | **२७६९००** | |
| १ | स्थानीय शिक्षा योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १५०० | १५०० |
| २ | सामुदायिक सहभागितामा विद्यालय सुधार योजना तर्जुमा | संख्या | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | १५० | ४५०० | ३० |
| ३ | हरित विद्यालयको अवधारणामा भौतिक संरचना निर्माण | संख्या | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ३० | ६०००० | २००० |
| ४ | विद्यालयमा वैकल्पिक उर्जा जडान | संख्या | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| ५ | विद्यालयमा प्रविधिमैत्री शिक्षण प्रणाली स्थापना | संख्या | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | ६० | ३०००० | ५०० |
| ६ | शिक्षकहरुलाई प्रविधिमैत्री शिक्षण विधिमा तालिम | संख्या | २ | १८० | २ | १८० | २ | १८० | २ | १८० | २ | १८० | १० | ९०० | ९० |
| ७ | प्रधानाध्यापकहरुलाई नेतृत्व विकास तथा व्यवस्थापन तालिम | संख्या | २ | १८० | २ | १८० | २ | १८० | २ | १८० | २ | १८० | १० | ९०० | ९० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ८ | बाल विकास केन्द्रमा स्थानीय स्रोतको प्रयोग गरि शैक्षिक सामाग्री निर्माण तथा प्रदर्शन | इभेन्ट | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | १५ | ४५०० | ३०० |
| ९ | प्रविधिमैत्री बाल विकास केन्द्रको स्थापना | संख्या | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | ३ | ९०० | १५ | ४५०० | ३०० |
| १० | क्रियाकलापमा आधारित,परियोजनामा आधारित शिक्षण प्रणाली लागू गर्न शिक्षकलाई तालिम | संख्या | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | १० | १५०० | १५० |
| ११ | अन्तर विद्यालय सिकाई आदान प्रदान कार्यक्रम | संख्या | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | २ | ३०० | १० | १५०० | १५० |
| १२ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि क्षमता अभिवृद्धि तालिम | संख्या | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ३० | २७०० | ९० |
| १३ | विद्यालयमा इको क्लब गठन तथा परिचालन | संख्या | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | १५० | २२५० | १५ |
| १४ | माध्यामिक विद्यालयमा अनुसन्धानमा आधारित शिक्षण | संख्या | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| १५ | माध्यामिक तहमा क्यारिअर काउन्सिलङ्ग कक्षा सञ्चालन | इभेन्ट | ६ | ३० | ६ | ३० | ६ | ३० | ६ | ३० | ६ | ३० | ३० | १५० | ५ |
| १६ | विद्यालय स्वास्थ्य सचेतना अभियान सञ्चालन | विद्यालय | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| १७ | विद्यालयमा कृषि पर्यटन तथा यातायात (कृपया )अभियान | विद्यालय | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| १८ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | एकमुष्ट | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | ५ | ७५० | १५० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १९ | विद्यालय अभिभावक जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम | संख्या | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| २० | पालिकास्तरमा बालबालिकाका नयाँ अन्वेषण प्रदर्शन मेला | संख्या | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | ५ | ७५० | १५० |
| २१ | छात्राबास निर्माण | संख्या | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ६ | १२००० | ३० | ६०००० | २००० |
| २२ | पुस्तकालय निर्माण | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| २३ | प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालित विद्यालय सहयोग | संख्या | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ३० | ३०००० | १००० |
| २४ | विपद्मा शिक्षा अन्तर्गत पूर्वाधार तयारी | एकमुष्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| **उपक्षेत्रगत विषय : खानेपानी तथा सरसफाई** | | | | **३६०००** | | **३५५००** | | **३५५००** | | **३५५००** | | **३५५००** | | **१७८०००** | |
| १ | खुल्ला दिशामुक्त क्षेत्र घोषणा पश्चातको अवस्था अध्ययन | पटक | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |
| २ | खानेपानीका आयोजना नयाँ निर्माण | संख्या | २ | ६००० | २ | ६००० | २ | ६००० | २ | ६००० | २ | ६००० | १० | ३०००० | ३००० |
| ३ | खानेपानीका आयोजनाहरुको मर्मत सम्भार | संख्या | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ३० | ४५००० | १५०० |
| ४ | खानेपानीका मूल संरक्षण कार्यक्रम | एकमुष्ट | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १५०० |
| ५ | विद्यालयमा खानेपानी व्यवस्थापन | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ६ | स्वास्थ्य संस्थामा खानेपानी व्यवस्थापन | संख्या | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ३० | ३०००० | १००० |
| ७ | महामारीमा खानेपानी तथा सरसफाइ स्वयमसेवी परिचालन | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ८ | खानेपानी शुद्धिकरण अभिमुखीकरण कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ९ | हरेक विद्यालयमा अपाङ्गतामैत्री लैङ्गिकमैत्री शौचालय | संख्या | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ३० | ४५००० | १५०० |
| **उपक्षेत्रगत विषय :महिला बालबालिका तथा लक्षित वर्ग** | | | | **१८६९०** | | **१८६९०** | | **१८६९०** | | **१८६९०** | | **१८६९०** | | **९३४५०** | |
| १ | महिला हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| २ | महिलाहरुको आर्थिक अवस्था सुधारमुलक कार्यक्रम | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ३ | महिलाहरुलाई स्थानीय स्रोतमा आधारित सीप विकास | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ४ | सम्पत्तीमा महिलाको पहुँच विस्तार कार्यक्रम | इभेन्ट | ३६ | ३६० | ३६ | ३६० | ३६ | ३६० | ३६ | ३६० | ३६ | ३६० | १८० | १८०० | १० |
| ५ | महिलाहरुलाई नेतृत्व विकासमा तालिम | संख्या | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ३० | २७०० | ९० |
| ६ | महिला समूहहरुलाई वित्तिय साक्षरता तालिम | संख्या | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ६ | ५४० | ३० | २७०० | ९० |
| ७ | महिलाहरुको स्थानीय रोजगारीका अवसरमा पहुँच विस्तार | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ८ | स्थानीय बालमैत्री शासन सुनिश्चित वडा घोषणा कार्यक्रम | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ९ | मध्यपान तथा धुम्रपान सचेतना कार्यक्रम सञ्चालन | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| १० | महिला सहकारी विकास कार्यक्रम | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ११ | किशोरी सुरक्षाका लागि आत्म रक्षा तालिम सञ्चालन | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १२ | बाल विवाह न्यूनीकरण कार्यक्रम | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| १३ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १४ | दिवस मनाउने | इभेन्ट | ५ | १५०० | ५ | १५०० | ५ | १५०० | ५ | १५०० | ५ | १५०० | २५ | ७५०० | ३०० |
| १५ | वडा तथा पालिकास्तरमा सहायता कक्ष स्थापना | संख्या | ७ | १०५० | ७ | १०५० | ७ | १०५० | ७ | १०५० | ७ | १०५० | ३५ | ५२५० | १५० |
| १६ | मानव अधिकार पिडित र विस्थापित व्यक्ति पुनर्स्थापना कार्यक्रम | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| **उपक्षेत्रगत विषय : युवा तथा खेलकुद** | | | | **२७०००** | | **२७०००** | | **२७०००** | | **२७०००** | | **२७०००** | | **१३५०००** | |
| १ | पालिकास्तरीय खेलमैदान निर्माण तथा स्तरोन्नती | संख्या | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १५०० |
| २ | वडास्तरीय खेलमैदान निर्माण | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ३ | विद्यालयमा खेलमैदान निर्माण तथा मर्मत | संख्या | ३० | १५००० | ३० | १५००० | ३० | १५००० | ३० | १५००० | ३० | १५००० | १५० | ७५००० | ५०० |
| ४ | वडा कप आयोजना | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ५ | गाउँपालिका कप आयोजना | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ६ | खेलाडीहरुका लागि तालिमको व्यवस्थापन | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ७ | राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा सहभागी खेलाडी सहयोग | एकमुष्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ८ | युवाहरुका लागि प्रस्तावना लेखन तालिम सञ्चालन | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ९ | युवाहरुका लागि व्यवसायिक योजना तयारी कार्यशाला | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १० | टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | ३० | ३०० | १५० | १५०० | १० |
| ११ | टोल विकास संस्थाको क्षमता विकास कार्यक्रम | संख्या | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | ३० | ९०० | १५० | ४५०० | ३० |
| १२ | टोल विकास संस्थाहरुलाई परियोजनामा आधारित अनुदान | संख्या | ३० | १५०० | ३० | १५०० | ३० | १५०० | ३० | १५०० | ३० | १५०० | १५० | ७५०० | ५० |

## परिच्छेद ६: पुर्वाधार क्षेत्र

गौमुल गाउँपालिकामा बस्ती, आवास तथा सार्वजनिक भवनहरू निर्माणको गति विस्तार हुदै गएको देखिन्छ। सडक, पुल तथा यातायाततर्फ केही कच्ची सडकहरू विस्तार भइहरेका छन्। तर सार्वजनिक यातायातको सेवा विस्तार गर्न केहि समय लाग्ने देखिन्छ। जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाको सन्दर्भमा लघुजलविद्युत्, सौर्य ऊर्जा बस्तीमा प्रयोगमा ल्याइएका छन् । सूचना तथा सञ्चार प्रविधिमा मोबाइल नेटवर्कको पहुँच बढेको भए पनि उच्चगुणस्तरीय इन्टरनेट सेवा अझै सीमित क्षेत्रमै सीमित छ।

पूर्वाधार विकास क्षेत्रभित्रका यी उपक्षेत्रहरू दिगो विकास लक्ष्यहरूसँग प्रत्यक्ष रूपले सम्बन्धित छन्। बस्ती, भवन र यातायात पूर्वाधारले दिगो विकास लक्ष्य ९ (उद्योग, पूर्वाधार तथा नवप्रवर्तन) र लक्ष्य ११ (सुरक्षित, समावेशी तथा दिगो बस्तीहरू) सँग तादात्म्यता राख्दछन्। विद्युत तथा वैकल्पिक ऊर्जा विस्तारले लक्ष्य ७ (सस्तो, भरपर्दो तथा दिगो ऊर्जा) प्राप्तिमा सहयोग पुऱ्याउँछ। त्यसैले, पूर्वाधार क्षेत्रमा लक्षित लगानी, स्थानीय सशक्तीकरण र प्रविधिमैत्री दृष्टिकोण अपनाई दीर्घकालीन दिगो विकास सुनिश्चित गर्न आवश्यक देखिन्छ।

गौमुल गाउँपालिकामा भएका भौतिक पूर्वाधारहरुको सबल पक्ष, सुधारात्म पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण यस प्रकार रहेको छ :

| सबल पक्षहरु | सुधारात्मक पक्षहरु |
|---|---|
| वडा नं. १ बाहेक सबै वडाकेन्द्रमा सडक सञ्जालको पहुँच पुगिसकेको छ | सडक सञ्जालमा समुदायको हाललाई मौसमीरुपमा मात्र पहुँच रहेको हुँदा बाह्रै महिना चल्ने सडक विस्तार गर्नु पर्ने देखिन्छ |
| मार्तडी-घटमुना सडक बाटो चौडा भएको हुँदा यातायातमा सहज भएको छ | मार्तडी घट्मुना जोड्ने सडक अन्तर्गत मार्तडी नजिकको खोलामा पुल निर्माण नहुँदा वर्षातमा पालिका प्रमुख राजमार्गबाट विच्छेद हुने गरेको छ। |
| गाउँपालिकाले नमूना वस्तिहरुको विकास कार्यमा योजनाबद्ध तरिकाले अगाडि बढिरहेको छ। | विभिन्न प्रकारका विपद्का कारण वस्ति विकासमा समय-समयमा अवरोध हुने गरेको छ। |
| स्थानीय जलविद्युत मार्फत सबै घरपरिवारमा विद्युत पहुँच पुगेको छ | जलविद्युतको मर्मत सम्भार तथा क्षमता विस्तार गर्नु पर्ने छ |
| आवश्यकता अनुसार पुल निर्माण भइ सञ्चालन भएका छन | अन्य स्थानमा झोलुङ्गे पुल तथा पक्की पुलको आवश्यकता पहिचान गरि निर्माण तथा पुनर्निर्माणका कार्यहरु गर्नु छ |
| गाउँपालिकामा टावर स्थापना हुँदा नेटवर्क राम्रो छ | इन्टरनेटको पहुँच विस्तार गर्नु पर्ने देखिन्छ |
| सबै वडा कार्यालयहरुका आ-आफ्ना भवन व्यवस्थित छन | सार्वजनिक भवन निर्माणका क्रममा भूकम्प प्रतिरोधी तरिकाले बनाउनु पर्ने |
| **अवसरहरु** | **चुनौतीहरु** |
| भौतिक पूर्वाधार निर्माणका लागि संघ तथा प्रदेश सरकारको सहयोग उपलब्ध भइरहेको छ | वातावरणमैत्री तथा दिगो विकासका लागि अझै विचार पुऱ्याउनु पर्ने देखिन्छ |
| निर्माण कार्यका लागि स्थानीय सामग्री प्रयाप्त रहेको | भौतिक संरचनामा विपद्ले असर गर्ने गरेको छ |
| स्थानीय जनसमुदायले पनि पूर्वाधार निर्माणको क्रमा रोजगारी पाउँदा जीविकोपार्जनमा वृद्धि भएको छ | लैङ्गिक बजेटमा आधारित भएर योजना सम्पन्न गर्न चुनौती रहेको देखिन्छ |
| निजी क्षेत्र र सहकारीसँग सहकार्यमा पूर्वाधार निर्माण PPP मोडलमा गर्न सकिने | दीर्घकालीन मर्मत/सम्भार योजना नहुँदा पूर्वाधारको टिकाउपनामा चुनौती छ |

## भौतिक पूर्वाधार क्षेत्रका उपक्षेत्रहरूको विवरण

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

यस गाउँपालिकाले भौतिक पूर्वाधारका विकासमुलक गतिविधिहरुको मुख्य प्राथमिकताको क्षेत्रमा राखेकोछ। विगतका वर्षहरूमा सडक सञ्जाल विस्तार, स्वास्थ्य भवन निर्माण, आवास पुनर्निर्माण र सार्वजनिक संरचना विकासमा महत्वपूर्ण प्रगति देखिएको छ। सार्वजनिक भवन निर्माण तर्फ पनि योजनाबद्ध तरिकाले कार्यहरु भैरहेकाछन्। गाउँपालिकाको भवन निर्माण, वडा कार्यालयहरुको भवन तथा अन्य संरचनाहरुको निर्माण जस्ता कार्यक्रमहरु अगाडि सारिएका छन्।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा बस्ती, आवास, भवन तथा सार्वजनिक संरचना विकास गर्दा धेरै समस्याहरू प्रशस्त छन्। प्रमुख समस्याहरूमा विकट भौगोलिक अवस्थाका कारण यातायात सुविधा अभाव, निर्माण सामग्री ढुवानीमा कठिनाइ र पर्याप्त बजेट अभाव प्रमुख हुन। पुराना भवनहरू भूकम्प प्रतिरोधी नभएकाले जोखिम उच्च छ। गुणस्तरीय निर्माण कार्यमा प्राविधिक जनशक्ति र प्रविधिको कमीले प्रभाव पारेको छ। सार्वजनिक भवनहरूको नियमित मर्मत सम्भारको अभाव र अनुगमन प्रणाली कमजोर रहेको छ। साथै, बढ्दो जनसंख्याका कारण सुरक्षित र व्यवस्थित बस्ती व्यवस्थापन जटिल बन्दै गएको छ।

बस्ती र सार्वजनिक संरचना विकासमा दीर्घकालीन दिगोपन सुनिश्चित गर्नु मुख्य चुनौती हो। भूकम्पजस्ता प्राकृतिक विपत्तिबाट संरचनाहरूलाई सुरक्षित राख्न अत्याधुनिक प्रविधि र निर्माण मापदण्ड अपनाउनु आवश्यक छ तर स्रोत अभावले यो कठिन बनाएको छ। विकट वडाहरूमा सडक पहुँच विस्तार र सुरक्षित आवास निर्माणको कार्य द्रुत गतिमा अघि बढाउन गाह्रो छ। स्थानीयस्तरमा प्राविधिक दक्ष जनशक्ति अभाव छ भने निर्माण सामाग्रीको मूल्यवृद्धिले थप दबाब सिर्जना गरेको छ। वातावरणमैत्री र समावेशी पूर्वाधार विकासलाई सुनिश्चित गर्नु अर्को महत्वपूर्ण चुनौती हो।

### ६.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाको भूभागमा आवास पुनर्निर्माण तथा डिजिटल पहुँच प्रवर्धनका क्षेत्रमा उच्च सम्भावना छ। संघीय तथा प्रदेश सरकारसँगको सहकार्यबाट स्रोत परिचालन गरी भौतिक पूर्वाधार विकासमा तीव्रता ल्याउन सकिन्छ। नयाँ प्रविधिको प्रयोग, हरित भवन अवधारणाको अपनत्व र स्थानीय स्रोत साधनको उपयोगले लागतसमेत कम गर्न सकिन्छ। साथै, जनताको सहभागिता र सघन अनुगमन प्रणाली विकास गरेर संरचनात्मक विकासलाई दिगो बनाउन सकिन्छ। सुरक्षित बस्ती र आवास निर्माणबाट विपद् प्रतिरोधी समुदाय निर्माण गर्ने सम्भावना प्रष्ट देखिएको छ।

हालसम्म विकास गरेको भौतिक पूर्वाधारको जग एक ठूलो अवसर हो। संघीय तथा प्रदेश सरकारका विभिन्न अनुदान कार्यक्रमहरू, विकास साझेदारहरूको सहकार्य र निजी क्षेत्रसँगको सहकार्यले पूर्वाधार विकासमा नयाँ अवसरहरू सिर्जना भएका छन्। भूकम्प प्रतिरोधी आवास प्रवर्द्धन, स्मार्ट बस्ती योजना, तथा हरित भवन प्रविधिको प्रयोगद्वारा वातावरणीय जिम्मेवारी समेत पूरा गर्न सकिन्छ। डिजिटल सेवा पहुँच र सडक विस्तारले पर्यटन, कृषि बजार पहुँचजस्ता क्षेत्रमा पनि प्रत्यक्ष फाइदा पुर्याउने अवसर छ। दीर्घकालीन दृष्टिकोण सहित पूर्वाधार सुदृढीकरणले समृद्ध गाउँपालिका निर्माण सम्भव छ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

वातावरणमैत्री, भूकम्प प्रतिरोधी, दिगो र पहुँचयुक्त बस्ती, आवास र सार्वजनिक संरचना विकास गर्नु।

#### २) उपक्षेत्रगत उद्देश्यहरु

(क) सुरक्षित, समावेशी र दिगो आवास, भवन तथा सार्वजनिक निर्माण प्रवर्द्धन गर्ने ।

(ख) विपद तथा प्रकोपजन्य घटनाका कारण अति जोखिमयुक्त बस्ती व्यवस्थापनका लागि सामूहिक आवासको व्यवस्थापन मार्फत एकीकृत बस्ती विकास गर्ने ।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १:** सुरक्षित र भूकम्प प्रतिरोधी संरचनाको विकास गर्ने

**कार्यनीति १.१ :** भूकम्प प्रतिरोधी निर्माण मापदण्डलाई अनिवार्य बनाइनेछ

**कार्यनीति १.२ :** जोखिमयुक्त क्षेत्रको पहिचान गरी सुरक्षित स्थानमा पुनर्स्थापन गरिनेछ ।

**रणनीति २:** पूर्वाधार योजनामा दिगोपन र वातावरणीय संवेदनशीलता समावेश गर्ने

**कार्यनीति २.१ :** हरित भवन र नवीकरणीय ऊर्जा प्रविधिको प्रयोग बढाइनेछ ।

**कार्यनीति २.२ :** निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ ।

**रणनीति ३:** सबै वडामा यातायात र सञ्चार पहुँच विस्तार गर्ने

**कार्यनीति ३.१ :** वडास्तरमा सडक र पुलको सञ्जाल सुधार गरिनेछ ।

**कार्यनीति ३.२ :** डिजिटल पहुँच सुनिश्चित गर्न ४जी नेटवर्क विस्तार गरिनेछ ।

**रणनीति ४:** स्रोत परिचालन र साझेदारी विकास गर्ने

**कार्यनीति ४.१ :** संघीय, प्रदेश सरकार र विकास साझेदारसँग समन्वय बढाइनेछ ।

**कार्यनीति ४.२ :** निजी क्षेत्रसँग साझेदारीमा भवन निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन | ३ | ९ | ३ | २ | ३ |
| ३ | एकीकृत बस्ती विकास कार्यक्रम | ३ | ९ | ३ | २ | २ |
| ३ | घरविहिनहरुका लागि आवास व्यवस्थापन कार्यक्रम | ३ | ९ | ३ | २ | ३ |
| ३ | खरको छानामुक्त वडा घोषणा कार्यक्रम | ३ | ९ | ३ | २ | २ |
| ३ | सार्वजनिकस्थलमा शौचालय निर्माण | ३ | ९ | ३ | १ | २ |
| ३ | सार्वजनिकस्थलमा पाटीपौवा निर्माण | ३ | ९ | ३ | २ | ३ |
| ३ | सार्वजनिक जग्गा अतिक्रमण रोकथाम | ३ | ९ | ३ | ३ | ३ |
| ३ | पालिकास्तरीय बस पार्क निर्माण | ३ | ९ | ३ | ३ | २ |
| ३ | प्रहरी चौकी निर्माण | ३ | ९ | ३ | ३ | ३ |
| ३ | पालिकास्तरीय अतिथि गृह निर्माण | ३ | ९ | ३ | ३ | ३ |

#### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | व्यवस्थित आवास तथा सार्वजनिक निर्माणले समृद्ध पालिका निर्माणमा योगदान पुऱ्याउने | प्रतिशत | १% | ५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सबैको समान योगदान रहनेछ |
| २ | **असर** | | | | | | |
| २.१ | बस्ती, सामूहिक आवास तथा सार्वजनिक निर्माणमा जनश्रमदान भएको हुनेछ | प्रतिशत | १०% | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | समुदाय सुशिक्षित हुनेछ |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | एकीकृत बस्ति निर्माण हुने | संख्या | ० | २ | गा.पा. प्रशासन | गा.पा. प्रशासन | अवसरको सदुपयोग भएको हुनेछ |
| ३.२ | सार्वजनिक निर्माणको व्यवस्थापन हुने | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | सवै प्रकारका स्रोतको सदुपयोग हुनेछ |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ६.१.६ अनुमान तथा जोखिम पक्ष

आवास तथा सार्वजनिक निर्माणका लागि आवश्यक बजेट सुनिश्चित गर्ने, निर्माण सामग्रीको सहज आपूर्ति तथा प्राविधिक दक्ष जनशक्ति व्यवस्थापनको अनुमान गरिएको छ। संघीय र प्रदेश सरकार तथा साझेदार निकायहरूसँग प्रभावकारी समन्वयले लक्ष्य प्राप्तिमा टेवा दिनेछ। तर, प्राकृतिक विपद् (भूकम्प, पहिरो आदि), निर्माणको ढिलाइ, बजेट अभाव, प्राविधिक त्रुटि र वातावरणीय असर जस्ता जोखिमहरू याथावत रहन्छन्। यस्ता जोखिम व्यवस्थापनका लागि पूर्व-संयोजना, गुणस्तरीय निगरानी र लचकदार कार्यान्वयन रणनीति अपनाउनु अपरिहार्य हुनेछ।

## ६.२ सडक, पुल तथा यातायात

#### ६.२.१ पृष्ठभूमि

गौमुल गाउँपालिकाले विकट भूगोलका बाबजुद पनि सडक तथा यातायात सञ्जाल विस्तारलाई उच्च प्राथमिकतामा राख्दै ठूला आयोजनाहरु समेत कार्यान्वयन गर्दै आएको छ। विगत वर्षहरूमा वडाहरूबीचको सम्पर्क कायम गर्न विभिन्न मोटरबाटा निर्माण, स्तरोन्नति तथा झोलुंगे पुलहरूको निर्माण भएका छन्। वडा नं. ४ र ५, वडा नं ३ जोड्ने सडक र अन्य वडास्तरीय गोरेटोबाटा सुधार कार्य सम्पन्न भएका छन् भने वडा नं. २ र ६ मा पनि भर्खर मात्र सडक सञ्जालमा जोडिएका छन्। वडा नं. १ मा पनि सडक पुऱ्याउनका लागि निर्माण कार्य अगाडि बढाइएको छ। गाउँपालिकाले अन्तर वडा, अन्तर पालिका तथा अन्तर जिल्ला सडक पहुँच सुदृढीकरणलाई रणनीतिक लक्ष्यको रूपमा अगाडि सारेको छ। आगामी वर्षहरूमा सडक स्तरोन्नति, पक्की तथा झोलुङ्गे पुल निर्माण, नयाँ मार्ग थालनी तथा यातायात सञ्जाललाई छोटो, सरल र सबै मौसममा सञ्चालनयोग्य बनाउने कार्यलाई द्रुतगतिमा अघि बढाइने योजना रहेको छ। यातायात पूर्वाधार सुदृढीकरणले गाउँपालिकाको आर्थिक, सामाजिक तथा सेवाप्रवाह सुधारमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### ६.२.२ समस्या तथा चुनौती

सडक तथा पुल निर्माणमा प्रमुख समस्या भूगोलको विकटता र विपद् जोखिम हो । बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूले यातायात पूर्वाधारलाई बारम्बार क्षति पुऱ्याउँदै आएकाछन् ।  सीमित बजेट, निर्माण सामग्रीको ढुवानी कठिनाइ, तथा प्राविधिक दक्ष जनशक्ति अभावले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेको छ। मौसमी सडकहरूको अवस्था कमजोर हुँदा वर्षायाममा आवागमन अवरुद्ध हुने समस्या कायम छ। दीगो तथा मौसम प्रतिरोधी संरचना निर्माण गर्न थप स्रोत परिचालन र प्रविधि प्रयोग आवश्यक रहेको छ। समयमै स्तरोन्नति, नियमित मर्मतसम्भार र वातावरणीय दृष्टिकोणबाट टिकाउ योजना कार्यान्वयन गर्नु मुख्य चुनौती हो।

### ६.२.३ सम्भावना तथा अवसर

गाउँपालिकाको यातायात पूर्वाधार विकासमा संघीय, प्रदेश र साझेदार निकायहरूको सहकार्यद्वारा स्रोत परिचालन गरी प्रमुख सडक सञ्जाल विस्तार गर्दै घना बस्ती सम्म बाह्रै महिना सञ्चालनमा आउने सडक सञ्जाल विस्तार गर्न सकिएको खण्डमा यसले पालिका समृद्धिका लागि अतुलनीय योगदान पुऱ्याउने देखिन्छ। पर्यटन, कृषि बजार र सेवाप्रवाहमा सुधार ल्याउन सडक तथा पुलको गुणस्तर वृद्धिले महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना त्यतिकै कायम छ। नयाँ प्रविधि तथा वातावरणमैत्री प्रविधिको प्रयोग गरेर सडक र पुललाई टिकाउ बनाउन सकिनेछ। आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी यातायात पूर्वाधारलाई आर्थिक स्रोतको रूपमा विकास गर्न सकिन्छ। स्थायी, सबै मौसममा सञ्चालनयोग्य सडक सञ्जाल विकासले समृद्ध गाउँपालिका निर्माणमा बलियो आधार तयार पार्नेछ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

वातावरणमैत्री दिगो, सुरक्षित, सर्वसुलभ र सबै मौसममा सञ्चालनयोग्य सडक तथा पुल सञ्जाल विकास मार्फत यातायात व्यवस्थापन गर्ने।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) सबै वडाहरूलाई सडक र पुलमार्फत आपसमा तथा गाउँपालिका केन्द्रसँग पूर्णरूपमा जोड्ने।

(ख) वातावरणीय दृष्टिले अनुकूल र विपद् प्रतिरोधी यातायात पूर्वाधार विकास गर्दै स्थानीय आर्थिक गतिविधि प्रवर्द्धन गर्ने।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: सबै वडालाई सडक र पुल सञ्जालमार्फत जोड्ने**

**कार्यनीति १.१:** प्रत्येक वडामा कम्तीमा एकवटा मोटरेबल सडक निर्माण गरिनेछ।

**कार्यनीति १.२:** झोलुंगे पुल तथा पक्की पुल निर्माण कार्यलाई तीव्रता दिइनेछ।

**कार्यनीति १.३:** अन्तर वडा र अन्तर पालिका सडक पहुँच सुधार गरिनेछ।

**रणनीति २: दिगो र सबै मौसममा सञ्चालनयोग्य सडक विकास गर्ने**

**कार्यनीति २.१:** प्रमुख सडकहरूमा ग्राभेल, ब्ल्याकटप वा आरसीसी संरचना निर्माण गरिनेछ।

**कार्यनीति २.२**:वर्षायाममा सञ्चालन अवरुद्ध हुने सडकहरूमा सुधार र मर्मत गरिनेछ।

**कार्यनीति २.३**:भूगोल र मौसमअनुकूल प्रविधिको प्रयोगबाट सडक टिकाउ बनाइनेछ।

**रणनीति ३: यातायात पूर्वाधार निर्माणमा विपद् प्रतिरोधी उपाय अपनाउने**

**कार्यनीति ३.१**: जोखिमयुक्त भुभाग पहिचान गरी सडक र पुल स्थान छनोट गरिनेछ ।

**कार्यनीति ३.२**: सिँचाइ, ढल निकास तथा भौतिक संरक्षण संरचना निर्माण गरिनेछ ।

**कार्यनीति ३.३**: पहिरो रोकथामका लागि ग्यावियन पर्खाल, तटबन्ध तथा वृक्षारोपन जस्ता उपाय अपनाइनेछ ।

**रणनीति ४: स्रोत परिचालन र साझेदारी मार्फत पूर्वाधार विकास गर्ने**

**कार्यनीति ४.१**: संघीय, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग समन्वय गरिनेछ ।

**कार्यनीति ४.२**: निजी क्षेत्रको साझेदारिता तथा सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

**कार्यनीति ४.३**: स्रोत व्यवस्थापनका लागि विशेष परियोजना प्रस्ताव तयार गरिनेछ ।

**रणनीति ५: निर्माण कार्यमा गुणस्तर र पारदर्शिता सुनिश्चित गर्ने**

**कार्यनीति ५.१**: निर्माण कार्यमा प्राविधिक मापदण्डको कडाइका साथ पालना गरिनेछ ।

**कार्यनीति ५.२**: नियमित प्राविधिक निरीक्षण तथा अनुगमनको व्यवस्था गरिनेछ ।

**कार्यनीति ५.३**: नागरिक सहभागिता सुनिश्चित गरी सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | प्रत्येक स्वास्थ्य संस्था सम्म रोड निर्माण तथा स्तरोन्नती | ३ | ११ | ३ | २ | ३ |
| ३ | प्रत्येक विद्यालय सम्म रोड निर्माण तथा स्तरोन्नती | ३ | ११ | ३ | २ | ३ |
| ३ | प्रत्येक वडा कार्यालय सम्मका सडकको स्तरोन्नती | ३ | ११ | ३ | २ | ३ |
| ३ | आधारभूत अस्पत्ताल -पालिका केन्द्र -फनपार्क सडक विस्तार | ३ | ११ | ३ | २ | ३ |
| ३ | घट्मुना-वडा केन्द्र सम्मको सडक कालोपत्रे | ३ | ११ | ३ | २ | ३ |
| ३ | झोलुङ्गे पुल निर्माण | ३ | ११ | ३ | २ | ३ |
| ३ | झोलुङ्गे पुल मर्मत | ३ | ११ | ३ | २ | ३ |
| ३ | गोरेटो/घोडेटो बाटो निर्माण तथा मर्मत | ३ | ११ | ३ | २ | ३ |

#### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/०८२ को अनुमान | आ.व. २०८५८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | गा.पा.को एकीकृत विकासमा सडक सञ्जालको योगदान | प्रतिशत | १०% | २०% | पूर्वाधार विकास समिति | गाउँपालिका | वातावरणमैत्री पूर्वाधार निर्माण हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | ग्रामीण समुदायले सडक सञ्जाल मार्फत आय आर्जनमा वृद्धि गर्ने | प्रतिशत | ५% | ४०% | पूर्वाधार विकास समिति | गाउँपालिका | समुदायले स्थानीयस्तरमा नै रोजगारी पाउने |
| २.२ | सडक सञ्जालका कारण स्वास्थ्य, शिक्षा, जीविकोपार्जनका अवसरहरूमा वृद्धि हुने | प्रतिशत | १०% | ३०% | पूर्वाधार विकास समिति | गाउँपालिका | स्थानीय समुदाय र अन्य निकाय बीच पारस्परिक सम्बन्ध स्थापित हुनेछ |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | वातावरणीय संरक्षण र गुणस्तर सहित सडक सञ्जाल विस्तार हुने | संख्या | ० | १० | पूर्वाधार विकास समिति | गाउँपालिका | सर्वपक्षीय सहयोग हुनेछ |
| ३.२ | निर्मित सडकहरुको वातावरणमैत्रीरुपमा गुणस्तरता वृद्धि हुने | संख्या | ० | ५ | पूर्वाधार विकास समिति | गाउँपालिका | सर्वपक्षीय सहयोग हुनेछ |
| ३.३ | सडक निर्माणसँगै ट्राफिक सचेतनामा वृद्धि हुने छ | जनसंख्या प्रतिशत | ५% | ६५% | पूर्वाधार विकास समिति | गाउँपालिका | सर्वपक्षीय सहयोग हुनेछ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ६.२.६ अनुमान तथा जोखिम पक्ष

सडक, पुल तथा यातायात पूर्वाधार विकासका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयमा आवश्यक बजेट, प्राविधिक जनशक्ति र निर्माण सामग्री उपलब्ध हुने अनुमान गरिएको छ। योजनाबद्ध रूपमा कार्य अघि बढाउन सकिएमा अधिकांश वडाहरू बाहै महिना यातायात सञ्जालमा समेटिनेछन्। तर, विकट भौगोलिक अवस्था, विपद् जोखिम (जस्तै: पहिरो, बाढी), निर्माणको ढिलाइ, बजेट समयमै नआउने तथा अनुगमनमा ढिलाई जस्ता जोखिमहरू रहेका छन्। गुणस्तर कायम राख्दै पारदर्शी प्रक्रियामार्फत योजनाको प्रभावकारी कार्यान्वयन आवश्यक हुनेछ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

गाउँपालिका जलस्रोत, लघुजलविद्युत् तथा वैकल्पिक ऊर्जाका दृष्टिले सम्भावनायुक्त क्षेत्र हो । थार खोला, तसारीगाड, धसल्का, धसराढुङ्गा लगायत क्षेत्रहरूमा लघु जलविद्युत् आयोजना सम्पन्न वा कार्यान्वयनमा रहेका छन् । अधिकांश बस्ती उज्यालो अभियानअन्तर्गत विद्युत पहुँचमा पुगेका छन् भने बाँकी क्षेत्रमा वैकल्पिक ऊर्जा स्रोत (सोलार आदि) प्रवर्द्धन गर्ने नीति लिइएको छ। यस्तै, सिँचाइ, खानेपानी र ऊर्जाका लागि उपयोग गर्न सकिने लघु जलस्रोतहरू प्रशस्त छन् । सोलार होम सिस्टम, Improved Cooking Stove जस्ता कार्यक्रम सञ्चालनमा छन् । संघीय तथा प्रदेश सरकार, वैदेशिक सहयोग र निजी क्षेत्रको साझेदारीबाट वैकल्पिक ऊर्जा विकासका प्रयासहरू भइरहेको छ । आगामी वर्षहरूमा ऊर्जा पहुँच, सुलभता, दिगोपन र स्वदेशी स्रोतको उपयोगमा केन्द्रित भएर ऊर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य लिइएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा विद्युत् सेवा विस्तार भए पनि विद्युत् आपूर्ति स्थायित्व र गुणस्तरको समस्या विद्यमान छ । साना जलविद्युत् आयोजनाहरू नियमित मर्मत अभाव र प्रविधिगत कमजोरीका कारण अवरुद्ध भइरहन्छन् । केही वडाहरूमा अझै पनि विद्युतीकरण हुन सकेको छैन भने सोलार जस्ता वैकल्पिक ऊर्जाको पहुँच पनि सीमित छ । पूर्वाधार निर्माणमा स्रोत अभाव, स्थानीय जनशक्ति अभाव र लामो प्रक्रिया जस्ता समस्याहरू देखिएका छन् । खानेपानी तथा सिँचाइको प्रयोजनका लागि जलस्रोतको उपयोगमा समन्वय अभाव देखिनु पनि एक चुनौती हो ।

ऊर्जा क्षेत्रमा दिगोपन, पहुँच र लागत नियन्त्रण एकसाथ सुनिश्चित गर्नु चुनौतीपूर्ण छ । हिमाली तथा पहाडी भौगोलिक संरचना, जलविद्युत्को लागि आवश्यक प्रवाह घटबढ र पर्याप्त पूर्वअध्ययनको अभावले आयोजना दीर्घकालीन टिकाउ हुन सक्दैनन् । लघुजलविद्युत् आयोजनाहरूमा प्रविधिगत परिमार्जन गर्न आवश्यक छ तर दक्ष प्राविधिक जनशक्तिको कमी र स्रोत अभावले यो सम्भव नहुन सक्छ । वैकल्पिक ऊर्जामा समुदायको विश्वास अभाव, उपकरणको गुणस्तर र मर्मत कठिनाइजस्ता विषयले थप चुनौती सिर्जना गरेको छ । बहुउपयोगी जलस्रोतमा साझेदारी र समन्वय नहुनुले विवादसमेत सिर्जना गर्न सक्छ ।

### ६.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा थुप्रै लघु खोला तथा झरनाहरू रहेका छन् जसको उपयोगबाट साना जलविद्युत् आयोजना सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ । वैकल्पिक ऊर्जा, विशेषतः सोलार, Improved Cooking Stove, र बायोग्यास प्रवर्द्धन मार्फत उज्यालो र स्वच्छ ऊर्जा पहुँच विस्तार गर्न सकिन्छ । घरेलु तथा कृषि प्रयोजनका लागि जलस्रोतको बहुउपयोगी व्यवस्थापन गर्दै ऊर्जा उत्पादन र खानेपानी/सिँचाइ सेवा विस्तार गर्न सकिन्छ । संघीय तथा प्रदेश सरकार, दातृ निकाय र निजी क्षेत्रसँग सहकार्य गरी स्रोत परिचालन तथा प्रविधि हस्तान्तरणको सम्भावना उल्लेखनीय रहेको छ ।

ऊर्जा आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने अवसरले गाउँलाई दीर्घकालीन समृद्धितर्फ डोऱ्याउन सक्छ । सरकारको 'ऊर्जा अधिकार सबैका लागि' नीति, सौर्य तथा वैकल्पिक ऊर्जामा बढ्दो अन्तर्राष्ट्रिय लगानी, र दातृ संस्थाहरूको सहयोगले पर्याप्त ऊर्जा कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था छ । स्थानीय युवालाई तालिम दिएर मर्मत र सञ्चालन व्यवस्थापन गर्न सकिन्छ । निजी क्षेत्रसँगको सहकार्यद्वारा माइक्रो-हाइड्रो र सोलार ग्रिड सञ्जाल विस्तार गर्न सकिनेछ । जलस्रोत संरक्षणसँग जोडिएको ऊर्जा विकासले वातावरणीय सन्तुलन कायम राख्नसक्ने र ग्रामीण क्षेत्रको जीवनस्तर सुधार गर्न ठोस अवसर प्रदान गर्नेछ ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

जलस्रोत संरक्षण, स्वदेशी ऊर्जाको दिगो उपयोग र सर्वसुलभ ऊर्जामा पहुँच विस्तार गर्दै ऊर्जा आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) गाउँपालिकाका सबै वडाहरूमा सुरक्षित, भरपर्दो र वातावरणमैत्री ऊर्जा सेवा प्रवाह सुनिश्चित गर्नु।

(ख) वैकल्पिक तथा नवीकरणीय ऊर्जामा स्थानीय स्रोतको उपयोग, जनशक्ति विकास र साझेदारी प्रवर्द्धन गर्दै ऊर्जा क्षेत्र सुदृढ पार्नु

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: जलस्रोतको संरक्षण र बहुउपयोग प्रणाली विकास गर्ने**
**कार्यनीति १.१:** प्राकृतिक स्रोतहरूको संरक्षण तथा व्यवस्थापनका लागि सामुदायिक सहभागितामा जल उपभोक्ता समिति गठन गरिनेछ।
**कार्यनीति १.२:** घरेलु उद्योग, सिँचाइ र ऊर्जा प्रयोजनका लागि बहुउपयोगी जलस्रोत परियोजनाहरू सञ्चालन गरिनेछ।
**कार्यनीति १.३:** जलस्रोत क्षति रोक्न जलगृह क्षेत्र संरक्षण, बृक्षारोपण तथा तटीय संरक्षण कार्यक्रम लागू गरिनेछ।

**रणनीति २: वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने**
**कार्यनीति २.१:** विद्युतीकरण नभएका वडाहरूमा सोलार होम सिस्टम, Improved Cooking Stove र बायोग्यास कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति २.२:** विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक भवनमा सौर्य ऊर्जा जडान गरिनेछ।
**कार्यनीति २.३:** वैकल्पिक ऊर्जामा आधारित सामुदायिक लघु उद्यम स्थापना तथा संचालनका लागि अनुदान र सहकार्यको व्यवस्था गरिनेछ।

**रणनीति ३: स्थानीय स्रोत र जनशक्तिको उपयोग गरी ऊर्जा आत्मनिर्भरता हासिल गर्ने**
**कार्यनीति ३.१:** लघु जलविद्युत् तथा सोलार परियोजनाहरूमा स्थानीय जनशक्ति परिचालनका लागि सीपमूलक तालिम प्रदान गरिनेछ।
**कार्यनीति ३.२:** ऊर्जा पूर्वाधारको मर्मत, सञ्चालन र अनुगमनका लागि वडास्तरमा ऊर्जा व्यवस्थापन समिति गठन गरिनेछ।
**कार्यनीति ३.३:** ऊर्जा क्षेत्रमा निजी क्षेत्र र विकास साझेदारहरूसँग सहकार्य गरी स्रोत परिचालन तथा प्रविधि हस्तान्तरणको व्यवस्था गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | राष्ट्रिय विद्युत प्रसारण लाइन जडानका लागि समन्वय | ३ | ७ | १ | २ | २ |
| ३ | स्थानीय लघुजलविद्युत आयोजना निर्माण | ३ | ७ | १ | २ | २ |
| ३ | स्थानीय लघुजलविद्युत आयोजना मर्मत | ३ | ७ | १ | २ | २ |
| ३ | वैकल्पिक उर्जा जडान कार्यक्रम | ३ | ७ | १ | १ | २ |
| ३ | सुधारिएको चूल्हो निर्माण तथा अभिमुखिकरण | ३ | ७ | १ | १ | २ |

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | कुल गार्हस्थ्य उत्पादनमा विद्युत तथा ऊर्जा क्षेत्रको योगदान | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | राष्ट्रिय तथा स्थानीय ऊर्जा उत्पादनमा निरन्तरता हुनेछ |
| **२** | **असर** | | | | | | |
| २.१ | विद्युतमा आधारित साना उद्योगहरू मार्फत स्वरोजगारीका अवसरमा वृद्धि हुनेछ | प्रतिशत | ०% | ६५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | स्थानीय प्रशारणलाईन निरन्तर सञ्चालनमा आउनेछन् |
| २.२ | सबै प्रकारका सेवा प्रवाहमा स्थानीय ऊर्जाले सहयोग गर्नेछ। | प्रतिशत | १५% | ५५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | स्थानीय प्रशारणलाईन निरन्तर सञ्चालनमा आउनेछन् |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | वैकल्पिक र अन्य विद्युत प्रयोग गर्ने घरधुरीहरुमा वृद्धि | प्रतिशत | ५०% | ९०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | विद्युत खपत गर्ने क्षमताको विकास हुने |
| ३.२ | विद्युतमा आधारित उद्यमहरू सञ्चालन गर्ने युवा उद्यमीको संख्यामा वृद्धि हुनेछ। | जना | १० | २०० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | यातायातको सहज सुविधा भएको हुनेछ |
| ३.३ | स्वास्थ्य, शिक्षा तथा कृषि संघसंस्थाहरुमा ऊर्जाको नियमित आपूर्ति हुनेछ। | वटा | ५ | १० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | शिक्षा, स्वास्थ्य संस्थामा संरचनाको विकास भएको हुने |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

ऊर्जा क्षेत्रमा लक्षित उपलब्धि हासिल गर्नका लागि संघीय, प्रदेश र साझेदार निकायहरूसँग सहकार्यमा आवश्यक बजेट, प्रविधि र जनशक्ति उपलब्ध हुने अनुमान गरिएको छ। सौर्य, लघुजलविद्युत् र बायोग्यास जस्ता परियोजनाहरू स्थानीय स्रोतको उपयोगमा आधारित हुने भएकाले आत्मनिर्भरता सम्भव देखिन्छ। तथापि, मौसमीय अनिश्चितता, जलप्रवाहको घटबढ, प्राविधिक दक्षता अभाव, उपकरणको गुणस्तर समस्या तथा दीर्घकालीन मर्मतको दायित्व नलिनुजस्ता जोखिमहरू रहेका छन्। साथै, स्रोत व्यवस्थापन र परियोजना कार्यान्वयनमा ढिलाइ हुन सक्ने सम्भावना रहन सक्छ जसको लागि पूर्वतयारी र अनुगमन संयन्त्र सुदृढ गरिनुपर्नेछ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

गाउँपालिकाले सूचना, सञ्चार तथा प्रविधिलाई सेवा प्रवाहको आधारभूत अङ्गका रूपमा लिँदै आएको छ । हालसम्म सबै वडाहरूमा 4G मोबाइल सेवाको पहुँच पुग्ने गरि टेलिकम टावरहरुको विस्तार गरिएको छ भने गाउँपालिकाको सूचनाको पहुँच बढाउन "रेडियो गौमुल" मार्फत जनसम्पर्क सुदृढ गरिएको छ । स्थानीय सरकारको डिजिटल रूपान्तरणका प्रयासस्वरूप सेवासुविधा तथा कार्यक्रमको जानकारी प्रवाहका लागि एसएमएस प्रणाली, डिजिटल नागरिक वडापत्र तथा सूचना प्रविधिमैत्री वेबसाइट सञ्चालनमा छन् । विद्यालय तहमा इन्टरनेट, प्रोजेक्टर तथा प्रविधि सामग्री विस्तार हुँदै गएको छ । सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन, सेवा अनलाइनिकरण र जनगुनासो प्रणालीलाई प्रविधि प्रयोगमार्फत पारदर्शी र जवाफदेही बनाउन थालिएको छ । आगामी वर्षहरूमा प्रविधिमैत्री प्रशासन, सूचना पहुँचको समानता, र डिजिटल समावेशीताका दृष्टिकोणले सूचना, सञ्चार र प्रविधिमा थप सुदृढीकरण गरिनेछ ।

### ६.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा सूचना र सञ्चार प्रविधिको पहुँच विस्तार भए पनि यसको समान र प्रभावकारी उपयोगमा अझै समस्या देखिन्छ । सबै वडामा इन्टरनेट पहुँच भए पनि नेटवर्कको क्षमता र गति न्यून छ भने विद्युतीय उपकरणको अभाव र मर्मत सम्भार अभावका कारण विद्यालय, स्वास्थ्य संस्था र कार्यालयहरूमा प्रविधिको भरपुर उपयोग हुन सकेको छैन । ग्रामीण भेगका नागरिकमा डिजिटल साक्षरता अभाव छ जसले सूचना प्रवाहमा असमानता ल्याएको छ । सूचनाको एकीकृत अभिलेखिकरण प्रणाली नहुनु, जनगुनासो सम्बोधन प्रणालीको कमजोरी र प्रविधिमा आश्रित सेवा सञ्चालनमा स्थायित्वको अभाव प्रमुख समस्याहरूका रूपमा रहेका छन् ।

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको दिगो विकासमा प्राविधिक दक्ष जनशक्ति अभाव, कमजोर पूर्वाधार, र बजेट सीमितता प्रमुख चुनौती हुन् । सबै वर्ग र समुदायमा सूचना पहुँच र डिजिटल समावेशिता सुनिश्चित गर्नु कठिन कार्य हो । ग्रामीण क्षेत्रमा प्रविधिको नियमित मर्मत, व्यवस्थापन र अद्यावधिक तालिमको अभावले सेवा प्रवाहलाई अवरुद्ध पार्ने जोखिम रहन्छ । अनलाइन प्रणालीको प्रयोगमा साइबर सुरक्षा, डेटा गोपनीयता र प्रणाली सञ्चालन क्षमतामा सुधार आवश्यक छ । स्थानीय जनशक्तिको सीप अभिवृद्धि बिना डिजिटल प्रविधिमा आधारित सेवा स्थायीत्वपूर्वक सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सरकारी प्राथमिकता, निजी क्षेत्रको लगानी रुचि र प्रविधिको तीव्र विकासले सम्भावनाको नयाँ ढोका खोलिदिएको छ । सबै वडामा 4G सेवा विस्तार भइसकेको अवस्थामा विद्यालय, स्वास्थ्य केन्द्र तथा कार्यालयमा इन्टरनेट सेवा अभिवृद्धि गर्न सहज छ । डिजिटल शिक्षा, स्वास्थ्य तथा प्रशासनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग विस्तार गर्न सकिन्छ । रेडियो, एसएमएस प्रणाली, डिजिटल नागरिक वडापत्रजस्ता माध्यमबाट स्थानीय तह र नागरिक बीचको दूरी घटाउने सम्भावना छ। सूचना प्रविधिमार्फत पारदर्शिता, जवाफदेहिता र सेवा गुणस्तरमा उल्लेखनीय सुधार सम्भव देखिन्छ ।

संघीय र प्रदेश सरकारको नीतिगत प्राथमिकता र साझेदार संस्थाको सहयोगका अतिरिक्त सूचना प्रविधिमा लगानी, पूर्वाधार विस्तार र दक्ष जनशक्ति विकासको अवसर प्रदान गरेको छ । इन्टरनेट पहुँच भएका वडाहरूमा विद्युतीय सेवा विस्तार गर्न सहज छ भने विद्यालय र स्वास्थ्य संस्थामा प्रविधि आधारित उपकरणहरूको प्रयोग बढाउन सकिनेछ । स्थानीय युवा जनशक्तिलाई सूचना प्रविधि सम्बन्धी तालिम दिई स्थानीय तहमै रोजगारी सिर्जना गर्न सकिन्छ । साथै सेवा प्रवाहलाई अनलाइन प्रणालीमा रुपान्तरण गरी पारदर्शी र सुलभ बनाउने अवसर यस क्षेत्रमा उल्लेखनीय रूपमा देखिएको छ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

प्रविधिमैत्री प्रशासन, सर्वसुलभ सूचना पहुँच र डिजिटल सशक्तिकरणमार्फत समावेशी सूचना प्रवाह र सेवा प्रणाली निर्माण गर्ने

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) गाउँपालिकाका सबै वडामा सूचना, सञ्चार तथा इन्टरनेट सेवा सहज र प्रभावकारी रूपमा विस्तार गर्नु ।

(ख) डिजिटल उपकरण, प्रविधि तालिम र प्रणालीमार्फत शिक्षण, स्वास्थ्य, कृषि तथा प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: सूचना र सञ्चार पूर्वाधारको पहुँच विस्तार गर्ने**
**कार्यनीति १.१:** सबै वडाहरूमा 4G नेटवर्कको क्षमता विस्तार गर्न आवश्यक प्रविधि र उपकरण जडान गरिनेछ ।
**कार्यनीति १.२:** विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।
**कार्यनीति १.३:** सार्वजनिक सूचना बोर्ड, रेडियो प्रसारण र एसएमएस प्रणालीमार्फत जनसम्पर्क प्रवाह सुदृढ गरिनेछ ।

**रणनीति २: प्रविधिमैत्री प्रशासन र सेवा प्रवाह प्रणाली विकास गर्ने**
**कार्यनीति २.१:** सेवा प्रवाह, गुनासो व्यवस्थापन तथा अभिलेख प्रणालीलाई डिजिटल प्रविधिमा रूपान्तरण गरिनेछ ।
**कार्यनीति २.२:** अनलाइन सूचना प्रकाशन, मोबाइल एप्स तथा वेबसाइट मार्फत पारदर्शी सेवा सुनिश्चित गरिनेछ ।
**कार्यनीति २.३:** डिजिटल नागरिक वडापत्र, इ-पेमेन्ट र ई-सेवा प्रणाली क्रमशः सञ्चालनमा ल्याइनेछ ।

**रणनीति ३: स्थानीय जनशक्ति सशक्तिकरण र डिजिटल साक्षरता अभिवृद्धि गर्ने**
**कार्यनीति ३.१:** विद्यालय तहदेखि नै सूचना प्रविधि साक्षरतामा आधारित शिक्षण प्रविधिको प्रयोग गरिनेछ ।
**कार्यनीति ३.२:** शिक्षक, स्वास्थ्यकर्मी र वडा कर्मचारीलाई ICT तालिम प्रदान गरिनेछ ।
**कार्यनीति ३.३:** युवा तथा महिला समूहलाई डिजिटल सीप विकास तालिममार्फत प्रविधिमैत्री बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | टेलिकम टावरको क्षमता वृद्धिका लागि समन्वय | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सार्वजनिक निकायमा इन्टरनेट विस्तार | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सामुदायिक विद्यालयहरुमा इन्टरनेटको सुविधा विस्तार | ३ | ९ | ३ | ३ | ३ |
| ३ | गाउँपालिका र वडा कार्यालयको सूचना डिजिटलाइजेशन | ३ | ९ | ३ | ३ | ३ |
| ३ | गाउँपालिकाको सूचना शाखामा आवश्यक थप प्रविधि जडान | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सूचना र प्रविधिमा उद्यमीहरु सहयोग कार्यक्रम | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सूचना र प्रविधिमा सरोकारवालालाई तालिम सञ्चालन | ३ | ९ | ३ | ३ | ३ |
| ३ | गाउँपालिका र वडा कार्यालयमा इन्टरनेट विस्तार | ३ | ९ | ३ | ३ | ३ |
| ३ | डिजिटल पालिका विस्तार कार्यक्रम | ३ | ९ | ३ | ३ | ३ |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | पालिकाको एकीकृत विकासमा सूचना तथा सञ्चार क्षेत्रको योगदान | प्रतिशत | ०.५% | ३% | पूर्वाधार विकास समिति | गाउँपालिका | सर्वपक्षीय सहकार्य हुनेछ |
| **२** | **असर** | | | | | | |
| २.१ | समुदायमा सञ्चार सुविधामा गुणस्तरता वृद्धि हुनेछ । | प्रतिशत | ५% | २०% | पूर्वाधार विकास समिति | गाउँपालिका | समुदायमा सचेतना वृद्धि भएको हुनेछ |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | सञ्चार सेवा प्रदायक कम्पनीले सेवा विस्तार गर्ने छन | संख्या | १ | २ | पूर्वाधार विकास समिति | गाउँपालिका | सर्वपक्षीय लगानी भित्रिने छ |
| ३.२ | नयाँ प्रविधियुक्त सेवा जडान हुने | संख्या | १ | २ | पूर्वाधार विकास समिति | गाउँपालिका | सेवा प्रदायक संस्थाले सेवा विस्तार गर्नेछन् |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकामा सूचना, सञ्चार तथा प्रविधि विस्तारका लागि आवश्यक बजेट, प्राविधिक सहयोग र नीति वातावरण उपलब्ध हुने अनुमान गरिएको छ । सरकारी प्राथमिकता र निजी क्षेत्रको सक्रियताले प्रविधि पहुँचमा तीव्र सुधार हुने अपेक्षा गरिएको छ । तर, पूर्वाधार निर्माणमा ढिलाइ, ग्रामीण क्षेत्रमा इन्टरनेट सेवाको अस्थिरता, उपकरणको गुणस्तर समस्या र साइबर सुरक्षा जोखिम जस्ता चुनौतीहरू रहन सक्छन् । डिजिटल साक्षरताको कमी, मर्मत तथा प्रणाली सञ्चालनमा स्थायित्व नआउनुजस्ता जोखिमसमेत सम्भावित छन् । यस्ता जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, तालिम र अनुगमन संयन्त्र सुदृढ गरिनेछ ।

**पूर्वाधार विकास क्षेत्र अन्तरगतका उपक्षेत्रहरूको बजेट तथा वार्षिक लक्ष्य**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **मुख्य क्षेत्रगत विषय : पूर्वाधार विकास क्षेत्र** | | | | **११६८००** | | **११३३००** | | **११३८००** | | **११६०००** | | **२०५५००** | | **६६५४००** | |
| **उपक्षेत्रगत विषय : बस्ती आवास भवन तथा सार्वजनिक निर्माण** | | | | **३२६००** | | **४३६००** | | **२७६००** | | **३०६००** | | **३०६००** | | **१६५०००** | |
| १ | एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन | पटक | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |
| २ | एकीकृत बस्ती विकास कार्यक्रम | संख्या | ० | ० | २ | १०००० | ० | ० | ० | ० | ० | ० | २ | १०००० | ५००० |
| ३ | घरविहिनहरुका लागि आवास व्यवस्थापन कार्यक्रम | घरधुरी | ६० | १८००० | ६० | १८००० | ५० | १५००० | ६० | १८००० | ६० | १८००० | २९० | ८७००० | ३०० |
| ४ | खरको छानामुक्त वडा घोषणा कार्यक्रम | घरधुरी | ६० | ९००० | ६० | ९००० | ६० | ९००० | ६० | ९००० | ६० | ९००० | ३०० | ४५००० | १५० |
| ५ | सार्वजनिकस्थलमा शौचालय निर्माण | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ६ | सार्वजनिकस्थलमा पाटीपौवा निर्माण | संख्या | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| ७ | सार्वजनिक जग्गा अतिक्रमण रोकथाम | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| ८ | पालिकास्तरीय बस पार्क निर्माण | संख्या | ० | ० | १ | १५०० | ० | ० | ० | ० | ० | ० | १ | १५०० | १५०० |
| ९ | प्रहरी चौकी निर्माण | संख्या | १ | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १५०० | १५०० |
| १० | पालिकास्तरीय अतिथि गृह निर्माण | संख्या | ० | ० | १ | १५०० | ० | ० | ० | ० | ० | ० | १ | १५०० | १५०० |
| **उपक्षेत्रगत विषय : सडक पुल तथा यातायात** | | | | **६७५००** | | **५२५००** | | **७०५००** | | **७०५००** | | **१६०५००** | | **४२१५००** | |
| १ | प्रत्येक स्वास्थ्य संस्था सम्म रोड निर्माण तथा स्तरोन्नती | संख्या | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ३० | ४५००० | १५०० |
| २ | प्रत्येक विद्यालय सम्म रोड निर्माण तथा स्तरोन्नती | संख्या | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ६ | ९००० | ३० | ४५००० | १५०० |
| ३ | प्रत्येक वडा कार्यालय सम्मका सडकको स्तरोन्नती | संख्या | ३ | २७००० | ३ | २७००० | ० | ० | ० | ० | ० | ० | ६ | ५४००० | ९००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | आधारभूत अस्पत्ताल -पालिका केन्द्र -फनपार्क सडक विस्तार | किमि | ५ | १५००० | ० | ० | | ० | ० | ० | ० | ० | ५ | १५००० | ३००० |
| ५ | घट्मुना-वडा केन्द्र सम्मको सडक कालोपत्रे | किमि | ० | ० | ० | ० | ३ | ४५००० | ३ | ४५००० | ९ | १३५००० | १५ | २२५००० | १५००० |
| ६ | झोलुङ्गे पुल निर्माण | संख्या | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | १५ | १३५०० | ९०० |
| ७ | झोलुङ्गे पुल मर्मत | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ८ | गोरेटो/घोडेटो बाटो निर्माण तथा मर्मत | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| **उपक्षेत्रगत विषय : जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा** | | | | **१०१००** | | **९५००** | | **१११००** | | **८५००** | | **१०१००** | | **४९३००** | |
| १ | राष्ट्रिय विद्युत प्रसारण लाइन जडानका लागि समन्वय | प्रतिशत | २० | २००० | ३० | ३००० | ३० | ३००० | २० | २००० | ० | ० | १०० | १०००० | १०० |
| २ | स्थानीय लघुजलविद्युत आयोजना निर्माण | संख्या | ० | ० | १ | २००० | ० | ० | १ | २००० | १ | २००० | ३ | ६००० | २००० |
| ३ | स्थानीय लघुजलविद्युत आयोजना मर्मत | संख्या | ६ | ३६०० | ० | ० | ६ | ३६०० | ० | ० | ६ | ३६०० | १८ | १०८०० | ६०० |
| ४ | वैकल्पिक उर्जा जडान कार्यक्रम | संस्था | ६ | ३६०० | ६ | ३६०० | ६ | ३६०० | ६ | ३६०० | ६ | ३६०० | ३० | १८००० | ६०० |
| ५ | सुधारिएको चूल्हो निर्माण तथा अभिमुखिकरण | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |
| **उपक्षेत्रगत विषय :सूचना सञ्चार तथा प्रविधि** | | | | **६६००** | | **७७००** | | **४६००** | | **६४००** | | **४३००** | | **२९६००** | |
| १ | टेलिकम टावरको क्षमता वृद्धिका लागि समन्वय | एकमुष्ट | १ | १०० | १ | १०० | ० | ० | १ | १०० | ० | ० | ३ | ३०० | १०० |
| २ | सार्वजनिक निकायमा इन्टरनेट विस्तार | संख्या | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ३ | सामुदायिक विद्यालयहरुमा इन्टरनेटको सुविधा विस्तार | संख्या | १० | ३०० | १० | ३०० | १० | ३०० | २० | ६०० | ० | ० | ५० | १५०० | ३० |
| ४ | गाउँपालिका र वडा कार्यालयको सूचना डिजिटलाइजेशन | संख्या | १ | ५०० | ६ | ३००० | ० | ० | ० | ० | ० | ० | ७ | ३५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ५ | गाउँपालिकाको सूचना शाखामा आवश्यक थप प्रविधि जडान | एकमुष्ट | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १५०० |
| ६ | सूचना र प्रविधिमा उद्यमीहरु सहयोग कार्यक्रम | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ७ | सूचना र प्रविधिमा सरोकारवालालाई तालिम सञ्चालन | संख्या | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | २०० |
| ८ | गाउँपालिका र वडा कार्यालयमा इन्टरनेट विस्तार | एकमुष्ट | ७ | १४०० | ० | ० | ० | ० | ७ | १४०० | ० | ० | १४ | २८०० | २०० |
| ९ | डिजिटल पालिका विस्तार कार्यक्रम | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |

## परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

गौमुल गाउँपालिकाको वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अवस्था समग्र रूपमा संवेदनशील छ। वन तथा जैविक विविधता संरक्षणका दृष्टिले गाउँपालिका वन क्षेत्रले ढाकिएको भए पनि अव्यवस्थित दोहन, खुला चरन र स्थानीय उपयोग व्यवस्थापनमा चुनौतीहरू छन्। भूसंरक्षण तथा जलाधार व्यवस्थापनतर्फ भूक्षय, पहिरो र जमिन कटानका समस्या बारम्बार देखिन्छन्, तर रोकथामका प्रयासहरू न्यून छन्। वातावरण तथा फोहरमैला व्यवस्थापनको सन्दर्भमा विशेष गरी बजार तथा कार्यालय क्षेत्रहरूमा अव्यवस्थित फोहोर फाल्ने प्रवृत्ति देखिन्छ। फोहोर व्यवस्थापनका लागि छुट्टै संरचना र जनचेतनाको कमी छ। विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तनको सन्दर्भमा चेतना तथा पूर्वतयारीको अभाव, स्थानीय योजना र बजेटको न्यून प्राथमिकता जस्ता कमजोरीहरू विद्यमान छन्।

यी उपक्षेत्रहरू दिगो विकास लक्ष्यहरूसँग प्रत्यक्षरूपमा सम्बन्धित छन्। वन तथा जैविक विविधता संरक्षणले दिगो विकास लक्ष्य १५ (भूमि तथा जीवन संरक्षण) मा योगदान पुऱ्याउँछ। भू–संरक्षण तथा जलाधार व्यवस्थापनले दिगो विकास लक्ष्य ६ (सफा पानी तथा सरसफाई) र लक्ष्य १३ (जलवायु परिवर्तनविरुद्ध कार्य) सँग तादात्म्यता राख्छ। वातावरण तथा फोहरमैला व्यवस्थापनले लक्ष्य ११ (दिगो बस्तीहरू) र लक्ष्य १२ (दिगो उपभोग तथा उत्पादन) प्राप्तिमा योगदान पुऱ्याउँछ। विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन अभ्यासले लक्ष्य १३ कार्यान्वयनको लागि आधार तयार पार्दछ। त्यसैले, वन–वातावरणको दिगोपन, विपद् तयारी, र जलवायु अनुकूलनका लागि समुदाय–केन्द्रित, स्रोत–आधारित र प्रविधि–मैत्री पहलहरू आवश्यक छन्।

वन वातावरण तथा विपद व्यवस्थापन र जलवायु परिवर्तनका असर न्यूनीकरण सम्बन्धि क्षेत्रका सबल पक्षहरु, सुधारात्मक पक्षहरु, अवसर तथा चुनौतीहरु यस अनुसार दिइएका छन् :

| **सबल पक्षहरु** | **सुधारात्मक पक्षहरु** |
|---|---|
| सामुदायिक, निजी, कबुलियत र सरकारी गरी १५ वटा वन क्षेत्र; वनमा ५५% घरपरिवार आबद्ध छन् | वातावरणीय संरक्षणमा दीर्घकालीन रणनीति, नीति तथा संस्थागत संरचना कमजोर |
| जैविक विविधता उच्च; जल, जंगल र जडीबुटी स्रोतहरू व्यापक | प्राकृतिक विपद् सम्बन्धी जोखिम मूल्याङ्कन र पूर्वतयारी योजना अपर्याप्त |
| सामुदायिक वन उपभोक्ता समितिको परिचालन, वृक्षारोपण कार्यक्रम सञ्चालन | जलस्रोतहरू सूख्दै गइरहेका, केही अतिक्रमणमा; संरक्षण उपाय न्यून |
| जोखिमयुक्त क्षेत्रमा तटबाँध तथा भूसंरक्षण कार्य भइरहेको | वायुप्रदूषण तथा जलवायु अनुकूलनलाई बजेटमा प्राथमिकता कम |
| २ वटा जलस्रोत पहिचान गरी संरक्षण कार्य प्रारम्भ गरिएको | प्रारम्भिक सचेतना प्रणाली, विपद् पूर्वतयारी र प्रतिकार्य संरचना कमजोर |
| **अवसरहरु** | **चुनौतीहरु** |
| जलवायु अनुकूल कृषि, जडीबुटी र वन व्यवस्थापन प्रविधिहरू भित्र्याउन सकिने | जलवायु परिवर्तनका कारण असमयिक वर्षा, खडेरी, पहिरो, हिमपहिरोको जोखिम बढ्दो |
| संघ, प्रदेश तथा दातृ संस्थाहरूको सहयोगमा हरित पूर्वाधार, जलस्रोत संरक्षण र विपद् व्यवस्थापन योजना कार्यान्वयन गर्न सकिने सम्भावना छ | मानवजन्य क्रियाकलाप (आगलागी, वन फडानी, जलस्रोत अतिक्रमण) का कारण वातावरणीय संकट तीव्र बढ्दै गइरहेको छ |
| विद्यालय, टोल, सामुदायिक स्तरमा वातावरणीय शिक्षा र व्यवहार परिवर्तन कार्यक्रम विस्तार | प्राकृतिक स्रोतहरूमा अनियन्त्रित दोहन र संरक्षणमा समुदायको सहभागिता कमजोर हुने सम्भावना |
| हरित रोजगारी, सामुदायिक वन, र नवीकरणीय ऊर्जा (सौर्य, सुधारिएको चुलो) मार्फत वातावरणमैत्री विकास | विपद् आउँदा क्षतिको पूर्व अनुमान, प्रतिकार्य संयन्त्र र राहत संरचना कमजोर हुँदा ठूलो क्षति हुने सम्भावना |

| | |
|---|---|
| विपद व्यवस्थापनका लागि योजनावद्ध विकासमा सहयोगी निकायहरुको जागरुकता छ | आधुनिक प्रविधिको प्रयोग बढ्दो भएकोले दिगो विकासका चुनौतीहरुमा वृद्धि भइरहेको छ |

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

गाउँपालिका जैविक विविधता र वनसम्पदाले भरिपूर्ण क्षेत्र हो जसले वातावरणीय सन्तुलन, खाद्य सुरक्षाका साथै जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलेको छ। हालसम्म गाउँपालिकाले वन संरक्षण, वन उपभोक्ता समूह सशक्तिकरण र खुला चरन क्षेत्र नियन्त्रणमा महत्वपूर्ण प्रयास गरेको छ। वन क्षेत्र संरक्षण र व्यवस्थापनका लागि उपभोक्ता समूहहरू गठन, बृक्षारोपण अभियान र चरन क्षेत्र बन्द गरी संरक्षणको पहल गरिएको छ। वन पैदावारको दिगो उपयोग र जैविक विविधताको संवर्द्धनमा सामुदायिक सहभागिता बढ्दो छ। जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरणका लागि समेत वन क्षेत्रको भूमिका महत्वपूर्ण भएकाले दीर्घकालीन संरक्षण दृष्टिकोण अघि सारिएको छ। आगामी वर्षहरूमा जैविक विविधताको संरक्षण, वन क्षेत्रको दिगो व्यवस्थापन र हरित विकास अवधारणालाई अझ सुदृढ गर्दै स्थानीय स्रोत र वातावरण संरक्षणमा जोड दिइनेछ।

### ७.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा वन तथा जैविक विविधता संरक्षणका प्रयास भइरहे पनि केही समस्याहरू अझै विद्यमान छन्। खुला चरन, अवैध वन क्षेत्रको अतिक्रमण, आगलागी तथा अव्यवस्थित वन उपभोगले वन क्षेत्र र जैविक विविधता सङ्कटमा पर्दै जाने खतरामा छ। सामुदायिक वन उपभोक्ता समूहहरू चुस्तदुरुस्तरुपमा सशक्त नहुनु र वन संरक्षणमा दीर्घकालीन योजना तथा स्रोत अभाव देखिएको छ। जलवायु परिवर्तनका असरहरूका कारण वनस्पति र जीवजन्तु प्रजातिमा ह्रासको सम्भावना बढ्दो छ। जनचेतना अभाव र नयाँ पुस्तामा वन र जैविक विविधताप्रति आकर्षण कम हुँदै जानु पनि एक प्रमुख समस्या बनेको छ।

वन तथा जैविक विविधता संरक्षणमा दीर्घकालीन दिगोपन कायम राख्नु प्रमुख चुनौती छ। सामुदायिक सहभागिता अझ प्रभावकारी बनाउनुपर्ने, दिगो उपयोग र संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता छ। प्राकृतिक विपद्, डढेलो, रोग व्याधि तथा जलवायु परिवर्तनका असरहरूबाट वनसम्पदा र जैविक विविधता जोगाउनु जटिल बन्दै गएको छ। सीमित बजेट, प्राविधिक दक्षता अभाव र नीति कार्यान्वयनमा कमजोरीका कारण संरक्षण र संवर्द्धनका कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन्। जैविक विविधता संरक्षणलाई स्थानीय आर्थिक विकाससँग जोड्न नसक्नु अर्को महत्वपूर्ण चुनौती हो।

### ७.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाको फराकिलो वन क्षेत्र, विविध भू-आवरण र जलस्रोतले जैविक विविधता संरक्षण तथा प्रवर्द्धनको ठूलो सम्भावना बोकेको छ। सामुदायिक वन उपभोक्ता समूहहरूलाई सुदृढ बनाएर संरक्षण तथा वनजन्य आयआर्जन विस्तार गर्न सकिन्छ। स्थानीय वनस्पति, जडिबुटी र अन्य जैविक उत्पादनहरूको व्यावसायिक प्रबर्द्धनमार्फत जीविकोपार्जनका अवसर सिर्जना गर्न सकिन्छ। जलवायु अनुकूलन परियोजनाहरू, बृक्षारोपण अभियानहरू र जैविक विविधता संरक्षण साझेदारी कार्यक्रमहरू संचालन गरेर वातावरणीय सन्तुलन कायम राख्न सकिन्छ। संघीय तथा प्रदेश सरकार, र विकास साझेदारहरूको सहयोगले थप सम्भावना सुदृढ हुन्छ।

वन र जैविक विविधता संरक्षणलाई समृद्धि र वातावरणीय दिगोपनसँग जोड्न सकिने देखिन्छ। सामुदायिक वन उपभोक्ता समूह, सहकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गरी वन पैदावारको दिगो व्यवसायीकरण गर्न सकिन्छ। जडिबुटी, फलफूल र अन्य गैरकाठ उत्पादनलाई बजारीकरण गरेर स्थानीय अर्थतन्त्र सुदृढ पार्न सकिन्छ। वातावरणीय शिक्षा, जैविक पर्यटन र अनुसन्धान कार्यक्रमहरू सञ्चालन गरी जैविक विविधताको महत्व बढाउन सकिन्छ। हरित विकास अभियान, जलवायु अनुकूलन योजना र अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूसँग आबद्ध भई वन क्षेत्र र जैविक विविधताको संरक्षण तथा प्रवर्द्धनमा दीर्घकालीन उपलब्धि हासिल गर्न सकिन्छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन र वातावरणीय सन्तुलनलाई प्रवर्द्धन गर्दै हरित विकासलाई सुदृढ गर्ने।

**२) उपक्षेत्रगत उद्देश्यहरू**

(क) सामुदायिक सहभागितामा आधारित दिगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन सुनिश्चित गर्नु।

(ख) वन पैदावार तथा जैविक स्रोतको दिगो उपयोग र स्थानीय स्तरमा वातावरणीय सचेतना अभिवृद्धि गर्नु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: सामुदायिक वन व्यवस्थापन सुदृढीकरण गर्ने**
**कार्यनीति १.१:** वन उपभोक्ता समूहहरू गठन, पुनर्गठन तथा सशक्तिकरण गरिनेछ।
**कार्यनीति १.२:** सामुदायिक वनमा वन पैदावारको संरक्षण, उपयोग  प्रणाली सुधार गरिनेछ।
**कार्यनीति १.३:** वन क्षेत्रको अवैध कटान, अतिक्रमण तथा चरन नियन्त्रणका लागि अनुगमन र नियमन व्यवस्था गरिनेछ।

**रणनीति २: जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्ने**
**कार्यनीति २.१:** स्थानीय जैविक प्रजातिहरूको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति २.२:** बृक्षारोपण, जडिबुटी संरक्षण तथा स्थानीय प्रजाति प्रवर्द्धनका लागि विशेष अभियान सञ्चालन गरिनेछ।
**कार्यनीति २.३:** जैविक विविधता संरक्षणमा आधारित वातावरणीय शिक्षा र जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ३: वन तथा वातावरणीय सेवा व्यवस्थापन सुदृढ गर्ने**
**कार्यनीति ३.१:** वन क्षेत्र संरक्षणका लागि जलश्रोत क्षेत्र, खुला चरन क्षेत्र व्यवस्थापन तथा पुनः हरियाली कार्यक्रम गरिनेछ।
**कार्यनीति ३.२:** जलवायु अनुकूलन तथा हरित विकास प्रवर्द्धनका लागि बहुक्षेत्रीय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
**कार्यनीति ३.३:** वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गराउँदै विकास आयोजनासँग वन संरक्षण समन्वय गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | सबै प्रकारका वनको एकीकृत तथ्याङ्क व्यवस्थापन | ४ | १२ | ७ | २ | १ |
| ४ | सामुदायिक वनको वन कार्ययोजना निर्माणमा सहयोग | ४ | १२ | ७ | २ | १ |
| ४ | वन पैदावरमा विपन्न वर्गको पहुँच कार्यक्रम | ४ | १२ | ७ | २ | १ |
| ४ | गौमुलका खोला/नदीमा माछा/गोही/कछुवा वृद्धि कार्यक्रम | ४ | १२ | ७ | २ | १ |
| ४ | वनमा आधारित उद्यमशिलता प्रबर्द्धन कार्यक्रम | ४ | १२ | ७ | २ | १ |
| ४ | वृक्षारोपन कार्यक्रम | ४ | १२ | ७ | २ | १ |
| ४ | मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण कार्यक्रम | ४ | १२ | ७ | २ | १ |
| ४ | एक वन एक एकीकृत नर्सरी व्यवस्थापन कार्यक्रम | ४ | १२ | ७ | २ | १ |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | एकीकृत विकासमा वन तथा जैविक विविधता क्षेत्रको योगदान | प्रतिशत | २% | ५% | जिल्ला वन कार्यालय | गा.पा. र जिल्ला वन कार्यालय | एकीकृत कार्ययोजना तयार भई कार्यान्वयन हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | वैज्ञानिक वन व्यवस्थापन भई वनमा आधारित उद्यमशिलता फस्टाउनेछन | संख्या | ० | ६ | जिल्ला वन कार्यालय | गा.पा. र जिल्ला वन कार्यालय | वैज्ञानिक वन व्यवस्थापन योजना लागू हुनेछ |
| २.२ | जैविक विविधता अनुकूलन योजना कार्यान्वयन हुनेछन् | वटा | ५ | १५ | जिल्ला वन कार्यालय | गा.पा. र जिल्ला वन का. | सबैपक्षको एकापसमा सहयोग रहनेछ। |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | वन अतिक्रमण रोकिएर वनमा आधारित उद्यमशिलता स्थापना हुनेछन्। | वटा | ५ | १० | जिल्ला वन कार्यालय र गाउँपालिका | गाउँपालिका | समुदाय सक्रिय रहनेछ |
| ३.२ | हरियाली वनको क्षेत्रफलमा वृद्धि हुनेछ | वन क्षेत्रको प्रतिशत | ३०% | ७०% | जिल्ला वन कार्यालय र गाउँपालिका | गाउँपालिका | समुदाय सक्रिय रहनेछ |
| ३.३ | जैविक विविधताका लागि सबै प्रकारका वन्यजन्तु संरक्षण हुनेछन्। | प्रजाती | १० | २० | जिल्ला वन कार्यालय र गाउँपालिका | गाउँपालिका | समुदाय सक्रिय रहनेछ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

वन संरक्षण तथा जैविक विविधता प्रवर्द्धनका लागि आवश्यक बजेट, प्राविधिक सहयोग र सामुदायिक सहभागिता सुनिश्चित हुने छ। बृक्षारोपण, जडिबुटी संरक्षण र वातावरणीय सचेतना अभिवृद्धि कार्यक्रममार्फत हरित विकासलाई सुदृढ गर्न सकिने अपेक्षा गरिएको छ। तर, अवैध वन कटान, अनियन्त्रित डढेलो, चरन नियन्त्रणको कमजोरी, जलवायु परिवर्तनका असर तथा जनसहभागितामा कमी आउने जोखिमहरू पनि उतिकै छन्। स्रोत व्यवस्थापनमा असहजता, दीर्घकालीन अनुगमन प्रणालीको कमजोरी र वातावरणीय क्षति न्यूनीकरणमा ढिलाइले कार्यक्रमको प्रभावकारिता प्रभावित हुन सक्नेछ। यस्ता जोखिम न्यूनीकरणका लागि पूर्वतयारी र सामुदायिक सशक्तिकरण आवश्यक हुनेछ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

गाउँपालिका भौगोलिक रूपमा हिमाली तथा उच्च पहाडी र प्रकोपका दृष्टिकोणले उच्च जोखिमयुक्त क्षेत्र भएकाले भूसंरक्षण र जलाधार व्यवस्थापन अत्यन्त महत्वपूर्ण विषय हो। गाउँपालिकामा पहिरो, भूक्षय, माटो कटान र सुक्खा जस्ता समस्या निरन्तर देखिँदै आएका छन्। हालसम्म विभिन्न स्थानमा ग्यावियन पर्खाल, तटबन्ध, बृक्षारोपण तथा जमिन संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिएका भए पनि सबै प्रकारका जलाधारहरूमा सिँचाइ, खानेपानी तथा लघुजलविद्युत् आयोजना सञ्चालनमा ल्याउदा श्रोतको उचित संरक्षण गर्न सकिएन भने दिगो विकासमा कहीं न कहीं प्रकृति संरक्षण प्रति अन्याय गरेको सिद्ध हुन आउछ। त्यसैले गाउँपालिकाले प्राकृतिक स्रोतहरूको संरक्षण, भूमिको उपयोगक्षमता अभिवृद्धि, र जलचक्र सन्तुलन कायम राख्न सामुदायिक सहभागिता अभिवृद्धि गर्ने प्रयास भइरहेको छ। दीर्घकालीन दिगोपन, वातावरणीय संरक्षण, र विपद् न्यूनीकरणका दृष्टिकोणले भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई आगामी वर्षहरूमा अझ सुदृढ र योजनाबद्ध रूपमा अगाडि बढाउने लक्ष्य रहेको छ।

### ७.२.२ समस्या तथा चुनौती

भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा पूर्वाधारको अभाव, स्रोत सीमितता र जनचेतना कमी प्रमुख समस्या हुन्। पहिरो, भूक्षय र माटो कटानले बाली उत्पादनमा ह्रास ल्याएको छ भने ढल निकास र जमिनको अव्यवस्थित उपयोगले जल स्रोतहरूमा समेत असर परेको छ। साना जलाधारहरू संरक्षण तथा पुनःस्थापना कार्यक्रम अपर्याप्त छन्। संरक्षण योजनाहरू दीर्घकालीन र समन्वित नभएका कारण पुनः जोखिम सिर्जना भइरहन्छ। भू-प्रकृति अनुसार वैज्ञानिक विधि प्रयोग नगर्नु र निर्माण संरचनाको नियमित मर्मत तथा अनुगमन नहुनु समस्यालाई थप जटिल बनाएको छ।

भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा दीर्घकालीन दिगोपन सुनिश्चित गर्नु मुख्य चुनौती हो। प्राकृतिक विपद्, अनियमित वर्षा, तथा जलवायु परिवर्तनले जोखिम थप बढाएको छ। स्रोत, बजेट र प्राविधिक दक्षता अभावले प्रभावकारी कार्यक्रम सञ्चालनमा कठिनाइ आउँछ। वैज्ञानिक अध्ययन तथा पूर्वतयारी बिना निर्माण गरिएका संरचनाहरू दिगो नहुन सक्छन्। सामुदायिक सहभागिता सुनिश्चित नगरी गरिएको संरक्षण प्रयास प्रभावकारी हुँदैन। विभिन्न क्षेत्रीय तथा स्थानीय तहसँग समन्वय र साझेदारी अभावले योजना कार्यान्वयनमा अवरोध सिर्जना गर्ने सम्भावना रहन्छ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा उल्लेखनीय सम्भावना रहेको छ। प्राकृतिक जलस्रोतहरूको बहुउपयोग, बृक्षारोपण, माटो संरक्षण तथा विपद् न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ। संघीय र प्रदेश सरकारको सहयोग, विभिन्न दातृ निकायको प्रविधि तथा स्रोत सहयोगबाट व्यवस्थापन कार्यलाई सुदृढ बनाउन सकिन्छ। वैज्ञानिक तथा समुदाय–आधारित विधिहरू अपनाएर जमिनको उत्पादनशीलता अभिवृद्धि गर्न सकिन्छ। जलधार सुधारमार्फत कृषि उत्पादन, खानेपानी तथा ऊर्जा पहुँचमा समेत सुधार ल्याउन सकिन्छ। दीर्घकालीन भूसंरक्षणले वातावरणीय सन्तुलन र ग्रामीण समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना छ।

सरकारी प्राथमिकता, जलवायु अनुकूलन नीति र हरित विकास अभियानसँग जोडिएर भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा ठूलो अवसर सिर्जना भएको छ। विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परियोजनाहरूबाट प्राविधिक र वित्तीय सहयोग प्राप्त गर्न सकिनेछ। सामुदायिक सहभागिता बढाउँदै संरक्षण तथा पुनर्स्थापना कार्यक्रम प्रभावकारी बनाउन सकिन्छ। बृक्षारोपण, प्राकृतिक जलाशय संरक्षण र माटो संरक्षण परियोजनाहरूबाट दीर्घकालीन फाइदा लिन सकिन्छ। कृषि उत्पादन अभिवृद्धि, विपद् जोखिम न्यूनीकरण र पर्यावरणीय सुधारलाई एकसाथ जोडेर गाउँपालिकालाई हरित र दिगो विकासतर्फ उन्मुख गराउने अवसर बलियो रहेको छ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

भूसंरक्षण, जलाधार व्यवस्थापन तथा संरक्षणमार्फत सुरक्षित र दिगो वातावरणीय प्रणाली निर्माण गर्ने ।

**२) उपक्षेत्रगत उद्देश्यहरू**

**२) उपक्षेत्रगत उद्देश्यहरू**

(क) पहिरो, भूक्षय र जमिन कटान न्यूनीकरण गर्दै उत्पादनशील जमिन र जल स्रोतहरूको संरक्षण तथा पुनःस्थापना गर्नु ।

(ख) स्थानीय स्रोत र प्रविधिको उपयोग गर्दै दीर्घकालीन भूसंरक्षण तथा जलाधार व्यवस्थापन प्रणाली विकास गर्नु ।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: पहिरो, भूक्षय र माटो कटान नियन्त्रण गर्ने**

**कार्यनीति १.१:** जोखिमयुक्त क्षेत्रहरूमा ग्याबियन पर्खाल, तटबन्ध र ढुंगे पर्खाल निर्माण गरिनेछ ।

**कार्यनीति १.२:** पहिरो रोकथामका लागि बृक्षारोपण तथा वन क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यनीति १.३:** भूक्षय उच्च जोखिम भएका क्षेत्रहरूमा जैविक प्रविधि र जैविक संरक्षण उपायहरू अपनाइनेछ ।

**रणनीति २: जलाधार क्षेत्रको संरक्षण तथा सुधार गर्ने**

**कार्यनीति २.१:** साना तथा ठूला जलाधार क्षेत्रको संरक्षण तथा पुनर्स्थापनाका लागि बहुउपयोगी कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यनीति २.२:** जलस्रोत संरक्षणका लागि जलगृह क्षेत्रमा बृक्षारोपण र संरचनागत सुधार गरिनेछ ।

**कार्यनीति २.३:** सिँचाइ, खानेपानी तथा ऊर्जाका लागि जलस्रोतहरूको दिगो उपयोग योजना तयार गरिनेछ ।

**रणनीति ३: स्थानीय सहभागिता र दिगो व्यवस्थापन प्रणाली विकास गर्ने**

**कार्यनीति ३.१:** भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि सामुदायिक समन्वय समिति गठन गरिनेछ ।

**कार्यनीति ३.२:** स्थानीय जनशक्ति र उपभोक्ता समूहलाई तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यनीति ३.३:** संरक्षण तथा व्यवस्थापन कार्यको नियमित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | जोखिममा रहेका जलाधारहरुको पहिचान तथा संरक्षण | ४ | १३ | ३ | २ | १ |
| ४ | जोखिमयुक्त पहिरो तथा भूक्षय क्षेत्रको पहिचान र संरक्षण | ४ | १३ | ३ | २ | १ |
| ४ | तटबन्ध आयोजना सञ्चालन | ४ | १३ | ३ | २ | १ |
| ४ | हरियाली सडक प्रबर्द्धन कार्यक्रम | ४ | १३ | ३ | २ | १ |
| ४ | रिचार्ज पोखरी निर्माण तथा मर्मत | ४ | १३ | ३ | २ | १ |
| ४ | भू-उपयोग नीति अद्यावधिक तथा कार्यान्वयन | ४ | १३ | ३ | २ | १ |

**७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | जोखिमयुक्त भू–बनोट तथा जलाधारहरू सुरक्षित भएका हुनेछन्। | प्रतिशत | ५% | ३०% | गाउँपालिका प्रशासन | गाउँपालिका प्रशासन | एकीकृत योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ |
| **२** | **असर** | | | | | | |
| २.१ | पालिकामा रहेका जोखिमयुक्त क्षेत्र संरक्षण भएको हुनेछ | प्रतिशत | ५% | २०% | गाउँपालिका प्रशासन | गाउँपालिका प्रशासन | समुदायको सक्रिय सहभागिता रहनेछ |
| २.२ | स्थानीय जलाधारहरु दीर्घकालीन संरक्षित भएका हुनेछन् | प्रतिशत | ७% | ३०% | गाउँपालिका प्रशासन | गाउँपालिका प्रशासन | लगानी व्यवस्थापन भएको हुनेछ |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | जलधार संरक्षण कार्यक्रम कार्यान्वयन हुनेछन् | संख्या | ६ | १५ | गाउँपालिका प्रशासन | गाउँपालिका प्रशासन | लगानीको सहि सदुपयोग भएको हुनेछ |
| ३.२ | भूक्षय, बाढी पैरो ग्रसित क्षेत्र संरक्षित भएको हुनेछ | संख्या | १० | ३० | गाउँपालिका प्रशासन | गाउँपालिका प्रशासन | लगानीको सहि सदुपयोग भएको हुनेछ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

**७.२.६ अनुमान तथा जोखिम पक्ष**

भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयमा आवश्यक बजेट, प्राविधिक सहयोग तथा सामुदायिक सहभागिता प्राप्त हुने अनुमान गरिएको छ। संरचनात्मक सुधार, बृक्षारोपण तथा संरक्षण कार्यक्रममार्फत दीर्घकालीन सुधार सम्भव देखिन्छ। तथापि, प्राकृतिक विपद् (पहिरो, बाढी, सुख्खा) का कारण संरचनामा क्षति हुन सक्ने जोखिम छ। स्रोत सीमितता, प्रविधिको अभाव, सामुदायिक जागरूकताको कमी र मर्मतसम्भारमा लापरवाहीले योजनाको प्रभावकारिता घटाउन सक्छ।

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

**७.३.१ पृष्ठभूमि**

गौमुल गाउँपालिका दुर्गम हिमाली तथा उच्च पहाडी भेगमा पर्ने भएकाले फोहरमैला व्यवस्थापनको अवस्था अन्य शहरी क्षेत्रमा जस्तो भयावह नभए पनि समस्या उत्पन्न हुन थालेको छ। प्लास्टिक, पुराना कपडा, बोतल, सिसा लगायतका वस्तुहरु यत्रतत्र सडक, बस्ती र सार्वजनिक स्थलमा फ्याँकिएको देखिन्छ। नियमित फोहर संकलन, वर्गीकरण तथा व्यवस्थापन प्रणालीको अभावले दीर्घकालीन पर्यावरणीय जोखिम बढाउने संकेत देखिएको छ। स्वास्थ्य संस्थाबाट निस्कने स्वास्थ्यजन्य फोहर व्यवस्थापनका लागि कुनै ठोस योजना नरहेको र विद्यालयहरूमा बालबालिकालाई व्यवहारिक रूपमा फोहर व्यवस्थापनको शिक्षा दिन नसकिएको अवस्था छ। फोहर व्यवस्थापनलाई दीर्घकालीन दिगोपन, स्वास्थ्य सुरक्षा र स्वच्छ वातावरण सँग जोड्दै आगामी वर्षहरूमा संस्थागत सुधार, जनचेतना अभिवृद्धि, र स्रोत साधन परिचालनमा विशेष ध्यान केन्द्रित गरिनेछ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा हालसम्म व्यवस्थित फोहरमैला संकलन, वर्गीकरण, पुनःप्रयोग तथा निष्कासन प्रणालीको अभाव छ। प्लास्टिक, बोतल, पुराना कपडा, सिसाजस्ता अविघटनशील फोहरहरू सडक, खोल्सो र सार्वजनिक स्थलहरूमा फ्याँकिएको पाइन्छ। स्वास्थ्य संस्था तथा विद्यालयबाट निस्कने फोहरको सुरक्षित व्यवस्थापन नहुनु वातावरणीय प्रदूषण र स्वास्थ्य जोखिमको स्रोत बन्ने खतरा बढेको छ। वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनबीच समन्वय नहुनु, बालबालिकालाई व्यवहारिक शिक्षा नपुगेको र जनस्तरमा चेतना अभाव हुनु मुख्य समस्या हुन्।

फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणलाई एकीकृत रूपमा अघि बढाउन दीर्घकालीन योजना, प्राविधिक संरचना र जनसहभागिता अभाव चुनौती छ। दुर्गम भौगोलिक अवस्था, स्रोत तथा जनशक्तिको सीमितता, र वातावरणमैत्री प्रविधिको पहुँच नहुनु व्यवस्थापन कठिनाईको कारण हो। फोहर वर्गीकरण, पुनःप्रयोग र निष्कासनमा स्थानीय तहको स्पष्ट कार्यविधि नहुनु, स्वास्थ्यजन्य फोहरको सुरक्षित व्यवस्थापन प्रणालीको अभाव, र शैक्षिक संस्थाहरूमा व्यवहारिक सिकाइको कमीले चुनौती थपिएको छ। दिगो वातावरणीय सुधार र सार्वजनिक स्वास्थ्य सुरक्षा सँग फोहरमैला व्यवस्थापनलाई जोड्न नसक्नु दीर्घकालीन समस्या बन्ने जोखिम छ।

### ७.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणलाई जोडेर दीर्घकालीन सुधारको खाँचो छ। जनस्तरमा वातावरणीय चेतना फैलाउने कार्यक्रम, विद्यालयमा व्यवहारिक फोहर व्यवस्थापन सिकाइ, र सामुदायिक संलग्नतामा आधारित व्यवस्थापन प्रणाली विकास गर्न सकिन्छ। जैविक र अजैविक फोहर वर्गीकरण, कम्पोष्ट उत्पादन, र पुनःप्रयोगका अभ्यासहरू गाउँमै प्रोत्साहित गर्न सकिने अवस्था छ। वातावरणमैत्री नीति, संघीय र प्रदेश सरकारको सहयोग र डिजिटल सूचना प्रविधिको प्रयोगबाट वातावरण संरक्षणसँगै फोहर व्यवस्थापन सुदृढ गर्न सकिने सम्भावना प्रष्ट छ।

फोहरमैला व्यवस्थापनलाई वातावरण संरक्षण, स्वच्छता, र सामुदायिक स्वास्थ्यसँग एकीकृत गर्दै समग्र सुधार गर्नु आवश्यक छ। विद्यालय, युवा र महिला समूहलाई समावेशी रूपमा संलग्न गराई स्थानीय रूपमा फोहर वर्गीकरण, पुनःप्रयोग र कम्पोस्टिङ प्रवर्द्धन गर्न सकिनेछ। संघीय तथा प्रदेश सरकारका हरित विकास, स्वच्छ गाउँ, र जलवायु अनुकूलन नीति तथा बजेटसँग यस विषयलाई जोड्न सकिन्छ। पुनः प्रयोगयोग्य फोहरलाई सिर्जनात्मक उद्यममा रूपान्तरण गरी ग्रामीण अर्थतन्त्रसँग जोड्ने अवसर छ। यसले दीर्घकालीन वातावरणीय सुरक्षा, रोजगार सिर्जना, र सामुदायिक स्वामित्व विकास गर्न सक्नेछ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**१) उपक्षेत्रगत लक्ष्य**

स्वच्छ, स्वस्थ र वातावरणमैत्री गाउँपालिका निर्माण गर्न फोहरमैला व्यवस्थापनलाई वातावरण संरक्षणसँग एकीकृत गर्दै दिगो व्यवस्थापन प्रणाली विकास गर्ने।

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) जैविक तथा अजैविक फोहरको वर्गीकरण, संकलन, पुनःप्रयोग तथा सुरक्षित निष्कासन प्रणाली विकास गर्नु।
(ख) सामुदायिक सहभागिता, व्यवहारिक शिक्षा र प्रविधिको प्रयोगमार्फत वातावरणीय सचेतना र स्वच्छता अभ्यास सुदृढ गर्नु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: फोहरमैला व्यवस्थापन संरचना विकास गर्ने**
**कार्यनीति १.१:** सबै वडामा फोहर संकलन, वर्गीकरण, र निष्कासनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

**कार्यनीति १.२:** जैविक फोहरको व्यवस्थापनका लागि कम्पोष्ट गार्डेन वा स्थानीय मल उत्पादन केन्द्र स्थापना गरिनेछ।

**कार्यनीति १.३:** अजैविक फोहरको पुनःप्रयोग तथा पुनःप्रक्रियाका लागि सरोकारवालासँग सहकार्य गरिनेछ।

**रणनीति २: वातावरणीय शिक्षा र सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने**

**कार्यनीति २.१:** विद्यालयस्तरमा व्यवहारिक फोहर व्यवस्थापन शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति २.२:** समुदायस्तरमा सरसफाइ, फोहर न्यूनीकरण तथा पुनःप्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति २.३:** महिला समूह, युवा क्लब तथा संघ–संस्थालाई वातावरण संरक्षणमा सक्रिय सहभागी बनाउने कार्यक्रम लागू गरिनेछ।

**रणनीति ३: वातावरणमैत्री नीति र प्रविधिको प्रयोग गर्ने**

**कार्यनीति ३.१:** फोहर व्यवस्थापनमा वातावरणमैत्री प्रविधि (जैविक फोहर श्रोतमै वर्गिकरण, रिसाइकल) को प्रयोग प्रोत्साहित गरिनेछ।

**कार्यनीति ३.२:** वातावरणीय प्रभाव मूल्याङ्कन प्रणालीलाई स्थानीय परियोजनासँग जोडिनेछ।

**कार्यनीति ३.३:** संघीय, प्रदेश सरकार तथा साझेदार संस्थासँग सहकार्य गरी हरित नीति कार्यान्वयन गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | फोहरमैला व्यवस्थापन कार्यविधि तयार तथा कार्यान्वयन | ४ | १३ | ७ | २ | १ |
| ४ | वडास्तरीय ल्याण्डफिल साइट निर्माण | ४ | १३ | ७ | २ | १ |
| ४ | पालिकास्तरीय ल्याण्डफिल साइट निर्माण तथा मर्मत | ४ | १३ | ७ | २ | १ |
| ४ | फोहरको बर्गिकरण, पुन: प्रयोग पुन: चक्रिय प्रणालीमा आभारित व्यवस्थापन प्रणालीमा समुदाय अभिमुखिकरण | ४ | १३ | ७ | २ | १ |
| ४ | कुहिने फोहरबाट प्राङ्गारिक मल तयारी कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | प्रत्येक सडकको ढल व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | सार्वजनिक बस्तीमा ढल व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | समुदाय स्वयम सरसफाइमा सचेत रहनेछ | प्रतिशत | ५% | ६०% | गा.पा. | गा.पा. | एकीकृत योजनामा फोहरमैला व्यवस्थापनमा लगानी जुट्नेछ |
| २ | **असर** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१ | एकीकृत फोहरमैला व्यवस्थापन मार्फत वातावरण स्वस्थ देखिनेछ | प्रतिशत | ५% | ७०% | गा.पा. | गा.पा. | स्थानीय समुदाय सचेत हुनेछ |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | प्रत्येक घरधुरीले फोहरमैलाको उचित व्यवस्थापन गर्नेछन् | प्रतिशत | ५% | ६०% | गा.पा. | गा.पा. | समुदायले सक्रियता देखाउनेछ |
| ३.२ | हरेक संस्थाहरुले फोहरमैलाको उचित व्यवस्थापन गरेका हुनेछन् | प्रतिशत | ५% | १५% | गा.पा. | गा.पा. | समुदायले सक्रियता देखाउनेछ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

#### ७.३.६ अनुमान तथा जोखिम पक्ष

फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणका लागि आवश्यक न्यूनतम पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, र विद्यालयस्तरीय सिकाइ कार्यक्रम सञ्चालन गर्न स्थानीय स्रोत, प्रदेश तथा संघीय सरकारको सहकार्यबाट बजेट र प्रविधि जुट्न सक्ने अनुमान गरिएको छ। तर, फोहर व्यवस्थापनमा जनसहभागिता अभाव, व्यवहारिक सीपको कमी, तथा वर्गीकरण र पुनःप्रयोगप्रति नागरिक उदासीनता रहेमा कार्यक्रम प्रभावहीन बन्ने जोखिम रहन्छ। वातावरणमैत्री प्रविधि नहुँदा प्लास्टिकजस्ता फोहर दीर्घकालीन प्रदूषणको स्रोत बन्न सक्छन्। दीगो व्यवस्थापनका लागि सामुदायिक स्वामित्व, सूचना प्रवाह, अनुगमन तथा स्थानीय नेतृत्वको सक्रियता अपरिहार्य हुनेछ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

#### ७.४.१ पृष्ठभूमि

बाजुरा जिल्ला विपद् जोखिमको दृष्टिले उच्च जोखिमयुक्त जिल्लामा पर्दछ जसमा गौमुल गाउँपालिका पनि बाढी, पहिरो र हिमाली असरका दृष्टिले अत्यन्त संवेदनशील क्षेत्रमा पर्छ। प्रत्येक वर्ष बाढी, पहिरो लगायतका विपद् घटना घट्दै आएका छन् जसले जनधन र पूर्वाधारमा क्षति पुर्‍याउने गरेको छ। जलवायु परिवर्तनका प्रभावका कारण असामान्य वर्षा, खडेरी, मौसम चरम घटना बढ्न थालेका छन्। गाउँपालिकाले जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन योजना निर्माण, जोखिम नक्शांकन, प्राथमिक उपचार तालिम, सुरक्षित स्थल पहिचान र विपद् पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विपद् चेतनामूलक कार्यक्रम सञ्चालन, प्रारम्भिक उद्धार सामग्री सञ्चय तथा वडास्तरमा विपद् व्यवस्थापन समिति गठनजस्ता महत्वपूर्ण प्रयास गरिएका छन्। आगामी वर्षहरूमा दीर्घकालीन विपद् न्यूनीकरण, जलवायु उत्थानशीलता र सामुदायिक सुदृढीकरणमा जोड दिइनेछ।

#### ७.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता कार्यक्रम सञ्चालन भए पनि स्रोत र साधनको सीमितता, भौगोलिक विकटता तथा पूर्वाधार अभाव समस्याका रूपमा विद्यमान छन्। विपद् जोखिम नक्शांकन र पूर्वतयारी कार्यक्रम अपूर्ण छन् भने वडास्तरमा विपद् व्यवस्थापन समिति सक्रिय बनाउन कठिनाइ देखिएको छ। बाढी, पहिरो र जलवायुजन्य जोखिमहरू उच्च रहेकाले समुदायमा चेतना तथा सुरक्षात्मक उपायको अभाव स्पष्ट देखिन्छ। प्रारम्भिक उद्धार सामग्रीको अभाव, सूचना प्रवाहमा कमजोरी र जोखिम न्यूनीकरणका प्रयासमा समन्वय अभाव मुख्य समस्या हुन्।

विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता कायम गर्न दीर्घकालीन योजना, स्रोत परिचालन र सामुदायिक सुदृढीकरण मुख्य चुनौती हुन्। जोखिम पूर्वानुमान, पूर्वतयारी र आपत्कालीन उद्धार क्षमताको अभाव, विपद् व्यवस्थापन योजनाको प्रभावकारी

कार्यान्वयनमा कठिनाइ, तथा प्राकृतिक विपत्तिको अनिश्चित र बदलिँदो स्वरूपले चुनौती थपिएको छ । जलवायु परिवर्तनका दीर्घकालीन असरहरू, जस्तै असमय वर्षा, खडेरी तथा जमिन क्षय, प्रभावकारी ढङ्गले सम्बोधन गर्नुपर्ने आवश्यकता छ। विपद् व्यवस्थापन र जलवायु अनुकूलन कार्यहरूमा समन्वय, जनसहभागिता र प्रविधिको प्रयोगमा कमजोरी चुनौतीका रूपमा रहेका छन्।

**७.४.३ सम्भावना तथा अवसर**

गाउँपालिकाले विपद् व्यवस्थापन नीति, विपद् जोखिम न्यूनीकरण योजना, तथा सुरक्षित स्थल पहिचान कार्य गर्दै आएको छ जसले दीर्घकालीन जोखिम न्यूनीकरण सम्भावना सिर्जना गरेको छ। संघीय तथा प्रदेश सरकार र विकास साझेदार निकायहरूसँग सहकार्य गरी पूर्वतयारी, चेतना अभिवृद्धि र उद्धार क्षमता विस्तार गर्न सकिन्छ। जलवायु परिवर्तन अनुकूलनका लागि हरित विकास कार्यक्रम, सामुदायिक विपद् कोष स्थापना, र विपद् पूर्वसूचना प्रणाली विकास गर्ने सम्भावना देखिन्छ । जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतामा स्थानीय नेतृत्व र समुदायको सहभागिता विस्तार गर्ने ठोस अवसर विद्यमान छ।

विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता सुदृढ गर्न विभिन्न राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय सहकार्य कार्यक्रमहरूसँग आबद्ध भई स्रोत र प्रविधि परिचालन गर्ने अवसर छ। विपद् पूर्वतयारी, तत्काल उद्धार, र दीर्घकालीन पुनःस्थापनालाई एकीकृत गर्दै वातावरणमैत्री विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ । स्थानीय तहमा जोखिम न्यूनीकरण समिति सशक्तीकरण, स्कूल सेफ्टी कार्यक्रम, र जलवायु अनुकूल कृषि प्रवर्द्धनमार्फत जोखिम न्यूनिकरण सम्भव छ । सामुदायिक चेतना अभिवृद्धि, सूचना प्रणाली सुधार, र विपद् जोखिम न्यूनीकरणलाई समावेशी विकासका मुख्य आधारका रूपमा स्थापित गर्ने अवसर बलियो रूपमा देखिएको छ।

**७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना**

**१) उपक्षेत्रगत लक्ष्य**

विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता अभिवृद्धि र सुरक्षित, दिगो तथा सहनशील समुदाय निर्माण गर्ने

**२) उपक्षेत्रगत उद्देश्यहरु**

(क) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन क्षमता सुदृढ गर्नु।
(ख) जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय उत्थानशीलता प्रवर्द्धन गर्दै दीर्घकालीन विकास सुरक्षित गर्नु।

**३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु**

**रणनीति १: विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन सुदृढ गर्ने**
**कार्यनीति १.१:** वडास्तरमा विपद् व्यवस्थापन समिति गठन तथा सक्रियताका साथ परिचालन गरिनेछ।
**कार्यनीति १.२:** जोखिम नक्शांकन, पूर्वसूचना प्रणाली र सुरक्षित स्थलहरूको पहिचान तथा प्रवर्द्धन गरिनेछ।
**कार्यनीति १.३:** प्रारम्भिक उद्धार सामग्री सञ्चय र उद्धार क्षमता अभिवृद्धिका लागि तालिम तथा अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २: जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय उत्थानशीलता प्रवर्द्धन गर्ने**
**कार्यनीति २.१:** जलवायु परिवर्तन प्रभाव न्यूनीकरणका लागि वातावरणमैत्री कार्यक्रमहरू (बृक्षारोपण, जलस्रोत संरक्षण) सञ्चालन गरिनेछ।
**कार्यनीति २.२:** जलवायु अनुकूल कृषि प्रविधि, पानी संरक्षण प्रणाली र भू–उपयोग योजना विकास गरिनेछ।
**कार्यनीति २.३:** वातावरणीय शिक्षा तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ३: सामुदायिक सहभागिता र समन्वयमा आधारित विपद् व्यवस्थापन प्रवर्द्धन गर्ने**
**कार्यनीति ३.१:** सामुदायिक विपद् कोष स्थापना तथा स्थानीय स्रोत परिचालन व्यवस्था गरिनेछ।

**कार्यनीति ३.२:** विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन तयारीका लागि अन्तर वडा र अन्तर पालिका समन्वय कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यनीति ३.३:** विद्यालयस्तरमा विपद् सुरक्षा योजना र सुरक्षित विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्शांकन | ४ | १३ | ७ | २ | १ |
| ४ | तथ्याङ्कमा आधारित स्थानीय जोखिम व्यवस्थापन रणनीतिक योजना तयारी | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापन कोष विकास | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापनका लागि उद्धार सामाग्री व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद्मा आधारित समुदाय सशक्तीकरण कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापनका रोकथाम चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापनका तयारी चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापनका प्रतिकार्य चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् व्यवस्थापनका पुनरनिर्माण चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | Climate Smart Agriculture(CSA)/Climate Smart Livelihoods (CSL) रणनीति तयार | ४ | १३ | ७ | २ | १ |
| ४ | जलवायु परिवर्तनका असरबाट बच्न कृषि तथा पशुपन्छी विकासका लागि (CSA/CSL) कार्यक्रम सञ्चालन | ४ | १३ | ७ | २ | १ |
| ४ | सबै प्रकारका वनमा अग्नी रेखा तयार गरि आगलागी नियन्त्रण | ४ | १३ | ७ | २ | १ |

**७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल कार्यमा नमुना पालिकाको रुपमा कार्य गरिनेछ | प्रतिशत | ३% | ३०% | गा.पा. | गा.पा. | विपद व्यवस्थापन र जलवायुको क्षेत्रमा सहकार्य जुट्नेछ |
| **२** | **असर** | | | | | | |
| २.१ | विपद्का कारण पिडितको संख्यामा कमि हुनेछ । | प्रतिशत | ५% | १% | जिल्लास्थित विपद् व्यवस्थापन समिति | गा.पा. | लगानी व्यवस्थापन हुनेछ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | जलवायु परिवर्तनका असरका कारण पिडित घरपरिवारको संख्यामा कमि हुनेछ । | संख्या | ३०% | ५% | गाउँपालिका | गाउँपालिका | सबै सरोकारवाला निकायहरुको एकीकृत योजना अनुसार कार्यक्रम सञ्चालन हुने |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | विपद व्यवस्थापनमा जिल्लास्थित सबै सरोकारवाला निकायको साझा कार्यक्रम लागू हुनेछन | संख्या | ६ | ३० | गा.पा. | गा.पा. | जिल्लास्थित विपद व्यवस्थापन समितिको नेतृत्वमा पालिकाहरुको एकीकृत कार्यक्रम लागू हुने । |
| ३.२ | जलवायु परिवर्तनका असर न्यूनीकरणमुखी कार्यक्रम कार्यान्वयन हुनेछन् | वार्षिक संख्या | ५ | २० | गा.पा. | गा.पा. | पालिकामा कार्यरत सबै संघसंस्थाहरु र पालिकाले कार्यक्रम एकद्वार प्रणाली अनुसार कार्यक्रम हुनेछन् । |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय तहको सहकार्यमा आवश्यक स्रोत, प्रविधि तथा प्राविधिक सहयोग उपलब्ध हुने अनुमान गरिएको छ । जोखिम नक्शांकन, चेतनामूलक कार्यक्रम, सुरक्षित स्थल व्यवस्थापन तथा आपतकालीन उद्धार क्षमता विकास कार्यलाई सुदृढ गर्न सकिनेछ । तर, प्राकृतिक विपद्को अनिश्चितता, जलवायु परिवर्तनको चरम असर, स्रोत अभाव, तथा स्थानीयस्तरमा चेतना र सहभागिता कमीजस्ता जोखिमहरू रहन सक्छन् । यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना, वैज्ञानिक अध्ययन, सामुदायिक सशक्तीकरण र पूर्वतयारी संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता हुनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको बजेट तथा वार्षिक लक्ष्य**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **मुख्य क्षेत्रगत विषय : वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | | | | **५३४००** | | **५२४५०** | | **५२४५०** | | **५२४५०** | | **५२९५०** | | **२६३७००** | |
| **उपक्षेत्रगत विषय : वन तथा जैविक विविधता** | | | | **१५९००** | | **१५९००** | | **१५९००** | | **१५९००** | | **१५९००** | | **७९५००** | |
| १ | सबै प्रकारका वनको एकीकृत तथ्याङ्क व्यवस्थापन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| २ | सामुदायिक वनको वन कार्ययोजना निर्माणमा सहयोग | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ३ | वन पैदावरमा विपन्न वर्गको पहुँच कार्यक्रम | इभेन्ट | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ४ | गौमुलका खोला/नदीमा माछा/गोही/कछुवा वृद्धि कार्यक्रम | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ५ | वनमा आधारित उद्यमशिलता प्रबर्द्धन कार्यक्रम | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ६ | वृक्षारोपन कार्यक्रम | हेक्टर | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | १० | ३००० | ३०० |
| ७ | मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ८ | एक वन एक एकीकृत नर्सरी व्यवस्थापन कार्यक्रम | संख्या | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | १२ | ६००० | ६० | ३०००० | ५०० |
| **उपक्षेत्रगत विषय : भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | **११६००** | | **११४५०** | | **११४५०** | | **११४५०** | | **११४५०** | | **५७४००** | |
| १ | जोखिममा रहेका जलाधारहरुको पहिचान तथा संरक्षण | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| २ | जोखिमयुक्त पहिरो तथा भूक्षय क्षेत्रको पहिचान र संरक्षण | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ३ | तटबन्ध आयोजना सञ्चालन | संख्या | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| ४ | हरियाली सडक प्रबर्द्धन कार्यक्रम | संख्या | २ | २००० | २ | २००० | २ | २००० | २ | २००० | २ | २००० | १० | १०००० | १००० |
| ५ | रिचार्ज पोखरी निर्माण तथा मर्मत | संख्या | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | ३० | ४५० | १५० | २२५० | १५ |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ६ | भू-उपयोग नीति अद्यावधिक तथा कार्यान्वयन | पटक | १ | १५० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १५० | १५० |
| **उपक्षेत्रगत विषय : वातावरण तथा फोहरमैला व्यवस्थापन** | | | | **५९००** | | **५६००** | | **५६००** | | **५६००** | | **५६००** | | **२८३००** | |
| १ | फोहरमैला व्यवस्थापन कार्यविधि तयार तथा कार्यान्वयन | संख्या | १ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३०० | ३०० |
| २ | वडास्तरीय ल्याण्डफिल साइट निर्माण | संख्या | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ३० | ३००० | १०० |
| ३ | पालिकास्तरीय ल्याण्डफिल साइट निर्माण तथा मर्मत | संख्या | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | २०० |
| ४ | फोहरको बर्गिकरण, पुन: प्रयोग पुन: चक्रिय प्रणालीमा आभारित व्यवस्थापन प्रणालीमा समुदाय अभिमुखिकरण | इभेन्ट | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ५ | कुहिने फोहरबाट प्राङ्गारिक मल तयारी कार्यक्रम | इभेन्ट | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ६ | ३०० | ३० | १५०० | ५० |
| ७ | प्रत्येक सडकको ढल व्यवस्थापन | संख्या | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ८ | सार्वजनिक बस्तीमा ढल व्यवस्थापन | संख्या | १२ | २४०० | १२ | २४०० | १२ | २४०० | १२ | २४०० | १२ | २४०० | ६० | १२००० | २०० |
| **उपक्षेत्र: विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता** | | | | **२००००** | | **१९५००** | | **१९५००** | | **१९५००** | | **२००००** | | **९८५००** | |
| १ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्शांकन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| २ | तथ्याङ्कमा आधारित स्थानीय जोखिम व्यवस्थापन रणनीतिक योजना तयारी | पटक | १ | ५०० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | २ | १००० | ५०० |
| ३ | विपद् व्यवस्थापन कोष विकास | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ४ | विपद् व्यवस्थापनका लागि उद्धार सामाग्री व्यवस्थापन | एकमुष्ट | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १५०० |
| ५ | विपद्मा आधारित समुदाय सशक्तीकरण कार्यक्रम | इभेन्ट | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ६ | विपद् व्यवस्थापनका रोकथाम चरणका कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ७ | विपद् व्यवस्थापनका तयारी चरणका कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ८ | विपद् व्यवस्थापनका प्रतिकार्य चरणका कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ९ | विपद् व्यवस्थापनका पुनरनिर्माण चरणका कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १० | Climate Smart Agriculture(CSA)/Climate Smart Livelihoods (CSL) रणनीति तयार | पटक | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ३० | ३०००० | १००० |
| ११ | जलवायु परिवर्तनका असरबाट बच्न कृषि तथा पशुपन्छी विकासका लागि (CSA/CSL) कार्यक्रम सञ्चालन | संख्या | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ६ | ६००० | ३० | ३०००० | १००० |
| १२ | सबै प्रकारका वनमा अग्नी रेखा तयार गरि आगलागी नियन्त्रण | हेक्टर | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |

## परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

गौमुल गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्र क्रमशः सुदृढीकरणको चरणमा छ। गाउँपालिकाले नीतिगत संरचना, सेवा प्रवाह, जनप्रतिनिधि र कर्मचारी व्यवस्थापन, तथा सूचना प्रणाली स्थापना जस्ता क्षेत्रमा पहल थालेको भए पनि मानव संसाधनको अपुगता, सूचना प्रवाहको सीमितता, तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिताको कमजोरी विद्यमान छन्। नागरिक सहभागिता, गुनासो व्यवस्थापन, सामाजिक लेखापरीक्षण, वार्षिक प्रतिवेदन सार्वजनिकिकरण जस्ता अभ्यासहरू केही ठाउँमा गरिए पनि ती पूर्ण संस्थागत रूपमा स्थापित भएका छैनन्। तर आन्तरिक लेखापरीक्षण, अनुगमन तथा मूल्यांकन प्रणाली बलियो बन्दै गएको छ। नागरिकहरूमा सेवा लिने पहुँच तथा संस्थागत विश्वास विस्तार गर्न अझै समय र प्रतिबद्धता आवश्यक छ।

संस्थागत विकास तथा सुशासन क्षेत्र दिगो विकास लक्ष्य १६ (शान्तिपूर्ण, उत्तरदायी तथा समावेशी संस्था) सँग प्रत्यक्ष सम्बन्धित छ। सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, तथा प्रभावकारिता ल्याउन सशक्त स्थानीय संस्था निर्माण अनिवार्य छ। सूचना प्रविधिको प्रयोग, सामाजिक उत्तरदायित्व र नागरिक सहभागिताले लक्ष्य १७ (लक्ष्य प्राप्तिका लागि साझेदारी) मा योगदान पुर्‍याउँछ। लैङ्गिक समानता, सहभागिता र समान अवसरलाई सुनिश्चित गर्दै सेवा प्रवाहमा पहुँच बनाउनु लक्ष्य ५ (लैङ्गिक समानता) र लक्ष्य १० (असमानताको न्यूनीकरण) सँग पनि मेल खान्छ।

संस्थागत विकास तथा सुशासनको क्षेत्रमा भएका सबल पक्षहरु, सुधारात्मक पक्षहरु, अवसर तथा चुनौतीहरुको विश्लेषण यस अनुसार रहेको छ :

| **सबल पक्षहरु** | **सुधारात्मक पक्षहरु** |
|---|---|
| १७ वटा ऐन, ६२ वटा कार्यविधि/निर्देशिका निर्माण भइ कार्यान्वयनमा रहेका छन् | गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरि हरेक वडाहरुको समेत डिजिटल प्रोफाइल तयार गर्नु जरुरी छ |
| आर्थिक वर्षको अन्तमा हरेक योजनाहरुको सार्वजनिक सुनुवाई गर्ने गरिएको | प्रत्येक वर्ष गाउँपालिकाको विषयगत तथ्याङ्क अद्यावधिक गर्ने |
| सार्वजनिक सेवा प्रवाहको गुणस्तर परीक्षणका लागि सामाजिक परीक्षणका औजारहरुको प्रयोग भइरहेको | गाउँपालिकाको स्रोत परिचालन गर्दा लक्षित वर्गलाई केन्द्रमा राखि परिचालन गर्ने |
| दक्ष जनशक्ति निर्माणका लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास तालिम नियमित सञ्चालन गर्ने गरिएको | हरेक वर्ष नीति तथा कार्यक्रममा समुदायबाट आएका योजनाहरु र आवधिक योजनाले राखेको दीर्घकालीन लक्ष्यमा आधारित भई अगाडि बढ्ने |
| गाउँपालिकाले तयार गरेका ऐन नीति नियम तथा कार्यविधिहरु जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण मार्फत बुझाउने गरेको | सार्वजनिक सेवा प्रवाहको पारदर्शिताका लागि आर्थिक वर्षको बीच तथा अन्त्यमा गरि वर्षमा २ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने |
| बजेट विनियोजन गर्दा जनसंख्या र भूगोलको आधारमा गरिने | एकीकृत सूचना प्रणालीको विकास गरि नागरिकहरुले प्राप्त गर्ने सबै प्रकारको सूचनाहरु सरल र सहजरुपमा सर्वसाधारणको पहुँचमा पुर्‍याउने |
| कुनै पनि योजना निर्माण गर्दा स्थानीय आवश्यकता र मागका आधारमा गर्ने गरिएको | आवश्यक नीति तथा कानूनी दस्तावेजहरु तयार तथा अद्यावधिक गर्ने |
| सेवा प्रवाहमा पारदर्शिता कायम गर्न प्रत्येक कार्यालयमा वडापत्र | लैङ्गिक उत्तरदायी बजेट परीक्षण तथा कार्यान्वयन गर्नु पर्ने |
| गाउँपालिकाको अत्याधुनिक प्रशासनिक भवन निर्माण भई सोहि भवनबाट चुस्तदुरुस्तरुपमा सेवा प्रवाह भइरहेको | दिगो विकासका लक्ष्यहरुको प्रगति समीक्षा गरि सो अनुसार दिगो विकासका लक्ष्य प्राप्तिका लागि वार्षिक बजेट विनियोजन गर्ने |

| | |
|---|---|
| हरेक वडामा नयाँ भवन निर्माण भई वडावासीहरुले सोहि भवनबाट स्थानीयस्तरमा सेवा प्राप्त गरिरहेको | आवश्यक कानूनी दस्तावेजहरु सङ्कलन गर्ने र गाउँपालिकाले तयार गरेका कानूनी दस्तावेजहरुको सङ्गालो तयार गरि बुक कर्नर वा पुस्तकालयमा राख्ने |
| प्रत्येक वडामा प्रसुती गृह निर्माण भई सञ्चालनमा आएको | गाउँपालिकाको क्षमता विकास योजना अनुसार पदाधिकारीहरु तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरुको कार्यान्वयन तालिका तयार गर्ने |
| अवसरहरु | चुनौतीहरु |
| केन्द्र सरकार तथा प्रदेश सरकारले संस्थागत विकास र सुशासनको क्षेत्रमा स्रोत विनियोजन गर्ने भएकोले केन्द्र र प्रदेशको योजनासँग मेल खाने गरि पालिकाले योजना तयार गर्दा कार्यन्वयन गर्न सहज देखिन्छ | बजेट समयमा नै प्राप्त हुन नसक्ने भएकोले कार्यान्वयनका लागि जटिलता देखिन्छ |
| विभिन्न गैर सरकारी निकायहरुले पनि संस्थागत विकास र सुशासनको क्षेत्रमा समुदाय केन्द्रित योजनाहरु कार्यान्वयन गरिरहेको हुँदा गाउँपालिकाले एकद्वार प्रणाली लागू गरि कार्यान्वयन गर्न सकेको खण्डमा सबै सेवाग्राहीहरुले समान अवसर पाउने देखिन्छ | सामान्यतया गैर सरकारी संघसंस्थाहरुले गाउँपालिकामा कार्यक्रम गर्ने समय तालिका नै स्पष्ट नहुने र उनिहरुका कार्यक्रमहरु एकद्वार प्रणालीमा आउन नसक्दा एउटै प्रकृतिका कार्यक्रममा लक्षित वर्ग दोहोरिने र कुनै लक्षित वर्ग सेवाबाट बञ्चित हुने चुनौती विद्यमान देखिन्छ |
| क्षमता अभिवृद्धि कार्यक्रम, तालिम तथा अध्ययन भ्रमणमा पदाधिकारी तथा कर्मचारीलाई पठाउँदा सेवाप्रवाहमा चुस्तदुरुस्तता आउने छ | कर्मचारीको निरन्तर स्थानान्तरण वा अस्थायित्वले सेवा प्रवाह कमजोर बनाउछ |

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.३.१ पृष्ठभूमि

गौमुल गाउँपालिकाले संस्थागत विकास र सुशासनलाई स्थानीय शासनको आधारशिला मानी सेवा प्रवाहलाई प्रभावकारी बनाउन विविध पहलहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकाले पारदर्शिता, जवाफदेहिता र प्रविधिमैत्री प्रशासन प्रणाली प्रवर्द्धन गर्न कार्यालय कामकाजमा डिजिटल प्रणाली प्रयोग गर्दै आएको छ। वडा र गाउँपालिका तहमा सेवा र सुविधाको जानकारी प्रवाह, सार्वजनिक सुनुवाइ, जनगुनासो व्यवस्थापन तथा सामुदायिक सहभागितामा आधारित निर्णय प्रक्रियालाई व्यवस्थित बनाइएको छ। आर्थिक कारोबार, कार्यक्रम कार्यान्वयन, र सार्वजनिक खरीद प्रक्रियामा पारदर्शिता कायम गर्न सूचना प्रकाशन तथा अनुगमन प्रणाली सुदृढ गरिएको छ। गाउँपालिकाले स्थानीय सरकार स्वमूल्यांकन (LISA) मा ७३.७५% सफलता हासिल गरेको छ। मोबाइल एप्स विकास, डिजिटल नागरिक वडा पत्र सुरु गर्दै प्रशासनिक सेवा डिजिटल पहुँचमा विस्तार गर्ने पहल भइरहेको छ। आगामी वर्षहरूमा अझ प्रभावकारी संस्थागत विकास र सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।

### ८.३.२ समस्या तथा चुनौती

गाउँपालिकाले संस्थागत विकास र सुशासन प्रवर्द्धनमा उल्लेखनीय प्रयास गरे पनि विभिन्न समस्याहरू विद्यमान छन्। कर्मचारी संख्या तथा प्राविधिक दक्षता अपुग हुनु, प्रविधिको पूर्ण उपयोग हुन नसक्नु र दस्तावेज व्यवस्थापन प्रणाली प्रभावकारी नहुनु मुख्य समस्या हुन्। सेवा प्रवाहमा एकरूपता र समयपालनाको कमी, बजेट व्यवस्थापन तथा कार्यान्वयनमा ढिलाइ र नागरिक जनगुनासो समाधानमा कमजोरी देखिन्छ। सूचनाको नियमित अद्यावधिक र पहुँचमा समस्या हुनुका साथै पारदर्शी अनुगमन तथा मूल्याङ्कन प्रणाली पूर्णरूपमा स्थापना हुन नसकेको अवस्था छ।

स्थानीय शासन प्रणालीलाई पूर्णतः प्रभावकारी र नागरिक केन्द्रित बनाउन दीर्घकालीन संस्थागत सुधार गर्नु छ। मानव स्रोत विकास, डिजिटल सेवा सञ्चालनमा स्थायित्व ल्याउने र प्रविधि तथा नवप्रवर्तनलाई स्थानीय तहमा संस्थागत गर्नु आवश्यक छ। सेवा प्रवाहमा समयबद्धता, पारदर्शिता र जवाफदेहिता कायम राख्न कठिनाइ रहेको छ। सार्वजनिक सुनुवाइ, सामाजिक उत्तरदायित्व तथा सामुदायिक सहभागितामा आधारित सुशासन प्रवर्द्धनका कार्यहरूलाई निरन्तरता दिनुपर्ने चुनौती छ। संघीय र प्रदेश सरकारसँग समन्वय गरी नीति कार्यान्वयनमा एकरूपता ल्याउनुपर्ने आवश्यकता पनि चुनौतीका रूपमा रहेको छ।

### ८.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा प्रविधिमैत्री सेवा प्रवाह, स्थानीय नेतृत्व विकास र संस्थागत सुदृढीकरणका क्षेत्रमा उल्लेखनीय सम्भावना रहेको छ। संघीय तथा प्रदेश सरकारका सहकार्य कार्यक्रम, सूचना प्रविधिमा बढ्दो पहुँच, र स्थानीयस्तरको सक्रियता विकासले संस्थागत सुधारलाई बल प्रदान गर्न सक्छ। डिजिटल प्रशासन तथा डिजिटल सुशासन र मोबाइल एप्स प्रवर्द्धन मार्फत सेवामा सुलभता र पारदर्शिता कायम गर्न सकिने देखिन्छ। सुशासन प्रवर्द्धनका लागि स्थानीय नागरिक समाज, संघ–संस्था र विकास साझेदारहरूसँग सहकार्य गर्दै निर्णय प्रक्रियामा सहभागिता बढाउन सकिने देखिन्छ। संस्थागत क्षमता वृद्धिमार्फत दीर्घकालीन समावेशी र उत्तरदायी शासन प्रणाली विकास सम्भव छ।

प्रविधिको विकास, डिजिटल नेपाल नीति र संघीय शासन संरचनाले स्थानीय तहमा संस्थागत सुधार र सुशासन प्रवर्द्धनका लागि नयाँ अवसरहरू सिर्जना गरेका छन्। बजेट तथा स्रोत व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता वृद्धि गर्न सूचना प्रविधिको व्यापक उपयोग सम्भव छ। सेवा प्रवाहमा समयबद्धता, नागरिक सहभागिता र अनलाइन सेवा प्रणाली स्थापनामार्फत स्थानीय सरकारलाई थप जनमैत्री बनाउन सकिन्छ। कर्मचारी क्षमता अभिवृद्धि, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुधार र जनगुनासो व्यवस्थापन प्रणाली विस्तार गरेर विश्वसनीय शासन प्रणाली निर्माण गर्न सकिनेछ। अन्तर तह समन्वय र साझेदारीबाट संस्थागत विकासका पहलहरूलाई दिगो बनाउन सकिन्छ।

### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

#### १) उपक्षेत्रगत लक्ष्य

पारदर्शी, जवाफदेही, प्रविधिमैत्री तथा प्रभावकारी संस्थागत संरचना विकास गर्दै समावेशी र उत्तरदायी सुशासन प्रवर्द्धन गर्ने।

#### २) उपक्षेत्रगत उद्देश्यहरू

(क) सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन संस्थागत क्षमता अभिवृद्धि गर्नु।
(ख) प्रविधिको प्रयोगमार्फत सूचना पहुँच, जनगुनासो व्यवस्थापन र अनुगमन प्रणाली सुदृढ गर्दै उत्तरदायी शासन व्यवस्था विकास गर्नु।

#### ३) उपक्षेत्रगत रणनीति तथा कार्यनीतिहरु

**रणनीति १: प्रविधिमैत्री तथा पारदर्शी प्रशासन प्रणाली विकास गर्ने**
**कार्यनीति १.१:** सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग गरी डिजिटल सेवा प्रणाली सञ्चालन गरिनेछ।
**कार्यनीति १.२:** नागरिक वडापत्र, मोबाइल एप्स तथा वेबपोर्टलमार्फत सेवाको जानकारी र पहुँच सुनिश्चित गरिनेछ।
**कार्यनीति १.३:** कार्यालयको आन्तरिक अभिलेख व्यवस्थापन तथा वित्तीय प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ।
**कार्यनीति १.४ :** पालिकाले तयार गर्नु पर्ने सवै प्रकारका नीति नियमहरु तयार गरि सवै पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण गरिनेछ।

**रणनीति २: संस्थागत क्षमता अभिवृद्धि र सेवा प्रभावकारिता सुदृढ गर्ने**
**कार्यनीति २.१:** कर्मचारीहरूलाई प्रशासनिक दक्षता र प्रविधि प्रयोगसम्बन्धी नियमित तालिम प्रदान गरिनेछ।
**कार्यनीति २.२:** सेवा प्रवाहमा समयपालना, एकरूपता र उत्तरदायित्व अभिवृद्धिका लागि कार्यसम्पादन मूल्याङ्कन प्रणाली

लागू गरिनेछ।

**कार्यनीति २.३:** स्थानीय सरकार स्वमूल्यांकन (LISA) तथा अन्य मूल्याङ्कन विधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**कार्यनीति २.४:** कर्मचारी तथा पदाधिकारीहरुको तालिमको आवश्यकता पहिचान गरि गाउँपालिकाको क्षमता अभिवृद्धि योजना निर्माण गरि लागू गरिनेछ।

**रणनीति ३: सुशासन प्रवर्द्धन र नागरिक सहभागिता सुनिश्चित गर्ने**

**कार्यनीति ३.१:** सार्वजनिक सुनुवाइ, सामाजिक उत्तरदायित्व कार्यक्रम र जनगुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ।

**कार्यनीति ३.२:** योजना तर्जुमा, बजेट निर्माण र सेवा प्रवाह प्रक्रियामा नागरिक सहभागिता प्रोत्साहित गरिनेछ।

**कार्यनीति ३.३:** अनुगमन तथा सामाजिक लेखापरीक्षण प्रणालीलाई संस्थागत गरी पारदर्शिता कायम गरिनेछ।

**४) उपक्षेत्रगत कार्यक्रम तथा योजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ५ | गाउँपालिकाको एकीकृत प्रोफाइल प्रोफाइल तयार/अद्यावधिक | ५ | १७ | १० | ३ | ३ |
| ५ | सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षण कार्यविधि अद्यावधिक तथा कार्यान्वयन | ५ | १६ | ८ | २ | ३ |
| ५ | स्थानीय तह स्वमूल्याङ्कनले तोकेका नीति नियम तथा कार्यविधिहरु तयारी तथा अद्यावधिक | ५ | १६ | ८ | ३ | ३ |
| ५ | गाउँपालिकाको क्षमता विकास योजना तयार गर्ने | ५ | १६ | ८ | २ | ३ |
| ५ | क्षमता विकास योजना अनुसार पदाधिकारी तथा कर्मचारीहरुको लागि तालिम सञ्चालन | ५ | १६ | ८ | ३ | ३ |
| ५ | समुदायमा न्यायमा पहुँच कार्यक्रम सञ्चालन | ५ | १६ | ८ | १ | ३ |
| ५ | मेलमिलापकर्ताहरुका लागि युवा सशक्तीकरण कार्यक्रम | ५ | १६ | ८ | १ | ३ |
| ५ | मेलमिलापकर्ताहरु परिचालन मार्फत न्यायिक सेवा प्रदान | ५ | १६ | ८ | १ | ३ |
| ५ | सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन | ५ | १६ | ८ | २ | ३ |
| ५ | सामाजिक लेखा परीक्षण कार्यक्रम सञ्चालन | ५ | १६ | ८ | २ | ३ |
| ५ | कर दाता शिक्षा/अभिमुखिकरण कार्यक्रम | ५ | १६ | ८ | ३ | ३ |
| ५ | उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम | ५ | १७ | १० | ३ | ३ |
| ५ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा प्रतिवेदन प्रकाशन | ५ | १७ | १० | ३ | ३ |
| ५ | जनगुनासो व्यवस्थापन कार्यक्रम | ५ | १७ | १० | ३ | ३ |
| ५ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | ५ | १६ | ९ | ३ | ३ |
| ५ | उपभोक्ता अभिमुखीकरण कार्यक्रम | ५ | १६ | ८ | ३ | ३ |
| ५ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन | ५ | १७ | १० | ३ | ३ |
| ५ | आवधिक योजना तथा अन्य गुरुयोजना कार्यान्वयन समिक्षा | ५ | १६ | ८ | ३ | ३ |
| ५ | न्यायिक समितिको सिकाइ आदान प्रदान भ्रमण कार्यक्रम | ५ | १७ | १० | ३ | ३ |
| ५ | पदाधिकारीहरुको सिकाइ आदान प्रदान भ्रमण | ५ | १७ | १० | ३ | ३ |
| ५ | कर्मचारीहरुका लागि क्षमता विकास भ्रमण | ५ | १७ | १० | ३ | ३ |
| ५ | गाउँपालिकाको राजस्व सुधार योजना निर्माण | ५ | १६ | ९ | ३ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सामाजिक सुरक्षा नविकरण तथा लाभग्राही शिक्षा | ५ | १६ | ८ | २ | ३ |
| ५ | आइस्क्यान डिभाइस खरीद तथा जडान | ५ | १६ | ८ | ३ | ३ |
| ५ | व्यक्तिगत घटना दर्ता सप्ताह समारोह मनाउने | ५ | १६ | ८ | ३ | ३ |
| ५ | व्यक्तिगत घटना दर्तामा बायोमेट्रिक भेरीफिकेशन | ५ | १६ | ८ | ३ | ३ |
| ५ | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | ५ | १७ | १० | ३ | ३ |
| ५ | पालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता विकास | ५ | १६ | ८ | २ | ३ |

### ८.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८१/८२ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| | समावेशी, पारदर्शी र जवाफदेही स्थानीय शासन प्रणाली स्थापना भएको हुनेछ | सेवा सुधारको अवस्था प्रतिशत | ३०% | ६०% | गाउँपालिका | गाउँपालिका | कर्मचारी वर्गको साथ सहयोग रहनेछ |
| **२** | **असर** | | | | | | |
| २.१ | सेवा प्रवाहमा पारदर्शिता वृद्धि | प्रतिशत | ६५% | ८५% | नागरिक बडापत्र | प्रशासन शाखा | सूचना र पहुँचमा सबैको पहुँच वृद्धि |
| २.२ | जनगुनासो समाधान दरमा वृद्धि हुनेछ | प्रतिशत | ५०% | ७५% | जनगुनासो अभिलेख शाखा | प्रशासन शाखा | प्रविधिमैत्री पालिका पूर्वाधारहरू पूरा भएमा |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | डिजिटल सेवा प्रणाली सञ्चालनमा आएका वडाको संख्यामा वृद्धि | संख्या | २ | ६ | सूचना शाखा | प्राविधिक शाखा | प्राविधिक कर्मचारी अभाव हुने छैन |
| ३.२ | वार्षिक सार्वजनिक सुनुवाइ आयोजना संख्या | पटक/ वार्षिक | २ | ५ | प्रतिवेदन | योजना शाखा | जनसहभागिता उल्लेख्यमात्रामा हुनेछ |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ८.३.६ अनुमान तथा जोखिम पक्ष

संस्थागत विकास तथा सुशासन प्रवर्द्धनका लागि आवश्यक बजेट, प्रविधि, र क्षमता विकास कार्यक्रमहरू संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरूसँग समन्वय गरी परिचालन गर्न सकिने अनुमान गरिएको छ। यसले गाउँपालिकाको सेवा प्रवाहमा अहिलेको भन्दा ६०% ले सुधार आउनेछ। प्रविधिमैत्री सेवा प्रवाह, सूचना पारदर्शिता र नागरिक सहभागिता अभिवृद्धि गरेर समावेशी शासन प्रणाली विकास सम्भव देखिन्छ। तर स्रोत अभाव, प्राविधिक दक्ष जनशक्ति अभाव, प्रविधिको नियमित प्रयोगमा कठिनाइ, तथा नागरिक सहभागितामा न्यून सक्रियता जस्ता जोखिमहरू रहन सक्छन्। दीगो सुधारका लागि निरन्तर क्षमता अभिवृद्धि, प्रविधि अद्यावधिक, अनुगमन प्रणाली सुदृढीकरण र स्थानीय स्वामित्व प्रवर्द्धन गर्नुपर्ने आवश्यकता हुनेछ।

संस्थागत विकास तथा सुशासन क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको बजेट तथा वार्षिक लक्ष्य

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **मुख्य क्षेत्रगत विषय : संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | **१७४००** | | **१३५००** | | **१५५००** | | **१४१००** | | **१६३००** | | **७६८००** | |
| **उपक्षेत्रगत विषय : संस्थागत विकास तथा सुशासन** | | | | **१७४००** | | **१३५००** | | **१५५००** | | **१४१००** | | **१६३००** | | **७६८००** | |
| १ | गाउँपालिकाको एकीकृत प्रोफाइल प्रोफाइल तयार/अद्यावधिक | पटक | १ | २००० | ० | ० | १ | २००० | ० | ० | १ | २००० | ३ | ६००० | २००० |
| २ | सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षण कार्यविधि अद्यावधिक तथा कार्यान्वयन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ३ | स्थानीय तह स्वमूल्याङ्कनले तोकेका नीति नियम तथा कार्यविधिहरु तयारी तथा अद्यावधिक | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ४ | गाउँपालिकाको क्षमता विकास योजना तयार गर्ने | पटक | १ | ६०० | ० | ० | ० | ० | १ | ६०० | ० | ० | २ | १२०० | ६०० |
| ५ | क्षमता विकास योजना अनुसार पदाधिकारी तथा कर्मचारीहरुको लागि तालिम सञ्चालन | इभेन्ट | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | १५ | ७५०० | ५०० |
| ६ | समुदायमा न्यायमा पहुँच कार्यक्रम सञ्चालन | संख्या | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | ५ | ६००० | १२०० |
| ७ | मेलमिलापकर्ताहरुका लागि युवा सशक्तीकरण कार्यक्रम | संख्या | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ८ | मेलमिलापकर्ताहरु परिचालन मार्फत न्यायिक सेवा प्रदान | एकमुष्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ९ | सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १० | सामाजिक लेखा परीक्षण कार्यक्रम सञ्चालन | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ११ | कर दाता शिक्षा/अभिमुखिकरण कार्यक्रम | इभेन्ट | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ६ | ९०० | ३० | ४५०० | १५० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौं वर्ष | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १२ | उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम | एकमुष्ट | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | ३०० |
| १३ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा प्रतिवेदन प्रकाशन | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १४ | जनगुनासो व्यवस्थापन कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १५ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ३० | ३००० | १०० |
| १६ | उपभोक्ता अभिमुखीकरण कार्यक्रम | इभेन्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १७ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन | पटक | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| १८ | आवधिक योजना तथा अन्य गुरुयोजना कार्यान्वयन समिक्षा | इभेन्ट | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| १९ | न्यायिक समितिको सिकाइ आदान प्रदान भ्रमण कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| २० | पदाधिकारीहरुको सिकाइ आदान प्रदान भ्रमण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| २१ | कर्मचारीहरुका लागि क्षमता विकास भ्रमण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ३० | गाउँपालिकाको राजस्व सुधार योजना निर्माण | पटक | १ | ५०० | | ० | | ० | | ० | | ० | १ | ५०० | ५०० |
| ३१ | सामाजिक सुरक्षा नविकरण तथा लाभग्राही शिक्षा | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| ३२ | आइस्क्यान डिभाइस खरीद तथा जडान | पटक | १ | ८०० | ० | ० | ० | ० | ० | ० | १ | ८०० | २ | १६०० | ८०० |
| ३३ | व्यक्तिगत घटना दर्ता सप्ताह समारोह मनाउने | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | ३०० |
| ३४ | व्यक्तिगत घटना दर्तामा बायोमेट्रिक भेरीफिकेशन | एकमुष्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ३५ | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | एकमुष्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ३६ | पालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता विकास | एकमुष्ट | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

गौमुल गाउँपालिकाले स्थानीय आवश्यकता, उपलब्ध स्रोतसाधन र दीर्घकालीन विकास दृष्टिकोणका आधारमा आवधिक योजना तयार गरेको छ। सो योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न समावेशी योजना तर्जुमा प्रक्रिया, लक्षित परिणाम निर्धारण, स्रोत परिचालन र जिम्मेवार कार्यान्वयन संयन्त्रको स्पष्ट संरचना आवश्यक हुन्छ। कार्यान्वयन सुदृढीकरणका लागि गाउँपालिकाले योजना तर्जुमा तथा बजेट निर्माण कार्यविधिहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ तथा राष्ट्रिय योजना आयोगले प्रदान गरेको सोह्रौं योजना सहित अनुगमन र मूल्याङ्कन मापदण्डलाई कानुनी आधारका रूपमा लिएको छ।

गाउँपालिकाले योजना कार्यान्वयनका लागि प्राविधिक समिति, उपभोक्ता समिति, वडास्तरका योजना कार्यान्वयन एकाइ तथा सम्बन्धित शाखाहरूको भूमिकालाई स्पष्ट परिभाषित गरि जिम्मेवारी बाँडफाँडको रणनीति लिएको छ। कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले अनुगमन, मूल्याङ्कन र सामाजिक लेखापरीक्षणलाई सशक्त तरिकाले अगाडि बढाउने रणनीति लिनेछ । साथै सूचना प्रवाह प्रणाली, सार्वजनिक सुनुवाइ, जनगुनासो व्यवस्थापन, र प्रविधिमैत्री प्रशासनलाई समेत योजना कार्यान्वयनसँग जोडिएको छ।

योजनाको कार्यान्वयनमा स्रोत परिचालन, साझेदारी विकास र अन्तर पालिका समन्वय महत्वपूर्ण हुने भएकाले संघीय, प्रदेश, गैरसरकारी, निजी तथा समुदायस्तरका संस्थाहरूसँग सहकार्य गर्दै विकासका आयोजना/योजनाहरु मिल्ने अन्य स्थानीय तहहरुसँग सहकार्य गर्दै आवधिक योजना कार्यान्वयन गरिनेछ । गाउँपालिकाले स्थानीय सरकारको क्षमता वृद्धि, कानुनी प्रावधानको कार्यान्वयन र पारदर्शी प्रक्रिया नै सफल कार्यान्वयनको मेरुदण्डका रुपमा लिई स्थानीय समुदायलाई नै मुख्य जिम्मेवा पक्षकारुपमा परिचालन गर्ने रणनीति अबलम्वन गर्नेछ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन विकास

संघीय शासन प्रणालीको मर्म अनुसार संस्थागत संरचना विकास गर्न प्रयासरत छ। सेवाको प्रभावकारिता, पहुँच र उत्तरदायित्व सुनिश्चित गर्न प्रशासकीय संरचना, विषयगत शाखा र योजना कार्यान्वयन समितिहरू गठन गरिएका छन्। हाल गाउँपालिकामा स्थायी कर्मचारी १६ जना, अस्थायी कर्मचारी १० जना र करार सेवामा ८५ जना कार्यरत छन्। विषयगत दक्ष जनशक्ति भने अझै अपर्याप्त छ। तालिम, अभिमुखिकरण, नेतृत्व विकास तथा प्रविधि प्रयोगमा निरन्तरता नहुनु प्रमुख चुनौती हो। पालिकाले डिजिटल प्रशासन, Management Information System प्रणाली, इ-गभर्नेन्स, नागरिक गुनासो प्रणाली, सामाजिक लेखापरीक्षण जस्ता विधि कार्यान्वयन गर्दै आइरहेको छ। यसका साथै कार्यसम्पादन मुल्याङ्कन, प्रतिभा विकास, निष्पक्ष सेवा प्रवाह र समावेशी कर्मचारी व्यवस्थापन प्रणालीमा सुधार आवश्यक देखिन्छ। जनशक्ति अभावले केही सेवा क्षेत्रहरूमा प्रभावकारीता आउन नसकेको पाइन्छ। दीर्घकालीन योजना अन्तर्गत विषयगत विशेषज्ञता विकास, दरबन्दी व्यवस्थापन, स्थानीय स्रोतमा आधारित जनशक्ति विकास रणनीति निर्माण तथा नियमित तालिम र प्रोत्साहन प्रणाली कार्यान्वयन आवश्यक छ। यसले सेवा प्रवाह, सुशासन र संस्थागत बलियोपनमा योगदान पुऱ्याउनेछ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

आवधिक योजनामा सबै विषयगत क्षेत्रहरू (आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, संस्थागत) अनुसार योजनागत कार्यक्रमहरूको लागत तथा बजेट अनुमान गरिएको छ। प्राथमिकिकृत योजनाहरूलाई P1, P2 श्रेणीमा वर्गीकृत गरी बजेटको व्यवहारिक विनियोजनको संरचना निर्माण गरिएको छ। पाँच वर्षको अवधिमा हरेक वर्ष लागू हुने योजनाको वार्षिक लागत छुट्टाछुट्टै तालिकामा राखिएको छ। यो बजेट तालिकाले योजना कार्यान्वयनको वित्तीय सम्भाव्यता, स्रोतको आवश्यकता, लागत-लाभ विश्लेषण तथा पालिकाको स्रोत परिचालन क्षमताको अनुमान गर्न सहयोग गर्छ। पालिकाको कुल बजेटको ठूलो हिस्सा पूर्वाधार

विकासतर्फ केन्द्रित गरिएको छ, जसमा सडक, स्वास्थ्य चौकी, विद्यालय भवन, खानेपानी योजना, विद्युतीकरण आदि समावेश छन्। सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, पोषण, लैङ्गिक समानता, खाद्य सुरक्षा आदिका कार्यक्रमहरूमा समेत पर्याप्त बजेट विनियोजन गरिएको छ। यस अनुमानले पालिकालाई स्रोत खोज, बजेट योजना र साझेदारी विकासका लागि मार्गदर्शन गर्छ। साथै बजेट आवंटनको प्राथमिकता निर्धारण गर्दा समावेशीता, दिगोपन, वातावरणीय संवेदनशीलता र नतिजामुखी दृष्टिकोण अपनाइएको छ।

| क्षेत्र/ उपक्षेत्र | वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा बजेट |
| **मुख्य क्षेत्रगत विषय : आर्थिक विकास क्षेत्र** | **५४५००** | **६२०५०** | **५८०००** | **५०७५०** | **६७१००** | **२९२४००** |
| उपक्षेत्रगत विषय :कृषि खाद्य सुरक्षा तथा पशुपन्छी विकास | ३१९१० | ३१७१० | ३१७१० | ३१८१० | ४२८१० | १६९९५० |
| उपक्षेत्रगत विषय :सिंचाई | ५८०० | २८०० | २८०० | ३३०० | ३८०० | १८५०० |
| उपक्षेत्रगत विषय :पर्यटन संस्कृति तथा सम्पदा | ६९७० | ५२२० | १०५७० | ७७२० | ७५७० | ३८०५० |
| उपक्षेत्रगत विषय :उद्योग व्यापार व्यवसाय तथा आपूर्ति | ५६८० | १८१८० | ८१८० | ३१८० | ८१८० | ४३४०० |
| उपक्षेत्रगत विषय :श्रम रोजगारी र सामाजिक सुरक्षा | ४१४० | ४१४० | ४७४० | ४७४० | ४७४० | २२५०० |
| **मुख्य क्षेत्रगत विषय : सामाजिक विकास क्षेत्र** | **२११३००** | **२०९३००** | **२०४३००** | **२०४३००** | **२०४३००** | **१०३३५००** |
| उपक्षेत्रगत विषय : स्वास्थ्य तथा पोषण | ७३०३० | ७३०३० | ६८०३० | ६८०३० | ६८०३० | ३५०१५० |
| उपक्षेत्रगत विषय :शिक्षा विज्ञान तथा नवप्रवर्तन | ५६५८० | ५५०८० | ५५०८० | ५५०८० | ५५०८० | २७६९०० |
| उपक्षेत्रगत विषय : खानेपानी तथा सरसफाई | ३६००० | ३५५०० | ३५५०० | ३५५०० | ३५५०० | १७८००० |
| उपक्षेत्रगत विषय :महिला बालबालिका तथा लक्षित वर्ग | १८६९० | १८६९० | १८६९० | १८६९० | १८६९० | ९३४५० |
| उपक्षेत्रगत विषय : युवा तथा खेलकुद | २७००० | २७००० | २७००० | २७००० | २७००० | १३५००० |
| **मुख्य क्षेत्रगत विषय : पूर्वाधार विकास क्षेत्र** | **११६८००** | **११३३००** | **११३८००** | **११६०००** | **२०५५००** | **६६५४००** |
| उपक्षेत्रगत विषय : बस्ती आवास भवन तथा सार्वजनिक निर्माण | ३२६०० | ४३६०० | २७६०० | ३०६०० | ३०६०० | १६५००० |
| उपक्षेत्रगत विषय : सडक पुल तथा यातायात | ६७५०० | ५२५०० | ७०५०० | ७०५०० | १६०५०० | ४२१५०० |
| उपक्षेत्रगत विषय : जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा | १०१०० | ९५०० | ११९०० | ८५०० | १०१०० | ४९३०० |
| उपक्षेत्रगत विषय :सूचना सञ्चार तथा प्रविधि | ६६०० | ७७०० | ४६०० | ६४०० | ४३०० | २९६०० |
| **मुख्य क्षेत्रगत विषय : वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **५३४००** | **५२४५०** | **५२४५०** | **५२४५०** | **५२९५०** | **२६३७००** |
| उपक्षेत्रगत विषय : वन तथा जैविक विविधता | १५९०० | १५९०० | १५९०० | १५९०० | १५९०० | ७९५०० |
| उपक्षेत्रगत विषय : भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ११६०० | ११४५० | ११४५० | ११४५० | ११४५० | ५७४०० |
| उपक्षेत्रगत विषय : वातावरण तथा फोहरमैला व्यवस्थापन | ५९०० | ५६०० | ५६०० | ५६०० | ५६०० | २८३०० |
| उपक्षेत्र: विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता | २०००० | १९५०० | १९५०० | १९५०० | २०००० | ९८५०० |
| **मुख्य क्षेत्रगत विषय : संस्थागत विकास तथा सुशासन क्षेत्र** | **१७४००** | **१३५००** | **१५५००** | **१४१००** | **१६३००** | **७६८००** |
| उपक्षेत्रगत विषय : संस्थागत विकास तथा सुशासन | १७४०० | १३५०० | १५५०० | १४१०० | १६३०० | ७६८०० |
| **सबै क्षेत्रको जम्मा बजेट** | **४५३४००** | **४५०६००** | **४४४०५०** | **४३७६००** | **५४६१५०** | **२३३१८००** |

## ९.४ स्रोत अनुमान तथा प्रक्ष्येपण

आवधिक योजनाको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण महत्त्वपूर्ण पक्ष हो। गाउँपालिकाको आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारको समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान तथा अन्य साझेदार संस्थाबाट प्राप्त हुने सहयोग स्रोतको रूपमा अनुमान गरिएको छ। गाउँपालिकाले पछिल्ला वर्षहरूको औसत राजस्व संकलनलाई आधार मानी, आन्तरिक स्रोत वृद्धिको सम्भावना अध्ययन गरेर आगामी पाँच वर्षको लागि प्रक्षेपण गरिएको हो। साथै सार्वजनिक-निजी साझेदारी (PPP), सहकारीहरू, दातृनिकाय, परियोजनात्मक स्रोतहरू (जस्तै: जलवायु परिवर्तन कोष, लैङ्गिक विकास कोष आदि) लाई पनि समेटिएको छ।

प्रत्येक वर्षको अनुमानित आय-व्यय विवरणले वार्षिक कार्यक्रमहरूको कार्यान्वयन क्षमताको यथार्थ चित्र दिन्छ। यो प्रक्षेपण नीति निर्माण, बजेट सीमा निर्धारण, र प्राथमिकिकरणमा सहयोगी हुनेछ। स्रोतको सुनिश्चितता र दीर्घकालीन लगानी योजना सँग जोडेर प्रक्षेपण गरिएको छ। पारदर्शिता, उत्तरदायित्व र स्रोत उपयोगको अनुगमनका लागि पनि यो प्रक्षेपण आधार बन्नेछ। योजनाको वित्तीय पक्ष सुरक्षित राख्न राजस्व सुधार, आर्थिक विविधीकरण र अनुदान पद्धतिको प्रभावकारी व्यवस्थापन अपरिहार्य देखिन्छ।

यस आवधिक योजनाले तय गरेका कार्यक्रम कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारबाट ६६%, प्रदेश सरकारबाट ६% र स्थानीय सरकारबाट २८% लगानी सुनिश्चित गरिने छ। यसका अतिरिक्त अन्य दातृ निकायहरु तथा निजी, सहकारी जनश्रमदानको सहयोगमा गरिने कार्यक्रमहरु पनि नियमित सञ्चालन गरिने छ।

## ९.५ स्रोत परिचलान रणनीति

गाउँपालिकाले स्रोत परिचालनलाई रणनीतिक ढंगले व्यवस्थापन गर्न बहुआयामिक दृष्टिकोण अपनाएको छ। आन्तरिक राजस्व वृद्धि, संघ/प्रदेशबाट प्राप्त अनुदान, विकास साझेदारसँगको सहकार्य, सार्वजनिक-निजी साझेदारी, तथा सहकारी संस्थाहरूको उपयोग यसको प्रमुख रणनीतिहरू हुन्। राजस्व वृद्धिका लागि कर संरचनाको समीक्षा, दर्ता दस्तुर सुधार, सेवा शुल्क समायोजन, सम्पत्ति नापजाँच, घरबहाल र सवारी करलगायत विविध उपायहरू अपनाइँदैछन्।

विकास साझेदारहरूसँगको सहकार्यमा परियोजनाको अनुदान व्यवस्थापन, वित्तीय प्रतिवेदन प्रणाली सुधार, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइ मार्फत पारदर्शिता कायम राख्ने लक्ष्य लिइएको छ। निजी क्षेत्रसँग सहकार्यमा आधारभूत पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, जलविद्युत् उत्पादन लगायतमा दीर्घकालीन लगानीको सम्भावना खोजिनेछ। वडास्तरमै स्रोत परिचालन र खर्च निगरानी गर्न वडागत बजेट समिति, नागरिक सचेत समूह र सामुदायिक अनुगमन प्रणाली विकसित गरिनेछ। यस रणनीतिक अवधारणा अन्तर्गत स्रोत परिचालनको उद्देश्य केवल खर्च पूर्ति होइन, दीर्घकालीन विकासका लागि स्रोतको स्थायित्व, प्रभावकारिता र समान पहुँच सुनिश्चित गर्नु हो। गौमुल गाउँपालिकाले आवधिक योजना कार्यान्वयनका क्रममा अपनाउने रणनीतिहरु यस अनुसार रहेका छन :

- ⟶ नेपाल सरकार तथा प्रदेश सरकारसँग नियमित समन्वय र सम्पर्क गरि हरेक वर्ष आवधिक योजनाले तय गरेका योजनाहरु कार्यान्वयनका लागि नियमित प्राप्त हुने बजेट बाहेक थप लगानी व्यवस्थापनका लागि सहकार्य गर्ने,
- ⟶ गाउँपालिकाको आन्तरिक करको दायरा वृद्धिका लागि राजश्व सुधार योजना तयार गरि कार्यान्वयन गर्ने,
- ⟶ हरेक वर्ष मध्यमकालीन खर्च संरचना तयार गरि अनावश्यक खर्च कटौती गरि जनमुखी कार्यक्रमहरुमा मात्र लगानी वृद्धि गर्ने,
- ⟶ पालिका समृद्धिका योजनाहरुको योजना बैंक तयार गरि सो योजनाहरुको कार्यान्वयनका लागि सरकारी, गैर सरकारी, निजी क्षेत्र लगायत सबै पक्षको लगानी जुटाउन पहल गर्ने,
- ⟶ जनश्रमदानबाट हुने कार्यक्रमहरु नियमित कार्यान्वयन गर्ने,
- ⟶ पालिकामा कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय गर्ने सबै दातृ निकायहरुलाई आवधिक योजनाले तय गरेका कार्यक्रमहरुमा योजना तयार गरि कार्यान्वयन गर्न समन्वय गर्ने,

→ स्थानीय बचत तथा ऋण समूह, सामुदायिक वन उपभोक्ता समूहजस्ता समुदायमा आधारित संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,

## ९.६ आवधिक योजना कार्यान्वयन

गाउँपालिकाले आवधिक योजनालाई केवल दस्तावेजको रूपमा होइन, समृद्धि निर्माणको दीर्घकालीन रणनीतिक खाका मानेर कार्यान्वयनका चरणहरू विस्तृत रूपमा तय गरेको छ। यस कार्यान्वयन प्रक्रियाले योजना तर्जुमा, बजेट निर्माण, स्रोत परिचालन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्मका सबै चरण समेटेको छ। योजना कार्यान्वयनमा योजना शाखा, प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, विषयगत शाखा प्रमुखहरू, वडास्तरका जनप्रतिनिधिहरू र कर्मचारी, साथै स्थानीय सरोकारवालाहरू सक्रिय रूपमा सहभागी हुन्छन्।

